शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन

ज्ञाननिष्ठ ज्ञवाली



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन

(ईश्वर र जीवनजगत्)

लेखक
ज्ञाननिष्ठ ज्ञवाली
उपप्राध्यापक
त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

प्रकाशक
हरिविक्रम के.सी.
गोमा के.सी.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभकामना

प्रा. डा. देवीप्रसाद गौतम
प्रमुख, नेपाली केन्द्रीय विभाग
त्रि. वि., कीर्तिपुर

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवालीद्वारा लिखित अनुसन्धानमूलक समीक्षात्मक कृति ***शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन***को पाण्डुलिपि पढ्ने अवसर प्राप्त भयो । दर्शनाचार्य तहको अध्यापनका सन्दर्भमा मैले ज्ञाननिष्ठजीमा साहित्यिक कृतिमा निहित वैचारिकता, विधागत सौन्दर्यचेत र कृतिनिष्ठ शैलीशिल्पगत सौष्ठवलाई सैद्धान्तिक परिप्रेक्ष्यमा हेर्ने र कृतिको भावजगत्लाई मानवीय मूल्यका सापेक्षतामा गहन एवं सूक्ष्म रूपमा विश्लेषण गर्ने प्राज्ञिक कौशल रहेको कुरा अनुभव गरेको हुँ । विभिन्न विधा र विषयका कृतिहरूलाई विविध सैद्धान्तिक आधार र अवधारणाका आलोकमा सन्तुलित तर गहन र तीक्ष्ण समीक्षासहित कृतिको मूल्य निरूपण गर्ने उहाँको समीक्षालेखनबाट उहाँमा विकसित हुँदै गरेको कृतिनिष्ठ व्यापक वैचारिक धरातलको अन्वेषणप्रतिको सजगताको समेत अनुभव गरेको हुँ । कृतिको भावजगत्को सूक्ष्म निरीक्षणसामर्थ्य, विषयगत गहिराइ र प्रस्तुतिगत मौलिकता उहाँको समीक्षालेखनको उल्लेखनीय पक्ष रहिआएको कुरा मैले महसुस गरेको विषय हो ।

यही सन्दर्भमा अन्तर्निरीक्षणात्मक कौशल, पर्यवेक्षणीय सचेतता
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
र विश्लेषणात्मक सामर्थ्यको साक्षीका रूपमा उहाँको यो समालोचना कृति

आएको मैले ठानेको छु। यो कृति उहाँको प्राज्ञिक निष्ठा, विश्लेषणात्मक सजगता र निर्णयात्मक सचेतताको गहिराइलाई सङ्केत गर्ने साक्षीका रूपमा अहिले पाठकसामु आएको छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** महाकाव्यबारे विषयगत, विधागत, शैलीशिल्पगत आदि विभिन्न कोणबाट पूर्वअध्येताहरूले विस्तृत रूपमा अध्ययन –अनुसन्धान गरिसकेको भए तापनि पूर्वीय दर्शनका आलोकमा देवकोटाको **शाकुन्तल** महाकाव्यको पर्यवेक्षण भएको पाइँदैन। यस सन्दर्भमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनबाट प्रतिपादित ईश्वर तथा जीवनजगत्माथिको पुस्तकाकारका रूपमा आएको विशद विवेचनासहितको यो अध्ययन मौलिक र नवीन रहेको छ।

यस अध्ययनमा महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृति विशेषतः **भिखारी** कवितासङ्ग्रह, **लक्ष्मी निबन्धसङ्ग्रह** तथा **मुनामदन** खण्डकाव्यमा पाइने ईश्वर तथा जीवनजगत्सम्बन्धी चिन्तनलाई देवकोटाको वैचारिकताको आधारका रूपमा प्रस्तुत गर्दै ईश्वर तथा जीवनजगत्लाई हेर्ने देवकोटाको वैचारिक भावभूमिका सापेक्षतामा **शाकुन्तल** महाकाव्यको दार्शनिक दृष्टिकोणको गहन रूपमा विश्लेषण र मूल्याङ्कन गरिएको छ। साङ्ख्य दर्शनमा प्रतिपादित प्रकृति र पुरुष तथा प्रकृतिका जड र चेतन रूप, योग दर्शनमा वर्णित सांसारिक दुःख र मोक्षमार्ग, न्याय र वैशेषिक दर्शनमा विवेचना गरिएको कार्यकारणरूप अस्तित्व, सूक्ष्म भौतिक पदार्थ (परमाणु) को सञ्चालकका रूपमा ईश्वरीय सत्ता र वेदान्त दर्शनमा प्रतिपादित ब्रह्म र मायाको अस्तित्वजस्ता आधारमा पूर्वीय दर्शनमा पाइने ईश्वरसम्बन्धी चिन्तनलाई आधार मानी **शाकुन्तल** महाकाव्यको विश्लेषण गरिएको छ।

यस कृतिमा **शाकुन्तल** महाकाव्यमा वर्णन गरिएको प्राकृतिक जीवन र सामाजिक जीवनका आलोकमा मानवजीवन, प्रकृति र ईश्वरको त्रिकोणात्मक सम्बन्धलाई समेत केलाइएको छ। यसै गरी यसमा आर्ष सभ्यतामा आधारित आध्यात्मिक जीवनजगत्, प्रकृतिमा आधारित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आध्यात्मिक जीवन, सत्यमा आधारित आध्यात्मिक जीवन, आधुनिक भौतिक जीवन, नेपाली जनजीवन आदिका परिप्रेक्ष्यमा ईश्वरीय अस्तित्वको खोजी गरिएको छ र यी विषयहरूमा अन्तर्निष्ठ वैचारिकताको आधारका रूपमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनका प्रतिपाद्य विषयलाई केन्द्रबिन्दुका रूपमा प्रस्तुत गरिएको छ।

यी विभिन्न दर्शनहरूले ईश्वरीय सत्तालाई फरकफरक रूपमा व्याख्या विवेचना गरे तापनि सबै दर्शनले भौतिक वास्तविकताभन्दा परको कुनै अज्ञात, निराकार, अव्याख्येय र स्वसत्तासम्पन्न आध्यात्मिक अस्तित्वलाई स्थापित गरेका छन् र देवकोटाको **शाकुन्तल** महाकाव्यको भावभूमि पनि यही अध्यात्मचेतबाट अनुप्राणित छ भन्ने कुरालाई यस कृतिमा विभिन्न साक्ष्य दिएर पुष्टि गरिएको छ। दर्शन र कविता भिन्नभिन्न विषय भए तापनि महाकवि देवकोटाको प्रकृति, समाज र जीवनलाई हेर्ने दृष्टिकोण दर्शननिष्ठ छ र दार्शनिक धरातलका सापेक्षतामा कृतिको भावजगत् अडेको छ भन्ने कुरालाई यस कृतिमा पुष्टि गरिएको छ।

समालोचक ज्ञाननिष्ठ ज्ञवालीद्वारा यस अध्ययनमा मूल रूपमा पूर्वीय षड्दर्शनका आधारभूत मान्यताको विस्तृत विवेचनाका साथै साहित्यिक कृतिमा पाइने वैचारिकताको अवधारणागत आधारको समेत विवेचना तथा विश्लेषण गरिएको हुँदा सैद्धान्तिक तथा प्रायोगिक समीक्षा दुवैको समावेशनका कारणबाट यो समालोचना कृति नेपाली समालोचनापरम्परामा उल्लेखनीय बन्न गएको छ। उहाँको सैद्धान्तिक तथा व्यावहारिक समालोचना लेखनको निरन्तरताको अपेक्षा गर्दै समीक्षा सचेतताको निरन्तर विकासको कामनासहित यो अनुसन्धानात्मक कृति प्रकाशन गर्नुभएकोमा साधुवाद दिन चाहन्छु।

२०७४ माघ १० गते
बुधबार।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञाननिष्ठको ज्ञानप्रतिको निष्ठा

प्रा. शिवगोपाल रिसाल
पूर्व क्याम्पस प्रमुख
त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

श्री ज्ञाननिष्ठ ज्ञवाली ज्ञानप्रति अत्यन्त निष्ठा भएका व्यक्ति हुन् । उताका दृष्टिमा यिनी सङ्घर्षशील युवा हुन् भने हाम्रा दृष्टिमा प्रारब्धका पञ्जामा परेर साधना गर्दै ज्ञान प्राप्तिका लागि निरन्तर अगाडि बढेका एक साधक हुन्। मानिस जतिसुकै उच्च सम्भ्रान्त धनाढ्य परिवारमा जन्मे पनि ऊ कर्मफलअनुसार सुखदुःखको भागेदार हुन्छ नै। ज्ञवाली पनि कर्मफल भोग्दै गरेका व्यक्ति हुन्।

म ज्ञाननिष्ठलाई वि.सं. २०५२ देखि नै चिन्दछु। उनी सुरुमा मेरा आध्यात्मिक मित्र श्री धर्मनिष्ठ सरस्वती (श्री डिल्लीराज ज्ञवाली) का पुत्रका रूपमा मसँग परिचित भए । समयक्रमसँगै उनी अहिले प्राज्ञिक व्यक्तित्वका रूपमा मेरा सामु परिचित छन्, जुन कुरा प्रस्तुत **शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन** कृतिले प्रमाणित गर्दछ ।

हाम्रो चिनाजानी पुरानो हो तर हिजोआज नवीकरण भइरहेको छ बराबर। परिचय भयो आध्यात्मिक नाताले, शैक्षिक र प्राज्ञिक सन्दर्भले। मलाई चिन्नेमा ज्ञाननिष्ठ पनि एक हुन्। मैले चिनेकामा पनि उनी एकमा नै पर्दछन् । "अध्यात्मविनाको साहित्य त साहित्य नै होइन" भन्ने म । यही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिद्धान्त र दर्शनलाई उजागर गर्न सघाउने, प्रचारप्रसार र प्रकाशमा ल्याउन भूमिका खेल्ने ज्ञाननिष्ठ। अनि त नजिक हुने बलियो वातावरण बनिहाल्यो नि।

महाकवि देवकोटालाई मैले पढेकै बेलादेखि आजसम्म पढाएर निवृत्त भएपछि पनि आध्यात्मिक कवि, महाकवि, निबन्धकार आदि भन्दै र लेख्दै आएको हुँ। आज ज्ञाननिष्ठको प्रस्तुत ग्रन्थमा पनि देवकोटालाई आध्यात्मिक कवि, महाकवि र निबन्धकार हुन् भनी पुष्टि गरिएकाले पनि मसँग ज्ञाननिष्ठ ज्यादा नजिकिएका हुन्।

श्री संस्कृत मा.वि. रिडी विष्णुपञ्जरबाट एस. एल. सी. उत्तीर्ण भएपछि उनी प्रमाणपत्र र स्नातक तहका केही वर्षमा कक्षामा सर्वाधिक अङ्क ल्याई नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गरेका व्यक्तित्व हुन्। पछि स्नातकोत्तर तहमा त क्याम्पसस्तरमै सर्वाधिक अङ्क ल्याई नेउपाने हरिकमला सुवर्ण पदक र नगद पुरस्कार प्राप्त गरेका छन्। हाल यिनी एम.फिल. फेलोसिप अवार्ड (२०७३) प्राप्त गरेर एम. फिल. 'क' श्रेणीमा समुत्तीर्ण भई विद्यावारिधिका निम्ति सोचमग्न अवस्थामा पुगेका छन्।

यिनले वि.सं. २०५२ देखि विभिन्न स्कुलकलेजहरूमा अध्यापन कार्यमा संलग्न रहँदै आफ्नो अध्ययनलाई अब्बल तरिकाले अगाडि बढाएका छन्। वि.सं. २०५८ देखि त्रि.वि., त्रिचन्द्र कलेजको नेपाली स्नातकोत्तर तहमा आंशिक प्राध्यापकका रूपमा प्रवेश गरेका यिनी वि.सं. २०६२ देखि त्रिभुवन विश्वविद्यालयमा स्थायी उपप्राध्यापकका रूपमा प्रवेश गरेका हुन्। यिनीसँग लोक सेवा आयोगअन्तर्गतका विभिन्न पदका लागि नेपाली विषयको प्राध्यापन गरेको अनुभव छ। यिनले विभिन्न शैक्षिक तालिमहरू प्राप्त गरेका छन्। यीमध्ये शिक्षकहरूको शैक्षिक कार्यशाला : बालकेन्द्रित शिक्षण सिकाइ तह एक (२०५७), प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रम : भाषा शिक्षणमा तालिम (२०५९), गुणस्तरीय शिक्षा विकासको अपरिहार्यता : राष्ट्रिय स्तरको शिक्षा सम्मेलन (२०६०), प्रशिक्षक प्रशिक्षण (२०६१) महत्त्वपूर्ण छन्। विभिन्न संघसंस्थाबाट पुरस्कार, सम्मान र प्रशंसापत्र पाएका ज्ञवालीसँग विविध क्षेत्रको अनुभव छ।

ज्ञाननिष्ठ ज्ञवालीसँग विभिन्न शैक्षिक संघसंस्थामा नेपाली विषयको तालिम दिएको, छन्दको सैद्धान्तिक र लयसम्बन्धी तालिम दिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुभवसमेत रहेको पाइन्छ। यिनी कक्षा एकदेखि एमएसम्मका कक्षामा पढाएर लोकप्रिय भएका शिक्षक पनि हुन्।

अहिलेसम्म विभिन्न विधाका अठारओटा कृति प्रकाशित गरेका ज्ञवालीको सहलेखनमा पनि योगदान देखिन्छ। यिनले विभिन्न विधाका सत्ताइस कृति सम्पादन गरेका छन्। त्यस्तै विभिन्न विधाका सत्रओटा कृतिमा भूमिका लेखेको पाइन्छ। केही कृतिहरूमा भाषासम्पादन गरेर यिनले कृतिलाई अझ परिष्कृत पारिदिएका छन्।

विभिन्न साहित्यिक तथा अन्य विविध प्रकारका कार्यक्रमहरूको कुशल सञ्चालकका रूपमा परिचित ज्ञाननिष्ठ ज्ञवाली कहिले शोधनिर्देशक, कहिले शोधपत्रहरूको बाह्य परीक्षकका रूपमा त्रिभुवन विश्वविद्यालयमा परिचित छन्। यिनी काठमाडौं –रुरु कल्याण परिवार, काठमाडौंका पूर्वसचिव, ज्ञवाली गुठी काठमाडौं र गुल्मेली समाज काठमाडौंका आजीवन सदस्य, थोर्गा सम्पर्क तथा विकास मञ्च काठमाडौंका संस्थापक आजीवन सदस्य तथा हाल सल्लाहकारका रूपमा संलग्न छन्। यिनी रुरु १ विष्णुपञ्जर रिडी गुल्मीमा अवस्थित श्री संस्कृत तथा साधारण माध्यमिक विद्यालयको **शतवार्षिक महोत्सव २०७४** (फागुन ०१–०५) सम्पर्क तथा सहयोग समिति काठमाडौंका सदस्यसचिव चयन भएका छन्। 'सिसार' साहित्यिक पत्रिकाको प्रधान सम्पादकका रूपमा यिनले अङ्क ५ देखि १४ सम्मको यात्रा पूरा गरिसकेका छन्। यिनी 'उन्नयन' अङ्क ६०, ६१,६२, ६३, ६४, ८९, ९० र ९१ का सम्पादक हुन्।

शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन (ईश्वर र जीवनजगत्) कृतिका लेखक ज्ञवाली सुपुत्र हुन्, शिक्षक हुन्, उपप्राध्यापक हुन्, कवि हुन्, निबन्धकार हुन्, समालोचक हुन्, अनुसन्धाता हुन्, उद्घोषक हुन्, वक्ता हुन्, सम्पादक हुन्, पाठ्यपुस्तक लेखक हुन्, बालसाहित्यकार हुन्, प्रशिक्षक हुन्, अन्तर्वार्ताकार हुन्, शोधनिर्देशक हुन्, बाह्य परीक्षक हुन्, भूमिकालेखक हुन्, सामाजिक व्यक्तित्व हुन्, यी विविध रूप भए तापनि यिनी ज्ञाननिष्ठ हुन्। ज्ञानप्राप्तितर्फको यिनको यात्रामा अरू सबै व्यक्तित्वहरू समुद्रका छालजस्ता हुन्, उठ्छन्, देखिन्छन्, हराउँछन्, फेरि उर्लन्छन् तर सबैको अन्तिम रूप पानी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

नै हो। ज्ञवालीको पनि अन्तिम प्राप्ति ज्ञान नै हो भन्ने मलाई लागेको छ।

मसँग लगातार २२ वर्ष सङ्गत भएका ज्ञाननिष्ठ मेरा कृतिका पाठक हुन्, मसँग अन्तर्वार्ता लिएका अन्तर्वार्ताकार हुन्, मेरा कृति लोकार्पण (भगवान्लाई चढाएर गरिने लोकार्पण) कार्यक्रमका कहिले प्रमुख वक्ता, कहिले कार्यक्रम सञ्चालक हुन्। मेरा कविता, निबन्ध, महाकाव्य आदिका बारेमा समालोचना, पुस्तक परिचय, समीक्षा, चिठी आदि लेखेर विभिन्न दैनिक, साप्ताहिक, मासिक पत्रिकामा छपाउने व्यक्ति पनि हुन्। यिनी मेरा कृतिमा स्नातकोत्तर तहमा शोध गराउने शोधनिर्देशक हुन्, मेरा कृति पढेर कवितामै प्रतिक्रिया लेख्ने कवि हुन्, 'सिसार' पत्रिकामा मेरा आध्यात्मिक कविता छपाउने प्रधान सम्पादक हुन्, मेरो **पूर्णदेखि पूर्णसम्म** (२०७४) निबन्धसङ्ग्रहमा भूमिका लेखिदिने भूमिका लेखक हुन्। यस्तै धेरैधेरै प्रसङ्ग र सन्दर्भमा मसँग आत्मीय भएका छन् यी ज्ञाननिष्ठ।

यसकारण पनि म ज्ञाननिष्ठ ज्ञवालीलाई निकै नजिकबाट चिन्दछु, जान्दछु, बुझ्दछु। यिनी मेरा शुभचिन्तक हुन् भन्ने पनि मान्दछु। यिनका कान्तिपुर, गोरखापत्र, नागरिक, अन्नपूर्ण पोष्ट, देशान्तर, मधुपर्क, गरिमा, अपरा, समकालीन साहित्य, नेपाली, सिसार, मुना, युवामञ्च, अरुणोदय, उन्नयन, बिन्दु, जनमत, शब्दाङ्कुर, भानु, कुञ्जिनी, सुलेख, हिमाली गुराँस, आकुञ्चन, चिचिला, शिक्षा सौगात, रिकाष्ट स्मारिका, मनोभाव, वैजयन्ती, दायित्व, महामण्डल, मिर्मिरे आदि पत्रपत्रिकाहरूमा कविता, निबन्ध, नाटक, बालकथा, लघुकथा, समालोचनाजस्ता दर्जनौं लेखरचनाहरू प्रकाशित छन्। ऐले यिनीसँग प्रायोगिक समालोचना, निबन्ध र कवितासङ्ग्रहका कृतिहरू प्रकाशनका लागि तयार भइसकेको जानकारी पाइन्छ।

यसप्रकार ज्ञानप्राप्तितर्फको ज्ञाननिष्ठको विविध प्रकारको योगदानलाई हेर्दा यिनमा शुभलक्षण देखिएकै छ। यिनका यी साहित्यिक कर्महरू क्रमश: अध्यात्मतिर ढल्कँदै गएका छन्। यसको सर्वोच्च प्राप्तिका रूपमा **शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन** कृतिलाई लिन सकिन्छ। प्रस्तुत कृतिमा यिनले मूलत: पूर्वीय षड् दर्शन (साङ्ख्य, योग, न्याय,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैशेषिक, मीमांसा र वेदान्त) ले प्रतिपादन गरेका ईश्वर र जीवनजगत्को सैद्धान्तिक अवधारणालाई आत्मसात् गरी त्यसै आधारमा नेपाली **शाकुन्तल** महाकाव्यको गहन अनुसन्धान गरेका छन् । यस कृतिले लक्ष्मीप्रसाद देवकोटालाई पूर्ण आध्यात्मिक महाकविका रूपमा प्रमाणित गरेको छ। षड् दर्शनमा प्रतिपादन गरिएको ईश्वर र जीवनजगत्लाई सरल ढङ्गबाट बुझ्न चाहने मुमुक्षु सज्जनलाई यो कृति औषधी बनेको छ।

देवकोटा कहिल्यै कुनै कविता, काव्य, महाकाव्य निबन्धका आधारमा नास्तिक थिएनन् । उनी आस्तिक, आस्थावादी, ईश्वरवादी, अध्यात्मवादी वैदिक सनातनी हुन्। कुनै पनि समालोचकले देवकोटालाई नास्तिक, अनीश्वरवादी भन्ने, बनाउने चेष्टा नगरे हुन्छ। कसैले नकारात्मक शोचले देवकोटालाई अनीश्वरवादी भन्न खोजे भने ज्ञाननिष्ठले त्यसको गतिलो प्रत्युत्तर दिएका छन्, दिनेछन्, खण्डन गर्नेछन्। ज्ञाननिष्ठ हाम्रो स्वाध्याय परिवारका स्वाध्यायी सत्सङ्गी हुन्। दर्शनाचार्य ज्ञवाली भोलि विद्यावारिधि गरून्, अझ विद्यावाचस्पति बनून्, प्रा. डा. बनी पद्मकन्या अनि कीर्तिपुरलाई पनि हाँकून् -यही शुभकामना, शुभआशीर्वाद छ।

शिवमस्तु !

२०७४ फागुन १७ गते, बिहीबार
फागुपूर्णिमा

शिव-मन्दिर
शान्तिकुना, ललितपुर-५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

हरिविक्रम के.सी.

गोमा के.सी.

ठूलाठूला आध्यात्मिक ठेलीहरू खारेर आफ्नो विचार बनाउन, ब्रह्मानन्दको ज्ञान प्राप्त गर्न आजको भौतिक दुनियामा मानिसलाई समय निकाल्नै कठिन छ। विद्वान् लेखक उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवालीज्यूबाट परिश्रमपूर्वक अध्ययन–अनुसन्धान गर्नुभई सरल भाषामा प्रस्तुत कृति तयार पार्नुभएकाले पाठकसामु आएको छ।

शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन (ईश्वर र जीवनजगत्) नामक यस कृतिले अध्ययन, अध्यापन र अनुसन्धान गर्ने इच्छा भएका व्यक्ति, विद्यार्थी, प्राध्यापक र पाठक वर्गलाई ठूलै लाभ पुऱ्याउने छ भन्ने दृढ विश्वास गरी यो पुस्तक प्रकाशन गर्न हामीलाई प्रेरणा मिलेको हुँदा प्रकाशनार्थ सानो जमर्को गरेका छौं।

प्रस्तुत कृतिले प्रत्येक पाठकलाई ईश्वर, जीवनजगत् र अध्यात्मज्ञानको कोसेली ल्याएको छ। यसभित्र ईश्वर के हो ? जीवनजगत् के हो ? मानिसले आफ्नो जीवनलाई कसरी सरल र सुखी बनाउने भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुराको उत्तरसमेत पाठकले सरल तरिकाबाट प्राप्त गर्नेछन्।

आकारमा यो सानो छ तर शरीरमा आँखाको जुन महत्त्व छ, ठीक त्यस्तै समाजलाई यसको आवश्यकता पर्दछ किनभने अन्तरजगत्मा पुग्न हामीलाई आफूभित्र हेर्ने आँखा चाहिन्छ । यसको प्रकाशन गर्ने अवसर प्रदान गर्नुभएकोमा श्री ज्ञाननिष्ठ ज्ञवालीज्यूमा हार्दिक कृतज्ञताज्ञापन गर्दछौं।

ठाडोढुङ्गा झम्सीखेल,
ललितपुर, नेपाल
२०७४ चैत ११ गते , आइतबार, रामनवमी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मैले के भनौँ र ?

ज्ञाननिष्ठ ज्ञवाली
उपप्राध्यापक
त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौँ

"मैले के भनौँ र ?" यसो भन्दाभन्दै पनि मैले केही त भन्नैपर्छ। म यतिखेर सोच्दै छु – म हो हुँ ? म यस धर्तीमा किन जन्मेँ ? मेरो कर्तव्य के हो ? मैले अब के गर्ने ? इत्यादि। यसको उत्तर मेरो कृतिले केही समाधान गर्ला।

म मेरो विगत सम्झन्छु। वर्तमान केलाउँछु। भविष्य पनि सोच्छु। यो त गर्नै पर्छजस्तो लाग्छ मलाई। सबैलाई यस्तो नलाग्न सक्छ, नहुन सक्छ। जे होस्, म केही भन्छु, भन्दै छु, विविध सन्दर्भमा।

प्रस्तुत **शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन** (ईश्वर र जीवनजगत्) कृतिका सन्दर्भमा भन्नुपर्दा म प्रथमतः गुल्मीको श्री थोर्गा च्यूरेक प्रा.वि., श्री रुरु प्रा. वि. रिडी, श्री संस्कृत मा.वि. रिडी तथा श्री रुरु संस्कृत क्याम्पस रिडीप्रति कृतज्ञ छु। जुनजुन स्कुल, कलेजको अध्ययनको पृष्ठभूमिले मलाई यहाँसम्म पुग्ने वातावरण मिलेको छ। त्यसपछि मलाई जजसले हौसला र मार्गदर्शन गर्नुभयो वा सकारात्मक प्रेरणा दिनुभयो, उहाँहरूप्रति कृतज्ञताज्ञापन गर्दछु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मलाई यस्तो बनूँला, उस्तो बनूँला भन्ने कुनै तीव्र महत्त्वाकाङ्क्षा त थिएन तर पढेर केही होला भन्ने ठूलो सपना चाहिँ सजाएको थिएँ, जुन सबैले सजाउँछन् होला। म ऐले जे छु, जे गर्दै छु, जुन रूपमा अगाडि बढ्दै छु, यसमा मेरा पिताजीको आशीर्वाद, माताजीको स्नेह सागर र अन्य आफन्तजनको हौसलाको समष्टि हो भन्ने मलाई लागेको छ।

लक्ष्मीप्रसाद देवकोटा आध्यात्मिक महाकवि हुन् भन्ने कुरा त मैले यसै कृतिमा विभिन्न साक्ष्यहरूलाई सैद्धान्तिक कसीमा राखेर प्रमाणित गरेकै छु। **शाकुन्तल** (२००२) महाकाव्यलाई देवकोटाले यो महाकाव्य लेख्दा नै बुझेर पढिदिने एक हातका पाँच औंलामा गन्न पाए पुग्छ भनेका रहेछन्। यसको भूमिका पढ्दा यही बुझिन्छ। मैले कति बुझ्न सकेँ, कति दार्शनिक चिन्तनका कोणबाट व्याख्या गर्न सकेँ, त्यो त विज्ञजन, पाठक वर्गबाट मूल्याङ्कन हुने नै छ। मूल्याङ्कन नभए पनि म के गरुँ त ?

प्रस्तुत कृतिलाई यस रूपमा ल्याउनका लागि मेरा आदरणीय गुरु प्रा. केशव सुवेदीज्यूले दिनुभएको मार्गदर्शनलाई मैले मेरा हृदयमा सजाएको छु। उहाँप्रति कृतज्ञताज्ञापन गर्दछु। त्यस्तै मेरा आदरणीय गुरु प्रा. डा. कृष्णप्रसाद घिमिरेज्यूप्रति म हार्दिक आभार व्यक्त गर्दछु।

मेरा आदरणीय गुरु प्रा. डा. देवीप्रसाद गौतमज्यूको शुभकामना मन्तव्य पढेपछि त मैले कृतिबारे एक शब्द नबोले, नलेखे पनि हुन्छ भन्ने ठानेको छु। यति कसिलो र गहन भूमिकाका लागि गौतम गुरुप्रति कृतज्ञताका शब्दहरू सजाएको छु। मलाई अत्यन्तै स्नेह गर्ने आदरणीय गुरु प्रा. शिवगोपाल रिसालज्यूको भूमिकामा त म सिङ्गै आएको छु। यसका निम्ति रिसाल गुरुप्रति कृतज्ञता निवेदन गर्दछु।

स्वाध्याय परिवार तथा मेरा अग्रजहरू सहप्रा. शकुन्तला खत्री, श्री सीताराम खत्री, श्री प्रभा रिसाल अर्याललाई त मैले बिर्सनै सक्दिन। यस कृतिलाई प्रकाशन गरिदिनु भएकोमा मेरा आदरणीय अग्रज व्यक्तित्व कवि हरिविक्रम के.सी.ज्यू तथा गोमा के.सी.ज्यूप्रति म हृदयतः आभार व्यक्त गर्दछु। आवरण कलाका लागि मेरा प्रिय मित्र वरिष्ठ कलाकार श्री शान्ता हिताङलाई जति धन्यवाद दिए पनि मलाई पुग्दैन। मलाई योग्यता र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नियमानुसार एम.फिल. फ्याकल्टी फेलोसिप अवार्ड (२०७३) प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक आभार प्रकट गर्दछु।

मेरो पारिवारिक जीवनलाई हराभरा पारिदिने जीवनसँगिनी सविता भट्टराई, छोरी सविज्ञा र छोरो सर्वज्ञलाई पनि मैले स्नेहपूर्वक सम्झन्छु, जसको समय हरण गरेर मैले यस कृतिलाई दिएको छु। त्यसको हिसाबकिताब त समयले नै मिलान गर्नेछ भन्ने मैले ठानेको छु। यसमा म के भनूँ र ?

यस कृतिलाई यथासमयमै मुद्रण गरिदिने थ्रीस्टार प्रिन्टिङ प्रेस परिवारलाई धन्यवादज्ञापन गर्दछु । कम्प्युटरका लागि रबिनजीलाई धन्यवाद छ।

बत्तीसपुतली, काठमाडौं
फोन : ९८४१६००२१३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

पहिलो अध्याय

शाकुन्तल महाकाव्यमा ईश्वरचिन्तन २१

१.१ विषयपरिचय २१

१.२ पूर्वीय दर्शनमा ईश्वरचिन्तन २२

१.२.१ साङ्ख्य दर्शनमा ईश्वरचिन्तन २२

१.२.२ योग दर्शनमा ईश्वरचिन्तन २३

१.२.३ न्याय दर्शनमा ईश्वरचिन्तन २४

१.२.४ वैशेषिक दर्शनमा ईश्वरचिन्तन २५

१.२.५ मीमांसा दर्शनमा ईश्वरचिन्तन २६

१.२.६ वेदान्त दर्शनमा ईश्वरचिन्तन २७

१.३ लक्ष्मीप्रसाद देवकोटाको ईश्वरचिन्तन ३१

१.४ शाकुन्तल महाकाव्यमा ईश्वरचिन्तन ३८

१.४.१ मङ्गलाचरणका सन्दर्भमा ईश्वरचिन्तन ३८

१.४.२ प्रकृति चित्रणमा ईश्वरचिन्तन ४२

१.४.३ शिशुकेन्द्री ईश्वरचिन्तन ४९

१.४.४ स्वरूपकेन्द्री ईश्वरचिन्तन ५१

१.५ निष्कर्ष ६६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो अध्याय

शाकुन्तल महाकाव्यमा जीवनजगत्-चिन्तन ६८

२.१ विषयपरिचय ६८

२.२ पूर्वीय दर्शनमा जीवनजगत्-चिन्तन ६८

२.२.१ साङ्ख्य दर्शनमा जीवनजगत्-चिन्तन ७१

२.२.२ योग दर्शनमा जीवनजगत्-चिन्तन ७३

२.२.३ न्याय दर्शनमा जीवनजगत्-चिन्तन ७५

२.२.४ वैशेषिक दर्शनमा जीवनजगत्-चिन्तन ७६

२.२.५ मीमांसा दर्शनमा जीवनजगत्-चिन्तन ७७

२.२.६ वेदान्त दर्शनमा जीवनजगत्-चिन्तन ७८

२.३ लक्ष्मीप्रसाद देवकोटाको जीवनजगत्-चिन्तन ८२

२.४ शाकुन्तल महाकाव्यमा जीवनजगत्-चिन्तन ९१

२.४.१ आध्यात्मिक प्राचीन पूर्वीय जीवनजगत्-चिन्तन ९१

२.४.१.१ ऋषि सभ्यतामा आधारित आध्यात्मिक जीवनजगत् ९२

(क) विश्वामित्र ऋषि ९४

(ख) कण्व ऋषि ९९

(ग) दुर्वासा ऋषि १०२

(घ) कश्यप ऋषि १०३

२.४.१.२ प्रकृतिमा आधारित आध्यात्मिक जीवन १०६

२.४.१.३ सत्यमा आधारित आध्यात्मिक जीवन ११२

२.४.२ भौतिक/आधुनिक जीवनचिन्तन ११६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.४.३ विविध जीवनचिन्तन १२०
२.४.३.१ नेपाली जनजीवन/किसानकेन्द्री जनजीवनचिन्तन १२०
२.४.३.२ भाग्यवादी जीवनचिन्तन १२२
२.४.३.३ आशावादी जीवनचिन्तन १२५
२.४.३.४ विश्वास केन्द्रित जीवनचिन्तन १२६
२.४.३.५ गृहस्थी जीवनचिन्तन १२७
२.४.३.६ प्रेममय जीवनचिन्तन १२८
२.४.३.७ शिशुकेन्द्री जीवनचिन्तन १३०
२.४.३.८ नारीकेन्द्रित जीवनचिन्तन १३२
२.४.३.९ राजनैतिक जीवनचिन्तन १३६
२.४.३.१० देवकोटेली जीवनचिन्तन १३७
२.५ निष्कर्ष १४०

तेस्रो अध्याय

समग्र निष्कर्ष १४२
सन्दर्भ सामग्रीसूची १४८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिलो अध्याय

शाकुन्तल महाकाव्यमा ईश्वरचिन्तन

१.१ विषयपरिचय

महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६–२०१६) आधुनिक नेपाली महाकाव्यका प्रारम्भकर्ता हुन्। यिनले २००० सालदेखि नै महाकाव्य लेख्ने प्रयास गरेको पाइन्छ। **सुलोचना** २००० सालमै लेखन प्रारम्भ गरेका भए पनि सो पूरा हुन सकेन। यसपछि २००२ सालमा तीन महिनाको अवधिमा **शाकुन्तल** महाकाव्य लेखे र त्यो प्रकाशित भयो। देवकोटाले नेपाली महाकाव्य आइसल्यान्डको सर्पजस्तो रहेको अवस्थामा लेखेका र नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशन भएपछि नेपाली महाकाव्यको विकासप्रक्रियामा मौलिक तथा स्वच्छन्दतावादी धारागत आधुनिकताको प्रवर्तन भएको कुरा पूर्वअध्ययनबाट प्राप्त गर्न सकिन्छ। देवकोटाका **सुलोचना** (२००३), **महाराणा प्रताप** (२०२४), **वनकुसुम** (२०२५), **प्रमिथस** (२०२९), **पृथ्वीराज चौहान** (२०४९), **अङ्ग्रेजी शाकुन्तल** (२०४८) महाकाव्यहरू पनि प्रकाशित छन्।

शाकुन्तल महाकाव्य वैचारिक दृष्टिकोणले हेर्दा महत्त्वपूर्ण कृतिका रूपमा देखा पर्दछ। यसै सन्दर्भमा पूर्वीय आर्यसभ्यता र संस्कृतिको सन्देशवाहक **शाकुन्तल** महाकाव्यमा पूर्वीय दर्शनले चिन्तन गरेको ईश्वरलाई खोजी गर्नका लागि पूर्वीय दर्शनमा ईश्वरसम्बन्धी केकस्ता चिन्तन पाइन्छन् भन्ने कुरालाई सैद्धान्तिक रूपमा चर्चा गरिएको छ। ईश्वरको अस्तित्व स्वीकार गर्ने दर्शनलाई मूल रूपमा प्रस्तुत गरी **शाकुन्तल** महाकाव्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले ईश्वरीय प्रभावलाई कसरी व्यक्त गरेका छन् भन्ने कुरा यहाँ खोजिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१.२ पूर्वीय दर्शनमा ईश्वरचिन्तन

दर्शन शब्द संस्कृतको दृशिर् प्रेक्षणे धातुबाट भावमा ल्युट् प्रत्यय गाँसिएर बनेको तत्सम व्युत्पन्न शब्द हो। 'दर्शन' शब्द देख्नु, दर्शन गर्नु, निरीक्षण गर्नु, विवेक, बुद्धि र धार्मिक ज्ञानजस्ता अनेक अर्थमा प्रयोग भएको पाइन्छ (आप्टे, सन् २००७ : ४३९)। पूर्वमा यसको प्रयोग यथार्थ तत्त्व विषयक ज्ञानका अर्थमा सबैभन्दा पहिले कणादको वैशेषिकसूत्रमा भएको मानिन्छ (दासगुप्ता, सन्१९९८ : २)। एक अध्ययनमा दर्शनलाई विचारप्रयोजक ज्ञान वा तत्त्वज्ञानसम्म पुग्ने माध्यम वा साधन मानिएको छ (भण्डारी, २०६६ : ३७६)।

कुनै देवीदेवता, महात्मा, मान्यजन, राष्ट्रका असल मानिसलाई आदरपूर्वक–भक्तिपूर्वक हेर्ने काम पनि दर्शन हो। तर दार्शनिक परम्परामा दर्शनलाई विचार, साक्षात्कार र यथार्थ तत्त्वज्ञान भनिएको छ (नेपाली साहित्यकोश, २०५५ : १३१)। कुनै पनि वस्तुको वास्तविकता बुझ्ने कोसिस नै दर्शन हो। जड र चेतनको सूक्ष्मभन्दा पनि सूक्ष्म तत्त्वलाई केलाएर देखाउनुलाई दर्शन भनिन्छ (गिरी, २०५५ : १)।

यसरी जीवनजगत्, ईश्वर, आत्मा, परमात्मा, जड, चेतन, अणु, परमाणु, ब्रह्म, मोक्षजस्ता कुराहरूका बारेमा चिन्तन गर्ने, खोजी गर्ने काम दर्शनमा गरिन्छ।

पूर्वीय दर्शनमा ईश्वरसम्बन्धी व्यापक चिन्तन गरिएको छ। पूर्वीय दर्शनको मूल प्राज्ञिक स्रोत वेदलाई मानिन्छ। वेदकै टीकाटिप्पणी र समालोचनामा पूर्वीय दर्शनको विकास हुँदै आएको हो। यसपछि विभिन्न दार्शनिक सिद्धान्त र सम्प्रदायको जन्म भएको देखिन्छ। यसरी विकसित हुँदै आएका कतिपय दर्शनहरूले वेदलाई प्रामाणिक मानेका छन् भने कतिले वेदलाई अप्रामाणिक मानेका छन्। यसरी हेर्दा वेदलाई प्रामाणिक मान्ने दर्शनहरू आस्तिक हुन् भने प्रामाणिक नमान्नेहरू नास्तिक दर्शनभित्र पर्दछन्। आस्तिक दर्शनले ईश्वरको अस्तित्व र परलोकप्रति विश्वास गर्दछन्। साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन आस्तिक दर्शन हुन्। यहाँ यिनै दर्शनले ईश्वरसम्बन्धी केकस्तो चिन्तन गरेका छन् भन्ने विषयमा स्पष्ट पारिन्छ।

१.२.१ साङ्ख्य दर्शनमा ईश्वरचिन्तन

साङ्ख्य दर्शनका प्रणेता महर्षि कपिल हुन्। यो प्राचीन पूर्वीय दर्शन हो। ईश्वरको अस्तित्वलाई यसले स्वीकार गर्दैन तर वेदलाई प्रमाण मानेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कारण यो आस्तिक दर्शन हो। उपनिषद्हरूमा साङ्ख्य दर्शनद्वारा प्रतिपादित प्रकृति, पुरुष, अहङ्कार, पञ्चतन्मात्रा आदि विषयहरूको चर्चा गरिएको छ भने महाभारत आदि ग्रन्थहरूमा प्रकृति र पुरुषका बारेमा विस्तृत चिन्तन भएको पाइन्छ (गिरी, २०५५ : ४५) त्यसैले यो दर्शन द्वैतवादी दर्शन हो।

यस दर्शनमा प्रकृति र पुरुषको भेदज्ञान नै सम्यक् ज्ञान मानिन्छ। ईश्वरको अस्तित्व वा चिन्तनमा चासो नदेखाए तापनि यसमा सृष्टिको मुख्य कारण प्रकृति हो। प्रकृतिका जड र चेतन दुवै तत्त्व अविनाशी छन्। प्रकृति र पुरुषको भेदज्ञानपछि मोक्ष प्राप्त हुन्छ भन्ने मान्यता रहेको छ। जसरी घैंटो बनाउने चक्र घैंटो बनिसकेपछि पनि घुमिरहन्छ, ठीक त्यसै गरी जीवको शरीर पनि विवेकबुद्धिको प्राप्ति भएपछि प्रारब्धकर्मको क्षयपर्यन्त रहन्छ। विवेकबुद्धि प्राप्त गरेको पुरुष फेरि प्रकृतिका बन्धनमा पर्नुपर्दैन भन्ने मान्यता साङ्ख्य दर्शनमा पाइन्छ (मिश्र, सन् १९६४ : ३११)।

अन्य भारतीय दार्शनिकहरूले जुन पदार्थलाई आत्मा भनेका छन्, साङ्ख्य दर्शनले त्यही पदार्थलाई पुरुषको उपाधि दिएको छ (गिरी, २०५५ : ४६)। ईश्वर, गुरु र आत्मा यी तीनमा भेद गर्नु हुँदैन (ईश्वरोगुरुरात्मेति भेदत्रय विवर्जितः) भन्ने (रिसाल, २०६७ : प्रकाशकीय भूमिका) मान्यताअनुसार साङ्ख्य दर्शनमा प्रतिपादन गरिएको पुरुषतत्त्वलाई आत्मा, ईश्वर वा गुरु मान्न पनि सकिन्छ। यसरी ईश्वरकै अस्तित्व नदेखाए पनि साङ्ख्य दर्शनको पुरुषतत्त्व ईश्वरीय तत्त्व हो भन्न सकिन्छ।

१.२.२ योग दर्शनमा ईश्वरचिन्तन

योग दर्शनका प्रणेता महर्षि पतञ्जलि हुन्। यसलाई पातञ्जल दर्शन पनि भनिन्छ। यो ईश्वरको अस्तित्वलाई स्वीकार गर्ने, आस्तिक द्वैतवादी दर्शन हो। योगसूत्रमा जम्मा १९५ वटा सूत्र छन्। तिनै सूत्रमा योग दर्शनका सिद्धान्तहरू सूत्रबद्ध गरिएका छन्।

योग दर्शनले संसारलाई दुःखमय ठान्छ। त्यो दुःखबाट छुटकारा पाउनुलाई यसले मोक्ष मान्दछ। साङ्ख्य दर्शनमा जस्तै योग दर्शनमा पनि प्रकृति र पुरुषको अस्तित्व देखाइएको छ। यसले जड प्रकृति र चेतन पुरुष परस्पर विरोधी तत्त्व भएकाले यिनलाई सम्पर्कमा ल्याउने काम ईश्वरले गर्दछ भन्ने मान्यता राख्दछ। सृष्टिको प्रेरक र योजकका रूपमा यस दर्शनले ईश्वरलाई निकै महत्त्व दिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योग दर्शनअनुसार ईश्वर सृष्टि प्रक्रियामा संलग्न रहन्छ तर ऊ विश्वको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता होइन, विश्वको निमित्तकारण चाहिँ हो (गिरी, २०५५ : ४८)। पातञ्जल दर्शनमा योगका आठ साधन छन्। ती हुन्- यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि। यी योगका आठ अङ्ग हुन्। यस दर्शनमा ईश्वरलाई क्लेश, कर्म, विपाक र वासनादेखि असंस्पृष्ट एक विशेष प्रकारको पुरुष मानिएको पाइन्छ। योगीको प्रमुख लक्ष्य मानिने समाधिप्राप्ति पनि ईश्वरकै विशिष्ट उपासनाद्वारा प्राप्त हुन्छ भन्ने मान्यता योग दर्शनमा रहेको छ।

योग दर्शनमा प्रकृति र पुरुषको संयोग वा वियोग स्वाभाविक रूपमा नभएर सर्वशक्तिमान्, ऐश्वर्यसम्पन्न, सर्वदा मुक्त ईश्वरद्वारा हुन्छ भन्ने मान्यता रहेको छ (शर्मा, सन् २००१ : २६५)। योगका अष्टाङ्ग मार्गमध्ये दोस्रो मार्ग नियम पर्दछ। यो सदाचारको परिपालन गर्ने अर्थमा आएको छ। यसका शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरप्रणिधान गरी पाँच प्रकार छन्। यीमध्ये पाँचौं नियम ईश्वरप्रणिधान भएकाले पनि यस दर्शनमा ईश्वरलाई महत्त्व दिइएको पाइन्छ। नियमको पूर्ण पालना हुन ईश्वर चाहिन्छ, ईश्वरमा ध्यान दिनुपर्छ। त्यसपछि मात्र आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र अन्तमा समाधि अवस्थामा पुगेर आत्माले आफ्नो वास्तविक स्वरूपलाई चिन्दछ। त्यस्तै ईश्वरलाई वेदको पहिलो उपदेशक पनि मानिएको छ। गुरुको पनि गुरु ईश्वर हो भनिएको छ।

१.२.३ न्याय दर्शनमा ईश्वरचिन्तन

न्याय दर्शनका प्रणेता महर्षि गौतम हुन्। उनलाई अक्षपाद भनिएकाले यस दर्शनलाई अक्षपाद दर्शन पनि भनिन्छ। यसको मूलग्रन्थ न्यायसूत्र हो। यो ईश्वरको अस्तित्वलाई स्वीकार गर्ने, तर्कशास्त्र र प्रमाणशास्त्रमा निकै जोड दिने, द्वैतवादी दर्शन हो। यो वेदलाई प्रमाण मान्ने आस्तिक दर्शन हो।

यसमा पृथ्वी, जल, तेज, वायुजस्ता निष्क्रिय र गतिहीन परमाणुमा ईश्वरको इच्छाअनुसार क्रिया उत्पन्न भएपछि परमाणुहरू गतिशील हुने र एकअर्कामा जोडिन थाल्ने प्रक्रियामा जगत् सृष्टि हुन्छ भन्ने मान्यता पाइन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(भुसाल, २०६८ : १०३)। यसरी हेर्दा यस दर्शनमा ईश्वरलाई व्यक्तित्वपूर्ण मानिएको छ। ईश्वरमा ज्ञान, सत्ता र आनन्द रहेका छन्। ईश्वरको उपस्थिति नभई दुई परमाणुहरू कार्यसम्पादन गर्न सक्दैनन् भन्ने कुरा स्पष्ट हुन्छ।

न्याय दर्शनमा ईश्वरलाई स्रष्टा एवं पालनकर्ता र संहारकर्ता मानिएको छ। ईश्वरलाई शब्द र अर्थको सम्बन्ध निर्धारण गर्ने निर्धारक मानिएको छ (गिरी,२०५५ : ५०)। जुन शब्दको जे अर्थ छ त्यो ईश्वरद्वारा निर्धारित भएको भन्ने धारणा यस दर्शनमा पाइन्छ। न्याय दर्शनमा ज्ञानका चार साधन रहेका छन् : प्रत्यक्ष, अनुमिति, शब्द र उपमिति। यसमा कार्यकारण सिद्धान्तलाई आधार बनाई ईश्वरको अस्तित्व प्रमाणित गरिएको छ। पर्वतमा धुवाँ भएकाले आगो छ भनेझैँ यो संसार भएकाले यसको सृष्टि गर्ने ईश्वर छ भन्ने कार्यकारणरूपी व्याख्या यहाँ पाइन्छ। ईश्वर शरीररहित छ तर ज्ञान प्रयत्न छ। ईश्वर ज्ञानको भण्डार हो। परमाणु ईश्वरमै छ। त्यसैबाट सृष्टि हुन्छ। कुमालेले माटोबाट भाँडा बनाएझैँ ईश्वरले परमाणुका सहायताबाट यो संसार सृष्टि गर्दछ। जड वस्तुलाई मिलाउने, धारण गर्ने, विनाश गर्ने कोही छ। त्यो कोही भनेको ईश्वर नै हो। यो दर्शन कार्य, कारण र प्रमाणका सहायताले ईश्वर तथा जीवात्माको विवेचनाद्वारा दुःखाकुल संसारीहरूको परम कल्याणको मार्ग दर्साउन स्थापना भएको (अर्याल, २०५७ : ५–६) मानिएको छ।

१.२.४ वैशेषिक दर्शनमा ईश्वरचिन्तन

वैशेषिक दर्शनका प्रणेता महर्षि कणाद हुन्। यिनले वैशेषिक सूत्रको रचना गरेका छन्। कणादको वास्तविक नाम उलूक भएका कारण यिनको दर्शनलाई औलूक्य दर्शन पनि भनेको पाइन्छ। यो ईश्वरको अस्तित्वलाई स्वीकार गर्ने द्वैतवादी दर्शन हो। यसले परमाणु सृष्टिवादलाई स्वीकार गर्दछ।

यस दर्शनमा विशेष (परमाणु) पदार्थलाई प्रमुख मानेर अध्ययन गरिएको हुनाले यसलाई वैशेषिक दर्शन भनेको पाइन्छ (गिरी, २०५५ : ५१)। कुनै अध्ययनमा जनश्रुतिअनुसार कणादको तपस्या देखेर ईश्वर प्रसन्न भई उलूकको रूपधारण गरी ६ पदार्थको उपदेश गरेकाले यस दर्शनको नाम औलूक्य रह्यो भन्ने मत पाइन्छ (माधवाचार्य, सन् २००४ : ३३७)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वर, जीवात्मा, मोक्ष र परमाणुसम्बन्धी न्याय दर्शन र वैशेषिक दर्शनको मान्यता एकै प्रकारको देखिन्छ। यी दुई दर्शनलाई न्याय–वैशेषिक गरी संयुक्त नाम दिइएको पनि पाइन्छ। वैशेषिक दर्शनमा परमाणु निष्क्रिय र गुणयुक्त हुन्छ। त्यही परमाणुमा ईश्वरको इच्छाअनुसार गति पैदा भई जगत्को सृष्टि हुन्छ। ईश्वरलाई यस दर्शनमा सृष्टिकर्ता मानिएको छ। ईश्वरले चाहेमात्र सृष्टि हुने अन्यथा नहुने तर्क यसमा पाइन्छ।

वैशेषिक दर्शनमा अनुमान तथा ध्यानाभ्यासको बलबाट आफ्नो बुद्धिलाई ईश्वरमा लगाएर साधकले वा मुमुक्षुले उत्तम योग प्राप्त गर्न सक्दछ भनिएको छ (माधवाचार्य, सन् २००४ : ३३९)। यसरी हेर्दा यस दर्शनले ईश्वरलाई विश्वको व्यवस्थापक र अदृष्ट मानेको छ। ईश्वरको ज्ञान श्रवण, मनन तथा भावनाद्वारा हुने कुरामा विश्वास राखेको पाइन्छ। यसले न्याय दर्शनले मानेका प्रत्यक्ष, अनुमान, शब्द र उपमानमध्ये प्रत्यक्ष र अनुमानलाई मानेर ईश्वरको अस्तित्वलाई स्वीकार गरेको छ।

ग्रीक दर्शनले परमाणुलाई स्वभावैले सक्रिय र गतिशील हुने तर्क राखे तापनि पूर्वीय वैशेषिक दर्शनका प्रणेता कणादले परमाणुलाई निष्क्रिय मानेका छन्। यो ईश्वरद्वारा गति पैदा भएपछि मात्र सक्रिय भई सृष्टि हुने विचार कणादले व्यक्त गरेका छन्।

१.२.५ मीमांसा दर्शनमा ईश्वरचिन्तन

मीमांसा दर्शनका प्रणेता जैमिनि हुन्। यिनले मीमांसासूत्रको रचना गरेका हुन्। यस दर्शनले वेदले निर्देश गरेका कर्महरूमा महत्त्व दिन्छ। ईश्वरलाई गौण स्थानमा राख्ने यो द्वैतवादी आस्तिक दर्शन हो।

मीमांसा दर्शन वेदमा आधारित दर्शन हो। वेदका दुई भागमध्ये पूर्वभागमा कर्म र उत्तरभागमा ज्ञानसम्बन्धी चर्चा पाइन्छ। मीमांसा दर्शनमा वेदको कर्मभागको व्याख्या छ भने वेदान्त दर्शनमा ज्ञानखण्डको चर्चा पाइन्छ। त्यसैले मीमांसालाई पूर्वमीमांसा र वेदान्तलाई उत्तरमीमांसा पनि भनिएको छ (गिरी, २०५५ : ५२)।

मीमांसा दर्शनले जगत्लाई सत्य मान्दछ। यसले आत्मा, स्वर्ग, नरक र वैदिक यज्ञका देवताहरूको अस्तित्वलाई स्वीकार गर्दछ। जैमिनि र उनका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुयायी प्राचीन मीमांसकहरूले वेदले निर्देश गरेको कर्मलाई महत्त्व दिएका छन्। वेदनिहीत कर्म गरेपछि अपूर्व उत्पन्न हुन्छ भन्ने मान्यता उनीहरूको छ। त्यो अपूर्व शक्ति निष्क्रिय परमाणुमा क्रिया उत्पन्न गराउँछ। त्यसैबाट कर्मकर्ताले कर्मफल भोग्नका लागि संसारको सृष्टि हुन्छ। त्यो अपूर्व ईश्वरद्वारा नै प्रदत्त हुन्छ तर अपूर्वलाई सञ्चालन गर्न ईश्वरको आवश्यकता पर्दैन। यद्यपि ईश्वर जगत्‌को परिचालक नभए पनि कर्मकर्ताले समर्पण गर्ने बलीलगायतका वस्तुहरू स्वीकार गर्नका लागि ईश्वर नभै हुँदैन।

जे होस्, वेदले निर्देश गरेका कर्मलाई महत्त्व दिए पनि त्यो कर्म पूरा हुनका लागि ईश्वरीय सत्तालाई मीमांसा दर्शनले महत्त्व दिएको पाइन्छ।

१.२.६ वेदान्त दर्शनमा ईश्वरचिन्तन

उपनिषद् वैदिक साहित्यको अन्तिम भाग हो। यसैलाई वेदान्त दर्शन भनिन्छ। चार वेदका ज्ञानखण्डको सार पनि वेदान्त हो। यसका प्रणेता व्यास वा बादरायण हुन्। यिनले उपनिषद्‌का सम्पूर्ण सिद्धान्तलाई समेटेर ब्रह्मसूत्रको रचना गरेका छन्। त्यस ग्रन्थमा ५५५ वटा सूत्र छन्। त्यहाँ ब्रह्म, जीव, जगत्, ईश्वरसम्बन्धी सूत्रहरू छन्। तिनलाई वेदान्तसूत्र भनिन्छ।

शङ्कराचार्यले ब्रह्मसूत्रमाथि टीका लेखेपछि त्यो शाङ्करभाष्यका रूपमा प्रचलित भयो। यसअनुसार वेदान्त अद्वैतवादी दर्शन हो। यसले ईश्वरको अस्तित्वलाई स्वीकार गर्दछ। यो आस्तिक दर्शन हो। उपनिषद्, ब्रह्मसूत्र र गीता वेदान्त दर्शनका आधारभूत ग्रन्थ मानिन्छन्। यिनलाई प्रस्थानत्रयी पनि भनिन्छ। शाङ्कर वेदान्तमा ब्रह्मप्राप्तिलाई मूल लक्ष्य मानिएको छ।

शाङ्कर वेदान्त दर्शनमा ब्रह्म र मायाको संयुक्त स्वरूपलाई ईश्वर मानिएको छ। ईश्वरमा मायाको अंश रहने कारण ईश्वर केवल व्यावहारिक दृष्टिकोणबाट मात्र सत्य हो र पारमार्थिक दृष्टिकोणबाट असत्य हो। ईश्वरका सम्पूर्ण कार्यहरू व्यावहारिक कोणबाट मात्र सत्य मानिएको पाइन्छ (गिरी, २०५५ : ५७)। यस दर्शनमा ईश्वरलाई जगत्‌को सृष्टि, स्थिति र संहारकका रूपमा लिइएको छ। ईश्वर निमित्त हो। यो जगत् ईश्वरकै इसारामा नाचेको छ। जसरी श्वासप्रश्वास मानवीय स्वभाव हुन् त्यसै गरी यो जगत् रच्नु ईश्वरको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वभाव नै हो। ईश्वर गुणवान्, सर्वज्ञ, सर्वव्यापी, अन्तर्यामी, स्वतन्त्र अस्तित्वका रूपमा रहेको कुरा वेदान्त दर्शनले प्रतिपादन गरेको छ। ईश्वरले कुनै पनि भक्तलाई कर्मको फल दिन सक्छन्। ईश्वरको अस्तित्व व्यवहारकालमा सार्थक छ भन्ने मान्यता यसमा रहेको छ।

वेदान्त दर्शनलाई मूल आधार मानेर रचना गरिएका आध्यात्मिक कृतिहरूमा पनि ईश्वरसम्बन्धी धारणा पाइन्छ। अध्यात्मसाहित्यसँग सम्बन्धित सन्ताउन्न वय कृति प्रकाशित गरिसकेका शिवगोपाल रिसालका कृतिहरूमा पनि यस्तो चिन्तन पाइन्छ :

> ईश्वर खोज्न कहीं जानु पर्दैन, आफैसँग छ। ईश्वर अवतरित भएर गर्न आएका हुन्। ईश्वर त आकाशजस्तै हुन्, जता पनि, जहिले पनि तिमीसँगै छन्। ईश्वर नदेखिए पनि छन्। ईश्वर नभए तिमी पनि छैनौ। ईश्वर नै मायालाई साथमा लिएमा सृष्टि आदि गर्नुहुन्छ। ईश्वर भन्दछन् रे– तिमी चिताऊ म पुऱ्याइदिन्छु । ईश्वर सर्वत्र छ– हेर्ने आँखा चाहिन्छ। ईश्वरको प्रसादको प्रभाव तिम्रो प्रसन्नता हो। ईश्वरको सिर्जनामा आलोचना गर्ने कसैको अधिकार छैन। ईश्वरलाई अगाडि लगाउनुहोस्, तपाईंलाई अङ्गरक्षकको आवश्यकता पर्दैन। ईश्वरलाई हृदयमा राखेर हातले काम गरे भौतिक र आध्यात्मिक दुवै प्रकारको उन्नति हुने थियो (रिसाल, २०७३ : १८–२०)

यसमा ईश्वरलाई सर्वशक्तिमान् मानिएको छ। ईश्वर सगुण रूपमा अवतरित भएका र सर्वत्र व्याप्त छन् भनिएको छ। यो सारा सृष्टि ईश्वरकै मानिएको छ। जे चितायो त्यो पुऱ्याइदिने ईश्वरलाई मान्ने हो भने मानिस डराउनु पर्दैन। भौतिक र आध्यात्मिक उन्नति पनि ईश्वरकै हातमा छ। ईश्वरको सृष्टिलाई सबैले स्वीकार गर्नुपर्ने मान्यता उक्त कथनमा पाइन्छ। यसरी रिसालले ईश्वरबाहेक केही छैन। ईश्वरको भर परे सबै कुरा पूर्ण हुन्छ भन्ने मान्यता राखेको पाइन्छ।

ईश्वरले भक्तबाट मान पनि खोज्दैनन्। उनी त जसरी होस् भक्तको कल्याण गर्न चाहन्छन्। सन्तान राम्रो बाटोमा लागिदिए हुन्थ्यो भन्ने धारणा आमाबाबुले राखेर माया गरेजस्तै ईश्वर पनि सारा प्राणीमाथि असाध्यै माया गर्दछन्। आफ्नो कल्याण हुने काम त आफैले नगरी हुँदैन। त्यसैले कल्याणको बाटो भनेको ईश्वरप्रति आस्था र भक्ति हो। त्यत्ति गरियो भने ईश्वरका अनुग्रहको वर्षा निरन्तर भइरहन्छ। यो कुरा वेदान्त दर्शनको सार पनि हो (पन्त, २०७३ : ३५९)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वर वास्तवमा आमाबाबु हुन्। हाम्रा धर्मशास्त्रले आमालाई देवतासमान मान, बाबुलाई देवतासमान मान भनेका छन्। यसकारण हामी जे छौँ ईश्वरकै कारण हो भन्ने धारणा पाइन्छ। त्यतिमात्र हो र ? ईश्वरको नाम सङ्कीर्तन गरेमा संसारबाट मुक्ति पाइन्छ। संसारमा अनेक जुनी लिनु, मर्नु, लोभ, लालच, मोह, ईर्ष्या, क्रोधका चक्रमा पर्नु, यस्ता अप्ठ्यारा छन्। यस्तोबाट छुटकारा पाउन ईश्वरको ध्यान गर्नु र नाम जप्नु महत्त्वपूर्ण कुरा हो।

ईश्वरलाई नै सम्झे पनि मर्ने बेलामा वा सङ्कट परेका बेलामा सहयोगी र प्यारो पात्र सन्तानकै नाम उच्चारण गरे पनि ईश्वरको नाम बोलिने भएकाले सन्तानको नाम ईश्वरको नामबाट राख्ने परम्परा चलेको हो। त्यसरी नाम जप्दा पनि ख्याल गर्नुपर्ने कुरा के हो भने मनोयोग लगाएर आँखा चिम्ली हृदयको सिंहासनमा ईश्वरलाई विराजमान गराउनुका साथै तिनको दिव्य मूर्ति र विशिष्ट लीलाको कल्पना गर्नुपर्दछ। त्यस्तो जपले मनमा ईश्वरको कार्य परिकल्पित गराई जप गर्ने व्यक्तिलाई सन्मार्गतिर लाग्न अभिप्रेरित गर्दछ (पन्त, २०७३ : २३९)। ऋग्वेदमा ईश्वरलाई यसरी पुकारा गरिएको छ : हे देवताहरू हो ! तिमीहरू असल बुद्धि भएका तेजस्वी हुनाले द्वेषीको छलकपट प्रकट गराउन समर्थ छौ। तिमीहरू शत्रु–नाशक हौ, त्यसैले शत्रुसंहार गरी हाम्रो वर्तमान र भविष्य सुखमय गराओ (**ऋग्वेद,** २०६३ : २३७)। यहाँ ईश्वरलाई शत्रुनाश गर्ने, मनुष्यको जीवनलाई सुखमय पार्न सक्ने सगुण शक्तिमान् रूपमा व्याख्या गरिएको छ। चारै वेदमा शक्तिस्वरूप विभिन्न देवताको उपासना र आराधना गरिएको पाइन्छ।

ईश्वर मुख्यरूपले हामीहरूको हृदयमा निवास गर्नुहुन्छ। सम्पूर्ण भौतिक पदार्थको स्रष्टा भएकाले ईश्वर उत्कृष्ट र सृष्टि प्रपञ्चदेखि अतीत सर्वत्र व्यापक हुनुहुन्छ (चक्रवर्ती, २०७० : ११८) कोही सृष्टिचिन्तकहरू सृष्टिलाई ईश्वरको विभूति अर्थात् विस्तार मान्दछन् तर परमार्थ चिन्तकका लागि सृष्टिमा विश्वास हुँदैन (ज्ञवाली, २०५२ : २३) यहाँ ईश्वरलाई व्यावहारिक सत्तामा मूल मानिएको छ, सृष्टिकर्ता मानिएको छ भने पारमार्थिक सत्तामा ईश्वरलाई असत्य मान्नुपर्ने कुरातर्फ सङ्केत गरेको पाइन्छ।

श्रीमद्भगवद्गीताको चौथो अध्यायमा ईश्वरबारे विवेचना गरिएको छ। ईश्वरलाई सगुण रूप, अविनाशी, आफ्ना प्रकृतिलाई अधीनमा लिएर आफ्नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मायाले प्रकट हुने, धर्मको हानि र अधर्मको वृद्धि भएका बेला अवतार लिने, सज्जनहरूको रक्षा गर्ने, दुर्जनहरूको नाश गर्ने, धर्मको स्थापना गर्नका लागि युगयुगमा प्रकट हुने व्यक्तित्व मानिएको छ (**श्रीमद्भगवद्गीता,** २०६३ : ५०)। यसै गरी गीताको नवौँ अध्यायमा ईश्वरलाई श्रुतिले बताएको कर्म, स्मृतिले बताएको यज्ञ, पितृहरूलाई श्राद्धमा प्रयोग गरिने स्वधा, प्राणीले खाने अन्न, मन्त्र, घ्यू, अग्नि, हवनक्रिया, जगत्‌को धारण गर्ने पिता, माता, पितामह, पवित्र ॐकार, ऋग्वेद, सामवेद, यजुर्वेद, पालनकर्ता, स्वामी, साक्षी, आश्रय, शरण, परममित्र, सृष्टिकर्ता, संहारकर्ता, आधार, लयस्थान, अविनाशी भनिएको छ (**श्रीमद्भगवद्गीता,** २०६३ : १०८–१०९)। दसौँ अध्यायमा ईश्वरका विविध स्वरूपको चर्चा पाइन्छ। त्यहाँ ईश्वरलाई विष्णु, सूर्य, मरीचि, चन्द्रमा, सामवेद, इन्द्र, मन, शङ्कर, कुवेर, सुमेरू, बृहस्पति, कार्तिकेय, समुद्र, भृगु, जपयज्ञ, हिमालय, पीपल, नारद, चित्ररथ, कपिलमुनि, उच्चै श्रवा घोडा, ऐरावत हात्ती, राजा, बज्र, कामधेनु, कामदेव, वासुकि मानिएको छ। त्यस्तै ईश्वरको सर्वव्यापी रूपलाई अनन्त, वरूण, अर्यमा, यमराज, प्रल्हाद, काल, सिंह, गरुड, वायु, राम, ग्राह, गङ्गा मानिएको छ। ईश्वरलाई सृष्टिको आरम्भ, मध्य र अन्त्य भनिएको छ।

गीताकै अठारौँ अध्यायमा ईश्वरले सम्पूर्ण प्राणीका हृदयमा बसेर शरीररूपी यन्त्रमा चढी सारा प्राणीलाई मायाद्वारा घुमाउन सक्छन् भनिएको छ। ईश्वरकै कृपाले परमशान्ति र अविनाशी पद पाइने कुरा पनि यहाँ गरिएको छ (**श्रीमद्भगवद्गीता,** २०६३ : २०८)। यसमा ईश्वरीय शक्ति नै सर्वोच्च शक्ति भएको चर्चा पाइन्छ।

शास्त्रमा चार प्रकारका कृपाहरूको क्रम बताइएको छ। ती हुन्– ईश्वरकृपा, गुरुकृपा, शास्त्रकृपा र आत्मकृपा। यी मध्ये ईश्वरकृपालाई निकै महत्त्व दिइएको छ। ८३ लाख ९९ हजार ९९९ योनिमा फसेको प्राणीलाई मानव बनाएर मुक्तिपद प्राप्त गर्ने मौका प्रदान गर्नु ईश्वरको ठूलो अनुग्रह हो। आफ्नै अज्ञानको कारणले संसारमा फसी दुःख पाएर मानिस ईश्वरलाई दोष दिन्छ भने यो उसको कृतघ्नता हो। बुद्धिमान् मानिसले आफूलाई सदा ईश्वरप्रति कृतज्ञता व्यक्त गर्छ (रिमाल, 'यात्री', २०६४ : १२३)। ईश्वरको महिमा अपरम्पार छ। ईश्वरले चाहेमा मानिस यस दुःखरूपी संसार बन्धनबाट पार पाउन सक्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदान्त दर्शनका अध्येता शिवगोपाल रिसालले ईश्वरका सम्बन्धमा यसरी प्रष्ट पारेको पाइन्छ :

> अद्वैत वेदान्तअनुसार ईश्वर तीन प्रकारको छ– सगुण साकार, सगुण निराकार र निर्गुण निराकार। यो विभाजन पनि गुणभेदले हो, कार्यभेदले हो। राम, कृष्ण आदि अवतार सगुण साकार, सृष्टि, स्थिति र संहार गर्ने ईश्वर सगुण निराकार र सबैका घट–घटवासी ईश्वर निर्गुण निराकार। वास्तवमा ईश्वर एक छ, अद्वैत छ। घरभित्रको आकाशलाई घटाकाश र मठभित्रको आकाशलाई मठाकाश भने तापनि आकाशमा भेद छैन, एकै हो – महाकाश हो। ... माटोबाट बनेका गमला, गाग्रो, घैंटो भिन्दाभिन्दै भनिए पनि, देखिए पनि माटोदेखि भिन्न होइनन्– माटै हुन्। त्यस्तै सुनबाट बनेका विभिन्न नाम र रूपका गहना सुनमात्र हुन्, सुनदेखि भिन्न होइनन्। ठीक त्यस्तै एउटै ईश्वर कार्यवश सगुण, साकार भए तापनि हो त निर्गुण निराकार नै। पानीका तीन भेद छन्। जमेको पानी बरफ भयो–सगुण साकार। पग्लेको पानी भयो सगुण निराकार। त्यही पानी तताएपछि बाफ बनेर गयो–निर्गुण निराकार। त्यही पानी बादल बनेर वर्षेपछि हिमालयमा खसे फेरि सगुण, साकार। यही हो ईश्वरको वास्तविक स्वरूपस्थिति। प्रसङ्गअनुसार, आवश्यकतानुसार ईश्वर कहिले सगुण साकार र निर्गुण निराकार हुन्छ। हो त एक अद्वैत ब्रह्ममात्र। सृष्टिका सन्दर्भमा मात्र ईश्वर भनिएको हो। जब सृष्टि समाप्त हुन्छ अनि त त्यही ईश्वर ब्रह्म हुन्छ (रिसाल, २०६७ ख : ४१–४२)।

१.३ लक्ष्मीप्रसाद देवकोटाको ईश्वरचिन्तन

ज्ञानेन्द्रियका माध्यमले अन्तर्दृष्टिद्वारा प्राप्त हुने विषयवस्तु, तार्किक, प्रामाणिक र बौद्धिक ज्ञानलाई दर्शन भनिन्छ। जिज्ञासैजिज्ञासाका तहबाट अगाडि बढ्दा दर्शनको प्रादुर्भाव हुन्छ। ईश्वरचिन्तन पनि दर्शनको एक महत्त्वपूर्ण विषय हो। यसलाई कवि, लेखक, साहित्यकारहरूले विभिन्न ढङ्गबाट व्याख्या गरेका छन्। साहित्यकार लक्ष्मीप्रसाद देवकोटाका पनि ईश्वरसम्बन्धी विभिन्न धारणाहरू पाइन्छन्। ती उनका कृतिहरूबाट प्राप्त गर्न सकिन्छ।

लक्ष्मीप्रसाद देवकोटाले सानैदेखि पूर्वीय साहित्यको प्रभाव ग्रहण गरेका थिए। उनी पञ्चम श्रेणीमा पढ्दा नै महाभारतको व्यासको विचारबाट प्रभावित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भई दोस्रो नेपाली कविता रचेको पाइन्छ (जोशी, २०४८ : २)। देवकोटा अध्यात्मवादी साहित्यकार हुन् भन्ने कुरा उनका रचनाहरूको अध्ययनपश्चात् प्रमाणित हुन्छ। अद्वैत वेदान्त दर्शनको उत्कृष्ट ग्रन्थ उपनिषद्बाट उनी अत्यन्त प्रभावित थिए (घिमिरे, २०६५ : १९९)। देवकोटाले लेखेको **सावित्री सत्यवान्** (१९९७) नाटक पनि ईश्वरप्रति अगाध आस्था व्यक्त गरिएको वेदान्त दर्शन प्रभावित विचारका जगमा रहेको कृति मान्न सकिन्छ। यसका निम्नलिखित अंशबाट उक्त कुरा पुष्टि गर्न सकिन्छ :

यहाँ आएँ अहो ! धन्य यो बगैँचा जताततता
ईश्वरै छ पलाएको, फुलेको बास आउने
सेवा ईश्वरको, जस्ले स्वर्ग लैजान्छ– पितृको
जस्ले ऋण तिरीदिन्छ, बन्धुवर्ग, पराइको
जस्ले सौन्दर्यले भर्छ संसार सब, देशको
प्राणीको जसमा आफैअन्तर्गत छ ईश्वर

(देवकोटा, २०२४ : १–१६, उद्धृत, जोशी, २०४८ : १७–२०)

यसमा देवकोटाले प्रकृतिकेन्द्री ईश्वरको चर्चा गरेका छन् भने बगैँचाका फूलमा ईश्वर देख्छन्। त्यसपछि ईश्वरको सेवा गरे स्वर्ग जान पाइने कर्मफलको चर्चा गरेका छन्। पितृऋण तिर्ने बन्धुवर्ग, अर्काको जीवनलाई सौन्दर्यमय पारिदिने व्यक्तिभित्रै ईश्वर छ भन्ने भाव कविले व्यक्त गरेका छन्।

देवकोटाको 'शारदा' पत्रिकामा प्रकाशित **भिखारी** सङ्ग्रहमा सङ्कलन नगरिएको 'गरीब' कविताको अंशलाई एक अध्ययनमा यो संसारमा ल्याउने ईश्वरप्रति देवकोटाको अगाध आस्था र कृतज्ञता प्रकट भएको मानिएको छ :

छ साथ मेरो दिनरात ईश्वर
ममा यहाँ छैन कतै, कुनै डर

(जोशी, २०४८ : ५०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्तुत कवितांशमा ईश्वरको भर परेमा यस संसारमा कतै पनि केहीको डर नहुने विचार व्यक्त गरिएको छ। ईश्वरलाई सर्वशक्तिमान्, संरक्षक मानिएको छ।

देवकोटाले आफ्ना कविता, निबन्ध आदि विधामा प्राचीन पूर्वीय आर्यसंस्कारका विशेष उपासकका रूपमा आफूलाई उभ्याएर आफ्ना पिताका आकाङ्क्षालाई बढी विजयी तुल्याइ दिएका छन् (अवस्थी, २०६१ : २५)। **मुनामदन** खण्डकाव्यमा देवकोटा ईश्वरमा विश्वास राख्ने व्यक्तिका रूपमा देखा पर्दछन् (बन्धु, २०६७ : ४१)। यसमा मदन ईश्वरप्रति पूर्ण विश्वास राख्छ। केही विघ्न परे वा मरेमा स्वर्गमा भेट्ने कुरा गरी मुनासँग बिदा लिन्छ। मुनालाई स्वर्गमा भेट्ने आशा गर्दै मर्नु ईश्वरप्रतिको वा स्वर्गप्रतिको आस्था र विश्वास हो।

'यात्री' कविता देवकोटाको मानवतावादी कविता भनिए तापनि उनले यसमा ईश्वरचिन्तन गरेका छन्। ईश्वर आफैभित्र छ। उसलाई चिन्न आफूभित्रै हेर्नुपर्छ भन्ने मान्यता पाइन्छ (बन्धु, २०६७ : ६५)। यहाँ "त्यो तिमी नै हौ" भन्ने वेदान्त दर्शनको सिद्धान्तलाई देवकोटाले ईश्वरका रूपमा प्रस्तुत गरेका छन्। 'त्यो' भनेको ईश्वर 'तिमी' भनेको मानव आफू नै हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

देवकोटा **मुनामदन** खण्डकाव्यमा ईश्वरचिन्तन गर्न पुग्दछन्। उनी पात्रका मार्फत आफ्ना ईश्वरसम्बन्धी धारणा प्रस्तुत गर्दछन्। मदनकी आमाको हेराइमा सबथोक दैवले देख्छ, संसारका राजा ईश्वर हुन्। आमा र दिदीका ईश्वर मानिसका आड र भरोसा भएका छन् (गौतम, २०५६ : ९)। त्यसो त **मुनामदन**मा देवकोटाले पात्रका माध्यमबाट मात्र नभई आफैले लेखेको 'सज्जनवर्गका प्रति' भूमिकामा पनि आफ्नो कृतिलाई ईश्वरमै समर्पण गरेको देखिन्छ :

क्या राम्रो मीठो नेपाली गाना झ्याउरे भनेको
यो खेतभित्र बिरूवा रोपें नदेखी खनेको
फुलेर जाओस् वैलेर जाओस् ईश्वर–इच्छा हो।

(देवकोटा, २०५२ : भूमिका)

यसमा देवकोटाले राम्रो मीठो नेपाली झ्याउरे लयमा आफूले काव्य लेखेको कुरा व्यक्त गरेका छन्। यो काव्यरूपी संसारमा खनजोत गरेर बिरूवा रोपेको र यो काव्य फूल राम्रोसँग फुल्ने वा वैलाएर जाने ? के हुने हो ? त्यो पनि ईश्वरकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इच्छाअनुसार हुनेछ भन्ने विचार प्रकट गरेबाट देवकोटा पूर्णतः ईश्वरवादी आस्तिक कवि हुन् भन्न सकिन्छ।

लक्ष्मीप्रसाद देवकोटाले **लक्ष्मी निबन्धसङ्ग्रह**मा पनि ईश्वरसम्बन्धी गम्भीर चिन्तन गरेको पाइन्छ। देवकोटाकै निम्नलिखित भनाइबाट पनि उनी यसतर्फ आकृष्ट भएको स्पष्ट हुन्छ : "उपाध्यायका कुलमा जन्में, ब्रह्मनिष्ठ, कर्मनिष्ठ, आस्तिक देवर्षितुल्य पण्डित तिलमाधवको म छोरो हुँ। वेदका विधिले मेरो जातकर्म, नामकर्म, उपनयनकर्म आदि भए। आफ्नो संस्कार र संस्कृतिले परिमार्जित आदर्श ब्रह्मपुत्र म थिएँ, (अर्याल, २०५७ : ४३)।

लक्ष्मी निबन्धसङ्ग्रहको पहिलो निबन्ध 'श्रीगणेशाय नमः' मा नै सगुण, सर्वज्ञ, सर्वशक्तिमान् ईश्वरलाई सम्झन्छन्। एकप्रकारले भन्ने हो भने ग्रन्थको सुरूमा, बीचमा र अन्त्यमा मङ्गलाचरण गर्नुपर्ने मान्यतामा विश्वास गरेर उनले विघ्नहर्ता गणेशलाई मङ्गलाचरण गरेका छन् :

> "आरम्भ गर्दा अन्त्यको बारेमा त्रास रहनु स्वाभाविकै भएको हुनाले हामी हिन्दूहरू गणेशजीको शुभ नाममा हृदयलाई आधार दिन्छौं। सिद्धि र बुद्धि दुवैका मालिक भएका हाम्रा सूँडवाल भुँडे देवता कार्यको आरम्भमा पनि अधिष्ठाता बन्नुहुन्छ। .... म प्रकृतिवश या त सरस्वतीको चिन्ह या त श्रीगणेशाय नमः को रूद्री चण्डीक्रमको स्मरण नगरी सक्तिनँ (देवकोटा, २०५३ : १)।

लक्ष्मीप्रसाद देवकोटाले 'पाँचौटा चाहिने कुराहरू' निबन्धमा पनि ईश्वरसम्बन्धी आफ्ना तर्कहरू प्रस्तुत गरेका छन्। उनले ईश्वर, आत्मा, स्वर्ग, नरक र धर्म गरी पाँच कुरा प्रस्तुत गर्ने क्रममा ईश्वरलाई महत्त्व दिएका छन् :

> ईश्वरबिना संसार नै शून्य छ। कारण नभई कार्य हुँदैन। हामी 'उनी छन्' को विश्वासमा जीवन धारण गर्दछौं। यत्रो विश्वको काँट र अडान देख्तादेख्तै यसमा चैतन्ययुक्त महापुरुषको सत्ता देखिँदैन भन्नु अन्धोपन हो। यो अनन्ततामा एक ठाउँ खडबड परे कत्रो विप्लब मच्चिन्छ, तर अणुअणु संगत भएका छन्, ताराको त्यत्रो जगडवाल चाल छ, तर टक्कर छैन, समय र देशमा अभिप्रायपूर्वकका व्यापार देखिन्छन्, सूर्यचन्द्र नीतिको उचित कालीनतासँग काम गर्दछन्। रूखहरूलाई बीउभित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हालिदिएको छ, बीउहरूलाई रूखभित्र। दानामा विश्व छ र विश्वमा दाना छ। यो मिलाप, यो तराजु, यो रौँप्रमाण तौल, यी चक्रहरू, यी उचित कालीनताका क्रमहरू सबै भन्दछन्– दिव्य चैतन्य भन्ने कल्पना होइन तर संसारको सत्य हो (देवकोटा, २०५३ : २७)।

प्रस्तुत साक्ष्यका आधारमा हेर्दा देवकोटाले ईश्वर छ भन्ने कुरालाई प्रत्यक्ष, उपमान, अनुमानजस्ता आधारमा पुष्टि गरेका छन्। उनले न्याय दर्शनमा प्रतिपादन गरिएको कार्यकारण सिद्धान्तलाई आधार बनाई ईश्वरको सत्तालाई महत्त्व दिएका छन्।

उनले विराट् चैतन्यलाई परब्रह्म मानेका छन्। परब्रह्म सृष्टिकर्ताका रूपमा प्रादुर्भाव भएका बेला विश्वस्रष्टा बने अनि तिनै हाम्रा ईश्वर हुन् भन्ने देवकोटाको मान्यता छ। उनले ईश्वर छ भन्ने कुरा सिद्ध गर्न अनेक प्रमाणहरू दिई व्याख्या गरेका छन्। ईश्वरीय चेतनविना मान्छेको मन प्रकृत विकास नभई गडबड हुने कुरा उनले व्यक्त गरेका छन्। हरेक प्राणी मर्ने बेलामा पनि हे ईश्वर ! भनेर पुकार गर्छ, त्यसैले पनि ईश्वरको अस्तित्व छ भन्ने देवकोटाको तर्क छ। देवकोटाले जीवात्मा पनि ईश्वरकै इच्छाले सजीव क्रियामा रहने र ईश्वरकै इच्छाले संसार त्याग गरेर आफ्नो स्थानमा जाने धारणा राखेका छन्। ईश्वरको चमत्कारबाटै धर्म र ध्वनिहरूमा वाणी चिनिने उनको तर्क छ। ईश्वरबिना केही पनि नहुने भन्ने देवकोटाको ईश्वरचिन्तन गहन र मननीय छ।

देवकोटाले 'कला र जीवन' निबन्धमा ईश्वर नै पहिलो र अन्तिम सत्य भएको निचोड निकालेका छन् : "जुन चीज त्रिकालबाध्य छ, त्यसलाई सत्य भनिन्छ र ईश्वर नै प्रथम र अन्तिम सत्य हुन्" (देवकोटा, २०५३ : ७५)। त्यस्तै 'आमाको दिल' निबन्धमा ईश्वरलाई सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा यसरी व्याख्या गरिएको छ : 'हे ईश्वर' मैले भनें– हामीलाई मार, दुःख देऊ तर बालखबाट यसरी जननीलाई वियोग नदेऊ (देवकोटा, २०५३ : १३७)। 'जूवा' निबन्धमा देवकोटाले मनुष्य जातिलाई समयरूपी दौलत ईश्वरकै कृपाबाट प्राप्त भएको भनेका छन् : "परमेश्वरले मनुष्य जातिलाई दिएको एउटा दौलत समय हो" (देवकोटा, २०५३ : १८७)। त्यसै गरी 'सत्य सोझो हुन्छ' निबन्धमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवकोटाले ईश्वरलाई यसरी विवेचना गरेका छन् :

"ईश्वर साथ हुन्, मानवात्मा शान्ति-पोषण पाउँछ। ... ईश्वर र अनन्तकाल छकिन्नन्। ... डराऊ धर्मसँग, सत्यदेखि, ईश्वरसँग। ... क्षणक्षणमा ईश्वरसँग सत्यको होश माग। ... धर्म नरोक, आत्माको सत्य नथिच, त्यो एक दिन उल्टेर तिमीलाई उल्ट्याउन आउनु परमेश्वरको स्वाभाविकै नियम हो। ... परमेश्वर असत्यको मार्गलाई पूरा गर्दैनन्। ... के तिमी ईश्वर चाहन्छौ ? ... स्वार्थको लेश छाडेर मकहाँ आऊ र एक उपदेश सुन - सत्य सोझो छ" (देवकोटा, २०५३ : २०३-२०५)।

प्रस्तुत साक्ष्यमा ईश्वर साथमा रहे मान्छेको आत्माले शान्ति पाउँछ। ईश्वरलाई कसैले पनि छल्न सक्दैन। ईश्वरसँग डराउनुपर्छ नत्र ईश्वरले असत्य गर्नेलाई संहार गर्छन्। ईश्वरसँग सत्य काम गर्छु भनी वाचा गर र आशीर्वाद माग। यदि गल्ती गर्‍यो, दुर्जन बन्यो भने ईश्वरले सजाय दिन्छन्। ईश्वर प्राप्त गर्न स्वार्थ त्याग गर्नुपर्छ र सत्यवादी हुनुपर्छ भन्ने मान्यता देवकोटाले राखेका छन्। देवकोटाका निबन्धमा ईश्वरवादी चिन्तनका सन्दर्भमा एक अध्ययनमा यसो भनिएको छ :

"देवकोटाले आफ्ना निबन्धमा ईश्वरसम्बन्धी दृष्टिकोण र ईश्वरप्रतिको श्रद्धा विश्वासलाई हार्दिक रूपमा प्रकट गरेका छन्। ईश्वरको अस्तित्वका सम्बन्धमा तर्क, दृष्यान्त, आत्मानुभूति र अनेक कार्यकारणसहितका प्रमाणहरू प्रस्तुत गरी ईश्वरीय सर्वसत्ता र शक्तिमत्तालाई पुष्टि गर्ने देवकोटा ईश्वरवादी भावनाका सर्वात्मना आस्था र विश्वास गर्ने व्यक्ति हुन्। उनको ईश्वरवाद अनुभूतिप्रधान, व्यवहार साध्य र दृष्यन्तले युक्त देखिन्छ" (अर्याल, २०५७ : ११९)।

त्यसो त लक्ष्मीप्रसाद देवकोटा आफ्ना कविताका बारेमा आफै पनि टिप्पणी गरेर ईश्वरका सम्बन्धमा भन्दछन्। उनले मनुष्यको शरीरलाई ईश्वरको मन्दिरसँग तुलना गरेका छन्। ईश्वर मानिसको शरीरभित्रै छन्। त्यसलाई मानिसले चिन्नुपर्छ। त्यसपछि जनताजनार्दनलाई पनि चिन्न सक्नुपर्दछ भन्ने देवकोटाको विचार पाइन्छ (जोशी, २०४८ : ४३२)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी हेर्दा देवकोटाको ईश्वरचिन्तनलाई उनका विभिन्न कृतिहरूका माध्यमबाट केलाउन सकिन्छ। उनको ईश्वरसम्बन्धी धारणालाई नरेन्द्र चापागाईंले यसरी प्रस्तुत गरेका छन् :

"मान्छेका मस्तिष्कमा रहने दिव्यचैतन्यको चित्र प्रस्तुत गरी देवकोटाले यसै चैतन्यमा पनि ईश्वरीय सत्ता रहेको कुरा स्पष्ट पारेका छन्। सृष्टिभन्दा पहिलेदेखि नै यस शून्यमय संसारमा फैलिएको विराट् चैतन्यकै अंशका रूपमा प्राणी एवं पदार्थमा हुने दिव्यचैतन्यलाई स्वीकार गरी देवकोटाले आत्मा र परमात्माकै व्याख्या गरेका छन्। आत्माले शरीरबाट मुक्ति पाएपछि त्यो परमात्मामा गएर तल्लय हुन्छ भन्ने वेदान्ती धारणा नै अर्को रूपबाट व्यक्त भएको हुँदा देवकोटा सनातन हिन्दूदर्शनकै आधारशीलामा रहेर ईश्वरसम्बन्धी धारणाहरू व्यक्त गर्न पुगेका देखिन्छन" (चापागाई, २०६० : ६१)।

देवकोटाले मानिसका मस्तिष्कमा रहेको दिव्य चैतन्यलाई ईश्वर मानेका छन्। मानिसमा त्यही चैतन्य वा ईश्वरीय शक्ति भएका कारण ऊ आफ्ना कर्महरू गर्न सफल हुन्छ। देवकोटाको ईश्वर मानवसँग सम्बन्धित छ।

मानवतावाद–मानवतावादको तत्त्व–ग्रहणमा देवकोटा गम्भीर एवं उच्चस्तरका कविमात्र नभएर त्यसभित्र स्वयं संयोजित ईश्वर, प्रकृति र मानवको त्रैतमय चिन्तन– दृष्टि– समेत प्रस्तुत गर्दछन् (पोखरेल, २०५५ : १०) यसरी देवकोटाले ईश्वर, प्रकृति र मानवको अन्तः सम्बन्धलाई स्पष्ट पारेका छन्। उनको ईश्वर प्रकृति र मानवकेन्द्री छ। देवकोटाले २००० सालदेखि २००३ सालका पूर्वार्द्धका बीचका रचनाहरूमा स्वच्छन्दतावादअन्तर्गत प्रकृति, मानवता र ईश्वरीयताका त्रिकोणात्मक वृत्तभित्रै रही प्राचीन र प्राकृतिक सभ्यता – संस्कृति एवं जीवनप्रतिको प्रेम अनि ... मानवीयतामै आधारित ईश्वरीय आस्तिकताप्रतिको आस्थालाई ... प्रकट गरेका छन् (अवस्थी, २०६५ : २१)। कवि सिद्धिचरण श्रेष्ठले कुमारबहादुर जोशीलाई दिएको अन्तर्वार्ताबाट पनि देवकोटाको ईश्वरचिन्तनलाई बुझ्न सकिन्छ। सिद्धिचरणले देवकोटाको सन्देशलाई यसरी व्यक्त गरेका छन् :

मृत्युपछि के हुने हो भन्ने कुरामा सबैलाई चिन्तना भइरहन्छ। देवकोटाले मृत्युशय्यामा बसेर लेखेको संसाररूपी .....कवितामा उनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आस्था, विश्वास र समस्त जीवन–दर्शन व्यक्तिएको छ। यस अपार संसारको मूलभूत रहस्यको उद्घाटन गर्ने उनको सर्वाधिक महत्त्वपूर्ण कविता हो यो। यो विश्वब्रह्माण्डको छेउटुप्पो पनि हामी कसैले जानका छैनौं। श्रीकृष्ण, परब्रह्म, परमेश्वर, निर्वाण, मुक्ति, कैवल्य आदि–आदि जे–जे भन्नोस्, अन्ततोगत्वा उनैमा 'त्वं शरणम्' पर्नु शिवाय हाम्रो अरू गति केही छैन। यो नै देवकोटाले हामीलाई छाडेको महान् सन्देश हो (जोशी, २०४३ : १८)। राष्ट्रकवि माधव घिमिरेले देवकोटाको ईश्वरचिन्तनलाई यसरी व्याख्या गरेका छन् :

"उनका आखीर श्रीकृष्ण रहेछ एक" जस्ता रचनालाई लिएर उनलाई कृष्ण भक्तिमार्गी भन्नेहरू पनि नहोलान् भन्न सकिन्न, तर उनी कृष्णमार्गी, राममार्गी इत्यादि होइनन्, उनी त शाश्वत सत्यलाई मान्ने हुन्, उनको कृष्ण, राम जस्ता शब्दले यही शाश्वत परम सत्यलाई सङ्केत गर्दछन्। देवकोटाले सरस्वतीको साधनामा नै ईश्वरप्राप्तिको सपना देख्दै आफ्नै सुरमा लेख्ने कुरा श्यामदास वैष्णवले व्यक्त गरेका छन् (जोशी, २०४३ : ५३–७०)।

१.४ शाकुन्तल महाकाव्यमा ईश्वरचिन्तन

महाकवि देवकोटा ईश्वरवादी कवि हुन्। उनका काव्यकृतिबाट यो कुरा स्पष्ट हुन्छ। उनले आफ्ना महाकाव्यहरूमा पनि यससम्बन्धी विचार प्रकट गरेका छन्। उनको **शाकुन्तल** महाकाव्यमा व्यक्त भएको ईश्वरचिन्तनलाई यहाँ विभिन्न उपशीर्षकहरूमा बाँडेर अध्ययन गरिएको छ।

१.४.१ मङ्गलाचरणका सन्दर्भमा ईश्वरचिन्तन

ग्रन्थादौ, ग्रन्थमध्ये, ग्रन्थान्ते च मङ्गलमाचरेत् अर्थात् "ग्रन्थको सुरूमा, ग्रन्थको बीचमा र ग्रन्थको अन्त्यमा मङ्गलाचरण गर्नुपर्छ" भन्ने पूर्वीय महाकाव्य मान्यतामा देवकोटा विश्वास गर्दछन्। उनले **शाकुन्तल** महाकाव्यको पहिलो सर्गको पहिलो श्लोकमा नै भगवान् शिवलाई पुकारा गरेका छन्। वेदान्त दर्शनमा ईश्वरलाई जगत्को सृष्टि, स्थिति र संहारकका रूपमा मानिएको पाइन्छ। यस महाकाव्यमा संहारकका रूपमा मानिने शिवलाई आफ्नो विघ्ननाश गरिदिनका लागि प्रार्थना गरिएको छ। साथै यसमा महाकाव्यको पूर्व सङ्केत पनि पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवकोटा लेख्छन् :

चिम्ली लोचन दीर्घकाल तपमा खोलेर वासन्तिका
नाच्दी सुन्दर तालले पवनमा देखी फुलेकी लता
बिर्सेझैँ "भन को तिमी" यति भनी गौरी रूलाईकन
मुस्काएर फुल्याउँदा शिव दिऊन् कल्याणको चुम्बन

(सर्ग १, श्लो.१)

शाकुन्तल महाकाव्यमा सुरूको श्लोकमा शास्त्रीय परम्पराअनुसार शिवपार्वतीको स्तुति छ र त्यसपछि आफूले आराधना गर्दै आएकी सरस्वतीको वन्दना छ (केशरी, २०७३ : २१७)। महाकाव्यको प्रथम सर्गलाई मङ्गल र उद्देश्य कथनको सर्ग मानिएको छ (गौतम, २०५६ : १२२) भने कुमारबहादुर जोशीले प्रथम सर्गलाई मङ्गलाचरण र भूमिका मानेको पाइन्छ (जोशी, २०४८ : १४३)। **शाकुन्तल**को पहिलो सर्ग मङ्गलाचरणमै सकिन्छ। सुरूको श्लोकमा शिव र पार्वतीको अनि दोस्रो श्लोकमा सरस्वतीको स्तुति गरिएको छ (बन्धु, २०६७ : १०४)। देवकोटा प्राचीनतातिर फर्कन चाहन्छन्। यसकारण पनि उनी मङ्गलाचरण गर्नतिर ध्यान पुऱ्याउँछन्। सरस्वतीको स्तुति गरिएको श्लोक यसप्रकार छ :

चम्किन्थे अघि स्वर्णकालमहिमा पूर्वीय आकाशमा
गम्किन्थे सपनासमान घनमा बुट्टाहरू बान्किला
आँखामा खगको परीकन तिनै गाना बनी गुँज्दथे
त्यो आभा भर भारती, भरतको यो भारताऽकाशमा

(सर्ग १, श्लो.२)

यस पद्यमा देवकोटाले पूर्वीय आकाशमा स्वर्णिम चमक देखिने कुरा व्यक्त गरका छन्। जेजस्ता बान्किका बुट्टा भए पनि, आँखामा चराको ध्वनि दृश्यमय भए पनि भरतको भारतरूपी आकाश महिमा गाइए पनि त्यो सबै भारती वा सरस्वतीको कृपा भएको चर्चा गरिएको छ।

देवकोटा फेरि पनि महाकाव्यकै विषयमा स्पष्ट पार्दछन्। उनी यो महाकाव्य बन्ने नबन्ने द्विविधामा छन्। उनी जेजसो भए पनि आफ्नो शैशवावस्थाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कल्पनाले हात्तीमाथि चढेर बादलसँगै देवताका राजा इन्द्र वा सुरेन्द्र वा ईश्वरका पनि ईश्वरसँग बोलिरहेको भाव यसरी प्रस्तुत गर्दछन् :

उद्योगैतक गर्छु आज म सखे ! बन्ला नबन्ला कसो ?
जादूबाट जगत् बनाउनु उसै होला सजीलो कहाँ ?
मेरी शैशव–कल्पना छुकछुके के के गरी गुन्गुन
हात्तीमाथि चढेर बादलविषे बोल्छे सुरेन्द्रैसँग

(सर्ग १, श्लो. १६)

माथिको पद्यमा पनि देवकोटाले आफ्नै महाकाव्यका सन्दर्भमा पूर्णताका लागि सुरेन्द्रसँग प्रार्थना गरिरहेको मङ्गलाचरणकै अवस्थालाई सङ्केत गरेका छन्। देवकोटाले महाकाव्यको कथ्यसन्दर्भलाई प्रस्तुत गर्ने क्रममा रामैतुल्य 'रामचन्द्रको जस्तो' मेला जस्तो रमाइलो, भाषिका– राम–मेला, (पोखरेल, २०४५ : १०२) भनी भगवान् रामचन्द्रलाई सम्झेका छन्। उनले महाकाव्यका ठाउँठाउँमा ईश्वरलाई कुनै न कुनै रूपमा स्मरण गरेका छन्। उनी लेख्छन् :

रामैतुल्य रमाइलो छ रमिता प्राचीनको यो वन।

(सर्ग १, श्लो. ३५)

देवकोटाले महाकाव्यको प्रथम सर्गको अन्त्यतिर पनि 'शिव' शब्दको प्रयोग गरी महाकाव्यले कल्याण गर्ने सन्दर्भलाई व्यक्त गरेका छन्। शिव भनेका हिन्दूका तीन प्रधान देवता ब्रह्मा, विष्णु र महादेवमध्ये संहारकार्यका प्रतीक मानिएका प्रसिद्ध देवता रूद्र, महादेव, शम्भु, पशुपति हुन्। शिव भनेको मङ्गल, कल्याण र आनन्द पनि हो। मुक्त हुने काम, मुक्ति र मोक्षलाई पनि शिव भनिन्छ। शिवलाई वैदिक देवता मानिन्छ। शिव परमकल्याणस्वरूप परमात्मा, परमेश्वर, देवाधिदेव महादेव, रूद्र पनि हुन्। पारमार्थिक दृष्टिले हेर्दा शिवतत्त्वलाई ब्रह्मतत्त्व मान्न सकिन्छ।

श्रीमद्भागवत महापुराणको अष्टम स्कन्धको अध्याय छदेखि नौसम्मको प्रसङ्ग समुद्रमन्थनको रहेको पाइन्छ। अमृत आश गरिए पनि त्यसबाट हलाहल विष उत्पन्न भएपछि हाहाकार मच्चिएको थियो। यसबाट मुक्त हुन पनि प्रजापतिहरूले देवाधिदेव महादेव शिवलाई नै स्तुति गरेका थिए। शिवजीले कालकूट हलाहल विष पिएर घाँटीमै राखी यस सृष्टिको कल्याण गरेको प्रसङ्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाइन्छ। आफू नीलकण्ठ बनेर साराको कल्याण गर्ने शिवलाई देवकोटाले सम्झँदै आफ्नो महाकाव्यले पनि अर्थात् महाकाव्यको अध्ययनले पनि सत्य, शिव (कल्याण) र आनन्द प्राप्त हुने कुरा स्पष्ट पारेका छन्। उनी भन्छन् :

सुन मिष्ठकथा सुभाषिणी
मृदुमाधुर्य विलासमोहिनी
वनशीतलवारिवाहिनी
शिवसत्सुन्दरतानिनादिनी

(सर्ग १, श्लो. ४१)

महाकवि देवकोटाले **शाकुन्तल** महाकाव्यको एक्काइसौँ सर्गमा उग्रचण्डी कालीको मूर्तिको वर्णन गरेका छन्। राजा दुष्यन्तको राज्यको राजधानी सहरको वर्णन यहाँ गरिएको छ। यसै राज्यको वर्णन गर्ने सन्दर्भमा उनले ग्रन्थको बीचमा मङ्गलाचरण गरेको मान्न सकिन्छ। पूर्वीय काव्यमान्यताबाट प्रभावित देवकोटाले महाकाली, महालक्ष्मी, महासरस्वती मध्येकै कालीको मूर्तिको बयान गरे पनि ईश्वरको सम्झना र विघ्न हरणका लागि सम्झेका हुन् भन्न सकिन्छ। यो कुरा प्रस्तुत साक्ष्यका आधारबाट प्रमाणित हुन्छ :

कालीको मूर्ति नीलो, अरूण रूधिरको पानले लालजिह्वा
देखिन्थ्यो दीर्घकेशी रिपुकर छ कटी मेखमा झुन्डिएको
कुल्चेकी छन् पिनाकी अवनितल लडेका त्यहाँ शान्त मूर्ति
यौटा खुट्टा उचाली असिकर, भयकी उग्रचण्डी उठेकी

(सर्ग २१, श्लो. ४)

त्यस्तै देवकोटाले महाकाव्यको अन्तिम सर्ग (चौबीसौँ सर्ग) को अन्तिमभन्दा अगिल्लो श्लोकमा पनि मङ्गलाचरणकै रूपमा ईश्वरको उपासना गरेका छन्। ग्रन्थान्ते अर्थात् ग्रन्थको अन्तिममा मङ्गलाचरण गर्नुपर्ने महाकाव्य मान्यताबाट प्रभावित भएरै उनले यसो गरेका हुन्। उनले महाकाव्यको रचना पूर्ण भएकोमा ईश्वरको कृपालाई महत्त्व दिएका छन्। काव्यमा जेजसो भयो वा गरियो प्रभुको कृपा यति नै भयो भन्ने निष्कर्ष उनको छ। देवकोटा लेख्छन् :

म त रँगाउँदथेँ करूणा भए
सकल चित्र मनोहर यो घरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर कृपा प्रभुको यतिकै थियो

नजरलाई कसिङ्गर भो हरि

(सर्ग २४, श्लो. ८२)

नेपालीका कुनै पनि पुराना लेखाइको प्रारम्भमा पाइने श्री गणेशाय नमः 'नमोवागीश्वराय' ... जस्ता प्रयोगले मङ्गलाचरणको नमस्कारात्मक रूपलाई दर्शाउँछन् (नेपाली साहित्यकोश, २०५५ : ५७४) भन्ने मान्यता भए तापनि देवकोटाले **शाकुन्तल** महाकाव्यमा सुरूकै श्लोकमा आशीर्वादात्मक, वस्तुनिर्देशात्मक, नमस्कारात्मक तीनै थरिको मङ्गलाचरण एकै ठाउँमा गरेका छन्। उनले ग्रन्थको बीचमा वस्तुनिर्देशात्मक मङ्गलाचरण गरे पनि ईश्वरीय स्वरूपलाई महत्त्व दिएका छन् भने ग्रन्थको अन्तमा ईश्वरमै समर्पण गरेर काव्यलाई टुङ्ग्याएका छन्। यहाँ वेदान्त दर्शनले प्रतिपादन गरेको व्यावहारिक कोणबाट सत्य मानिएको ईश्वरको रूप पाइन्छ।

१.४.२ प्रकृति चित्रणमा ईश्वरचिन्तन

महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्यमा प्रकृतिलाई ईश्वरका रूपमा प्रस्तुत गरेका छन्। उनले प्रकृतिबाट नै ईश्वरले प्रदान गर्ने सम्पूर्ण कुराहरू प्राप्त हुने निचोड निकालेका छन्।

साङ्ख्य दर्शनमा ईश्वरको अस्तित्वलाई स्वीकार नगरे पनि सृष्टिको मूल कारण प्रकृतिलाई मानिएको छ। सत्व, रज र तम रूप त्रिगुणात्मिका प्रकृतिबाट नानारूपात्मक जगत्को सृष्टि हुने कुरालाई यस दर्शनमा व्यक्त गरिएको छ। योग दर्शनमा जड र सक्रिय प्रकृति तथा चेतन र निष्क्रिय पुरुषलाई ईश्वरले सम्पर्कमा ल्याइदिएपछि सृष्टि हुने चिन्तन प्रस्तुत गरिएको छ। देवकोटाले यही ईश्वरीय तत्त्वले चलायमान भएको प्रकृतिलाई नै ईश्वर मानेको पाइन्छ। शाङ्कर वेदान्त दर्शनअनुसार माया जगत्को कारण मानिन्छ। यसले नानारूपात्मक जगत्लाई देखाउँछ। माया भौतिक र अचेतन छ भने प्रकृति पनि त्यस्तै छ। माया परतन्त्र छ तर प्रकृति स्वतन्त्र छ। ब्रह्म र मायाको संयुक्त स्वरूप ईश्वर हो भन्ने मान्यता वेदान्त दर्शनमा पाइन्छ। व्यावहारिक दृष्टिले हेर्दा मायाको अंश

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको ईश्वर सत्य मानिन्छ। प्रकृति यथार्थ हो र माया अययार्थ हो अर्थात् प्रकृति सत् हो भने माया असत् हो। देवकोटा यही सत् प्रकृतिलाई ईश्वर मान्दछन्।

महाकवि देवकोटाले प्रकृतिलाई सम्पूर्ण ज्ञानको मुहान मानेका छन्। उनले प्रकृति, ईश्वर र मानिसलाई अभिन्न मानेको पाइन्छ। प्रकृतिमा देखिएका सम्पूर्ण कुराहरू देवताबाटै प्राप्त हुने वा ईश्वरकै कृपा भएपछि मात्र प्रकृतिमा बालीनाली लाग्ने, हराभरा हुने कुरालाई देवकोटाले विशेष महत्त्व दिएका छन्। ईश्वरबाटै कतिपय धनदौलत ऐश्वर्य प्राप्त हुने तर यिनीहरू यो जगत्मा प्राप्त गर्न नसकिने तर्क उनले दिएका छन्। प्रस्तुत साक्ष्यबाट उक्त कुराको पुष्टि हुन्छ :

रविकिरण फुटेका पुष्प रङ्गीन फुल्छन्
शिशु- सरलपनाका स्वर्गका जीव खेल्छन्
मधुर प्रकृत बाली देवताबाट फल्छन्
कतिपय धन मिल्छन् यो जगत्मा हुँदैनन्

(सर्ग २, श्लो. १२)

वेदान्त दर्शनअनुसार ब्रह्म र मायाको संयुक्त रूप ईश्वर भएकाले यस महाकाव्यमा तपस्यामा तल्लीन भएका विश्वामित्र ऋषिलाई महामायाद्वारा विचलित बनाउने प्रसङ्ग आएको छ (सर्ग २, श्लो. ४७)। काव्यमा उल्लेख गरिएको महामाया भनेकै प्रकृतिसँग मिल्दोजुल्दो भौतिक र अचेतन छ। त्यही नै ईश्वरको रूप मानिएको छ। त्यसैबाट तपस्या भङ्ग गराउन सक्ने शक्ति पनि ईश्वरमा नै छ भन्ने तथ्य निकाल्न सकिन्छ। "कि त मायिक मोह रची झलल" (सर्ग ३, श्लो. १४) यस तथ्यबाट पनि ईश्वरले मायिक मोह रचेको सन्दर्भ खुल्दछ।

शाकुन्तल महाकाव्यको सर्ग ४ मा मेनकानृत्य र विश्वामित्रको तपोभङ्गको प्रसङ्ग छ। यस क्रममा मेनका प्रकृति हुन्। मेनका माया हुन्। उनी चरी हुन् वा परी हुन्। कृष्णको मोहनी हुन् वा विश्वसौन्दर्यकी चातुरी हुन्। त्यही स्वर्ग हो। त्यही महामोहको मोहनी हो। त्यही नै वसन्ती नृत्य हो। त्यहीबाटै ब्रह्मानन्द प्राप्त हुन्छ, त्यहीबाटै मुक्त भइन्छ। त्यही नै ईश्वरको रूप हो। त्यहीबाटै ईश्वर प्राप्त गर्न सकिन्छ। यस्तै भाव देवकोटाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस सर्गका ठाउँठाउँमा व्यक्त गरेका छन्। देवकोटा विश्वामित्रलाई सम्बोधन गर्दै भन्छन् :

हे साधो सुन मूर्ख छौ सब तिमी फुस्रा कुरामा पऱ्यौ
ढुङ्गा आसन भो, हठै व्यसन भो, झन् स्वर्गबाटै झऱ्यौ
शय्या एक बनाउनू मखमली बुट्टा भरी सुन्दर
यौटा राख त अप्सरा मृदुमुखी देखिन्छ है ईश्वर

(सर्ग ४, श्लो. १)

चिम्टाका बदला चुरी छनछनी गाँजा त्यजी कामिनी
शिक्षा प्रेम लिए जगत् भुलिगए मायाविनी यामिनी
आँखा आधि गरी निमीलन सुखी सन्मार्गमा सत्वर
आऊ, सुन्दर नागिनी धर गला, पाऊ त्यहाँ ईश्वर

(सर्ग ४, श्लो. २)

देवकोटाले यहाँ देखावटी, कृत्रिम, चञ्चल, आडम्बरी तपस्यालाई भन्दा प्राकृत, सहज, स्वच्छन्द, स्वतन्त्र अवस्थालाई मन पराएका छन्। उनी प्रेममा, प्रकृतिमा डुबेमा त्यही ईश्वर प्राप्त हुने विचार राख्छन्। यो संसारमा प्रेम, माया, आनन्दमा नै ईश्वर छन्। जसरी भगवान् शिवले नागका माला लगाउँछन्, त्यसैगरी सुन्दर प्रकृतिरूपी नागिनी गलामा लगाएपछि ईश्वर प्राप्त हुन्छन् भन्ने देवकोटाको ईश्वरचिन्तन रहेको छ। कविले स्वर्गीय आनन्द प्राप्त गर्न प्रकृतिमै हराउने सल्लाह दिन्छन्। उनले मेनका र कोइलीलाई एकाकार गरेर वर्णन गरेका छन्। त्यही धुनभित्र ईश्वर प्राप्त हुने विचार उनको छ। त्यही ईश्वर प्राप्तिपछि मोक्ष लाभसम्म पुगिने बाटो देवकोटाले यसरी तय गरेका छन् :

भने च्याखुराले "छ सौन्दर्यभित्र"
अहो ! मारको मोहनी क्या विचित्र
त्यही स्वर्ग देखिन्छ, त्यो हो समाधि
अरू शून्य हो, शून्य वैकुण्ठगादी ॥

(सर्ग ४, श्लो. २१)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेददेखि लिएर सबै शास्त्रहरूको अन्तिम उद्देश्य जीवात्मालाई यस दुःखद संसारबाट पार लगाएर आनन्दको सागरमा प्राप्त गराउनु हो (भट्टराई, २०७२ : २६७) देवकोटा पनि ब्रह्म र मायाको संयुक्त स्वरूप मेनका वा प्रकृतिकेन्द्री ईश्वर प्राप्त गरेपछि विश्वामित्र तपस्वीले ब्रह्मानन्दरूपी अमृत प्राप्त गरेको कुरा यहाँ व्यक्त गर्दछन् :

त्यहाँ ब्रह्मको अमृताऽनन्द झल्की
तपस्वी रमाए सुधा दिव्य टल्की
त्यहाँ खोज आफ्नो पुग्यो सिद्धिचूली
भए मुक्त ज्युँदी जगज्जाल भुल्दा

(सर्ग ४, श्लो. ६९)

स्वर्गकी अप्सरा मेनका पूर्वीय नारी सौन्दर्यसम्बन्धी धारणाकी प्रतिमूर्ति तथा कविको तीव्र सौन्दर्यबोध एवं विराट् कल्पना शक्तिकी परिचायिका बनेकी छन् (जोशी, २०४८ : १४८)। यही तीव्र सौन्दर्यबोध प्राप्त गरेका आध्यात्मिक शक्तिस्रोतप्रति उन्मुख भएका महान् तपस्वी विश्वामित्रको वर्णन यहाँ पाइन्छ। ब्रह्मको अमृताऽनन्द झल्केपछि दिव्य अमृत पाएर ऋषि रमाएका छन्। यो सौन्दर्यबोध हुनु भनेको सिद्धि प्राप्त गर्नु हो। जगत्रूपी जालमा भुल्दा पनि अर्थात् प्रकृतिमा हराउँदा पनि ऋषि मुक्त भएका छन्। त्यहाँ उनले ईश्वर प्राप्त गरेका छन्।

जगत्लाई झलमल्ल पार्ने वा प्रकाशमान पार्ने उज्यालो प्रकाश, रातकी चाँदनी, विश्वकी माधुरी, मोहिनी, ईश्वरकी रूप तिमी अर्थात् मेनका वा प्रकृतिदेवीलाई महाकविले ईश्वर मानेका छन् :

तिमी मोहिनी ईशकी रूपतुल्य
सबै विश्वकी माधुरी झैँ अमूल्य
तिमी चाँदनी छौ निशाभित्र काली
जगद्द्योतिनी दिव्य ज्योत्स्ना उज्याली

(सर्ग ४, श्लो. ७२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"तपस्या सबैकी तिमी सिद्धिदेवी" (सर्ग ४, श्लो. ७६) भनेर विश्वामित्रका माध्यमबाट देवकोटाले प्रकृतिकेन्द्री ईश्वरचिन्तनलाई यहाँ व्यक्त गरेका छन्। तपस्याको मूल केन्द्र नै सिद्धिदातृ देवीलाई बनाइएको छ।

साङ्ख्य दर्शनको प्रकृति माया हो। शाङ्कर वेदान्त दर्शनमा ब्रह्म र मायाको संयुक्त स्वरूपलाई ईश्वर मानिएको छ। ईश्वरमा मायाको अंश रहने भएकाले व्यावहारिक सत्तामा भगवान् विष्णु पनि मायाका रूप हुन्। जसरी विष्णुको मायामा भुलेर नारद डुबेका थिए त्यसैगरी भगवान् इन्द्रका मायामा भुलेर विश्वामित्र ऋषि डुब्न लागेको सन्दर्भ देवकोटाले प्रस्तुत गरेका छन् :

लागे सोच्न "डगेछ स्वर्गपुरमा के इन्द्रको आसन ?
बूढोलाई बिगार्न शान्त तपमा के मेनका यी झरिन् ?
लौ बित्यास परेछ ! नारद डुबी मायाविषे विष्णुको
आश्चर्यान्वित दृष्टिले वरिपरी हेर्थे म उस्तै भएँ

(सर्ग ५, श्लो. १५)

व्यावहारिक सत्तामा प्रतीयमान द्वैत जगत् केवल मायामात्र हो। शरीरादिमा अनुप्रविष्ट चैतन्य, ब्रह्मलाई साक्षी शब्दले जनाइन्छ, त्यही नै 'त्वं' पदको लक्ष्यार्थ हो। आत्मा, ईश्वर पनि यसैलाई भनिन्छ। अद्वितीय शुद्ध चैतन्य ब्रह्म कल्पित मायाद्वारा कल्पित जगत् सृष्टि गरेर त्यही सृष्टिमा प्रवेश गरेर नाना नामयुक्त बन्दछ (रिसाल, २०७० : २७७)। देवकोटाले चर्चा गरेको विष्णुको मायारूप सृष्टि पनि त्यही नै हो। त्यही सृष्टि नै प्रकृति हो। त्यही प्रकृति नै ईश्वर हो।

देवकोटाले प्रकृतिमा ईश्वर देख्छन्। कुसुमबन्ध (फूलका झुप्पा) का गन्धमा, मीठो लय र तालमा उनी ईश्वरको अस्तित्व देख्छन्। फूलमा ईश्वरले झिनो छिनु चिनो दिएर बुट्टादार गहना जस्तै बनाएको हो भन्ने मान्यता उनको छ। उनले फूलको सौन्दर्य, फूलको हाँसो, फूलको सुगन्ध ईश्वरनिर्मित मान्दछन्। यसको प्रमाण निम्नलिखित साक्ष्यका आधारमा पुष्टि हुन्छ :

छ ईश मृदु छन्दमा कुसुमबन्धका गन्धमा
विकास दिलको लिँदो किरणदार आनन्दमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

झिनो छिनु चिनो दिँदो मधुर शिल्पको स्वल्पता
कुँदेर मृदु ओठ ती, छ मुसकाउँदो फूलमा

(सर्ग ९, श्लो. १०)

ईश्वरले भन्नुहोस् कि प्रकृतिले, जेसुकै भन्नुहोस् मानिस अति भाग्यमानी छ कि पृथ्वीमा जताततै रत्नका खानी, खनिजका खानी, इन्धनको खानी, पानीको स्रोत र अन्यान्य कैयून् किसिमका किमती र अमूल्य भण्डारले भरिदिनुभएको छ (टण्डन, २०७२ : १८७)। ईश्वरले प्रकृतिमा सम्पूर्ण कुराहरू भरिदिएका छन्। फूलहरूलाई रङ्गिन पारेका छन्। जताततै रूप र माधुरी छ। प्रकाशनका लागि अधर पनि छ। यो सबै हरि अर्थात् ईश्वरीय रूप हुन्। त्यही कुरालाई देवकोटाले यसरी भनेका छन्:

सफेद कर काँच भै सकल मूलका काममा
झिलीमिली रँगाउँछन् कुसुमकालका रङ्गमा
सबै किरणकामना हृदयका बनी भावना
तिनै किरणपोषमा मधुर तोष हालीकन
नशाभर सुरा भरी रँग र रूपमा माधुरी
प्रकाशन प्रयत्नमा अधर हालिदिन्छन् हरि

(सर्ग ९, श्लो. १७)

'तत्' भनेको ईश्वर हो, शिव हो, ब्रह्म हो। ... तिमी भन्नाले शरीर हैन ... बुद्धिले नभेटिने ईश्वर वा ब्रह्म हौ। ... जीव र ईश्वर वा ब्रह्म सदा एक हो, अखण्ड हो, अविभाज्य हो, उही नै हो। वेद, गीता, उपनिषद् आदि शास्त्रको अन्तिम निर्णय पनि यत्ति नै हो (रिसाल, २०५६ : १०७-१०९)। यही वेद, गीता र उपनिषद् जस्ता शास्त्रको निचोड देवकोटाको महाकाव्यमा पाइन्छ। उनी प्रकृतिमा अमित (यस्तो र यत्रो भनेर इयत्ता लिन नसकिने वा असीमित) अनन्त आनन्द प्राप्त हुने विचार व्यक्त गर्दछन्। त्यही भावको स्फुरण हुन्छ। कुसुम-कुड्मल-स्वप्न अर्थात् फूलका कोपिलारूपी सपना सुगन्धजस्तै बन्द भएका छन्। कोमल स्पर्श भएको, कमलो वा नरम वा मृदु ओठ लिएर वसन्तको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विस्तार पनि त्यही भएको छ जहाँ प्रकृति छ। त्यो प्रकृति भनेको ब्रह्म वा ईश्वर नै हो। देवकोटा भन्छन् :

छ जो अमित ब्रह्मको निज अनन्त आनन्दिता
त्यही प्रथम भावको स्फुरणमा लिई स्पन्दिता
सुगन्धसरि बन्द भै कुसुम-कुड्मल-स्वप्नमा
अनन्त मृदु ओठ ली छ कि वसन्त विस्तारमा

(सर्ग ९, श्लो. १८)

शकुन्तलाको यौवनपूर्ण प्राकृतिक रूपको वर्णन र जीवन र प्रकृतिको एकाकार गर्ने उद्देश्यमा महाकवि देवकोटाले त्यही प्रकृतिलाई ईश्वरको छ्या मानेका छन्। शकुन्तलाको यौवन भनेकै फूलको यौवन हो। कहिल्यै नसकिने रसरूपी अमृतद्वारा हृदयमा मोहनी लगाउने शक्ति शकुन्तला वा फूलमा छ। मीठो भावनासहितको देवत्व टुना त्यसमा छ। प्रकृतिबाटै प्राप्त हुने आत्मा वा ईश्वरको भजन गरे सुखी भइने विश्वास यहाँ व्यक्त गरिएको छ। यसको पुष्टि तलको श्लोकबाट गर्न सकिन्छ :

अनन्त रसकी सुधा हृदयमोहिनी पो म ता
सुरेश हरिकी छ्या मकन पाउँछौ लौ कता ?
समुच्च मृदु भावनासित म दिव्य टूनाकन
सधैं भर भजे म छु प्रकृतप्राप्त आत्माकन

(सर्ग ९, श्लो. ३२)

शाकुन्तल महाकाव्यको तेइसौँ सर्गमा स्वर्गको बगैँचाको वर्णन गरिएको छ। यस क्रममा महाकवि देवकोटाले प्रकृतिलाई ईश्वरका रूपमा चित्रण गरेका छन्। वसन्त ऋतुका चन्द्रमाजस्ता ईश्वरको दिव्य मुस्कानतुल्य बत्तीहरूको वर्णन छ। ताराका बदला सम्पूर्ण देवताहरू ज्योतिरूपमा छन्। सगुण साकार शान्तरूपका ईश्वरलाई देवकोटाले प्रकृतिसँग दाँजेका छन्। तलका पङ्क्तिहरूमा यस्तो विचार पाइन्छ :

वसन्तका शशी जस्ता नातिशीतोष्ण ली कर
ईशको दिव्य मुस्कानतुल्य छन् दीप सुन्दर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ताराका बदला सारा देवता ज्योतिरूपका
साकार शान्त देखिन्थे पङ्खवाला यताउता

(सर्ग २३, श्लो. १४४-१५४)

१.४.३ शिशुकेन्द्री ईश्वरचिन्तन

शाकुन्तल महाकाव्यमा महाकवि देवकोटाले शिशुकेन्द्री ईश्वरचिन्तन गरेका छन्। उनी केटाकेटीलाई साह्रै मन पराउने व्यक्ति (बन्धु, २०६७ : २५०) भएकाले पनि उनका साहित्यमा शिशुको चर्चा पाइन्छ। उनले 'मेरी शिशु' निबन्धमा "बालक हाम्रा देवता हुन्" (देवकोटा, २०५३ : १६) भनेका छन्।

शाकुन्तल महाकाव्यको छैटौं सर्गमा मालिनी नदीमा स्नान गरेर फर्केका कण्व ऋषिले शिशु शकुन्तलालाई देख्दछन्। ती शिशु र प्रकृतिको समीकरण देवकोटाले गरेका छन्। तिनै शिशुमा देवकोटाले ईश्वर देख्दछन्। कण्व ऋषिले देख्नु अगाडि शकुन्तलालाई क्रूर वाजले नङ्ग्राले चिथोर्न खोज्छ। त्यसैबेला कण्व ऋषिका माध्यमबाट देवकोटा भन्दछन् :

हाय तप्क्यो हरे ! रक्तको बिन्दु नै
लाल हिंसा धराबीच बुट्टा बनी
शान्तिको सूचनातुल्य यो कान्तिमा
क्रूर के डस्दछस् ईश्वरैको मुद्द ?

(सर्ग ६, श्लो. २४)

यहाँ शिशु शकुन्तलालाई ईश्वरका रूपमा प्रस्तुत गरिएको छ। शिशु ईश्वरको धडकन हुन् भन्ने विचार देवकोटाको देखिन्छ।

महाकाव्यको सातौं सर्गमा शकुन्तलाको रूपलावण्यको चर्चा गरिएको छ। उनी सखीहरू अनुसूया, चारू र प्रियम्वदासँग वनमा खेलिरहेकी छन्। तिनै शिशुहरूको हाँसखेल, रमाइलो, आनन्द देखेर कवि रोमाञ्चित भएका छन्। तिनै शिशुलाई कवि देवकोटाले ईश्वरले आफ्नो रूप बदली शिशुरूपमा देखा परेको कुरा यसरी व्यक्त गरेका छन् :

खेली कुँदेर छरिता पदसाथ नाची
हाँसेर हेर जगतैकन यो उदासी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आह्लादको रस भरूँ कि भनेर ईश
आए बनेर शिशु गर्न सुचारू लीला

(सर्ग ७, श्लो. ३१)

शिशु शकुन्तला कण्व ऋषिको आश्रममा शान्त वातावरणमा रहेकी छन्। उनी चरा, पशु, मुना र फूलसँग रमाएकी छन्। उनी प्रकृतिसित मित्रता राख्छिन् (पाण्डे एम.ए, २०६६ : १४४)। शकुन्तला र प्रकृतिको एकाकार गरी कतै देवकोटाले जहाँ शिशु छन् त्यहाँ ईश्वर देख्छन् भने कतै जहाँ प्रकृति छ त्यहाँ ईश्वर देख्छन्। फेरि त्यो प्रकृति पनि यस सन्दर्भमा कविले शिशुमा देख्छन्।

देवकोटाको यसप्रकारको शिशुकेन्द्री ईश्वरचिन्तन निम्नलिखित पद्यमा स्पष्ट देखा पर्दछ :

देखिन्छ ईश्वर त्यहाँ शिशु छन् जहाँ यी
श्रीकृष्ण छन् ऋषि कुनैकन पातमाथि
चिल्लो हरा मृदुलता नव पालुवाको
पाएर ईश्वर बसे शिशुरूप बन्छन्

(सर्ग ७, श्लो. ३४)

महाकाव्यको चौबीसौँ सर्गमा दुष्यन्तले शकुन्तलालाई खोज्दै आउँदा उनी कश्यप ऋषिको आश्रममा पुग्छन्। हेमकूट पर्वतबाट त्यहाँ आउने समयमा एउटा शिशु तोते बोली बोल्दै सिंहको बच्चा (डमरू) को दाँत गनिरहेको देख्छन्। त्यो शिशुलाई को होला ? कसको छोरो होला ? कुन राजाको छोरो होला ? भनी दुष्यन्त दर्शक बन्छन्। उनी जिज्ञासु बन्छन्। त्यही शिशुमा देवकोटा ईश्वर वा देवता देख्छन् र यसो भन्छन् :

को होला ? यसको मुहार अलि क्यै थोरै चिने झैँ कता
कोही मानिसको कि देवहरूको झैँ लाग्छ मिर्मिर् यता
के मैले सपनातिरै दिन कुनै देखेँ ? झझल्कोसरि
को होला ? कुन भूपको शिशु यहाँ वा देव आए झरी ?

(सर्ग २४, श्लो. १९)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी राजा दुष्यन्तले शिशु भरतलाई ईश्वरकै रूप देख्छन्। उनले तिमी को हौ ? घर कहाँ हो ? तिम्रो नाम के हो ? भन्दा बालकले भन्छ :

"मेलो किछ्न बुबा विछाल थल यो"...
आत्मा नाम छ काम यो छब जगत् जित्ने उज्यालो गली
बाबा कछ्यपको कुटी घल"...

(सर्ग २४, श्लो. २२)

शिशुले यहाँ कृष्णलाई पिता मानेर आफूलाई आत्मा मानेको छ। यो जगत्लाई जित्ने सुरु त्यो बालकको छ। कश्यप ऋषिको आश्रमलाई घर मानेको छ। यस्तो विचित्र रूपलाई ईश्वरीय शक्तिसँग दाँज्नु देवकोटाको महत्त्वपूर्ण विचार देखिन्छ। यसै प्रसङ्गमा फेरि त्यही शिशुलाई कृष्ण भगवान्सँग तुलना गरिएको छ। देहका देवता भनिएको छ (सर्ग २४, श्लो. २३)।

१.४.४ स्वरूपकेन्द्री ईश्वरचिन्तन

पौरस्त्य दर्शनमा ईश्वरचिन्तनलाई महत्त्वका साथ प्रस्तुत गरेको पाइन्छ। पूर्वीय षड्दर्शनमा साङ्ख्य दर्शनले ईश्वरको अस्तित्वलाई स्वीकार गरेको छैन। योग दर्शनमा जड प्रकृति र चेतन पुरुषलाई सम्पर्कमा ल्याउने प्रेरक तत्त्व ईश्वरलाई मानिएको छ। न्याय दर्शनमा ईश्वरलाई स्रष्ट्य, पालनकर्ता, संहारकर्ताका रूपमा व्यक्तित्वपूर्ण भनी चर्चा गरिएको छ। वैशेषिक दर्शनमा ईश्वरको इच्छाअनुसार गति पैदा भएपछि सृष्टि हुने विचार रहेको पाइन्छ। मीमांसा दर्शनमा कर्मकर्ताले दिएको बलि स्वीकार गर्ने व्यक्तित्वका रूपमा ईश्वरलाई लिइएको छ। वेदान्त दर्शनमा ईश्वरलाई सगुण, सर्वज्ञ, सर्वव्यापक, स्वतन्त्र एवं व्यक्तित्वपूर्ण मानिएको छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** महाकाव्यमा स्वरूपकेन्द्री ईश्वरको स्थान महत्त्वका साथ प्रस्तुत गरिएको छ। वास्तवमा ईश्वरवादले ईश्वरलाई सर्वज्ञानी, सर्वव्यापी, सर्वशक्तिमान्, चैतन्य, परमतत्त्व र समस्त जगत्को कारणका रूपमा मान्दै यसलाई जगत्को प्रयोजनका आधारमा अनिवार्य अस्तित्व भएको मानेको छ (अर्याल, २०५७ : २०)। देवकोटाले ईश्वरसँग मनुष्यको सादृश्य देखाउने काम गरेका छन्। ईश्वरसँग मनुष्यको सादृश्य जताउने कुनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चीज छन् भने ती मानव–कला र मानव–कल्पना हुन् (गौतम, २०५६ : १२५)। देवकोटाले विश्वामित्र ऋषिलाई ईश्वरजस्तै भनी वर्णन गरेको पाइन्छ। वर्णन ऋषिको गरे तापनि यहाँ देवकोटाले ईश्वरको सृष्टिलाई यसरी व्यक्त गरेका छन् :

सधैँ झल्कन्थे ती दिनकर त्यहाँ ईश्वरसरी
हजारौँ बन्थे ती कति झलक खेली वरिपरि
अँध्यारै ओर्लेमा जगतभर ताराहरू झरी
सधैँ स्वर्गै खेल्थ्यो हृदयतलमा कल्कल गरी

(सर्ग ४, श्लो. १३)

यहाँ देवकोटाले विश्वामित्रलाई सूर्यजस्तै किरणदार अर्थात् उज्यालो छर्ने ईश्वर मानेका छन्। अँध्यारो झरे पनि जगतभर ताराहरू पनि आउने र सधैं स्वर्ग खेल्ने दृश्य वर्णन गरेको पाइन्छ। यसरी देवकोटाले ईश्वरलाई व्यक्तित्वपूर्ण मानेर प्रस्तुत गरेका छन्।

ब्रह्म भन्नाले परब्रह्म, परमतत्त्व, ज्योतिस्वरूप, व्यापक परमतत्त्व वा ईश्वर मानिएको छ (पोखरेल, २०४५ : ७८)। देवकोटाले ब्रह्मजलधी (सर्ग २, श्लो. २७) भनी परब्रह्मरूपी सागरको उल्लेख गरेका छन्। विश्वामित्रकै तपस्याको प्रसङ्गमा "जटजूटी ध्यानी, परम प्रभुका सन्निधि भई" (सर्ग २, श्लो. ४०) भनेर परमप्रभु ईश्वरको सन्दर्भ ल्याएका छन्।

सर्ग ३ मा गोदावरी वनमा मेनकाको आगमनको प्रसङ्गमा प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ। त्यहाँ पहाड हात्तीजस्तो भएको, वन रौँ झै भएको र हैम (सुन) को गजुर भएको शिवजीको मन्दिरको चर्चा गरिएको पाइन्छ। "गजुर हैम शिवालयमन्दिर" (सर्ग ३, श्लो.२६) भनेर यहाँ आराध्यदेव शिवको चिन्तन गरिएको छ।

अखिल ब्रह्माण्डमा जति जड चेतनरूप वस्तु छन् ती सबै ईश्वरद्वारा व्याप्त छन्। ईश्वर सर्वाधार हो, सर्वाधिष्ठान हो (प्याकुऱ्याल, २०६६ : १३९ – १४०)। ईश्वर सर्वज्ञ, सर्वशक्तिमान् र स्वतन्त्र छ। ईश्वरको उपाधि सत्वगुण प्रधान माया हो। देवकोटा मोहनी अर्थात् मायारूप ईश्वरले लट्ठयाउने सन्दर्भलाई सर्ग ४ को मेनकानृत्य र तिनीप्रति आकर्षित भएका ऋषि विश्वामित्रद्वारा तपस्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परित्याग गरी घरजम गरेको स्थितिका माध्यमबाट देखाएका छन्। परिस्थितिअनुसार ईश्वरले लट्ठ पार्ने कुरालाई यसरी देखाइएको छ :

भई मोहनी ईश लट्ठयाउँदा छन्
कुनैमा सुधा दी कुनैमा विषै दी

(सर्ग ४, श्लो. ४५)

यहाँ ईश्वरले चाहे जे पनि हुन सक्छ भन्ने कुरालाई व्यक्त गरिएको छ। ईश्वरले मोहनी रूप धारण गरेर कतै अमृतको वर्षा गरिदिन्छन् भने कतै विषवमन गर्न सक्ने क्षमतासमेत ईश्वरमै रहेको छ।

मेनकाको आगमनमा देवकोटा प्रकृतिका सूक्ष्म चित्रकार भएका हुन्। प्रकृतिसँग तादात्म्य स्थापित गर्ने देवकोटाले प्रकृतिको अन्तःस्तल छामेका छन् (रिसाल, २०५८ : ८२) देवकोटाले ईश्वरको अस्तित्व सर्वव्यापी रहेका विचारको पूर्ण समर्थन गरे तापनि ईश्वरको भक्ति गर्ने परम्परागत प्रवृत्तिको चाहिँ सशक्त विरोध जनाएको पाइन्छ (चापागाईं, २०६० : ५०)। देवकोटा प्रकृतिमा ईश्वर देख्दछन्।

शाकुन्तल महाकाव्यकी मेनकालाई प्रकृतीकरण गरेर देवकोटाले विश्वामित्रका माध्यमबाट ईश्वरको चिन्तन यसरी गरेका छन् :

तिमी मोहिनी ईशकी रूपतुल्य
सबै विश्वकी माधुरी झैँ अमूल्य
तिमी चाँदनी छौ निशाभित्र काली
जगद्द्योतिनी दिव्य ज्योत्स्ना उज्याली

(सर्ग ४, श्लो.७२)

महाकवि देवकोटा प्रकृति, ईश्वर र मानवलाई अभिन्न मान्दछन्। त्यसैले यहाँ मेनकारूपी प्रकृतिलाई ईश्वरको रूपतुल्य मानिएको छ। विश्वकी माधुरी मानिएको छ। अँध्यारोभित्रकी चाँदनी मानिएको छ। संसारलाई झलमल्ल पार्ने वा प्रकाशमान पार्ने दिव्य उज्यालो किरण मानिएको छ। यी सबै विशेषता ईश्वरमा हुन्छन्। तिनै विशेषता मेनकामा भएको चर्चा यहाँ गरिएको छ। ईश्वर सम्पूर्ण प्राणीका हृदयमा बसेर शरीररूपी यन्त्रमा चढेर सारा प्राणीलाई मायाद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घुमाउँछन् (रिसाल, २०६८ : ५२) भन्ने **श्रीमद्भगवद्गीता** अध्याय १८ श्लोक ६१ को चिन्तनलाई माथिको पद्यमा समेटिएको छ।

महाकाव्यको सातौँ सर्गमा शकुन्तलाको रूप र सौन्दर्यको वर्णन गरिएको छ। यसका साथै उनका साथीहरू अनसूया, चारू र प्रियम्वदासँग वनमा रमाएको कुरा छ। यसै प्रसङ्ङ्गमा सम्पूर्ण रूप सौन्दर्यलाई ईश्वरका मूर्ति भनिएको छ। ती रूपलाई हेर्दा मधुरो ज्योति भएका विचित्र लाग्दछन्। ती सबै आनन्दका स्वरूप हुन्। यिनैमा ईश्वरको रूप कुँदिएको छ। यिनै विचारहरू देवकोटा यसरी प्रस्तुत गर्दछन् :

देखेर मूर्ति प्रभुका सब रूपभित्र
आनन्द भैँ मधुर ज्योति लिने विचित्र

(सर्ग ७, श्लो. २३)

शकुन्तला, अनसूया, प्रियम्वदा र चारू यी चार साथीहरू मालिनी नदीको तीरमा रमाइरहेका छन्। यसै क्रममा चारूले दुष्यन्तको कीर्ति सुनाएर शकुन्तलालाई रानी हुन्छयौ भनेकी छन्। दस वर्षकी शकुन्तला र उनका साथीहरूको चर्चा परिचर्चा आठौँ सर्गमा गरिएको छ।

यिनै बालिकाहरूको सिर्जनाको सन्दर्भमा देवकोटाले ईश्वरलाई सृष्टिकर्ताका रूपमा यसरी प्रस्तुत गरेका छन् :

शवल सिर्जना ईशले गरे
कि त ? बालका नृत्य हेर्न रे
सुख शिला भरी फुल्छ जिन्दगी
पयर पाउँदै नृत्य गानको

(सर्ग ८, श्लो. १२)

पूर्वीय दर्शनले मानेभैँ देवकोटा सम्पूर्ण सृष्टिका कारक ईश्वर मान्दछन्। सिर्जना गरिएका बालबालिकाका नृत्य हेरेर ईश्वर रमाउँछन् अर्थात् ईश्वरले आफ्नो सृष्टिको दर्शन गर्दछन्। यसपछि यो जीवन सुखले भरिपूर्ण हुन्छ। यही भरिलो जीवनमा मीठो गीत गाउन सकिन्छ भन्ने विचार कविको छ। "प्रकृतिमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वरलीला देखेर स्वदेशी हृदय गद्‌गदाउँछ, ... यहाँ ईश्वरका झल्काझल्की जताततै छरिएका छन्" (देवकोटा, २०५३ : ५३-५४)।

शकुन्तलाको यौवनपूर्ण प्राकृतिक रूपको वर्णन तथा जीवन र प्रकृतिको एकाकार गर्ने सन्दर्भमा महाकाव्यको नवौँ सर्गमा देवकोटाले विचित्र चित्र तयार पार्ने हरि अर्थात् भगवान् विष्णुलाई सम्झेका छन् :

विशाल पटमा टमाटम भरी टुना चातुरी
टुसाउन लगाउने किसलयी हरा माधुरी
थपी रँग थरी थरी कुसुममा सहस्राऽधरी
विचित्र महिमा दिने कुन छ चित्रकारी हरि ?

(सर्ग ९, श्लो. ११)

प्रस्तुत श्लोकमा यस विशाल पट अर्थात् क्यान्भासमा टुनाको चातुरी टमाटम भरिएको छ भनी व्याख्या गरिएको छ। त्यहाँ मधुर किसलय (पालुवा) पलाएका छन्। त्यही दृश्यमा अनेक रङहरू जडिएका छन्। ती फूलहरूमा सहस्राऽधरी अर्थात् हजारौँ ओठ भएका दृश्यहरू देखिन्छन्। यो विचित्र महिमा दिने कुनै त्यस्तो शक्ति छ भने त्यो ईश्वर हरि नै हो भन्ने कविको दृष्टि छ। यसरी देवकोटाले ईश्वरको शक्तिशाली व्यक्तित्वलाई महत्त्वका साथ प्रस्तुत गरेका छन्।

देवकोटाले मायालाई साथ लिएर ईश्वरले सृष्टि, स्थिति र संहार गर्छन् भन्ने वेदान्त दर्शनको ईश्वरीय रूपलाई यसरी व्यक्त गरेका छन् :

बुझे पनि नबुझ्नुमा छल गरी दिलै भज्नुमा
सुने पनि नसुन्नुमा नबिझिए त्यसै बिझ्नुमा
अनेक नखरा गरी रिझिनुमा तथा रिझ्नुमा
म देख्छु प्रभुमोहनी हृदयजीवको खिच्नुमा

(सर्ग ९, श्लो. ४१)

बुझे पनि नबुझिने, सुने पनि नसुनिने, नबिझिए पनि बिझिने, रिझिने र रिझाउने, जीवको हृदय खिच्ने छल गरेर दिल चोर्ने प्रभुको अर्थात् ईश्वरको मोहनी रूप वा मायावी रूप अनौठो छ भन्ने भाव यहाँ पाइन्छ। "ईश्वर जान्नुपर्छ यो सृष्टि, पालन र संहार गर्ने कुनै मायावी परमात्मा होलान् भनी बुझ्नका लागि। यो सारा चराचर जगत्‌का निर्माता, पालनकर्ता र अन्त्यमा संहारकर्ता ईश्वर नै हुन्, यसरी सृष्टिलाई हेरेर ईश्वरसम्म पुग्नै पर्छ, ईश्वरको चिन्तन गर्नै पर्छ। ईश्वर गर्न,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नगर्न, अर्को रूपमा पनि गर्न सक्छन्। सर्वशक्तिसम्पन्न, सर्वज्ञ, सर्वान्तर्यामी ईश्वर नै हुन्। ... ईश्वर पनि सृष्टि स्थिति र संहारका लागि मायालाई साथ लिन्छन्" (रिसाल, २०७१ : १०-११)। यस्तै मायावी, मोहनीरूप ईश्वरलाई महाकविले उपर्युक्त पद्यमा प्रस्तुत गरेका छन्।

राजा दुष्यन्तको कीर्तिको चर्चा र शिकार यात्राको वर्णन गर्ने क्रममा महाकाव्यको दसौँ सर्गमा देवकोटाले ईश्वरीय शक्तिको चिन्तन गरेका छन्। यहाँ मूलतः दुष्यन्तकै केन्द्रीयतामा कविले विष्णु र शङ्करको प्रसङ्ग ल्याएका छन्। विष्णुरूप भएका दुष्यन्तका जोडी हातले राज्य गर्ने र ती राजा वास्तवमा ईश्वरै हुन् भन्ने देवकोटाको ठम्याइ छ "विष्णु रूपका युग्म बाहुली" (सर्ग १०, श्लो. १३) भनी एकातिर भगवान् विष्णुसँग दुष्यन्तलाई तुलना गरेका छन् भने अर्कातिर "शिखरबीच छन् वीर शङ्कर" (सर्ग १०, श्लो. १४) भनी तिनै दुष्यन्तलाई, भगवान् शङ्कर तुल्याएका छन्। फेरि "ईश सूर्यझैँ पाउँछन् पथ" (सर्ग १०, श्लो. २३) भनेर सूर्यलाई उज्यालो दिने ईश्वरीय शक्ति मान्दै दुष्यन्ततर्फ सङ्केत गरेका छन्। परमतत्त्व शिव आफ्ना दिव्य शक्तिले संयुक्त भएर अनन्त ब्रह्माण्डको सृष्टि, पालन र संहार गर्दछन् र ब्रह्मा, विष्णु, एवं शिव आदि रूप धारण गर्दछन्। शिवको अर्को नाम शङ्कर हो। यसको अर्थ कल्याणकारी वा मङ्गलकारी भन्ने हुन्छ (गौतम, २०६१ : ४३४-४३५)। देवकोटाले पनि कल्याणपूर्वक राज्य गर्ने मङ्गलकारी, शक्तिसम्पन्न दुष्यन्तको विष्णु, शङ्कर र सूर्य रूपको चर्चा गरेको पाइन्छ।

महाकाव्यको सर्ग बाह्रमा राजा दुष्यन्त र विदूषक वनमा लुकेर शकुन्तलालाई हेर्छन्। त्यहाँ शकुन्तला र उनका साथीहरू कुराकानी गरिरहेका छन्। पालुवामा जल सिञ्चन गर्ने क्रममा शकुन्तलालाई भमराले दुःख दिएको छ। उनका साथीहरूले राजासँग दुहाइ माग्ने सल्लाह दिएका छन्। राजाले शकुन्तला कण्व ऋषिकी पालितापुत्री हुन् भन्ने जानकारी प्राप्त गरेका छन्। यसै सर्गमा महाकवि देवकोटाले राजा दुष्यन्तलाई भगवान् श्रीकृष्णसँग यसरी तुलना गरेका छन् :

श्रीकृष्णले सुन्दर बैँस चालको
हेरूँ भनी चारू खुलस्त माधुरी
लुकेर वृन्दावनबीच झाँगमा
जो देखिनेछन् मृदु गोपिनीहरू

(सर्ग १२, श्लो. १५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu collection

जसरी भगवान् श्रीकृष्णले बैँसयुक्त सुन्दर माधुर्यको अवलोकन गर्न वृन्दावनमा झाँङमा लुकेर गोपिनीहरूलाई हेरेका थिए त्यसैगरी राजा दुष्यन्तले पनि वनको झाँङमा लुकेर शकुन्तलालगायतका सुन्दरी युवतीहरूलाई हेरेको प्रसङ्ग माथिको पद्यमा आएको छ। यहाँ देवकोटाले भगवान् श्रीकृष्णको लीलामय चारित्रिक स्थितिलाई दुष्यन्तमा ल्याएर एकाकार गरेका छन्। भगवद्गीतामा श्रीकृष्णको अद्भूत विश्वरूपको चर्चा गरिएको छ। तिनै विश्वरूप श्रीकृष्णको एउटा रूप वृन्दावनको रूप हो। "हाम्रा पालक विश्वका मुकुट ती, ती धर्मका रक्षक" (सर्ग १२, श्लो. ७६) यस सन्दर्भमा पनि सबैलाई पालन पोषण गर्ने अनन्त ब्रह्माण्डका शासक, धर्मका रक्षक ईश्वरको चिन्तन यहाँ गरिएको छ।

महाकाव्यको तेह्रौं सर्गमा राजा दुष्यन्तलाई वनविहार गर्ने इच्छा जागेकाले लावालस्करलाई फर्काइन्छ। त्यसै प्रसङ्गमा देवकोटाले दुष्यन्तलाई भगवान् रामको स्वरूपसँग तुलना गर्दै भनेका छन् :

अनुचर तब फर्के, रामका भक्ततुल्य

(सर्ग १३, श्लो. २६)

"सामान्यतया भक्तहरू सगुण परमात्माको उपासना गर्छन्। ... ब्रह्म वा ईश्वर अधिष्ठानरूप हो। यसैमा नाना प्रकारका रूप आदिको कल्पना गरिन्छ। राम र कृष्णमात्र हैन, हामी पनि पारमार्थिक दृष्टिले एक अद्वैत, ब्रह्म वा ईश्वर रूप हौं तर व्यावहारिक रूपमा आएर हेर्दा राम दशरथका छोरा, त्रेतायुगका रावणादि दुष्टलाई संहार गरी लोककल्याणका लागि अवतार लिने एक महान् मर्यादा पुरुषोत्तम हुनुहुन्छ" (रिसाल, २०५६ : ९६–९७)।

देवकोटाले पनि राजा दुष्यन्तलाई अवतारी रामजस्ता चरित्र भएका ईश्वरका रूपमा प्रस्तुत गरेका छन्। रामको ईश्वरीय व्यक्तित्व दुष्यन्तमा देखाइएको छ।

देवकोटाले राजा दुष्यन्तलाई कतै रामसँग तुलना गर्छन् त कतै भगवान् कृष्णसँग गर्दछन्। चौधौँ सर्गमा शकुन्तलाले राजा दुष्यन्तलाई जूनको उज्यालो परिवेशमा सम्झेकी छन्। उनी मालिनी तीरमा एक्लै टोलाइरहेकी छन्। यही बेला गोपिनीहरूले कृष्णलाई सम्झेजस्तै दुष्यन्तरूपी कृष्णलाई शकुन्तलाले सम्झेको प्रसङ्ग यसरी आएको छ :

प्रभु कृष्णलाई प्रसूनले
क्षण मौन बीच सिँगार्दछिन्

(सर्ग १४, श्लो. २४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान् श्रीकृष्ण द्वापरयुगमा कंस आदि पापीहरूलाई संहार गरी साधुसज्जनहरूको संरक्षणपूर्वक धर्मसंस्थापनका लागि अवतार लिने– 'कृष्णस्तु भगवान् स्वयम्' अर्थात् साक्षात् नारायण हुनुहुन्छ (रिसाल, २०५६ : ९७)। यस्ता सगुण, साकार सर्वशक्तिमान् प्रभु कृष्णलाई प्रसून (फूल) ले मनमनै सिँगार्ने सन्दर्भमा देवकोटाको ईश्वरचिन्तन यहाँ स्पष्ट देखिन्छ। भक्तले भगवान्‌लाई हृदयमा विराजमान गराउन चाहन्छ भन्ने दार्शनिक चिन्तनसमेत यहाँ पाइन्छ। मुरली बजाउने भगवान् श्रीकृष्णलाई मुरली–मनोहर, मीठो स्वरका धनी, मुसुक्क मुस्काउने मोहनी रूपवाला, प्रेमिल रूप, (सर्ग १४, श्लो. ३५) भनी महिमा गाइएको छ।

भगवान् श्रीकृष्णको बिछोडपछि गोपिनीहरूमा जुन वियोगजन्य पीडा भएको थियो त्यस्तै स्थिति बनकी फूलजस्ती शकुन्तलामा पनि दुष्यन्तको वियोगमा भएको छ। प्रभुको ओठमा मीठा शब्दहरू छन्, त्यहाँ अभाषिताऽशय (व्यक्त नगरिएको भावना) छाएको छ। तिनै परमप्रभु श्रीकृष्ण अर्थात् दुष्यन्तको चिन्तन शकुन्तलामार्फत कविले गरेका छन्।

भगवान् श्रीकृष्णले मुख खोलिदिँदा सारा विश्व नै देखिएको प्रसङ्ग यहाँ आएको छ। ईश्वरको दिव्यता, हँसिलोपन, मनोहर सिर्जन, अद्‌भूत शक्तिशाली, प्रभावशाली व्यक्तित्वको चर्चा यहाँ गरिएको छ :

पर देखियो मुख दिव्यको
चिर प्यासको हँसिलोपन
मुख एकले जगतै खुली
सृजनै खुली मनमोहन

(सर्ग १४, श्लो. ४२)

भगवान् श्रीकृष्ण सगुण, साकार हुन्। तिनै व्यक्तित्वपूर्ण कृष्णको अद्‌भूत लीलालाई माथिको पद्यमा प्रस्तुत गरिएको छ। भगवान् श्रीकृष्णका बारेमा भनिएको छ :

"कृष्ण मन्त्रद्रष्टा ऋषि हुन्। ... 'कृष्ण' देवकी पुत्र हुन्। महाभारत र भागवतका नायक श्रीकृष्ण बहुमुखी प्रतिभासम्पन्न वैभवशाली व्यक्तित्वको नाम हो, जसले भक्त, विद्वान्, द्वैतवादी, अद्वैतवादी सबैलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुग्ध तुल्याएको पाइन्छ। ... कृष्ण प्रकृतिभन्दा पर साक्षात् पुरुषोत्तम हुन्। समस्त बुद्धिको साक्षी, केवल आनन्द रूप हुन्। साक्षात् विष्णु, अध्यात्मदीप, अनिर्वचनीय, निष्क्रिय र सत्तामात्र हुन्। कृष्ण पूतनाका उद्धारकर्ता, शकटासुर, अघासुर, बकासुरजस्ता दैत्यका संहारक, गोवर्धन पर्वत धारणकर्ता, गोरक्षक हुन्। ... कृष्णले राधा र गोपिनीहरूलाई मोहनी लगाएका थिए। दही र नौनी चोरेका थिए। जगत्लाई नै मुग्ध तुल्याउने बाँसुरी बजाएका थिए। गोठालो जीवन बिताएर रमाइलो हाँसखेल गरेका थिए। यिनले अर्जुनको अज्ञान नष्ट गरिदिएका थिए। उद्धवको मोह, अविद्या नष्ट गरेर ब्रह्मज्ञान दिएका थिए। ... कृष्ण कर्म, भक्ति, ज्ञान र मुक्तिका प्रतीक थिए।" (रिमाल 'यात्री', २०६४ : १२४-१२८)।

यस्ता अद्‌भूत चरित्रका भगवान् श्रीकृष्णलाई देवकोटाले पनि आफ्नो महाकाव्यको ठाउँठाउँमा निकै महत्त्व दिएर महिमा गान गरेका छन्।

महाकाव्यको पन्ध्रौं सर्गमा राजा दुष्यन्त वसन्त वनमा विरहकातर भएका छन्। उनले विदूषकसँग शकुन्तलालाई फेरि हेर्नका लागि उपाय सोध्छन्। दुष्यन्त वनमा घुम्न गएपछि शकुन्तला देखिन्छिन्। राजाले लुकेर हेर्छन्। सखीहरूले शकुन्तलाको मनोदशा बुझ्न खोज्दा शकुन्तलाले भाव व्यक्त गरेपछि दुष्यन्त देखा पर्दछन्। शकुन्तलालाई आफ्ना कुरा भन भनेर दुष्यन्त जान्छन्। शकुन्तला बोल्न सक्दिनन्। दुवै हाँस्छन्। यस सर्गमा राजा दुष्यन्त र शकुन्तला एकअर्काप्रति आकर्षित भएका छन्। यसै सन्दर्भमा दुष्यन्तलाई "पृथ्वीभरका अधीश्वर" (सर्ग १५, श्लो. ८) अर्थात् पृथिवीका अधिपति वा ईश्वर भनी वर्णन गरिएको छ।

प्रभु भनेर यस सर्गमा भगवान्लाई भनिएको छ। ती प्रभुको शक्तिलाई यसरी प्रस्तुत गरिएको छ :

प्रभु मोहनबाट मोहनी
मुटुमा बन्दछ धूप-दीप झैँ
प्रभु खोजिलिंदो जगत् सब
त्यसमै जीवनसार पाउँछ

(सर्ग १५, श्लो. १४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ ईश्वरको मोहन (मोहक) रूपबाट मोहनी लाग्ने वा मोह गराउने क्षमताको चर्चा गरिएको छ। मोहन भनेका श्रीकृष्ण हुन्। तिनै श्रीकृष्णको दर्शन पाउँदा मुटुमा धूप–दीप सजिने विचार व्यक्त गरिएको छ। प्रभुले खोजि गरेको सम्पूर्ण जगत् नै जीवनको सार प्राप्त हुने भन्ने ईश्वरीय सत्ता यहाँ प्रस्तुत गरिएको छ। "आत्माकी अति तृप्त ती प्रभुजिको सौन्दर्यको सिर्जना" (सर्ग १५, श्लो. ६४) मा पनि प्रभुकै वा ईश्वरकै सौन्दर्यको सिर्जना भनी ईश्वरीय शक्तिको महिमा देखाइएको छ।

पूर्वीय दर्शनअनुसार विधि भनेको भाग्य हो। त्यो भाग्य दैव हो। दैव भनेको ईश्वर हो। त्यही विधिले वा ब्रह्माले सृष्टि गर्ने यो सारा जगत् र यहाँको मानिसले ईश्वरकै करूणा पाएको छ भन्ने कुरा यहाँ देखाइएको छ :

मुसुक्क हाँसी विधिले लिएर
म उब्जनी गर्दछु एक मान्छे
"भनेर, माटो तटको सुदूर
दुःखी नहुन् क्वै जगमा भनेर
सिर्जे तिमी नै तब चट्ट हेर"

(सर्ग १५, श्लो. ८९)

दुष्यन्तलाई विदूषकले हाँडीको प्रसङ्ग ल्याएर ठट्टा गर्दै हँसाएपछि माथिको पद्य दुष्यन्तले भनेका हुन्। विदूषक यस्तो व्यक्ति हो, जसलाई ब्रह्माले यस संसारमा कोही दुःखी भयो भने त्यसलाई हँसाउन सक्ने शक्ति दिएर जन्माएका हुन्। विदूषकका माध्यमबाट देवकोटाले ईश्वरलाई सृष्टिकर्ताका रूपमा प्रस्तुत गरेका छन्। "कला हृदयको लिई किरणश्रद्ध झैँ विष्णुको" (सर्ग १५, श्लो. ९८) यस सन्दर्भमा पनि किरणश्रद्ध (ज्योतिमा विश्वास राख्ने) भगवान् विष्णुलाई हृदयमा विराजमान गराइएको कुरा व्यक्त गरेका छन्। "समस्त दिलको कुरा प्रभु न बुझ्दछन् क्वै वहाँ !" (सर्ग १५, श्लो. १५१) ईश्वर नै दिलको वा मनको कुरा बुझ्ने हुन्छन् भनिएको छ। "दिल खुलेसरी स्वर्ण कान्तिले। प्रभु उदाउँदा विपिनबीचमा" (सर्ग १५, श्लो. १७४)। यहाँ पनि ईश्वरको दर्शन पाए स्वर्ण उज्यालोसहितको गद्‌गद् हृदय हुने कुरा व्यक्त भएको छ। देवकोटा कतै ईश्वरलाई कृष्ण त कतै विष्णुका रूपमा वर्णन गर्छन् भने कतै विधि वा भाग्य वा सृष्टिकर्ता ब्रह्मका रूपमा समेत महिमागान गर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाकुन्तल महाकाव्यको सोह्रौँ सर्गमा प्राकृतिक मण्डपमा राजा दुष्यन्त र शकुन्तलाको विवाहको प्रसङ्ग छ। यहाँ वसन्त ऋतु पुरोहित बनेको छ। चराहरूले बाजा बजाएका छन्। वसन्तले होली खेलेको चर्चामा शकुन्तला र दुष्यन्तको प्रेमविवाह हुन्छ। यसै बेला पर्वत शृङ्गबाट मेनकाले हेर्छिन्। उनका दृष्टिमा कण्व आश्रम देखिन्छ। त्यहाँ कुहिरोले छेक्छ। यसै समयमा मेनकाले उनीहरूको जीवन सुखमय बन्दैन कि भन्ने शङ्का व्यक्त गर्दछिन्। दुष्यन्त र शकुन्तलाको विवाह प्रसङ्गमा भगवान् कृष्णलाई यसरी सम्झिएको छ :

"छ होरीको लीला प्रकृत ढँगको कृष्ण प्रभुको।"

(सर्ग १६, श्लो. ३३)

दुष्यन्त र शकुन्तलाको प्रेम विवाह प्राकृतिक ढङ्गबाट प्रकृतिकै काखमा भएको छ। त्यो स्थिति श्रीकृष्णले होरी खेल्दाको दृश्यसँग दाँजिएको छ।

राजा दुष्यन्तको दरबार र राजधानी सहरको वर्णन गर्ने क्रममा महाकाव्यको एक्काइसौँ सर्गमा महाकवि देवकोटाले अगिल्ला सर्गहरूमा झैँ सगुण साकार ईश्वरको प्रस्तुति गरेका छन्। यस क्रममा कतै कृष्ण, कतै सीता, कतै राम, कतै शारदा भवानी त कतै अन्य देवताका दिव्य मूर्तिको परिचर्चा यसरी गरिएको छ :

धेरै श्रीकृष्णका नै शिखिमुकुट लिने वेणु राम्रा उज्याला

(सर्ग २१, श्लो. १२)

राधाको चित्र राम्रो दिनकरतनयातीरमा कृष्णसाथ
गाई गोपीहरूले श्रवण सुख लिंदा भाव मीठो खुलेको
काहीँ सीता उज्याली दशरथसुतका साथ सिंहासनैमा
काहीँ छन् शारदा ती अति सितवदना हंसमा, वीनवाली

(सर्ग २१, श्लो. १३)

यहाँ शिखिमुकुट (मुजूरको प्वाँखको मुकुट लगाउने) वाला, वेणु (बाँसुरी) बजाउने उज्याला, हँसिला भगवान् श्रीकृष्णको वर्णन गरिएको छ। कतै ती कृष्ण राधासहित दिनकरतनयातीरमा (सूर्यकी छोरी कहिएकी यमुना नदीको किनारामा) रहेको चित्र खिचिएको छ। कतै गोपीहरूले सहित श्रीकृष्णको वर्णन गरिएको छ। कतै दशरथसुत (दशरथका छोरा) श्रीरामसहितकी उज्याली सीताको सिंहासनमा बसेको मूर्ति त कतै वीणा लिएर सेतो वस्त्र लगाएकी हाँसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चढेकी विद्याकी देवी सरस्वतीको दिव्य मूर्तिको मनोहारी वर्णन कविले गरेका छन्। यी सबै ईश्वरका सगुण साकार रूप भएकाले व्यावहारिक सत्ताका दृष्टिले निकै महत्त्वका छन्। यी सबै देवदेवीहरू सगुण, सविशेष, व्यक्तित्वपूर्ण छन् र उपासनाका विषय पनि बनेका छन्।

दुर्वासा ऋषिको श्रापका कारण गर्भवती भएकी शकुन्तला राजा दुष्यन्तको दरबारमा जाँदा पनि राजाले आफ्नी पत्नीलाई चिन्न सक्दैनन्। 'दुष्यन्त' लेखेको चिनोको औंठी बाटामै हराइसकेको हुन्छ। गौतमी र उनका सँगै गएका सहयोगीहरूले राजालाई आफ्नी पत्नी शकुन्तलालाई पनि नचिन्ने ? के बहाना गरेको ? भनेर प्रश्न गरेपछि राजा दुष्यन्त पनि "के भयो नि ! जगदीश ! फसाद" (सर्ग २१, श्लो. ५६) भनी ईश्वरलाई पुकार्छन्। जगत्का मालिक, जगदीश्वरलाई दुःख परेका बेला वा फसाद परेका बेला सम्झने हाम्रो पूर्वीय दर्शनको मान्यतालाई यहाँ देवकोटाले दुष्यन्तका माध्यमबाट प्रस्तुत गरेका छन्। ईश्वर हाम्रा दुःखसुखका कारक भएको मान्यताअनुरूप यो चिन्तन यहाँ आएको छ।

एकातिर शकुन्तलालाई बिर्सेर फसाद परेका कारण दुष्यन्त ईश्वरलाई सम्झन्छन् भने अर्कातिर दुष्यन्तले बिर्सेका कारण आफू मरणासन्न अवस्थामा पुगेको अवस्थामा दुष्यन्तले मलाई सम्झन सक्ने क्षमता कृपापूर्वक देऊ भनेर शकुन्तलाले यसरी भगवान् हरि वा शिखिध्वज (मुजूरको प्वाँख लगाउने) वा श्रीकृष्णलाई पुकारा गर्दछिन् :

कुनै भत्केकी झैं मृदुल सपना आज बिचरी
अझै आशा गर्छिन् हृदय जप गर्दी प्रभु हरि
हरे ! सम्झाइद्यौ न त अब म मर्नेछु सहज
दया राखी जाओस् प्रभु विरहितामा शिखिध्वज

(सर्ग २१, श्लो. १४७)

"जगत्का कर्ता..." (सर्ग २१ श्लो. १७६), "सधैं सम्झी स्वामी शिखिमुकुट श्रीकृष्ण उकन" (सर्ग २१, श्लो. १९०), जस्ता प्रसङ्गमा पनि देवकोटाले ईश्वरीय सत्तालाई स्वीकार गरेका छन्। यो संसारका सृष्टिकर्ता ईश्वर हुन्। ईश्वरको इच्छाविना केही पनि हुँदैन। राजा दुष्यन्तले बिर्से पनि शकुन्तलाले भगवान् श्रीकृष्णका मन्दिरमा गई उनैलाई सम्झून् र आफ्नो जीवनयापन गरून् भन्ने अभिव्यक्ति पनि ईश्वरीय सत्तासँग निकै मेल खान्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पानी परेर आकाश सफा भएपछि किसानकी छोरी श्यामाको पाठो मिठ्ठु उफ्रदै तलाउतिर लागेको प्रसङ्ग महाकाव्यको बाइसौँ सर्गमा आउँछ। श्यामा पाठासँगै पछिपछि लाग्छे। पाठाले दुष्यन्त लेखेको टल्किरहेको औँठी देख्छ। श्यामाले घरमा ल्याएर आफ्ना बुबालाई औँठी दिन्छे। किसानले राजाको नाम लेखेको औँठी दरबारमा लगेर बुझाउँछ। औँठी देखेपछि राजालाई सबै कुरा सम्झना हुन्छ। उनी शकुन्तलालाई खोज्न चारैतिर मानिसहरू पठाउँछन्। आफू पनि चिन्तित भएर शकुन्तलालाई सम्झँदै यसो भन्छन् :

कोही छैन मलाइ आज जगमा यौटा उनै ईश्वर
भन्ने भाव गरी बुझी कुसुम नै काँढाहरूमा घर
गेरू भस्म लगाउँदी हुन गइन् या सुन्दरी योगिनी
ठूलो चोट परी घृणा हुन गइन् या दिव्य ती मोहिनी

(सर्ग २२, श्लो. ४६)

दुःख परेपछि, विछोड भएपछि मानिस नितान्त एक्लो महसुस गर्छ। त्यस समयमा ऊ काँढैकाँढाले भरिएको फूलझैँ बन्छ। कोही त वैराग्यमा पुगेर जोगी वा सन्यासी बन्छन्। चोट सहन नसकेपछि सबै कुरालाई वेवास्ता गर्छ। यस्तैयस्तै अवस्थामा ऊ ईश्वरलाई सम्झन्छ। ईश्वर नै आफ्नो एकमात्र सहारा ठान्दछ। यस्तै परिस्थिति दुष्यन्तको विछोडमा शकुन्तलाले भोगेकी हुन सक्ने स्थितिलाई माथिको पद्यमा देखाइएको छ। ईश्वरलाई मानवको मूल आधार मानेर महत्त्व दिइएको छ।

महाकाव्यको तेइसौँ सर्गमा राजा दुष्यन्त युद्धका लागि शस्त्रास्त्रले सुसज्जित भई मातलीले ल्याएको विमानमा चढ्छन्। त्यहाँ दैत्यसँग युद्ध गरेर विजय प्राप्त गरेको कारण पनि राजाले मेघारूढा भवानीको वरलाई मानेको सन्दर्भ पाइन्छ। यस क्रममा भनिएको छ :

"मेरो यो अस्त्र यौटा ह्दनल" कहिले एक यो हो बिजूली
मेघारूढा भवानीसँग वर पहिले पाइएको खुसीमा

(सर्ग २३, श्लो. १६)

यहाँ राजाको विजयपछाडि मेघारूढा भवानी (मेघमा चढेकी पार्वती) को वरदान कारकका रूपमा रहेको छ। ईश्वरसँग भक्तले वर माग्यो भने वा भक्तले ईश्वरलाई भक्तिपूर्वक प्रार्थना गरेर खुसी तुल्यायो भने ईश्वरले वर दिने र त्यसका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रभावबाट आफ्नो इष्ट पूरा गर्न सकिने भक्तिवादी चिन्तनलाई यहाँ व्यक्त गरिएको छ। युद्धका लागि 'हृदनल'(काल्पनिक अग्न्यस्त्र वा हार्दिक अग्नि वा हृदयको आगो) लाई प्रयोग गरिएको र त्यो भवानीबाट आशीर्वादस्वरूप प्राप्त भएकाले ईश्वरको चाहना भए के हुँदैन र ? भन्ने भाव यहाँ पाइन्छ।

म आत्मा मेरो यो अणुअणु लगाई प्रभुजिमा (सर्ग २३, श्लो. ५७), हेरे दुष्यन्तले माथि विष्णुका मुसकान झैँ (सर्ग २३, श्लो. १६३), छिनाले ब्रह्माको कनकमय मानो कुँदिइँदा" (सर्ग २३, श्लो. १८६) उदाएका देख्ने नृपवर महाविष्णु रविझैँ (सर्ग २३, श्लो. २०५), जस्ता श्लोकांशहरूमा पनि ईश्वरीय महिमालाई कविले महत्त्व दिएका छन्।

दुष्यन्तको विजयोत्सवका प्रसङ्गमा पनि "जय स्वयम्भो जय ! जय ! (सर्ग २३, श्लो. २०६), हरिको पुकारा, देवी लक्ष्मीको सम्झना गरिएको छ। यी सबै सगुण, सर्वशक्तिमान ईश्वरका कृपाबाटै युद्ध मैदानको विजय, पुष्टिवृष्टि र जयजयगान भएको कुरा उक्त महाकाव्यांश पढ्दा स्पष्ट हुन्छ। ईश्वरको व्यक्तित्वपूर्ण स्वरूपको चिन्तन गर्दै यसो भनिएको छ :

> "ईश्वरवादको प्रयोग दुई दृष्टिकोणले हुन्छ। सामान्यतः ईश्वरलाई स्वीकार गर्ने दर्शन ईश्वरवादी हो, तर विभिन्न अर्थमा ईश्वरलाई विश्वव्यापी र विश्वातीत स्वीकार गर्नुका साथै धार्मिक भावनाको सन्तुष्टिको निम्ति ईश्वरलाई व्यक्तित्वपूर्ण, अनन्त, सर्वगुणयुक्त, सर्वज्ञ र एक मान्दछ जो सृष्टिकर्ता र पालनकर्ता पनि हो। ईश्वर दयालु भएकाले मानिसको भावना र कष्टलाई सुनेपछि हटाउन सक्षम हुन्छ। तसर्थ ईश्वर उपास्य र मानिस उपासक हो र उपासनामा व्यक्तिको ईश्वरसितमात्र सम्बन्ध सम्भव हुन्छ। सबै वस्तु र मानिसहरू ईश्वरमाथि आश्रित छन्। .... विष्णुको पूजा र आदर विभिन्न मतहरूबाट राम र कृष्णका दुई अवतारको वरिपरि हुन्छ" (नेपाली साहित्यकोश, २०५५ : ७६८ – ७६९)।

यसरी हेर्दा **शाकुन्तल** महाकाव्यका हरि, विष्णु, राम, कृष्ण सबै व्यक्तित्वपूर्ण साकार स्वरूपका ईश्वर हुन्। ती ईश्वरले कतै मायामा रहेर सृष्टि गर्छन्। कतै रूपलाई अनेक पार्छन्। कतै युद्ध मैदानमा शत्रुलाई परास्त गर्छन्। कतै शकुन्तलालाई शोकमा पार्छन् त कतै फेरि शकुन्तलाको उपासनाबाट प्रशन्न भएर उनको सुखद मिलनसमेत गराइदिन्छन्। शकुन्तलाले कृष्णको उपासना गर्दा ईश्वरसितमात्र सम्बन्ध राखेको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाकाव्यको चौबीसौं सर्ग अन्तिम सर्ग हो। यस सर्गमा पनि देवकोटाले सगुण व्यक्तित्वकेन्द्री ईश्वरलाई प्रस्तुत गरेका छन्। शकुन्तला कश्यप ऋषिका आश्रममा छोरो भरतसहित बसेकी छन् तर उनका पति राजा दुष्यन्तको खबर छैन। यस्तो पीडाजन्य अवस्थामा दुष्यन्तसँगको विछोडमा उनी ईश्वरतिरै ध्यान दिई आफू यसरी भुलेकी छन् :

लागेर ईश्वरतिरै दिलबाट धारा

(सर्ग २४, श्लो. ३१)

श्रीकृष्णको स्मरणले दुःखबाट काँढा
साराभिकी मृदुल चित्त बुझाउँदी ती
रून्थिन् तथापि मनको मनमै हमेशा
"हे कृष्ण सम्झ प्रभु दीन अनाथ" भन्दी

(सर्ग २४, श्लो. ३३)

शकुन्तला वास्तवमा निकै पीडामा छन्। आफ्नो कोखबाट छोरो जन्मेर ठूलो भइसकेको छ। आफूलाई असाध्यै माया गर्ने पति राजा दुष्यन्तले बिर्सेका छन्, भेटेका छैनन्। कहाँ छन् भन्ने पनि ठेगान छैन। आफ्नो माइती भन्नु पनि कता हो कता ? यस्तो अवस्थामा उनको आफ्नो भन्ने ईश्वरबाहेक कोही छैन। व्यावहारिक रूपबाट कश्यप ऋषिका आश्रममा स्थान पाए पनि उनको मन बुझाउने ठाउँ छैन। यस्तो अवस्थामा पनि उनले ईश्वरतिरै मन दिएर भगवान् कृष्णलाई सम्झँदै दुःखैदुःखका काँढा झिकेर कोमल चित्त बुझाएकी छन्। उनी मनमनै रोएकी छन्। पुनः कृष्ण वा दुष्यन्तसँग प्रार्थना गर्दै आफू अनाथ, दुःखी, वेसहारा भएको तथ्य प्रस्तुत गरेकी छन्। उनलाई ईश्वरमाथि पूर्ण भरोसा छ।

शकुन्तलाले फूल टिप्दा पनि ईश्वरलाई नै पुकारा गर्छिन् – "भज्थिन् टिपी कुसुम बिर्सिदिने मुरारी" (सर्ग २४, श्लो. ३५), "श्रीकृष्णको भजनमा मन पूर्णलाई" (सर्ग २४, श्लो. ३७)। यता विछोडमा कृष्णको पुकारा गरिएको छ भने जब दुष्यन्त र शकुन्तलाको भेट हुन्छ त्यसमा पनि ईश्वरकै कृपा मानिएको छ– "हा कृष्ण ! सम्झनु भयो, यति साथ सुस्त" (सर्ग २४, श्लो. ४३), "यस्तो आनन्ददायी मिलन भइदिनू ईशको नै दया हो" (सर्ग २४, श्लो. ७४)। यसरी अन्त्यमा ईश्वरले पुकारा सुनेका कारण दुष्यन्त र शकुन्तलाको सुखद मिलन भएको छ। उनीहरूले गर्ने राज्यको आयु पनि ईश्वर सन्तोष भएमा हुनेछ– "राज्यैको आयु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होला जबतक त्यसमा ईश-सन्तोष होला" (सर्ग २४, श्लो. ७१)। यहाँ देवकोटाले ईश्वरीय शक्तिलाई विविध सन्दर्भमा प्रस्ट पारेका छन्। दुःख, सुख, संयोग, वियोग, लाभ, हानी जेजे छन्, जेजे आइ पर्छन् ती सबै ईश्वरकै हातमा छन्। सर्वशक्तिमान् ईश्वरले चाहे जे पनि हुन्छ वा केही पनि हुँदैन भन्ने मान्यता **शाकुन्तल** महाकाव्यका विविध सन्दर्भमा पाइन्छ।

१.५ निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटा ईश्वरवादी महाकवि हुन्। उनको महाकाव्य लेखनभन्दा पूर्ववर्ती कवितालेखनमा पनि उनी ईश्वरचिन्तकका रूपमा देखिन्छन्। **शाकुन्तल** महाकाव्यमा उनले ईश्वरका विविध स्वरूपको चिन्तन गरेका छन्। पूर्वीय दर्शनमा ईश्वरसम्बन्धी व्यापक चिन्तन पाइन्छ। साङ्ख्य दर्शनले ईश्वरको अस्तित्व स्वीकार नगरे पनि वेदलाई प्रमाण मान्दछ र अन्य भारतीय दर्शनले भनेको आत्मा तत्त्वलाई पुरुषको उपाधि दिएकाले कुनै न कुनै रूपमा ईश्वरीय सत्ताको सङ्केत गरेको छ। ईश्वर र आत्मा एउटै भन्ने मान्यताअनुसार उक्त कुरा पुष्टि हुन्छ। योग दर्शनले जड प्रकृति र चेतन पुरुष परस्पर विरोधी तत्त्वलाई सम्पर्कमा ल्याएर ईश्वरले प्रेरक र योजकको काम गर्ने बताएको छ। न्याय दर्शनले ईश्वरको इच्छाअनुसार क्रिया उत्पन्न भए पनि परमाणुमा गति पैदा भई सृष्टि हुने भएकाले ईश्वरलाई व्यक्तित्वपूर्ण मानेको छ। वैशेषिक दर्शनले पनि ईश्वरलाई सृष्टिकर्ता मानेको छ। मीमांसा दर्शनमा कर्मकर्ताले समर्पण गर्ने बलीलगायतका वस्तु स्वीकार गर्ने ईश्वरलाई अपूर्व प्रदान गर्ने मानिएको छ। वेदान्त दर्शनमा व्यावहारिक दृष्टिले ईश्वरलाई सत्य र सृष्टि, स्थिति, संहारकका रूपमा लिइएको छ।

प्रस्तुत आधार र देवकोटाको **शाकुन्तल**बाहेक अन्य केही कृतिहरूमा हेर्दा देवकोटाले ईश्वरसम्बन्धी व्यापक चिन्तन गरेका छन्। उनका सुरूदेखि अन्त्यसम्मका कृतिहरूमा ईश्वरचिन्तन पाइन्छ। उनले प्रकृतिमा ईश्वर देख्छन्, यो सृष्टिलाई ईश्वरको इच्छा मान्छन्, उनले त्रिकाल सत्यलाई ईश्वर मान्छन्, यो सारा दिने ईश्वर ठान्छन्, उनी मानवमा ईश्वर देख्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाकुन्तल महाकाव्यमा देवकोटाको ईश्वर विचित्रको छ। उनी कतै ईश्वरलाई निर्विघ्नताका कारक ठान्दछन् भने कतै गर्नेगराउने शक्तिका रूपमा ठान्छन्। देवकोटाले आफ्नो महाकाव्यको रचना पनि ईश्वरकै प्रेरणाले सम्भव भएको कुरा मङ्गलाचरणकै क्रममा बताएका छन्। उनले प्रकृतिमा प्राप्त हुने सम्पूर्ण कुरालाई ईश्वरप्रदत्त मानेका छन्। प्रकृतिलाई सम्पूर्ण ज्ञानको मुहान मानेर प्रकृति, ईश्वर र मानवलाई अभिन्न मानेका छन्। यिनले प्रकृतिलाई रातकी चाँदनी, ईश्वरकी मोहनी रूप मानेका छन्।

देवकोटा शिशुमा ईश्वर देख्छन्। शिशु र प्रकृतिको समीकरण गरेर त्यसमा ईश्वरको स्वरूप देख्ने देवकोटा शिशुको सरलतामा ईश्वरको झल्को पाउँछन्। कतै स्वरूपकेन्द्री ईश्वरको चिन्तन गर्दै देवकोटाले ईश्वरलाई सगुण साकार त कतै निर्गुण निराकार रूपमा पनि प्रस्तुत गरेको पाइन्छ। ईश्वरीय लीलालाई कतै कृष्ण त कतै रामका माध्यमबाट प्रस्तुत गरेका छन्। कतै देवकोटाले 'सत्य नै सौन्दर्य हो र सौन्दर्य नै सत्य हो' भनेर त्यही सत्य वा सौन्दर्य नै ईश्वर हो भन्ने धारणासमेत राखेका छन्। संसारका दुःख, सुख, संयोग, वियोग, लाभ, हानी, सबैथोक ईश्वरप्रदत्त हुन् भन्ने चिन्तन देवकोटाले **शाकुन्तल** महाकाव्यमा प्रस्तुत गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो अध्याय

शाकुन्तल महाकाव्यमा जीवनजगत्–चिन्तन

२.१ विषयपरिचय

यस अध्यायमा **शाकुन्तल** महाकाव्यमा जीवनजगत्–चिन्तन खोजी गर्नका लागि पूर्वीय दर्शनमा जीवनजगत्–सम्बन्धी केकस्ता मान्यता पाइन्छन् भन्ने कुरालाई सैद्धान्तिक रूपमा चर्चा गरिएको छ। पूर्वीय दर्शनहरूले जीवनलाई कसरी हेरेका छन् भन्ने कुराको खोजी गर्दै त्यसका आधारमा देवकोटाले **शाकुन्तल** महाकाव्यमा जीवनजगत्–चिन्तन कसरी प्रस्तुत गरेका छन् भन्ने कुरा यहाँ अन्वेषण गरिएको छ।

२.२ पूर्वीय दर्शनमा जीवनजगत्–चिन्तन

जिज्ञासैजिज्ञासाका माध्यमबाट त्यसको माथिल्लो तहसम्म पुग्दा दर्शनको जन्म भएको हो। दर्शन एउटा स्वतन्त्र विषय हो। यो जीवनसँग जोडिएपछि जीवन दर्शन बन्दछ। दर्शनका अनेक शाखाहरू छन्। ती शाखाहरूमध्ये जीवन दर्शन एउटा महत्त्वपूर्ण शाखा हो। यस सन्दर्भमा भनिएको छ :

> म को हुँ ? म कसरी यो संसाररूपी नाट्यशालामा आइपुगें ? यो संसारको सृष्टि किन र कसरी भयो होला ? ईश्वरले बनायो कि ? परमाणुबाट आफै बन्यो कि ? ईश्वरको अस्तित्वमा के प्रमाण छ ? मानव जीवनको चरम लक्ष्य के हो ? जडबाट चेतनको आविर्भाव भयो या चेतनबाट जडको ? मान्छे किन जन्मन्छ र मर्छ ? व्यक्ति र समाजमा के सम्बन्ध छ ? यस्तैयस्ता प्रश्नहरूको युक्तिपूर्वक उत्तर खोज्ने प्रयास हो दर्शन (गिरी, २०५५:०१)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीवनजगत्का रहस्यमय विषयलाई चिन्तनमनन गरी त्यसका गहिराइसम्म पुगेर तत्त्वज्ञान गर्ने काम दर्शनमा हुन्छ। यसमा प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन, चेतनाजस्ता अनेक विषयमा चिन्तन गरिन्छ। यसमा पनि दर्शनको मूल विषय जीवन हो। जीवन भनेको जीवले धारण गर्ने अस्तित्व र त्यसको विस्तार काल पनि हो। जीवन मानिसका भोगाइसापेक्ष हुने कारण अमूर्त छ। जीवनप्रतिको दृष्टिकोण नै दर्शन भएकाले जीवन र दर्शनबीच अन्योन्याश्रित सम्बन्ध छ। संसारको उत्पत्ति र जीवनजगत्सम्बन्धी विषयमा ऋग्वेदको नासदीय सूक्तमा भनिएको छ :

त्यस समयमा न सत् थियो न असत्
न कुनै लोक थियो न आकाश र अरू पनि
सब कसले ढाकेको थियो ? कहाँ कसको शरणमा थियो ?
के गहन र गम्भीर अन्तरिक्ष थियो ?॥ १ ॥
त्यस बेला मृत्यु थिएन अमृत थियो
रातदिनको चिन्ह पनि यहाँ थिएन
वायुरहित सचेतन स्वधाशक्ति भएको ऊ एउटामात्र थियो
उसबाहेक अरू उपरको कोही थिएन॥ २ ॥

(गिरी, २०५५ : ३)

यस सूक्तअनुसार परापूर्व कालमा यस संसारको उत्पत्तिका सम्बन्धमा भन्नुपर्दा ऊ थियो अर्थात् कुनै ईश्वरीय शक्ति थियो। पछि त्यसले नै यो जीवनजगत् सृष्टि गऱ्यो। यसरी विस्तारै जीवन अगाडि बढ्दै जाँदा विसङ्गत पक्ष देखिन थाले। संसार विसङ्गत देखियो। यसैबाट मानव जीवन दर्शनको विकास भएको पाइन्छ।

उपर्युक्त नासदीय सूक्तकै सृष्टि चिन्तनलाई यसरी पनि प्रस्तुत गरिएको पाइन्छ। यसलाई सृष्टि चिन्तनको सबैभन्दा माथिल्लो चिन्तन मानिएको छ, जुन यसप्रकार छ :

सृष्टिका आरम्भमा अन्धकारै अन्धकार थियो। त्यसबेला न सत् थियो न असत्, न अन्तरिक्ष थियो न व्योम, यसलाई कसले ढाकेर बसेको थियो, के गहन गम्भीरदानी थियो, न त त्यहाँ मृत्यु थियो न अमरता, न दिन थियो न रात, अनि न त रातलाई छुट्ट्याउने प्रकाश नै थियो। त्यहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकमात्र तत्त्व थियो, जुन बिना वायु पनि आफ्नै शक्तिले श्वास लिन्थ्यो। उसका अतिरिक्त त्यहाँ अरू कोही थिएन। तब तपको महिमाबाट एक तत्त्व प्रकट भयो, त्यही 'एक' मा काम (इच्छा, आसक्ति, भोगवासना) उत्पन्न भयो। यही नै सृष्टिको प्रथम बीज थियो। .... प्राचीन मनीषी, विचारकहरूले आफ्नो अन्तःकरणमा विचार गरेर असत्‌बाट सत्‌को उत्पत्तिको खोज गरे। साँच्चै कोही जान्दछन् – त्यो को थियो ? र त्यो सृष्टि कहाँबाट भयो भनेर कसले बताउन सक्छ ? को, कहिले, कहाँबाट भयो भनी कसले जानेको छ ? यो सारा त्यसैले मात्र जान्दछ जो परमव्योममा व्याप्त छ, अथवा के पनि हुन सक्छ भने त्यसले पनि जानेको छैन कि ? (ऋग्वेद, नासदीय सूक्त १०।१२९, उद्‌धृत रिसाल, २०७१ : २२२)।

जीवन नै एक किसिमबाट दर्शन हो र यो सदा दर्शनसापेक्ष हुन्छ (रिसाल, २०६२ : १९४)। दर्शनले बाह्य तथा आन्तरिक प्रकृति र जीवनजगत्‌का बारेमा विस्तृत चिन्तन गर्दछ। यो जीवन भोगाइबाट प्राप्त अनुभवभित्र रही त्यसको सार खिच्ने काम गर्दछ। प्रकृतिको उपज जीवन हो भने जीवनकै उपज जगत् हो। यसकारण दर्शनको प्रत्यक्ष सम्बन्ध जीवनसँग रहन्छ।

जीवन दर्शनको विषय सामग्री हो। अन्ततः दर्शन भनेकै जीवनको परिभाषा हो। त्यसैले जीवन नै दर्शनको आधारभूमि हो र दर्शन नै जीवनको प्रस्तुतीकरण हो (भण्डारी, २०६६ : ३७६ – ३९२)। दर्शनको मूल स्रोत जीवनलाई मान्न सकिन्छ। जीवनबाटै दर्शन पत्ता लगाउन सकिन्छ। जीवनकै अवस्थाबाट दर्शनको स्तर निर्धारण गर्न सकिन्छ। जीवनजगत्‌को सङ्गति खोज्ने क्रममा मानिस तर्कशील बन्दै गएर जीवनजगत्‌लाई दर्शनको विषय बनाएको पाइन्छ।

पूर्वीय दर्शनमा व्यावहारिक पक्षमा विशेष जोड दिएको पाइन्छ। यसमा जीवन र दर्शनको अत्यन्त निकटको सम्बन्ध रहेको छ। जीवनमा आइपर्ने समस्याको समाधान गर्नु पनि यस दर्शनको मुख्य लक्ष्य देखिन्छ। यस सम्बन्धमा रामानन्द गिरीको भनाइ छ :

पूर्वीय दार्शनिक परिवेशमा दर्शनलाई जीवन प्रणालीको रूपमा लिइएको छ। यहाँ दर्शनको अर्थ जीवनमा आइपर्ने समस्याबाट भागेर कुनै एकान्त गुफामा बसेर चिन्तन गर्नु नभएर जीवनमा आइपर्ने समस्याहरूसँग संघर्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेर त्यसबाट छुटकारा पाउनु हो। जनक, बुद्ध, शङ्कराचार्य आदि सबै पूर्वीय दार्शनिकहरूले दर्शनलाई ज्ञान प्राप्त गर्ने साधनको रूपमा मात्र नलिएर आफ्नो जीवन पद्धतिको रूपमा अपनाए। यसले जीवनबाट भाग्न नसिकाएर सत्यलाई जीवनमा उतार्न सिकाएको छ (गिरी, २०५५ : २०)।

वेदमा जीवन र जगत्को बारेमा प्रशस्त चिन्तन गरिएको पाइन्छ। मानव जीवनको लक्ष्य आध्यात्मिक सुख मानेर त्यसको खोजमा वैदिक ऋषिहरू निरन्तर लागेका थिए। प्रकृतिका स्वाभाविक परिवर्तन र क्रियाप्रतिक्रियालाई देखेर आफ्नै स्वतन्त्र बुद्धिद्वारा त्यसको समाधानको खोजीमा वैदिक ऋषिहरूले मानव जीवन र जगत्का सूक्ष्म रहस्यहरू पत्ता लगाएका थिए।

यहाँ पूर्वीय आस्तिक दर्शनअन्तर्गत साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनले जीवनजगत्लाई हेर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ।

२.२.१ साङ्ख्य दर्शनमा जीवनजगत्-चिन्तन

साङ्ख्य दर्शन वेदलाई प्रमाण मान्ने आस्तिक दर्शन हो। यसमा प्रकृतिलाई सृष्टिको कारण मानिएको छ। सत्व, रज र तम यी तीन गुणको साम्यावस्थालाई प्रकृति मानिएको छ। आफ्नो कारण नभए पनि अव्यक्त प्रकृतिले सम्पूर्ण दृश्यमान जगत्को सृष्टि गर्दछ। यही प्रकृतिबाटै बुद्धि, अहङ्कार, पञ्च तन्मात्रा र एघार इन्द्रियहरू, पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) र तिनका परमाणु उत्पन्न हुन्छन्। तिनै परमाणुबाट सारा जगत्को सृष्टि हुन्छ। अव्यक्त प्रकृति दृश्यपदार्थमा विकसित हुँदै जाँदा सृष्टिको क्रम सुरू हुन्छ भने त्यो अदृश्य बन्दै जाँदा वा प्रकृतिमा दृश्यपदार्थ बिलाउँदा संहारको क्रम हुन्छ।

प्रकृतिले नाना रूप भएको सृष्टिको सिर्जना गर्दछ। महाभारतको जनक-याज्ञवल्क्य संवादमा जनकको जिज्ञासामा याज्ञवल्क्यको दार्शनिक समाधान यस्तो छ : त्यहाँ प्रतिपादित दार्शनिक सिद्धान्तअनुसार प्रकृतिबाट महत् महत्बाट मन आदि नौवटा क्रममा सृष्टिको प्रक्रिया पूरा हुन्छ (गिरी, २०५५ : ३७)। प्रस्तुत जनक-याज्ञवल्क्य संवादको सृष्टि प्रक्रियाको सन्दर्भ पनि साङ्ख्य दर्शनमा आधारित देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकृति सृष्टिको वा जीवनजगत्‌को मूल कारण भए पनि यसलाई पुरुषको संयोग आवश्यक पर्दछ। पुरुष चेतन छ। यो अन्य पूर्वीय दर्शनमा भनिएको आत्मा पनि हो। यो तीन गुणरहित छ। पुरुष स्वयं ज्ञाता हो। यो निष्क्रिय छ। पुरुष अनेक रूपको छ। यो कार्यकारणभन्दा पृथक् छ। यो अपरिवर्तनशील छ। यो अपरिणामी नित्य छ। यस्ता विशेषता भएको पुरुषको सम्पर्कमा आउँदा प्रकृतिमा रहेको सत्व, रज र तम गुणको साम्यावस्थामा गडबडी पैदा भएपछि विकासको सुरूवात हुन्छ। यस सम्बन्धमा एउटा उदाहरण दिइएको छ : "जसरी चुम्बकलाई नजीक लैजाँदा फलाममा क्रिया उत्पन्न हुन्छ, त्यस्तै चेतन पुरुषको सम्पर्क पाउनासाथ अचेतन प्रकृतिमा क्रिया उत्पन्न हुन्छ" (गिरी, २०५५ : ४६)।

साङ्ख्य दर्शनमा व्यक्त (प्रकृतिको विकार वा बुद्धि आदि), अव्यक्त (प्रकृति) र ज्ञ (पुरुष) तत्त्वको समष्टिलाई चिन्तन गरिएको छ। भोग्य प्रकृतिले पुरुषको अपेक्षा गरेपछि जब पुरुष प्रकृतिको संसर्गमा पुग्छ तब पुरुष भोक्ता बन्छ। यसपछि प्रकृतिमा विकार उत्पन्न हुन्छ। तत्त्वको विकार भएपछि जीवनजगत्‌को सृष्टि हुन्छ। जस्तै : दूध (प्रकृति) → दही (विकृति) → नौनी (विकृति) → हामी मानिस (विकृति)। व्यक्त (प्रकृतिका विकार) महतत्त्व (बुद्धि), अहङ्कार, पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, मन, पञ्चतन्त्रमात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द), पञ्च महाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) यी हुन्। अहङ्कारको मूल स्वभाव अभिमान हो। सात्विक अहङ्कारबाट एकादश इन्द्रिय जन्मन्छन्। तामस अहङ्कारबाट पञ्चतन्मात्रा जन्मन्छन्।

यस दर्शनले सत्कार्यवादको मान्यतामा रहेर सृष्टिको प्रवर्तन विश्लेषण गरेको छ। सत्कार्य (कार्यकारण सम्बन्ध) दूध → दही → नौनी → मही, यी सबै सत् हुन्। यसले विकासवादलाई महत्त्व दिएको छ। कुनै पनि कार्य उत्पन्न हुनको लागि कारणको आवश्यकता पर्दछ र त्यस कारणमा कार्यमा भएका गुणहरू अनिवार्य रूपमा रहेकै हुनुपर्छ। यसै सिद्धान्तलाई सत्कार्यवाद पनि भनिन्छ (गिरी, २०५५ : ४६)।

यो विश्व, यो जीवनजगत् प्रकृतिको परिवर्तित रूप हो। यो संसारमा आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःख छन्। यसबाट मानिस सधैँ पीडित छ। पुरुषको भोग र मुक्तिका निम्ति सृष्टि हुने भएकाले मान्छेले प्रकृति र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरुषको यथार्थज्ञान (भेदज्ञान) गरेर मुक्त हुनुपर्छ। जीवनकालमै यस्तो ज्ञानपछिको अवस्था जीवन्मुक्ति हो भने मृत्युपछि स्थूल र सूक्ष्म दुवै शरीरबाट मुक्त भई जन्मजन्मान्तरको क्रिया समाप्त भई त्रिगुणातीत (सत्व, रज, तम तीनै गुणरहित) अवस्थामा पुग्नु विदेहमुक्ति हो।

आध्यात्मिक दुःखको कारण आन्तरिक हुन्छ। यो आधि (मानसिक) र व्याधि (शारीरिक) गरी दुई प्रकारको मानिएको छ। काम, क्रोध, ईर्ष्या, द्वेष, राग आदिका कारणबाट उत्पन्न हुने दुःख आधि (मानसिक) दुःख हो। आहार-विहारको असन्तुलन र शरीरमा उत्पन्न हुने कफ, वात, पित्त आदि रोगबाट उत्पन्न हुने दुःख व्याधि (शारीरिक) दुःख हो। मानिस, पशुपन्छी आदि समस्त प्राणीका कारणबाट उत्पन्न हुने दुःखलाई आधिभौतिक दुःख भनिन्छ। सर्प, बिच्छीजस्ता विषालु जन्तुले डस्नु, हिंस्रक प्राणीले आक्रमण गर्नु आधिभौतिक दुःख हुन्। ग्रह, नक्षत्र आदिका कारण उत्पन्न हुने बाढी, पैह्रो, हिमपात, भूकम्प आदि प्रकोपहरू आधिदैविक दुःखभित्र पर्दछन्। यिनै दुःखबाट मुक्त हुनुपर्छ भन्ने ध्येय साङ्ख्य दर्शनमा रहेको छ।

साङ्ख्य दर्शनले व्याख्या गरेको जगत्को उत्पत्तिको प्रक्रियालाई भागवतमा प्रकाशित पारिएको छ। अव्यक्त प्रकृतिबाट महत्तत्त्वको उत्पत्ति हुन्छ। महत्तत्त्वबाट मनले युक्त अहंतत्त्वको उत्पत्ति हुन्छ। अहंतत्त्व तीन प्रकारका हुन्छन् – वैकारिक, तैजस र तामस। तैजस इन्द्रियहरूबाट सूक्ष्म एवं स्थूल पदार्थहरूको उत्पत्ति हुन्छ। अनादि एवं ज्योतिस्वरूप आत्मा र प्रकृतिको सम्पर्कले जगत्को उत्पत्ति हुन्छ। पुरुष वा आत्माको शक्ति त्रिगुणमयी प्रकृतिको सहायताबाट नै जगत्को सृष्टि हुन्छ (गिरी, २०५५ : ३३-३४)।

साठी पदार्थहरूको निरूपण गरेर आत्मतत्त्व बुझाउने उद्देश्यले बनेको साङ्ख्य दर्शनमा चौबीस तत्त्वको विवेचना पाइन्छ। यसले प्रकृति र पुरुषको संयोगबाट सृष्टि हुने कुरालाई प्रमाणित गरेको छ भने प्रकृति र पुरुषको भेद ज्ञान गरी मानव जीवनको सार्थकता प्राप्त गर्नुपर्ने तर्फ सङ्केत गरेको छ।

२.२.२ योग दर्शनमा जीवनजगत्-चिन्तन

चित्तको वृत्तिलाई नियन्त्रण गरेर जीवनलाई सही मार्गमा डोर्‍याउन मद्दत पुर्‍याउने दर्शन नै योग दर्शन हो। यसले योगाभ्यासमा विशेष महत्त्व दिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसमा प्रकृति र पुरुषको अस्तित्वलाई स्वीकार गरिएको छ। यस दर्शनमा प्रकृति जड र सक्रिय मानिन्छ भने पुरुषलाई चेतन र निष्क्रिय मानिन्छ। यी दुई तत्त्वलाई ईश्वर तत्त्वले जोडेपछि यो जगत् सृष्टि हुने कुरा यहाँ पाइन्छ। विश्वको उपादान कारण प्रकृति हो भने निमित्त कारण ईश्वर हो।

यस दर्शनमा परमेश्वर, पुरुष, प्रकृति, चित्त, अहंकार, पञ्च कर्मेन्द्रिय, पञ्च ज्ञानेन्द्रिय, मन, पञ्च तन्मात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द) र पञ्च महाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) गरी २६ तत्त्वको निरूपण गरिएको छ। यसमा प्रकाश, क्रिया र स्थितिशीलता जस्ता तीन गुणको चर्चा पाइन्छ। प्रकृति र पुरुषको संयोगको कारण ईश्वरको इच्छा मानिएको छ। प्रलय भए पनि यसमा प्रकृति बाँकी रहन्छ।

योग दर्शनले संसारलाई त्रिविध दुःखपूर्ण मानेको छ (गिरी, २०५५ : ४७)। यही दुःखबाट छुट्कारा पाउनका लागि चित्तवृत्तिको निरोध गर्नुपर्ने कुरालाई यस दर्शनले जोड दिएको छ। मन, अहङ्कार र बुद्धिको सामूहिक रूप चित्तको पाँच अवस्था रहेका छन्। ती यसप्रकार छन् : क्षिप्त, मूढ, विक्षिप्त, एकाग्र, निरूद्ध।

साधारणतया मानिसको चित्त क्षिप्त, मूढ र विक्षिप्त अवस्थामा रहेर विभिन्न सांसारिक पदार्थहरूमा विचरण गर्दछ। चित्तलाई ती तीन अवस्थाबाट माथि उठाएर एकाग्र अवस्थामा र त्यसभन्दा माथि उठाएर निरूद्धावस्थामा पुऱ्याउनको लागि योग दर्शनले आफ्नै मेहनतले एउटा बाटो खनेको छ। त्यो हो– अष्टाङ मार्ग। अष्टाङ्गमार्गमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि पर्दछन् यो योगमार्ग हो (गिरी, २०५५ : ४८)।

मानिस यस संसारमा जन्मेपछि आफ्नो जीवनलाई कतातिर लैजाने भन्ने कुरा उसको व्यवहारमा पनि भर पर्दछ। यसर्थ व्यावहारिक दर्शन मानिने योग दर्शनका मार्गहरू अवलम्बन गरेर अगाडि बढेमा जीवनको अन्तिम लक्ष्य प्राप्त गर्न सकिन्छ। यसका लागि आन्तरिक र बाह्य इन्द्रियहरूको संयम, सदाचारको पालना, शरीरलाई विशेष मुद्रामा राख्ने काम, श्वास–प्रश्वासको नियन्त्रण र त्यसमा क्रम स्थापना, इन्द्रियलाई बाह्य विषयबाट खिची मनको वशमा राख्ने काम, चित्तलाई आफ्नो लक्ष्यमा लगाउने काम, उद्देश्य प्राप्तिमा एकाग्रता ध्येय वस्तुमा पूर्णतः लीन वा समाधी अवस्थामा पुग्ने काममा विचार पुऱ्याउनुपर्दछ। यसैमा मनुष्य जीवनको सार्थकता छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योग दर्शनमा इन्द्रिय नियन्त्रण गरी आत्मसंयमी भएर सन्मार्गमा अगाडि बढ्नुपर्ने कुरालाई महत्त्व दिइएको छ। श्रीगणेशगीताको प्रथम अध्यायमा योगका सम्बन्धमा यसरी प्रकाश पारिएको छ :

कुनै पनि सांसारिक नाशवान् वस्तुप्रति चित्त आसक्त नबनाएर मेरो मात्र (परमात्माको मात्र) भजन गरिरहनु योग हो। किनभने विषयादिमा चित्त गयो वा गइरह्यो भने बुद्धि भ्रष्ट हुन्छ। विषयरूपी जङ्गलमा चर्न खोज्ने इन्द्रियरूपी घोडाहरूलाई मनरूपी लगामले रोकेर, नियन्त्रण गरेर परमात्मारूपी ममा लगाउने र हरसमय मलाई सम्झने नै साँचो योगी हो (रिसाल, २०७१ ख : ८९)।

२.२.३ न्याय दर्शनमा जीवनजगत्-चिन्तन

तर्कशास्त्र र प्रमाणशास्त्रमा अत्यधिक जोड दिने न्याय दर्शनले असत्कार्यवाद सिद्धान्तका आधारमा सृष्टिको व्याख्या गर्दछ। ईश्वरको अस्तित्वलाई स्वीकार गर्ने र वेदलाई प्रमाण मान्ने भएकाले यो आस्तिक दर्शन हो। स्पष्ट तार्किकका दुई भेद भोगसाधना- दृष्टवादी र उत्पत्तिसाधना - दृष्टवादीमध्ये उत्पत्तिसाधना - दृष्टवादीअन्तर्गत पृथक् शब्दप्रमाण स्वीकार्ने दर्शन न्याय दर्शन हो (नेपाली साहित्यकोश, २०५५ : ८१९)। यस दर्शनमा पृथ्वी, जल तेज र वायुजस्ता निष्क्रिय र गतिहीन परमाणुमा ईश्वरको इच्छाअनुसारको क्रिया उत्पन्न हुँदा परमाणुहरू गतिशील भई एकअर्कामा जोडिन थाल्छन् र यही प्रक्रियामा जगत्को सृष्टि हुन्छ भन्ने मान्यता पाइन्छ (भुसाल, २०६८ : १०३)।

न्याय दर्शनअनुसार शब्दको अर्थ निर्धारण गर्ने कार्य पनि ईश्वरको इच्छामा भर पर्दछ। यसको असत्कार्यवादी सिद्धान्त साङ्ख्यको सत्यकार्यवादको ठीक विपरीत छ। सत्कार्यवादमा कार्यमा जुन गुण हुन्छ त्यो गुण कारणमा पनि हुनुपर्छ। असत्कार्यवादमा कार्यमा भएको गुण कारणमा हुनु आवश्यक मानिँदैन। यसलाई कार्यको उत्पत्तिको क्षण एक नयाँ थालनी भएकाले आरम्भवाद पनि भनिन्छ।

यस दर्शनले आत्मालाई स्वरूपतः जड मानेको छ। आत्माको सम्पर्क मनसँग, मनको सम्पर्क इन्द्रियसँग र इन्द्रियको सम्पर्क बाह्य पदार्थसँग भएपछि मात्र आत्मामा चेतनाको सञ्चार हुने कुरा यहाँ व्यक्त गरिएको छ। अचेतन भएर पनि चेतना धारण गर्न सक्ने क्षमता भएको आत्मालाई नित्य र निरवयव मानिएको छ। यसले जीवात्माको अनेकता स्वीकार गरेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्याय दर्शनमा संसारलाई दुःखमय मानिएको छ। यस जीवनमा मानिस दुःखी छ। यो दुःखमय अवस्थाबाट मुक्ति पाउन आत्मा, शरीर, इन्द्रिय र मनलाई एउटै पदार्थ मान्नु हुँदैन। जबसम्म मानिस आफ्नो जीवनमा शरीर र मन आफू होइन भन्ने ज्ञान गर्न सक्दैन ऊ कदापि मुक्त हुन सक्दैन। संसाररूपी भवसागरबाट पार तर्नका लागि श्रवण, मनन र निदिध्यासनको मार्ग समातेर अगाडि बढ्नुपर्ने मान्यता यस दर्शनमा पाइन्छ। यो जीवनजगत्मा मनुष्य भई जन्मेपछि उसले आफ्नो जीवनलाई सार्थक तुल्याउनुपर्छ। जीवनको परमलक्ष्यका सम्बन्धमा न्याय दर्शनमा यसो भनिएको छ :

> शरीर, इन्द्रिय र मनबाट पृथक् भएर आत्मा जब आफ्नो यथार्थस्वरूप (अचेतन, जडअवस्था) मा पुग्दछ, त्यति बेलामात्र आत्मा मुक्त हुन्छ। मोक्षको अवस्थामा आत्मा बिलकुल अचेतन रहन्छ, एउटा ढुङ्गाजस्तै, जसमा आफ्नो अस्तित्वको अनुभव पनि हुँदैन। प्राचीन न्यायले मोक्षलाई आनन्दशून्य अवस्था मानेको छ। जहाँ आनन्द हुन्छ, त्यहाँ दुःख पनि हुन्छ भन्ने प्राचीन नैयायिकहरू ठान्दछन्। तर नव्य नैयायिकहरूले मोक्षलाई आनन्दमय अवस्था मानेका छन् (गिरी, २०५५:५१)।

२.२.४ वैशेषिक दर्शनमा जीवनजगत्–चिन्तन

विशेष (परमाणु) पदार्थलाई प्रमुख मानेर अध्ययन गरिएको हुनाले वैशेषिक दर्शन भनिएको यस दर्शनमा परमाणु सृष्टिवादमा जोड दिइन्छ। यसमा परमाणु विशेषलाई सृष्टिको कारण मानिएको छ।

वैशेषिक र न्याय दर्शनमा मोक्ष, जीवात्मा, ईश्वर र परमाणुसम्बन्धी अवधारणा समान खालको देखिन्छ। त्यसैले यी दुई दर्शनलाई एकै ठाउँमा राखी न्याय–वैशेषिक भनेको पाइन्छ (गिरी, २०५५ : ५२)। यस दर्शनमा बताइएअनुसार परमाणु निष्क्रिय र गुणयुक्त हुन्छ। त्यही परमाणुमा ईश्वरको इच्छाअनुसार गति पैदा भई जगत्को सृष्टि हुन्छ। यो परमाणुवादलाई ग्रीक दर्शनको परमाणुवादसँग जोडेर समान रूपमा हेर्ने र फरक ढङ्गबाट व्याख्या गर्ने प्रवृत्ति पनि समालोचकहरूको पाइन्छ। ग्रीक दर्शनले परमाणुलाई स्वभावतः सक्रिय र गतिशील मानेको पाइन्छ भने पूर्वीय दर्शनमा परमाणु स्वभावतः निष्क्रिय हुने र यो ईश्वरद्वारा गति पैदा भएपछि मात्र सक्रिय हुने विचार व्यक्त गरेको पाइन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(भुसाल, २०६८ : ९८-९९)। ग्रीक दर्शनले परमाणुलाई गुणरहित परिमाणयुक्त मानेको र कणादको यस दर्शनले परमाणुमा गुण र परिमाण दुवैको अस्तित्व स्वीकार गरेकाले यी दुई चिन्तनमा भिन्नता देखिन्छ।

यस दर्शनका अनुसार प्रमेय वा तत्त्वभन्दा माथि पदार्थ परमाणु मूल प्रकृति हुन्छ। द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव जस्ता पदार्थहरू यसमा हुन्छन्। त्यस्तै पृथ्वी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा र मन द्रव्यहरू हुन्। यसमा परमाणु रूप नित्य हुन्छ भने कार्य रूप अनित्य हुन्छ। आत्मा (द्रव्य) को स्वरूप अणुरूप हुन्छ। आत्माको आश्रय ज्ञान हुन्छ भने मनको आश्रय सुखदुःखादि हुन्छन्।

कणादले वस्तु वा पदार्थको रचना तीन प्रकारबाट हुने बताएका छन्। घटपट आदि व्यक्ति विशेषबाट निर्मित, आकाश, काल, दिशा आदि स्वतः निर्मित र भूमण्डल, सूर्यमण्डल आदि कुनै ज्ञानवान् पुरुषबाट निर्माण हुने भनिएको छ।

२.२.५ मीमांसा दर्शनमा जीवनजगत्-चिन्तन

मीमांसा दर्शन पूर्ण रूपमा वेदमा आधारित दर्शन हो। वेदका पूर्वभागमा कर्मसम्बन्धी चर्चा पाइन्छ। त्यही कर्मभागमा मीमांसा दर्शन आधारित छ। यसले सम्पूर्ण दृश्य पदार्थलाई सत्य मान्दछ।

मीमांसा दर्शनअनुसार जगत्को सृष्टि परमाणुबाट भएको हो भन्ने मान्यता पाइन्छ। परमाणुमा क्रिया उत्पन्न हुनका लागि यसमा मनुष्यको कर्मबाट उत्पन्न अपूर्वको आवश्यकता पर्दछ। अपूर्वद्वारा परमाणु सञ्चालित भई कर्मअनुसारको संसार बन्ने धारणा यस दर्शनको रहेको छ (गिरी, २०५५ : ५४)। वेदले निर्देश गरेका कर्मको आचरण गरेमा 'अपूर्व' उत्पन्न हुने र त्यसैबाट निष्क्रिय परमाणुमा क्रिया उत्पन्न भई जीवनजगत् सृष्टि हुने कुरा यस दर्शनमा पाइन्छ। यो संसारमा कर्मकर्ताले कर्मअनुसारको फल भोग्नुपर्दछ। कर्मको प्रयोजन यसमा स्वर्ग प्राप्ति मानिएको छ। यज्ञयागादिको फलले स्वर्ग प्राप्तिको अन्तिम लक्ष्य मानिए पनि प्रभाकर र कुमारिलजस्ता नव्य मीमांसकहरूले भने कर्मको प्रयोजन मोक्षलाई मानेको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस दर्शनमा द्रव्य, गुण, कर्म, सामान्य, शक्ति र अभावजस्ता ६ पदार्थलाई महत्त्व दिइएको छ। यसमा वेदलाई अविनाशी र नित्य तत्त्वका रूपमा मानेर वेदबाटै सृष्टि प्रारम्भ भएको मान्यता प्रस्तुत गरिएको छ। ईश्वरलाई तत्त्वका रूपमा स्वीकार नगरिएकाले यसमा जगत्को प्रारम्भ ईश्वरबाट नभई वेदबाट भएको र त्यो अकर्तृक हुन्छ भनिएको छ। कार्य रूप सृष्टिमा कारणलाई स्वीकार गरे पनि कारण अदृष्टको परिणाम भएको कुरा यस दर्शनमा पाइन्छ। यसरी जगत् अकर्तृक हुँदा महाप्रलय पनि हुँदैन र वेदमा विच्छिन्नता पनि आउँदैन भन्ने मीमांसकहरूको मान्यता छ। संसार अनादि भए पनि कल्पहरू फेरिने कुरालाई मीमांसा दर्शनले प्रतिपादन गरेको छ।

वेद अपौरुषेय मानिएको हुनाले वैदिक वाक्यको र कर्म उपासना ज्ञानको तत्त्व बुझ्नको निमित्त वेदवाक्यको मीमांसा आवश्यक भएकाले मीमांसा दर्शनको प्रादुर्भाव भएको भन्ने बुझिन्छ (नेपाली साहित्यकोश, २०५५ : ८२३)। यसमा पाप पुण्यको अस्तित्व छ, त्यसअनुसार फल प्राप्त हुन्छ भनिएको छ। यस दर्शनमा वेदलाई नित्य, स्वयम्भू, अपौरुषेय मानेर त्यसबाटै सृष्टि प्रक्रिया भएको हो भन्ने मान्यता पाइन्छ। यसमा यज्ञ, बलि, हवनजस्ता कर्मकाण्डको प्रक्रिया पूरा गर्नुलाई धर्म मानिन्छ। यसैबाट मानिसले धर्म प्राप्त गरी दुःखको लेश पनि नभएको स्वर्ग प्राप्त हुने कुरामा विश्वास गरिएको छ। जीव बन्धनबाट मुक्त हुनका लागि स्वर्ग प्राप्ति नै मुख्य उपाय यसमा देखाइएको छ। स्वर्गप्राप्तिका मार्गहरू पनि यस दर्शनमा दिग्दर्शन गरिएको छ।

२.२.६ वेदान्त दर्शनमा जीवनजगत्–चिन्तन

चारै वेदको सारतत्त्वलाई वेदान्त दर्शन भनिन्छ। यो औपनिषद दर्शन हो। उपनिषद्का सम्पूर्ण सिद्धान्तलाई एउटै मालामा उनेर व्यासले ब्रह्मसूत्रको रचना गरेका हुन् भन्ने मान्यता पाइन्छ। त्यस ग्रन्थमा ५५५ वटा सूत्रहरू छन्। ती सूत्रहरूमा ब्रह्म, जीव, जगत्सम्बन्धी सम्पूर्ण अवधारणाहरूलाई सूत्रबद्ध गरिएको छ। त्यसैलाई वेदान्तसूत्र भनिन्छ।

शाङ्कर वेदान्त दर्शनले पूर्वीय दार्शनिक क्षितिजमा जीवन र जगत्सम्बन्धी विशिष्ट चिन्तन प्रस्तुत गरेको छ (गिरी, २०५५ : ५४)। वेदान्त दर्शनलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यवस्थित र वैज्ञानिक रूप दिने महर्षि व्यास वा वादरायणले जीवनजगत्का अनेक आवरणभित्र रहेको आत्मा परमात्मालाई प्रतिष्ठापन गर्ने क्रममा अनेक विषयवस्तुको युक्तिसङ्गत व्याख्या गरेर 'सर्वंब्रह्ममयं जगत्' भन्ने युक्ति प्रस्तुत गरेको पाइन्छ।

ब्रह्म, जीव र जगत्का विषयमा उपनिषद्हरूमा अभिव्यक्त विभिन्न धारणाहरूलाई ध्यानमा राखी वादरायणले 'समन्वय'को सिद्धान्त प्रतिपादन गरी परस्पर विरोधी वचनलाई समन्वयात्मक रूपमा व्याख्या गर्ने प्रयास गरेका छन् (गौतम, २०६८ : ३४)। ब्रह्मज्ञान भइसकेपछि मानिसलाई सांसारिक माया, मोह र रिस रागले कत्ति पनि छुँदैन भन्ने वास्तविकतालाई पुष्टि गर्ने वेदान्त दर्शनले पूर्वीय दर्शनमा सर्वोच्च प्रतिष्ठा प्राप्त गरेको पाइन्छ (अर्याल, २०५७ : ८)।

शाङ्कर वेदान्त दर्शनले जीवन र जगत्सम्बन्धी गरेको विशिष्ट चिन्तन अद्वैतवाद हो। त्यो अद्वैतवादमा ब्रह्म एकमात्र सत्य वस्तु हो र यो सारा जगत् मिथ्या हो भनिएको छ। पारमार्थिक कोणबाट हेर्दा सम्पूर्ण दृश्यमान् जीवनजगत् मिथ्या हो। यसमा अध्यारोप र अपवादको मान्यता रहेको छ। अध्यारोपमा अवस्तुमा वस्तुको आरोप गरिन्छ। अँध्यारोमा डोरीमा सर्पको भान हुनु अध्यारोप हो। अपवाद अध्यारोपको ठीक विपरीत प्रक्रिया मानिन्छ। चैतन्य रूप आत्मा वा वस्तुमा जड पदार्थ रूप पुत्र पौत्र आदि जगत् वा अवस्तुको कल्पना गर्नु अध्यारोप हो भने त्यसमा रोकावट गर्नु अपवाद हो। अपवाद ज्ञान र अज्ञान दुवैको परिणाम हो। अज्ञानका समयमा वस्तुमा अवस्तुको कल्पना गरेपछि जड जगत्को प्रतीति हुन्छ। ज्ञानका समयमा अध्यारोप बाधित हुन्छ र चैतन्य रूप आत्माको मुक्त रूपको प्रतीति हुन्छ।

वेदान्त दर्शनमा वस्तुको अर्थ सत् चित् आनन्द स्वरूप अद्वैत ब्रह्म हो। अज्ञानका कारण भाषित हुने अवस्तु समस्त जीवनजगत् हो। जगत्मा त्रिगुणको संयोग हुने भएकाले यो भाव रूपमा देखिन्छ र यो सारा जीवनजगत् सृष्टि माया या भ्रमका रूपमा रहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसै सन्दर्भमा जीवनजगत्को उत्पत्तिका बारेमा भनिएको छ :

> जसरी हावा आउँदा समुद्रमा तरङ्गहरू तरङ्गित हुन्छन् त्यसै गरी सच्चिदानन्द ब्रह्मको मायासँग सम्पर्क हुँदा सम्पूर्ण जगत्को उत्पत्ति भएको भान हुन्छ। जसरी समुद्रको पानीको भन्दा भिन्न कुनै अस्तित्व छैन। त्यसकारण ब्रह्म एकमात्र सत्य वस्तु हो। त्यसबाहेक सबै वस्तुहरू सत्य होइनन्। किनकि सत्य त्यो वस्तु हुन्छ जुन भूत, वर्तमान र भविष्यत् तीनै कालमा रहिरहन्छ। शाङ्कर सिद्धान्तमा प्रतिभासिक, व्यावहारिक र पारमार्थिक गरी तीन किसिमका सत्ताको चर्चा गरिएको छ। जगत् स्वप्न (प्रतिभासिक सत्ता) जस्तो बिलकुल भ्रम होइन तर संसार त्यतिबेलासम्म सत्य हो जबसम्म त्यसको विचार व्यावहारिक दृष्टिकोणबाट गरिन्छ। पारमार्थिक दृष्टिकोणबाट विचार गर्दा ब्रह्ममात्र सत्य वस्तु हो (गिरी, २०५५: ५५)।

वेदान्त दर्शनमा सम्पूर्ण जीवन, जगत्, सृष्टिलाई ईश्वरको खेल मानिएको छ। यसमा व्यावहारिक दृष्टिकोणबाट मात्र ईश्वरलाई सत्य मानिन्छ। पारमार्थिक दृष्टिकोणले हेर्दा ईश्वरलाई असत्य मानिन्छ। यस दर्शनमा जीवले ईश्वरभन्दा माथि पुगेर आफ्नै प्रयासमा मोक्ष प्राप्त गर्न सक्छ। उपनिषद्हरू वेदका अन्तिम भाग हुन्। तिनमा अद्वैतको प्रतिपादन गरिएको छ। यसै कारण वेदान्तलाई अद्वैत दर्शन पनि भनिएको छ। यस दर्शनअनुसार जीवनजगत्लाई यसरी चिन्तन गरिएको छ :

> ब्रह्ममात्र एकमात्र सत्य हो, जगत् मिथ्या हो, जीव ब्रह्म नै हो, अन्य होइन (ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः) .... असत्बाट सत्को उत्पत्ति हुन सक्दैन, अतः आरम्भमा यो एकमात्र अद्वितीय सत् (ब्रह्म) नै थियो (कथमसतः सज्जायते। सत्त्वेव सोप्येदमग्र आसीदेकमेवाद्वितीयम्। (छान्दोग्योपनिषद् ६।२।२)... यो जो सत्संज्ञक अणिमा आत्मा (जगत्को मूल बताइएको) छ त्यसैले यो सम्पूर्ण जगत् आत्मवान् छ तथा यो नै सत्य हो, त्यो आत्मा तिमी नै हो (स य एषोकणिमैतदात्म्यमिदं सर्वं तत्सत्यं स आत्मा तत्त्वमसि– (छान्दोग्योपनिषद् ६।८।७) यो औपनिषद अद्वैतवादानुसार सत्य एउटै हुन सक्छ, अनेक हुन सक्दैन। आत्माको अस्तित्वमा सन्देह छैन, सबै आत्माको सत्ता स्वीकार गर्छन्। नगर्ने भए 'म छैनँ' भन्ने थिए, कोही त्यसो भन्दैन। त्यसो हुँदा आत्मा छ, त्यो आत्मा नै ब्रह्म हो (सर्वो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ह्यात्मास्तित्वं प्रत्येति न नाहमस्मीति। यदि हि नात्मास्तित्वप्रसिद्धि स्यात् सर्वो लोको नाहमस्मीति प्रतीयात्। आत्मा च ब्रह्म - ब्रह्मसूत्र १।१।१ शाङ्करभाष्य)। यो सम्पूर्ण जगत् निश्चय नै ब्रह्म नै हो (सर्वं खल्विदं ब्रह्म - (छान्दोग्योपनिषद् ३।१४।१)। यी उपनिषद्का कथनहरूले अद्वैतवादको प्रतिपादन गरेको पाइन्छ (नेपाली साहित्यकोश, २०५५ : ८२३ - ८२४)।

यसरी हेर्दा उपनिषद्हरूले यो जीवनजगत्लाई ब्रह्म मान्दछन्। बाहिर देखिने जीवनजगत् मिथ्या हो। वास्तवमा भएको वस्तु त सच्चिदानन्द ब्रह्म नै हो। माया अर्थात् भ्रमज्ञानका कारण मानिसले ब्रह्मलाई सुखदुःख रूप जीवनजगत्को रूपमा देख्दछ। सत्यलाई मायाका आवरणले ढाकेका कारण जगत्को अस्तित्वको भ्रम देखिएको हो। वास्तविक ज्ञान भएपछि वा भ्रमज्ञान हटेपछि सच्चिदानन्द स्वरूप ब्रह्मको प्राप्ति हुन्छ। यही नै वेदान्त दर्शनको मूल अभिष्ट पनि हो। वेदान्त दर्शनले मायालाई जगत्को कारण मान्दछ। यसबारे भनिएको छ :

> जो कसैको जानकारीमा आउँदैन उसैको नाम माया हो। माया अनादि अविद्या परमेश्वरको पराशक्ति हो। जसबाट सारा जगत् पैदा भएको छ। संसार झुट्टा छ भनेको हो। माया मनको मोह हो, जो मानिसको असावधान तथा अज्ञान हो। अविद्या (भ्रम, मोह) नै माया हो। विषयमा सुखभ्रम नै माया हो। स्वरूप ज्ञानको चरितार्थता भएपछि विषयसुख भ्रम नष्ट हुन्छ अनि माया मेटिन्छ (खड्का, २०७१ : २६३)।

संसारको स्रष्टा, पालक र संहारकका रूपमा रहेका ईश्वरले मायाको सक्रियता र प्रभावका अवस्थामा जीवलाई कर्मअनुसारको फल दिने कुरा वेदान्त दर्शनमा पाइन्छ। यसका साथै ब्रह्मलाई भने पारमार्थिक, सत्य, निर्गुण, निराकार, निर्विशेष, व्यक्तित्वशूल्य, मायाबाट टाढा वा मायाको प्रभाव नभएको उपासनाको विषय पनि नभएको मानिएको छ। मानव जीवनको अन्तिम लक्ष्य पनि ब्रह्मबोध गर्नु नै हो। यसलाई परमपुरुषार्थ भनिएको छ।

म ब्रह्म हुँ, म संसारी होइन, म त मुक्तात्मा हुँ भन्ने कुराको नित्य भावना हुनुपर्छ। पहिले भावनाको बलले, संस्कारका बलले, ब्रह्मवासनाका अभ्यासले, ब्रह्मको सामान्य, परोक्ष ज्ञान हुन्छ भने त्यसको दृढता भएपछि अनुभवका बलले, ब्रह्मात्मैक्यबोधका बलले अपरोक्ष ब्रह्मसाक्षात्कार हुन्छ। यही नै हाम्रो जीवनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परमपुरुषार्थ हो। ब्रह्म बोधबाट नै परमपद मोक्ष प्राप्ति हुन्छ (रिसाल, २०७१ : १६९)।

मानिसले यस संसारमा जन्म लिएपछि, संसाररूपी बन्धनमा बाँधिएपछि त्यसबाट मुक्त हुने उपाय आफै गर्नुपर्दछ। आफू शुद्ध चैतन्य, अमर ब्रह्म वस्तु भए पनि अशुद्ध, जड, जन्मनेमर्ने, सुखीदुःखी ठानेर मानिस दुःखी हुन्छ। यस कुराको ज्ञान गरेर ब्रह्मतत्त्वको विवेक गरी आफू ब्रह्मै हो भन्ने अन्तिम बिन्दुमा पुगी मानिसले यो जीवन सार्थक पार्नुपर्दछ भन्ने मान्यता वेदान्त दर्शनमा पाइन्छ।

२.३ लक्ष्मीप्रसाद देवकोटाको जीवनजगत्-चिन्तन

जीवनमा प्राप्त भएका अनुभूतिहरूका माध्यमबाट बुद्धि लगाएर गरिएको सत्यको खोजीलाई दर्शन भनिन्छ। कुनै पनि साहित्यकार विशुद्ध साहित्य सर्जकमात्र हुँदैन। ऊ दार्शनिक पनि हुन्छ। उसले जीवनजगत्-सम्बन्धी चिन्तन गरी त्यसलाई साहित्यमा विचारका माध्यमबाट प्रस्तुत गर्दछ। साहित्य र दर्शनको सम्बन्ध धेरै नजिकको रहेको छ। संवेग र अनुभूतिको माध्यमबाट सत्यको प्रकाशन साहित्यमा गरिन्छ भने बुद्धि, तर्क र अनुभवका माध्यमबाट सत्यको प्रकाशन दर्शनमा गरिन्छ।

साहित्यको मूल आधार नै दर्शन हो। पूर्वीय क्षितिजमा आविर्भाव भएका सबैजसो साहित्य सिर्जनाको त दार्शनिक पृष्ठभूमि रहेकै हुन्छ। दर्शनले साहित्यलाई जीवन र स्पन्दन दिन्छ। ... दर्शनबिना मानिस बाँच्न सक्दैन। ... लक्ष्मीप्रसाद देवकोटा दार्शनिक कवि हुन् (रिसाल, २०६२ : १४)। साहित्यकारहरूले कुनै दर्शन वा विचार अँगाले वा नअँगाले पनि जीवनलाई हेर्ने कुनै दृष्टि उसका कृतिका अवयव वा सम्पूर्णतामा रहन सक्ने हुनाले साहित्य र विचारको सम्बन्ध विशेष महत्त्वपूर्ण हुन्छ (त्रिपाठी, २०५८ : ५०६)। प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतना बारेको विवेचन र विश्लेषण गरिने विद्या नै दर्शन हो (नेपाली वृहत् शब्दकोश, २०४० : ६३७)।

साहित्यकार लक्ष्मीप्रसाद देवकोटाले पनि आफ्ना कृतिहरूमा जीवनजगत्-सम्बन्धी प्रशस्त चिन्तन गरेका छन्। उनका महत्त्वपूर्ण जीवनचिन्तनहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ प्रस्तुत गरिएको छ। देवकोटाले पाँचौं कक्षामा पढ्दा महाभारतका व्यासको विचारबाट प्रभावित भई गाङ्गुली ट्रान्सलेशनका पानामा तलमाथि खाली ठाउँमा जगत्सम्बन्धी कविता लेखेको पाइन्छ। उनले यस कवितामा जगत् वा संसारलाई खाडीसँग तुलना गरेका थिए। देवकोटाले लेखेका छन् : त्यसपछि ... पञ्चम श्रेणीमा पढ्दा गाङ्गुली ट्रान्सलेशन पढिन्थ्यो जसका पानामा तलमाथि खाली ठाउँमा मैले दोस्रो नेपाली कविता रचैं, महाभारतको व्यासको विचारबाट जहाँ कविले जगत्लाई एक खाडीसँग तुलना गरेका छन् (देवकोटा, २०५५: ८४-८६, उद्धृत जोशी, २०४८:२)। त्यसैगरी देवकोटाको उपलब्ध प्रथम नेपाली कवितामा पनि पूर्वीय दर्शनले चिन्तन गरेको संसारलाई मूल विषय बनाइएको छ। कविता यसप्रकार छ :

घनघोर दुःखसागर संसार जान भाइ
नगरे घमण्ड कहिले मर्नु छ हामीलाई

(जोशी, २०४८ : ३)।

प्रस्तुत कवितामा संसारलाई घनघोर दुःखसागर मानिएको छ। साङ्ख्य दर्शनले चर्चा गरेको आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःखको सागर संसार भएकाले यसमा कसैले पनि घमण्ड नगरी लक्ष्यतर्फ लाग्नुपर्ने जीवनचिन्तन देवकोटाको पाइन्छ। शरीर नाशवान् छ। मृत्यु अन्तिम सत्य हो। यसैकारण तत्त्वचिन्तनमा लाग्नुपर्ने देवकोटाको विचार उक्त कवितामा पाइन्छ। देवकोटाका दाजु लेखनाथले दुई विवाह गरेका थिए र जेठी चाहिँबाट कुनै सन्तान भएनन्। त्यसैले उनी दुःखी भइन्। उनैका व्यथाले दस वर्षका लक्ष्मीप्रसादलाई उक्त कविता लेख्ने प्रेरणा प्राप्त भएको हुन सक्ने धारणा पाइन्छ (बन्धु, २०६७ : ९)। देवकोटाको उपर्युक्त दुइहरफे कवितामा संसारको दुःखमयता र जीवनको मरणशीलता (अनित्यता) मा आध्यात्मिक आदर्शवादी जीवनदृष्टि प्रकट भएको छ (अवस्थी, २०६१:२३)।

वि.सं. १९९७ मा प्रकाशित **सावित्री सत्यवान्** नाटकमा देवकोटाले जिन्दगीलाई भर्भराएर निभ्न लागेको बत्तीसँग तुलना गरेका छन्। जीवन अस्थीर छ। यो अँध्यारोमा हराउँछ। यो रहस्यमय छ। यो रहस्यमै बिलाउँछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्ने चिन्तन प्रस्तुत गरेका छन्। यस सन्दर्भमा कुमारबहादुर जोशीको भनाइ महत्त्वपूर्ण रहेको छ :

> कथ्य भाव वा विषयवस्तुका दृष्टिले हेर्दा **सावित्री सत्यवान्** पद्यनाटकमा वन-प्रकृतिलाई सुख-शान्ति र सौन्दर्यको वासस्थान, ईश्वरको पवित्र निवासस्थल, आर्य सभ्यताको उद्गम एवं संवर्द्धनस्थल तथा दिव्यचक्षु उघ्रने एवं जीवन फुल्ने स्थलका रूपमा चित्रित गर्दै कविले रूसोप्रेरित आफ्नो 'प्रकृतितर्फ फर्क'को चेत प्रकट गरिरहेको पाइन्छ भने दृढ इच्छाशक्ति एवं विशुद्ध आत्मिक प्रेमको कालजयी-सर्वातिशायी महिमाको प्रतिष्ठापन गरिएको छ। ... जीवनदृष्टिका सन्दर्भमा कविको मूलतः वेदान्त दर्शन प्रभावित विचारका जगमा अडेको रहस्यवादिता तथा आदर्शवादिता प्रकटिएको फेला पर्दछ (जोशी, २०४८ : २०-२१)।

लक्ष्मीप्रसाद देवकोटाले वि.सं. १९९० सम्ममा बी.ए., बी.एल्. सम्मको औपचारिक शिक्षा पूरा गरेको पाइन्छ। यसपछि उनी अङ्ग्रेजी साहित्यको गहन अध्ययनमै लागे। यहाँसम्म आइपुग्दा उनी बाल्यवयमै पिताबाट प्राप्त आर्य संस्कृतिको उज्ज्वल आदर्शवादी विचारधाराबाट निर्देशित भएर स्वच्छन्दतावादी प्रकृतिप्रेमका रचनातर्फ उन्मुख भएको पाइन्छ (अवस्थी, २०६१ : ३२)। देवकोटाका रचनामा जीवनसङ्ग्राम र नैराश्यको भाव देखिए पनि जीवनका निराशालाई दबाएर आशावादी हुन प्रयत्न गरिएको पाइन्छ। समाजलाई नयाँ बाटो देखाई नयाँ संसार बनाउन अघि सरेको देखिन्छ (पाण्डे, २०६६ : १५)।

मुनामदन (१९९२) खण्डकाव्यमा जीवनको समीक्षात्मक पर्यवेक्षण गरिएको छ। यसमा जीवनका संवेदनशील पक्षहरू समेटिएका छन्। देवकोटाले जीवनप्रतिको दृष्टिकोणलाई तलका पङ्क्तिहरूबाट प्रस्ट पारेका छन् :

हातका मैला सुनका थैला, के गर्नु धनले ?
साग र सिस्नु खाएको वेश आनन्दी मनले

(पृ. २)

नमान डर ईश्वर छ भर बुझाई बसे मन

(पृ. ५)

यो चार दिनको कञ्चन चोला ईश्वरले सिँगारे,

(पृ. १४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन

(पृ. २०)

हे पैसा ! तैले पासोमा पार्छस् सिंह झैं हृदय

(पृ. २६)

शहरभित्र केको हो यस्तो वियोग विलाप

(पृ. ३२)

चार नै दिनको यो पापी चोला, यो मैलो गुमानी

(पृ. ३७)

खानु र पिउनु जीवन भए, जिउनु हरे ! के ?
पछिको आशा नभए कठै ! मानिस हरे ! के ?

(पृ. ४०)

माथिका हरफहरूमा पूर्वीय दर्शनहरूले प्रस्तुत गरेको जीवनचिन्तन पाइन्छ। धनसम्पत्ति, सुख, भोगविलास पूर्वीय दर्शनमा क्षणिक र नाशवान् मानिन्छन्। यस्ताका पछि लागेर वास्तविक शान्ति पाइँदैन। आत्मिक शान्ति नै ठूलो कुरा हो। यो सृष्टि सबै ईश्वरको हो, त्यसैले हामी ईश्वरको भर पर्नुपर्दछ भन्ने जीवनचिन्तन यहाँ पाइन्छ। सबै मानिस एकै हो, सबैका हृदयमा ईश्वरको वास हुन्छ। पैसाले मानिसलाई पासोमा पार्दछ। यो दुःखको कारण हो। आधुनिक जीवन सभ्यता दुःखदायी छ। खानेपिउने हाम्रो जीवन होइन आफूलाई चिनेर सत्यवादी हुनु नै मानिसको जीवन हो। यही पूर्वीय चिन्तनलाई माथिका पङ्क्तिमा प्रस्तुत गरिएको छ।

यस सन्दर्भलाई तलको भनाइले पनि पुष्टि गर्न सकिन्छ : भोग त अस्थिर हो, अनित्य हो र क्षण भङ्गुर हो। अतः भोगका पछि नलागी योगको अवलम्बन गरेका खण्डमा मानवजीवन अवश्य पनि आनन्दी र सन्तोषी बन्दछ। यहाँ योग भन्नाले परमात्मामा मिल्नु वा चित्तलाई ईश्वरमा जुटाउनु हो। ... यसकारण व्यवहारमा कुनै पनि काम गर्दा सदाकाल हृदयमा ईश्वरलाई विराजमान गराएर, बुद्धिवृत्तिलाई नित्य, निरन्तर आत्मातिर फर्काएर विषयादिबाट विराग हुने नै मानवजीवनलाई आनन्दी बनाउने उत्तम मार्ग हो (रिसाल, २०५६ : ९)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खण्डकाव्यकी मुनामा भौतिक सञ्चयको तुच्छ आबद्धताबाट मुक्तिको चाहना छ। उपयोगितावादी भौतिक लिप्तताबाट मुक्त मन, मुक्त व्यक्तित्वको विवेकपूर्ण जीवनयापन प्रणाली मुनाको अभीष्ट रहेको छ (गौतम, २०५६ : ३)। मुनामा पूर्वीय संस्कृति र ऋषिमुनिहरूको आदर्श जीवनपद्धतिप्रति मोह छ। यही नै देवकोटाको जीवनचिन्तन पनि रहेको छ। सन्तुष्टि, धैर्य, सुखदुःखबाट विचलनरहित, अनासक्त हुनु नै वास्तविक जीवन ठान्ने गीतादर्शनको छाप **मुनामदन** खण्डकाव्यमा पाइन्छ। भोटे पात्रका माध्यमबाट मानवतावादी जीवनचिन्तन प्रस्तुत गरिएको छ। त्यस्तै मदन पात्रका माध्यमबाट कर्मयोगी जीवनचिन्तन प्रस्तुत गरिएको पाइन्छ।

मुनामदन खण्डकाव्यमा देवकोटाले प्रस्तुत गरेको जीवनचिन्तनका सम्बन्धमा कुमारबहादुर जोशीले लेखेका छन् :

> मदन र मुना एक-अर्काप्रति असाध्यै माया गर्ने पति र पत्नी भए पनि प्रारम्भमा मदनको जीवनदृष्टि मुनाको भन्दा भिन्न देखा पर्छ– मदन धन कमाएर भौतिक सुखसुविधा जुटाउन चाहने त मुना धनको एषणामा भौतारिनुभन्दा सरलसन्तुष्ट जीवन बिताउनु वेश भन्ने अर्थात् मदन धनको सुख ठूलो ठान्ने त मुना मनको सुख ठूलो भन्ने। मदनको यथार्थोन्मुखता र मुनाको आदर्शवादिताका बीचको यही द्वन्द्वबाट थालिएको काव्य अन्ततः मदनको हार र मुनाको आत्मिक जितमा टुङ्गिन्छ। यसबाट कविको आदर्शवादी जीवनदृष्टि छर्लङ्ग हुन्छ। ... भोटेको मानवतावाद र ग्रामीण-प्राकृतिक सरलस्वच्छ जनजातीय जीवनपद्धतितर्फको आकर्षण यथार्थमा कविको त्यतातिरको आफ्नै आकर्षण हो। भोटे वास्तवमा देवकोटाको चारित्रिक अवतार हो र देवकोटा स्वयं हुन् भने दिदीचाहिँ उनको वेदान्तदर्शन प्रभावित जीवन दृष्टिकी प्रवक्ता हुन् (जोशी, २०४८ : ६९-७१)।

देवकोटाले **भिखारी** (२०१६) कवितासङ्ग्रहमा सङ्कलित 'वन', 'प्रश्नोत्तर', 'जीवन वन', र 'जीवन' कविताहरूमा जीवनसम्बन्धी आफ्ना धारणाहरू व्यक्त गरेका छन्। उनले 'वन' कवितामा सांसारिक सुख, सुविधा, विलासिता, यश र शक्तिप्रति तिरस्कार व्यक्त गरेका छन्। जीवनरूपी घना वनमा लोभलालच त्यागेर मानवसेवा गर्नुपर्ने जीवनचिन्तन यसरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यक्त गरेका छन् :

विश्व सबै घर, हृदय–पुरीतिर ल्याउँछु सेवा सन्देश

(देवकोटा, २०५१ : २१)

त्यस्तै 'प्रश्नोत्तर' कवितामा जीवनलाई रहस्यमय मानेको पाइन्छ (देवकोटा, २०५१ : २२)। 'जीवन वन' कवितामा वेदान्त दर्शनले प्रतिपादन गरेको ब्रह्म सत्य जगत् मिथ्या भन्ने सार सन्देशलाई जीवनका कसीमा ढालेर देवकोटाले यस्तो प्रस्तुति दिएका छन् :

हाम्रो हो स्वर्ग राम्रो घर, जन त्यसमा देवता छन् उज्याला,
बाबा हुन् ब्रह्म हाम्रा, सकल सुख त्यही कल्पना झैँ रसीला।
उन्को कानून माने अचल सुख तथा शान्तिको राज्य मिल्छ
जेजे भित्रै चितायो उहिउहि छिनमा जिन्दगीभित्र फल्छ॥

(देवकोटा, २०५१ : २५)

जीवन कवितामा क्षणिक, नाशवान्, विचित्र जीवनलाई यसरी प्रस्तुत गरिएको छ :

जपमालाको आखिर भरमा
धरमर पयर जराको कम्पन।
आँसुभरी नजर निमीलन
विचित्र नै छस् हे जीवन !

(देवकोटा, २०५१ : ४५)

देवकोटाले निबन्धका माध्यमबाट पनि जीवनजगत्–सम्बन्धी आफ्ना मान्यतालाई प्रस्तुत गरेको पाइन्छ। उनको **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) यस दृष्टिले महत्त्वपूर्ण देखिन्छ। उनी 'श्रीगणेशाय नमः' निबन्धमा जीवनबारे यसो भन्छन् :

जीवन भनेको नै लहराउनु, तरंगिनु, चलमलाउनु, गुनगुनाउनु, ... केही जीवनको गुनगुने रहस्यझल्का ... फरासिलो मनुष्य नै जीवनले रूचाउला (देवकोटा, २०५३ : ३–५)। देवकोटाले यहाँ जीवनलाई लहराउने, तरङ्गिने, चलमलाउने, गुनगुनाउने मानेका छन्। जीवन रहस्यमय झल्काको झलक भएकाले यसमा मानिस फरासिलो अर्थात् सबैलाई राम्रो व्यवहार गर्ने हँसिलो र मन राम्रो भएको हुनुपर्ने भाव यहाँ पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'पाँचौटा चाहिने कुराहरू' निबन्धमा देवकोटाले हाम्रो जीवन ईश्वरकै कारण सम्भव भएको बताउँछन्। उनी चैतन्ययुक्त महापुरुषको सत्तालाई जीवन मान्दछन्। विश्वस्रष्टाका रूपमा रहेका ईश्वरले नै यो सृष्टि गरेका हुन्। उनीबाटै मानवमनले समेत प्रकृत विकास पाउने कुरा देवकोटाले व्यक्त गरेका छन्। ईश्वर, आत्मा, स्वर्ग, नरक र धर्म यी पाँच कुरा भएका ठाउँमा देवकोटा अनन्त जीवन र अनन्त शक्ति, स्वर्गको बाटो र उन्नति रहन्छ भन्ने मान्यता राख्दछन् (देवकोटा, २०५३ : ३१)। 'कला र जीवन' निबन्धमा देवकोटाले जीवनलाई यसरी परिभाषित गरेका छन् :

> जीवन हरबिन्दुमा सुन्दर देखिन्न। जीवनको सत्य याथार्थिक या व्यावहारिक हुन्छ ... हामी रेखागणित र बीजगणित जीवनमा पाठशालाहरूबाट लिएर जान्छौं। ... जीवन माटो भए पनि फूल पोख्ने त्यही हो, यद्यपि स्वर्गका चिडिया र रंगहरू पनि हाँगामा आऊन्। ... पार्थिव जीवन साङ्ग्रो सीमा (देवकोटा, २०५३ : ८४)।

कला नभएको जीवनलाई देवकोटा वास्तविक जीवन मान्दैनन्। यो शुष्क मान्दछन्। यो जीवनलाई उनी भौतिक साँघुरो घेराभित्र रहेको मान्दछन्। देवकोटा प्राचीनको चित्रण र वर्तमानको पूरा ज्ञान तथा भविष्यको झल्का भएका मानवकलाका पक्षमा छन्। त्यही कलामा उत्तम जीवन रहेको कुरा उनले व्यक्त गरेका छन्। 'एउटी चरीको चिरीबिरी' निबन्धमा देवकोटाले प्रकृतिकेन्द्री जीवनचिन्तनलाई यसरी प्रस्तुत गरेका छन् :

> मलाई यस्तो यस्तो लाग्दछ कि जीवन भनेको विशालको आस्वादन हो, पूर्णको भाव हो, विश्वको समष्टिरूपको केन्द्रीभूत चैतन्य हो। यसैकारण दृश्यजगत् उसको ध्वनिमा कुर्लेर आउँछ, मेरो जीवन सहानुभूतिको भावले अनुस्पन्दन पाएर आफ्ना आभ्यन्तरिक अनुभवहरू खोज्न कान थापेर अघि सर्दछ (देवकोटा, २०५३ : १९८)।

देवकोटा प्रकृतिलाई नै सम्पूर्ण ठान्छन्। उनी प्रकृतिमा नै जीवन देख्छन्। प्रकृतिबाटै उनले सम्पूर्ण सुख प्राप्त हुने ठान्छन्। यही सन्दर्भमा माथिको निबन्धांशमा देवकोटाले चरीको चिरीबिरीमा सम्पूर्णता प्राप्त गरेको जीवनदृष्टि व्यक्त गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवकोटाका 'फूल', 'भलादमी', 'पूर्व र पश्चिम'जस्ता निबन्धमा पनि प्रकृतिलाई शिक्षा र सभ्यताको मुहानकै रूपमा हेर्ने स्वच्छन्दतावादी जीवनदृष्टिका साथै आधुनिक युगमा विकसित पश्चिमी सभ्यताको बोक्रेपनप्रति व्यङ्ग्य गर्दै प्राचीन पूर्वीय सभ्यताप्रतिको आस्था भाव व्यक्त गरेका छन् (अवस्थी, २०६१ : ३७)।

आधुनिक सभ्यता, सभ्यताको कृत्रिमता र यान्त्रिकताप्रति देवकोटाको उग्र उपेक्षा छ, उनलाई आफ्ना विश्वास, अन्धविश्वास, रीतिसंस्कृति, देशपरिवेश र सर्वोपरि प्रकृति र प्राकृतिकतामा रमाहट छ (प्रधान, २०५२ : ५०३)। देवकोटाका निबन्धहरूमा केन्द्रित जीवनचिन्तनका सन्दर्भमा यस्तो धारणा पाइन्छ :

> जीवनका विविध अवस्था र प्रकारहरू प्रस्तुत भएका उनका निबन्धहरूबाट बहुआयामिक जीवनको विराट् रूप चित्रण भएको छ। मानवकृत सम्पूर्ण कार्य तथा व्यवहारहरू जीवन सापेक्ष हुनुपर्ने मान्यतामा अटल आस्था राख्ने निबन्धकार देवकोटाले प्राकृत वस्तुमा पनि जीवनको घनिष्टतम सम्बन्ध भएमा अनुकूलता, आनन्द तथा सुख सन्तोष हुन्छ र यसैमा मानवीय जिन्दगानी सार्थक रहने विश्वास पनि अभिव्यक्त गरेका छन् (अर्याल, २०५७ : १६३-१६४)।

आफ्ना पूर्वजको व्यवहार र आचरणप्रति पूर्ण विश्वास राख्ने देवकोटाले आफ्ना निबन्धमा पनि सोहीअनुकूल हिन्दू दर्शनका मूल मान्यता, आदर्श, जीवनपद्धति र व्यवहारहरूलाई व्यक्त गरेका छन्। यति हुँदाहुँदै पनि जीवनलाई हेर्ने उनको दृष्टि विशाल वटवृक्षको आकारजस्तो देखिन्छ। 'देवकोटाको आध्यात्मिक चेतना' शीर्षकको लेखमा दामोदर निरौलाले लेखेका छन् : आधुनिक सहरिया सभ्यता, भौतिक र जडवादी विश्वदृष्टिकोण, कृत्रिम र यान्त्रिक जीवनशैलीप्रति देवकोटा बिलकुलै सहमत छैनन्। ... ईश्वरको अस्तित्व, सिद्ध महात्माहरूको सादा जीवन उच्च विचार, ध्यान र ज्ञानको महिमाबारे उनको मनमस्तिष्कमा गहिरो प्रभाव रहेको पाइन्छ (निरौला, २०६६ : १२७-१२८)।

देवकोटाले आधुनिकभन्दा प्राचीन सभ्यता र संस्कृतिप्रति रूचि देखाएका छन्। उनको जीवन सादा हुनुपर्ने मान्यता छ। उनी तडकभडकयुक्त देखावटी जीवनदेखि विरक्तिएका छन्। नक्कली समाजदेखि होसियारी गराउन चाहने देवकोटाले प्राकृतिक सभ्यतातर्फ पुऱ्याउन चाहेको देखिन्छ। उनी जगत्‌लाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वप्न मान्दछन्। सत्यलाई सुन्दर र सुन्दरलाई सत्य मान्दछन्। उनले जगत्लाई मिथ्या मानेको कुरा यसप्रकार सिद्ध गरिएको छ :

महाकवि लक्ष्मीप्रसाद देवकोटाले एकपटक जगत्को मिथ्यात्व बोध गरेर लेखेथे – स्वप्न झैं जगत् एक छु फगत। सत् छ सुन्दरै सुन्दरै छ सत्। जस्तो स्वप्न–संसार जागेपछि मिथ्या सावित हुन्छ त्यसै ज्ञानमा जागेपछि जगत्–चिन्ताले दुःखी भएको मानिस सुखी हुन्छ। बोध हुन्छ– सत्य वस्तु त चैतन्य (आफू) मात्र रहेछ। त्यही रहेछ अति सुन्दर एवं आनन्ददायक। स्वप्न–संसार भनेको मनको वासनामात्र हो। त्यस्तै मानिसको वासनाले गर्दा जगत् साँचो मान्छ, दौडधूप गर्छ। जगत्को भोगऐश्वर्य भोग्न, अर्थ कमाउन हुरूक्क मरिमेटाइ गर्छ र एकदिन मरेर जान्छ। आफूले गरेको कमाइ आफैले लैजान पाउँदैन र दुःखी भै मर्छ। त्यसैले जगत् दुःखरूप हो भनिएको छ (रिमाल 'यात्री', २०६४ : ३६९)।

अद्वैत वेदान्त दर्शनमा जगत् जड र निर्जीव मानिएको छ। यसमा चेतन सत्ता चैतन्यलाई सत्य मानिन्छ भने जाग्रत कालको जगत्लाई वा स्वप्न संसारलाई मिथ्या मानिन्छ। यही मान्यता महाकवि देवकोटाको पनि रहेको कुरा माथिको भनाइमा र उनको कविताांशमा पाइन्छ। देवकोयको मूलभूत जीवनदर्शनका सम्बन्धमा कुमारबहादुर जोशीसँगको एक अन्तर्वार्तामा माधव घिमिरेले भनेका छन् :

सौन्दर्यचेतना देवकोयको मूलभूत जीवनदर्शन हो। यसैले गर्दा देवकोटाले अरूलाई नराम्रो लाग्ने, दुःख लाग्ने कुरा कहिल्यै गरेनन्, चाहे आफूले जतिसुकै सङ्कष्ट सहनुपरोस् भोग्नुपरोस्। अरूको त के कुरा, आफ्नै श्रीमती हेरासममा लागे पनि र त्यो कुरा आफूलाई कत्ति मन नपरे पनि उनले तिनलाई चित्त दुख्ने गरी कहिल्यै केही भनेनन्, बरू तिनको चित्त बुझाउन उनले भक्ति रचना रचिदिएका छन्। हुन त उनका 'आखीर श्रीकृष्ण रहेछ एक' जस्ता रचनालाई लिएर उनलाई कृष्णभक्ति मार्गी भन्नेहरू पनि नहोलान् भन्न सकिन्न तर उनी कृष्णमार्गी, राममार्गी इत्यादि होइनन्, उनी त शाश्वत सत्यलाई मान्ने हुन्, उनको कृष्ण, राम जस्ता शब्दले यही शाश्वत परम सत्यलाई सङ्केत गर्दछन् (जोशी, २०४३ : ५२–५३)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.४ शाकुन्तल महाकाव्यमा जीवनजगत्-चिन्तन

महाकवि लक्ष्मीप्रसाद देवकोटा दार्शनिक कवि हुन्। यिनले आफ्ना साहित्यिक कृतिहरूमा दार्शनिक चिन्तन प्रस्तुत गरेका छन्। यिनका महाकाव्यहरूमा पनि यस्ता चिन्तन पाइन्छन्। यिनले **शाकुन्तल** महाकाव्यमा विभिन्न चिन्तन प्रस्तुत गरेका छन्। ती मध्ये जीवनजगत्-सम्बन्धी गरिएको चिन्तनलाई यहाँ विभिन्न उपशीर्षकहरूमा बाँडेर अध्ययन गरिएको छ।

२.४.१ आध्यात्मिक प्राचीन पूर्वीय जीवनजगत्-चिन्तन

जन्मदेखि बाँच्दासम्मको अवधि जीवन हो। हाम्रा पूर्वीय वैदिक दर्शनहरूले आध्यात्मिक जीवनलाई निकै महत्त्व दिएका छन्। जन्म, मरण र पुनर्जन्मको चक्रबाट छुटकारा पाउन मानिसले प्राप्त गरेको जीवनलाई सदुपयोग गर्नुपर्ने विचार यहाँ पाइन्छ। आत्मपरक चिन्तनलाई अध्यात्मचिन्तन भनिन्छ। आफू के हो ? जगत् के हो ? यही चिन्तन गरेर समय बिताउने आध्यात्मिक ऋषिमहर्षिको जीवन पनि आध्यात्मिक जीवन हो। साङ्ख्य दर्शनमा भनिएअनुसार प्रकृति र पुरुषको भेद ज्ञान, योग दर्शनको अष्टाङ्ग योगको साधनाबाट मोक्ष प्राप्ति, न्याय दर्शनको अपवर्ग प्राप्ति, वैशेषिकको मोक्ष प्राप्ति, मीमांसाको मोक्ष र वेदान्तको ब्रह्मज्ञान प्राप्तिका लागि आध्यात्मिक जीवनको निकै महत्त्वपूर्ण स्थान छ। साधना, तपस्या, गरेर आफूले आफैलाई चिन्ने काम आत्मानुसन्धान हो। यही आत्मानुसन्धानका लागि आध्यात्मिक जीवन महत्त्वपूर्ण छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्यको विषयवस्तुको मूल स्रोत **महाभारत** र **श्रीमद्‌भागवत**का साथै कालीदासको **अभिज्ञानशाकुन्तलम्**लाई मानेका छन्। उनको महाकाव्यमा ती स्रोतहरू त्यत्तिकै सोझै नभई बहुमुखी जीवनजगत्‌लाई समेट्दै विस्तारित बनेर आएका (लुइटेल, २०६९ : २८९-२९०) भए पनि मूलतः आध्यात्मिक जीवनजगत्‌लाई नै उनले बढी महत्त्व दिएको पाइन्छ। महाकाव्यको सुरूदेखि अन्तिमसम्मको प्रस्तुति र दुष्यन्त र शकुन्तलाको भरतसहित सुखद मिलन पनि आध्यात्मिक, प्राकृत जीवन पद्धतिकै रूपमा मान्न सकिने प्रशस्त आधारहरू फेला पार्न सकिन्छ। ती आधारहरूलाई तल विवेचना गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.४.१.१ ऋषि सभ्यतामा आधारित आध्यात्मिक जीवनजगत्

महाकवि देवकोटाले **शाकुन्तल** महाकाव्यमा ऋषिहरूलाई महत्त्वपूर्ण पात्रका रूपमा प्रस्तुत गरेका छन्। ऋषिहरूको जीवनलाई आध्यात्मिक जीवनको रूपमा लिएर त्यसतर्फ रूचि देखाएका छन्। वास्तवमा ऋषिहरू वेदका मन्त्रद्रष्ट (ऋषयो मन्त्रद्रष्टारः) का रूपमा रहेका छन्। सबैभन्दा पहिले वाणीका रूपमा ब्रह्माका मुखबाट वेदमन्त्रहरू आविर्भूत भएकाले वाणी वा सरस्वतीका पिताका रूपमा ब्रह्मालाई मानिन्छ। यी ब्रह्मा पनि ऋषिका रूपमा रहेका छन्। वेदका मन्त्रद्रष्टा ऋषिहरूले समय–समयमा लाखौं ऋचाहरू देखिसकेका छन्। वेदमा तीन काण्ड छन्। ब्रह्मा र अन्य ऋषिले पहिले कर्मकाण्डका ऋचा देखे। पछि उपासनाका मन्त्रहरू देखे। त्यसपछि देखेका ज्ञानकाण्डका ऋचाहरू आरण्यक र उपनिषद् ग्रन्थहरूमा रहेका छन्।

मन्त्रका द्रष्टा बन्नका लागि ऋषिहरूले पवित्र आचरणसहितको तपस्या गरेका हुन्। त्यसैले उनीहरूको जीवन आध्यात्मिक भएको हो। पूर्वीय दर्शनको ठूलो उपलब्धि मानिने धर्म, अर्थ र काम कर्मकाण्डबाट प्राप्त हुने र मोक्ष प्राप्तिका लागि ज्ञानकाण्ड नै चाहिने भएकाले त्यसको ध्यान ऋषिहरूले गरेर ज्ञानकाण्डका मन्त्रहरू देखेका (गिरी, २०५५: भूमिका घ–ङ) कारण ऋषिहरूको जीवन वास्तवमा तपोमय, परोपकारी भएको मान्न सकिन्छ। ऋषिमुनिहरूका बारेमा भनिएको छ :

> तपस्याले सबै प्रकारका पाप प्रक्षालन गरेर शुद्ध भएका, जस्ताको तस्तै बोल्ने, साङ्गोपाङ्ग रूपमा वेदको तत्त्वको राम्रो बोध भएकालाई ऋषि भन्दछन्।(तपोनिर्धूतपाप्मानो याथातथ्यभिधायिनः। वेदवेदाङ्गतत्त्वज्ञा ऋषयः परिकीर्तिताः ॥) ऋषिको लक्षण सत्य बोल्ने हो (ऋषयः सत्यवचसः अमरकोश)। ... अत्यन्त कठोर तपस्याबाट पाइने पद हो ऋषि। ... गौतम, अत्रि, भरद्वाज, विश्वामित्र, कश्यप, जमदग्नि र वशिष्ठ यस कल्पका सप्तर्षि हुन्। हामी यिनै ऋषिका सन्तान हौं। यिनीहरू हजारौं हजार वर्षसम्म ब्रह्मचिन्तन गर्दागर्दै मौन रहन्थे। .... ऋषिहरू वेदमा मन्त्रद्रष्य हुन्। यिनले वेदका मन्त्रलाई आत्मसात गरेका छन्, बुझेका छन्, पचाएका छन्, जीवनमा उतारेका छन् (रिसाल, २०६७ : २०५–२०६)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषि र महर्षिको अर्थका सम्बन्धमा जयराज पन्तले यस्तो धारणा राखेका छन् :

> ऋषि वा महर्षि भन्नासाथ कतिपय व्यक्तिले भिक्षाटन गर्दै हिंड्ने योगी अर्थात् सामान्य जोगीहरू भन्ने अर्थ बुझ्न सक्तछन् तर त्यसो होइन। ऋषि भनेका तपस्या वा योगबलबाट अतीन्द्रिय पदार्थसित साक्षात्कार गर्ने व्यक्ति हुन्। असाधारण प्रज्ञा शक्ति भएका, तपोबलबाट वेदमन्त्र अविर्भाव गर्ने, सत्य वचन बोल्ने, धर्मनिष्ठामा रहने, शास्त्राभ्यासी, ज्ञानसम्पन्न र विशेष अध्यात्मशक्ति भएका व्यक्तिलाई ऋषि भनिन्छ। यस्तो क्षमता वा शक्तिको मात्रा प्रचूर अंशमा रहेका व्यक्ति महर्षि हुन्। ऋषि शब्दमा महा अर्थात् अधिक अर्थ जनाउने पद जोडिएर महर्षि बन्दछ। गोत्रका सन्दर्भमा हेर्दा मानव सृष्टिका आदिमा जजसले आर्ष परम्परा बसालेर त्यसको निरन्तरता वा विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याए तिनैलाई ऋषि भनिएको देखिन्छ (पन्त, २०७३ : ३६)।

देवकोटाले आफ्नो महाकाव्यको कथावस्तुमा प्राचीन पूर्वीय जीवनपद्धति आध्यात्मिक चिन्तनले भरिएको कुरालाई लिएका छन्। यसमा पनि उनको मौलिकता र नयाँपन त छँदै छ तथापि आध्यात्मिक जीवनविना, ऋषि मनविना जीवनको सार्थकता भने उनले देखेका छैनन्। उनी आफ्नो कथावस्तुको सङ्केत गर्दै लेखेका छन् :

दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा
ओर्ली सल्बल कल्बलाउन चली पूर्वीय मैदानमा
कालीदासकला बनेर रसिली कल्लोलकौतूहलता
"पुग्छिन् सागर" भन्नु सत्य छ भने नाघ्लिन् बलौटो यही

(सर्ग १, श्लो. १९)

उपर्युक्त श्लोकमा महाभारतको रचना गर्ने व्यास ऋषिको सेता दाढीबाट गङ्गा बनेको कथालाई आफूले ग्रहण गरेको सङ्केत गरे तापनि यसमा व्यासको तपस्याबाट दुष्यन्त र शकुन्तलाको कथा जन्मेको कुरा पनि सँगै आएको छ। कुनै पनि साधनाबाट प्राप्तिसम्म पुग्नका लागि ध्यान, त्याग, तपस्या र त्यसप्रतिको आस्था हुनुपर्ने भन्ने जीवनचिन्तनलाई यहाँ व्यास ऋषिका माध्यमबाट प्रस्तुत गरिएको छ। यसका साथै कालिदासको **अभिज्ञान शाकुन्तलम्** नाटकको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समेत चर्चा यहाँ पाइन्छ। त्यस्तै प्रथम सर्गकै मङ्गलाचरण र भूमिकामा अर्का ऋषि कण्वको पनि देवकोटाले यसरी सम्झना गरेका छन् :

जो भज्छौ पुरुखा मुसार करले दाढी यहाँ कण्वका

(सर्ग १, श्लो. २८)

कण्व ऋषि अध्यात्मज्ञानका चिन्तक, ज्ञानी, मनुष्यका मात्र नभई सबैको कल्याण गर्ने, गृहस्थ महात्मासमेत भएकाले उनको यही सरल जीवन पद्धतिलाई देवकोटाले महाकाव्यमा अत्युच्च स्थान दिएका छन्। यसका साथै कश्यप ऋषि र अन्य ऋषिहरूको जीवनले भरिएको महाकाव्य भन्दै देवकोटाले यसरी सङ्केत गरेका छन् :

भन्दै कण्व र कश्यप प्रभृतिका हुन् सामु योगी जन

(सर्ग १, श्लो. ३५)

कलिकल्मषहीन कालिनी
कनकाभा छ उषा चिरन्तनी
ऋषिजीवनले रमाइली
छ हरा शावकको वनस्थली

(सर्ग १, श्लो. ४६)

देवकोटाले अनन्त विशाल वैभव भएको ऋषिसभ्यतातर्फ पाठकलाई लैजान थालेको सङ्केत प्रथम सर्गका विभिन्न श्लोकहरूमा गरेका छन्। मानव जीवनको लक्ष्य आध्यात्मिक सुखशान्तिलाई मानी वैदिक ऋषिहरूले त्यसमा आफ्नो चिन्तन प्रस्तुत गरेको पाइन्छ। उनीहरूले प्राकृतिक स्वाभाविक परिवर्तन र क्रियाप्रतिक्रियालाई देखेर आफ्नै बुद्धिद्वारा त्यसको समाधानको खोजीमा मानव जीवनजगत्का सूक्ष्म रहस्यहरू समेत पत्ता लगाएको पाइन्छ। यस्तै तपोमय जीवनयापन गर्ने ऋषिमहर्षिहरूको जीवनलाई देवकोटाले महत्त्व दिएका छन्।

(क) विश्वामित्र ऋषि

विश्वामित्र **शाकुन्तल** महाकाव्यमा ऋषि पात्र हुन्। देवकोटाले यी ऋषिलाई धेरै ठाउँमा धेरै प्रकारबाट प्रस्तुत नगरे पनि मूलतः यी ऋषिकै तपस्या भङ्ग भएका कारण शकुन्तलाको जन्म भएको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्वामित्र क्षत्रीय राजवंशमा जन्मेका पिता गाधिर र माता पौरुकुत्सीका पुत्र हुन्। यिनी महर्षि हुन्। यिनको ऋग्वेदमा उच्च स्थान रहेको पाइन्छ (रूपाखेती, २०६८ : १७६–१७७)। विश्वामित्र ऋषिका सम्बन्धमा जयराज पन्तको अध्ययन यस्तो पाइन्छ :

पुरुकुलका राजा गाधिका छोरा विश्वामित्र हुन्। जह्नुबाट पुरु, पुरुबाट बलाक, बलाकबाट अजग, अजगबाट कुश, कुशबाट कुशाम्बु, कुशाम्बुबाट गाधि, गाधिबाट विश्वामित्रसहितका एक सय छोराको जन्म भएको हो र विश्वामित्रबाट मधुच्छन्दासहितका अनेकौँ सन्तान जन्मेका हुन् भनिन्छ। क्षत्रिय भएर पनि कठोर तपोबलबाट ब्रह्मर्षि बन्न सफल भएका वैदिक मन्त्रद्रष्टा ऋषि यिनी हुन्। गायत्री मन्त्रका द्रष्टा ऋषि यिनै हुन्। गायत्रीकै साधना गरेर यिनले सिद्धि पाएका हुन् भनिन्छ। गोत्र प्रवर्तकका साथै विभिन्न गोत्रका प्रवरमा यिनी परिगणित हुन्छन्। यिनको प्रकृति, व्यवहार, परिवेश र समष्टि जीवन भिन्न किसिमको पाइन्छ। न्वारनको नाम विश्वरथ भए पनि तपोबलबाट ब्रह्मत्व प्राप्त गरेकाले यिनको नाम विश्वामित्र राखिएको पाइन्छ (पन्त, २०७३ : ६६)।

यस्ता तपोमूर्ति राजर्षि विश्वामित्रले आफ्नो सारा भौतिक वैभव छाडेर आध्यात्मिक उन्नतिका निम्ति तत्पर भएको कुरा **शाकुन्तल**का तलका पद्यहरूमा व्यक्त भएको छ :

यहाँ आए कोही दिन बहुत तेजी नृपवर
जगज्जेता बन्ने प्रबल मनमा कीर्तिशिखर
बुझेका हिंसाको पथ रुधिरले लाल अब यी
तपस्याको बाटो लिन वन हिँडे स्वर्गविजयी

(सर्ग २, श्लो. १८)

थिए यी राजर्षि प्रवर, सुन झैँ बाससहित
महाज्ञानी मानो मुकुटमणि झैँ मानव महान्
प्रशाखा फैलेका बहु विषयका कीर्तिहरित
महादानी भूभृन्मणि अब बसे पादपतल

(सर्ग २, श्लो. १९)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जरा भै पृथ्वीमा मधुर रसले तुष्ट नभई
उठूँ छाडी छोटा विषयधन यी पार्थिव भनी
सबैलाई राम्रा कुसुमधन झार्दा नृपवर
जगत्को निद्रामा तरुसरि समाधिस्थ अब छन्

(सर्ग २, श्लो. २०)

माथिका पद्यहरूमा राजर्षि विश्वामित्रको आध्यात्मिक जीवनतर्फको आकाङ्क्षालाई प्रस्तुत गरिएको छ। जसरी राजर्षि जनकले आत्मज्ञान प्राप्त गर्नका लागि निष्काम कर्मद्वारा परमसिद्धि प्राप्त गरेका थिए, त्यसैगरी विश्वामित्रले पनि त्यागपूर्वक आत्मज्ञान गर्ने वा जगत्जेता वा जगत्लाई जित्ने वा जगत् मिथ्या हो भन्ने ज्ञान गर्ने ध्येय लिएको बुझिन्छ।

देवकोटाले विश्वामित्रको चरित्रलाई राजामा श्रेष्ठ, महान् तपस्वी, रगतले (रूधिरले) लत्पतिएको हिंसाको बाटो बुझिसकेका, स्वर्गजयी, महामानव, कीर्तियुक्त, पृथ्वीलाई पालन गर्ने मणिजस्ता वा राजाहरूका बीचमा सबैभन्दा तेजिला (भूभृन्मणि), विषयसुखलाई तुच्छ ठान्ने व्यक्तित्वका रूपमा चर्चा गरेका छन्। यस्ता महर्षि रुखको फेद (पादपतल) मा रुखजस्तै समाधिस्थ बनेर ज्ञानको खोजीमा लागेका छन्। मनलाई वा चित्तको वृत्तिलाई निरोध गरेर, शरीरको विषयरूपी विषलाई मारेर (सर्ग २, श्लो. २९) गरिएको विश्वामित्रको तपोमय जीवनलाई वास्तवमा लक्ष्यप्राप्तितर्फको महान् यात्रा मान्न सकिन्छ। हाम्रा पूर्वीय दर्शनले पनि यस्तो जीवनलाई आध्यात्मिक जीवनको संज्ञा दिएका छन्।

पृथ्वीतलका एक महान् तपस्वी ऋषि विश्वामित्रको भौतिक सुखसम्पत्तिप्रतिको विमुखता र तपस्या वा आध्यात्मिक शक्तिस्रोतपश्चात्को उन्मुखतामा कविको आफ्नै अन्तर्मुखी जीवनचेतना प्रकटिएको पाइन्छ भने निज ऋषिको तपो–महिमामा जनस्तरीय (हाम्रा) उदयको छाया प्रतिबिम्बित भेटिन्छ (जोशी, ०४८ : १४८) भन्ने मान्यता पाइए तापनि वास्तवमा यहाँ आत्मिक, आध्यात्मिक, त्यागपरक आनन्दको महिमालाई उजागर गर्ने खोजिएको छ। यी कुराहरू आजका शासकप्रशासक, भौतिक, विलासीहरूले समेत मनन गर्नुपर्ने देखिन्छ। भौतिक सुखभोगमा चुर्लुम्म डुबेर जीवनको वास्तविकता नबुझ्नेहरूका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निम्ति विश्वामित्र ऋषिको यहाँसम्मको चरित्रलाई अनुकरणीय र अनुसरणीय मान्न सकिन्छ। यद्यपि यस महाकाव्यमा इन्द्रको छलका कारण उनको तपस्या भङ्ग भएको छ र उनी पहिलेको विश्वामित्र रहन सकेनन्।

तपस्यामा तल्लीन भएका विश्वामित्रका अगाडि मेनका आएर नाच्न थालेपछि उनका ओठ चल्न थाल्छन् "अधर फर्फर भै ऋषिका चले" (सर्ग ३, श्लो. ६३), मेनकाको सौन्दर्यमा मुग्ध भएर हराउँछन् "ममा प्रेम राखे दयाकोमला छौ" (सर्ग ३, श्लो. ७७), विश्वामित्र विलासी बनेका छन् "सुनी भन्दछन् ती तपस्वी विलासी" (सर्ग ३, श्लो. ९६)।

मेनकाका कोखबाट विश्वामित्रसमेतकी शिशु जन्मेपछि राजर्षि विश्वामित्रलाई वास्तविक ज्ञान हुन्छ। उनलाई भोगपछिको बाटो तय गर्न मन लाग्छ। उनी जसरी विष्णुको मायामा नारद भुले त्यसरी नै आफू पनि इन्द्रका छलले सांसारिक बन्धनमा फसेको कुरा बुझ्छन् :

"लौ बित्यास परेछ ! नारद डुबी मायाविषे विष्णुको
आश्चर्यान्वित दृष्टिले वरिपरी हेर्थे म उस्तै भएँ"

(सर्ग ५, श्लो. १५)

आफू इन्द्रका छलमा परेपछि वा मोहमा फसेपछि पुनः आध्यात्मिक ज्ञानको बाटो समाउने प्रतिज्ञा गरेका विश्वामित्रको विचार यस्तो छ :

"धाई बन्न त आज सक्तिनँ शिशो ! थाङ्ना सह्यारीकन
पापा खोज्न म जान्नँ जान्छु तपमा" भन्छन् उठी ती ऋषि

(सर्ग ५, श्लो. १८)

यस आधारमा हेर्दा भर्खर आफूले जन्माएकी शिशुलाई छाडेर हिंड्न खोज्ने ऋषिलाई स्वार्थी, अभिभावकत्व नभएका जस्तो देखिए पनि वेदान्त दर्शनले प्रतिपादन गरेको जीवनचिन्तनतर्फ विश्वामित्र आकृष्ट भएको देखिन्छ। विश्वामित्रले त शिशुलाई छाड्ने भए भए आमा मेनकाले समेत जङ्गलमा कण्व ऋषिका आश्रमनजिकै एक्लै छाड्नु व्यावहारिक दृष्टिले उपयुक्त नदेखिएला तर प्रारब्धअनुसार चल्नुपर्ने पूर्वीय दर्शनको चिन्तनलाई हेर्दा शकुन्तलाको पनि त्यस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रारब्ध होला वा हो भन्न सकिन्छ। यस्तो भन्दैमा सबै महिलाहरू मेनका बन्ने र सबै पुरुषहरू विश्वामित्र बन्ने भन्ने चाहिँ नहोला तर भाग्यको, विधिको चपेटामा परेपछि मानिस यस्तो अवस्था त के जस्तो परिस्थिति पनि भोग्न तयार रहनुपर्ने कुराको आँकलन भने यहाँ गर्न सकिन्छ। मानिस आफूले चाहेर मात्र यस संसारमा केही पनि गर्न सक्दैन। कहिलेकहिले सत्कर्म गर्दा पनि त्यसको फल पूर्वजन्मको कर्मअनुसार नराम्रो हुनसक्ने पूर्वीय दार्शनिक जीवनचिन्तन विश्वामित्रको जीवनलाई हेरेर पनि अन्दाज गर्न सकिन्छ।

विश्वामित्र बूढा भइसकेका छन्। हाम्रो पूर्वीय दार्शनिक मान्यतामा जीवनलाई ब्रह्मचर्य आश्रम, गृहस्थ आश्रम, वानप्रस्थ आश्रम र सन्यास आश्रम गरी चार भागमा बाँडेको पाइन्छ। पहिलो आश्रम ब्रह्मचर्यमा रहेर अध्ययन पूरा गर्ने, ज्ञान प्राप्त गर्ने हो। दोस्रो आश्रम सत्यवादी भएर, ज्ञानसहितको भएर घरगृहस्थी समाल्ने हो। तेस्रो आश्रम वानप्रस्थ हो। यसमा तपस्याका लागि वनतिर लाग्ने हो। चौथो आश्रम सन्यास आश्रम हो। यसमा मानसिक तथा अन्य रूपमा सबैतिरबाट सन्यासी वा त्यागी, वितरागी हुनु हो। यस आधारमा हेर्दा विश्वामित्रलाई देवकोटाले "बूढोलाई बिगार्न शान्त तपमा के मेनका यी झरिन् ?" (सर्ग ५, श्लो. १५) भनेबाट ऋषि तपस्या गर्ने वानप्रस्थी रहेछन् भन्ने बुझिन्छ। यही भएर पनि देवकोटाले इन्द्रका छलले तपस्या भङ्ग भएपछिका ऋषिलाई गृहस्थी नबनाएर पुनः तपस्यातिरै पठाएका छन्।

देवकोटाले **महाभारत** र **अभिज्ञानशाकुन्तलम्**को कथावस्तुलाई स्रोत बनाए पनि आफूले प्रशस्त फरकपन दिएका छन्। यतिसम्म कि कालिदासको नाटकमा गौतमी कण्वकी धर्म बहिनीको रूपमा छन् भने देवकोटाले गौतमीलाई कण्वकी पत्नी बनाइदिएका छन्। यस्तै अन्य ठाउँमा फरक प्रसङ्ग ल्याउने देवकोटाले चाहेका भए विश्वामित्रलाई पनि तपस्याभङ्ग भएपछि गृहस्थी बनाउन सक्थे। मेनकालाई विश्वामित्रसँगै पृथ्वीमै घर बनाएर गृहस्थी जीवन बिताउने नारीका रूपमा चित्रण गर्न सक्थे। जस्तो कि कथाकार विश्वेश्वरप्रसाद कोइरालाले 'कथा' कथामा ऋषिलाई गृहस्थी बनाएका छन्। देवकोटाको उद्देश्य त ऋषिकेन्द्री आध्यात्मिक जीवनलाई नै सर्वोपरि ठानेर अगाडि बढ्नु देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ख) कण्व ऋषि

शाकुन्तल महाकाव्यमा कण्व ऋषिलाई देवकोटाले गृहस्थ महात्माजस्ता देखाएका छन्। उनी वानप्रस्थी त हुँदै हुन् तर आफ्नो जीवनमा परेका घटनालाई उनी सहज रूपमा स्वीकार गरेर अगाडि बढ्छन्। उनी पत्नी गौतमीसहित वनको आश्रममा बसेका छन्। उनको जीवन आध्यात्मिक छ। गीतामा भनिएको छ :

> वास्तवमा मानिस निष्कर्म भएर बाँच्नै सक्दैन। कर्म नगर्ने हो भने उसको शरीरयात्रा पनि चल्दैन। सन्यास लिएँ भन्दैमा पनि कर्मले उसलाई छाडेको हुँदैन। त्यसो हुनाले 'कर्म गर तर फलको आशा नगर' भन्ने निष्काम कर्ममा प्रवृत्त गराएर कर्मको फल जे-जस्तो प्राप्त हुन्छ त्यसैमा सन्तोष मान्ने र संसारको अनित्यता बुझेर मोक्ष मार्गमा प्रवृत्त हुने सन्देश नै कर्मयोगको प्रमुख पक्ष हो (शर्मा, २०५६ : ८९)।

कण्व गीताले प्रतिपादन गरेको उपर्युक्त कर्मयोगी विचार भएका मानवतावादी व्यक्ति पनि हुन्। उनी निःस्वार्थ भावनाले सेवा गर्ने परोपकारी, गुणी, अर्कालाई मद्दत गर्ने महर्षि हुन्।

कण्व ऋषि ज्ञानका मात्र प्रेमी छैनन्, मनुष्यका पनि प्रेमी छन्, उनी प्रतापी छन्, प्रभावशाली छन्, तपस्वीहरूमा उनको अपूर्व प्रभाव छ। कालिदासले उनलाई कुलपति भनेका छन्। पुरानो जमानामा दश हजार विद्यार्थीलाई खानपानका साथ पढ्ने व्यवस्था मिलाउने ऋषिको नेतालाई कुलपति भन्ने चलन थियो (गौतम, २०५६ : १२०)।

यस्तै ज्ञानप्रेमी, मनुष्यप्रेमी तपस्वी कण्वका माध्यमबाट देवकोटाले मानवतावादी जीवनचिन्तनलाई प्रस्तुत गरेका छन्। ऋषि पुराणका व्यासका पात्र भए तापनि व्यवहारमा मानवीय करुणा, प्रेम, दया, परोपकारले युक्त छन्। उनी मानवतावादी, अहिंसावादी र अध्यात्मवादी विचारक हुन्। मानवतावादले समाजमा दया, प्रेम, सहिष्णुता, सद्भावना, सहयोग र भ्रातृत्वलाई बढाउँछ। यही कुरा विश्वामित्र र मेनकाद्वारा छाडिएकी शिशु शकुन्तलालाई आफ्नो आश्रममा ल्याएर पालेका कण्व ऋषिको चरित्रमा देखिन्छ। उक्त कुरा बाजले आँखा गाडेर नङ्ग्राले चिथोर्न लागेको अवस्थामा शकुन्तलालाई बचाएको अवस्थाबाट छर्लङ्ग हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषि कण्वको विचार तलका हरफबाट बुझिन्छ :

"ए नछो ! ए नछो ! छोडिदे ! छोडिदे !
हा नलुछ् ! हा नलुछ् ! जिन्दगीका भुवा
फूल झैं कोमला बालिका सुन्दरी"

(सर्ग ६, श्लो. २२)

"क्रूर हे कालको भाइ– नङ्ग्रा हुने
भो नच्यात् ! भो नच्यात् ! पुष्पको पात त्यो
जीवनाऽनन्दको कोमल स्पन्दन
ढुक्ढुकाई छिटो त्रासले भो, नमार्"

(सर्ग ६, श्लो. २३)

योनी फेर् योनि फेर् शाक खाने बनी
मूल खाने बनी ले फलाहार तैँ
मांस नै भक्ष्य जो भन्छ त्यो क्रूर हो
लाश खाने लुछी लाज छोडीकन

(सर्ग ६, श्लो. २५)

माथिका पङ्क्तिमा "अहिंसा परमोधर्मः" अर्थात् "अहिंसा नै ठूलो धर्म हो" भन्ने भनाइलाई ऋषिले आत्मसात गरेका छन्। उनी उदारमना, परोपकारपरायण, प्राणीमात्रको दुःखलाई आफ्नै दुःख ठान्ने, सत्वगुणसम्पन्न छन्। अवानवीय क्रूर बाजलाई कोमल शिशु शकुन्तलालाई बाँच्न दे भनेर खबरदारी गर्दै कण्व ऋषिले आफ्नो मानवीय आध्यात्मिक अहिंसावादी चिन्तनलाई प्रस्तुत गरेका छन्। उनी बाजलाई जुनी फेरेर शाकाहारी हुने सल्लाह दिन्छन्। वास्तवमा पूर्वीय दर्शनमा मनुष्य कर्मका फलले चौरासी लाख जुनीमा पर्नुपर्ने, कर्मको फल भोग्नुपर्ने, राम्रो कर्म गरे स्वर्ग वा मोक्ष प्राप्ति हुने, वेदनिर्देशित कर्महरू गर्नुपर्ने भन्ने मीमांसा दर्शनको चिन्तनलाई यहाँ ऋषिका माध्यमबाट देवकोटाले प्रस्तुत गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवकोटाले कण्व ऋषिको आध्यात्मिक तपोमय जीवनलाई विभिन्न सन्दर्भबाट पुष्टि गरेका छन् : कण्व पशुपंक्षीमा समभाव राख्ने ज्ञानी हुन् – "सदैव चाट्छ प्रेमले सुवृद्ध कण्वका कर" (सर्ग ११ श्लो. १६)। यहाँ दुष्यन्तले ऋषिको आश्रममा मृगलाई मार्न वाण ताकेका वेला ऋषिका शिष्यहरूले तपोवनको आध्यात्मिक शान्ति र ऋषिको जीवनलाई प्रस्तुत गरेका छन्। मृगलाई नमार्न राजा दुष्यन्तलाई अनुरोध गरेका छन्। ऋषिको कुटी सधैँ शान्त हुने, कर्कश शब्द मान्छेले त के पशुप्राणीले पनि सुन्नु पर्दैनथ्यो – "न सुन्दथ्यो कुटीविषे कदापि शब्द कर्कश" (सर्ग ११, श्लो. २१)। ऋषि तीर्थव्रत गर्ने तपस्वी पनि हुन्– "महर्षि कण्व पाल्नुभो सुदूर सोमतीर्थमा" (सर्ग ११, श्लो. २३)। ऋषि सोमतीर्थबाट फर्केर आउँदा आशीर्वादरूपी प्रसाद ल्याएको र पालेकी पुत्री शकुन्तलाको कुशलमङ्गल चाहने कुरा तलका हरफबाट स्पष्ट पार्न सकिन्छ :

फर्की आए धवल वयका अश्रुका मूर्ति कण्व
छोरी प्यारी कुशल रहने तीर्थयात्रा घुमेर
आशीर्वाद वचनसँगमा ल्याउँछन् जो प्रसाद

(सर्ग १७, श्लो. ४३)

प्रस्तुत महाकाव्यका उल्लेखनीय सहायक पात्र शकुन्तलाका धर्मपिता कण्वका माध्यमबाट कविले तपोवन– सभ्यता र ऋषि–सभ्यताका आदर्शहरू प्रस्तुत गरेको (जोशी, २०४८ : १५०) कुरा माथिको कवितांशबाट पनि पुष्टि हुन्छ। वास्तवमा कण्व धर्मपितामात्र हुन्। शकुन्तलाका आफ्नै पिता नभए पनि उनले आफ्नै छोरीलाई जस्तै गरेर हुर्काएका मात्र छैनन् उनको भविष्यका निम्तिसमेत तीर्थ गरेर आशीर्वाद प्रदान गरेका छन्। पछि दुष्यन्तको दरबारमा पठाउँदा समेत असल गृहस्थीले झैँ गरी आफ्नै छोरीलाई विदाइ गरेझैँ देखिन्छ : "सुखसित गए प्रेमका साथ सम्झे" (सर्ग १९, श्लो. ४९)। यसरी अनेक उपदेश दिँदै कण्वले शकुन्तलालाई विदाइ गरेबाट उनको असल पिताको भूमिका पनि उल्लेखनीय रहेको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) दुर्वासा ऋषि

शाकुन्तल महाकाव्यमा दुर्वासा ऋषिको छोटो प्रसङ्ग आउँछ तर यसले काव्यभरि नै वा शकुन्तला र दुष्यन्तको जीवनमै ठूलो उथलपुथल ल्याएको पाइन्छ। कसलाई को मार्फत कसरी कर्मको फल दिने भन्ने पूर्वीय दर्शनको मान्यताअनुसार दुर्वासा यहाँ माध्यम बनेका छन्।

दुर्वासा क्रोधी र श्राप दिन नामी ऋषि हुन्। यिनी रिसाएका बेला आफूले लगाएका कपडा पनि च्यात्छन्। यिनको **अभिज्ञानशाकुन्तलम्** नाटकमा पनि निकै चर्चा पाइन्छ। यिनी विष्णुको श्रापबाट पीडित मानिन्छन् (पाण्डेय, सन् २००३ : ३२४)। महाकाव्यमा दुर्वासाका कारण स्थितिविपर्ययको नयाँ मोड आउँछ। यिनकै श्रापका कारण दुष्यन्तले आफ्नी गर्भवती पत्नीलाई समेत भुलेका छन्। हुन त दुर्वासाले औँठीको चिनोले शापमुक्ति हुने उपाय भने बताएका छन् (गौतम, २०५६ : ११८)।

कुरा जेजसो भए पनि महाकविले यहाँ पूर्वीय दर्शनले आत्मसात गरेको अतिथि सत्कारको महत्त्वलाई उजागर गर्न खोजेको देखिन्छ। विष्णुका श्रापका कारण दुर्वासा रिसाहा भनेर चिनिए पनि महाकाव्यमा उनको रिस त्यति कडा छैन किनकि श्राप दिए पनि शकुन्तलाका सखीका अनुरोधमा उनले श्रापलाई सच्याएर त्यसबाट मुक्तिको उपाय पनि बताएका छन्। देवकोटाले अतिथि सत्कारको महत्त्वलाई यसरी देखाएका छन् :

"कर्मैं बिर्सी सब कलमको, दूर सत्कार याँकी"

(सर्ग १७, श्लो. २७)

यो पापी हो नजर नदिने सत्य कर्तव्यतर्फ।
विश्वै डग्ला द्विजकुल सबै बिग्रिई जान्छ नर्क॥

(सर्ग १७, श्लो. २९)

कर्मैं धर्मैंकन सब त्यजी साधु श्रद्धा नराखी॥
कानै छैनन् जुन घर पुकाराहरूमा तपस्वी।
त्यस्तालाई विरह नपरे पर्छ केमा र फेरि ?

(सर्ग १७, श्लो. ४०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथिका पङ्क्तिहरूमा देवकोटाले योगी, ध्यानी, सन्यासी, ऋषि, जोगी, अतिथिहरू आफ्ना घरमा आएका बेला तिनलाई वेवास्ता गर्नुहुँदैन भन्ने आध्यात्मिक जीवनवादी सन्देश दिएका छन्। 'अतिथि देवो भवः' अर्थात् अतिथि देवतासमान हुन् भन्ने हाम्रो पूर्वीय चिन्तनलाई यहाँ देखाइएको छ।

दुर्वासाले श्रापमात्र दिएनन् उनले क्षमा पनि दिए। देवकोटा दुर्वासालाई यसरी चिनाउँछन् – हृदयका कोमल ज्ञानसिन्धु (सर्ग १७, श्लो. ३७), ठूलाको जो गुण हृदयको रत्न त्यो हो क्षमा नै (सर्ग १७, श्लो. ३८), प्राणबाधा बुझ्ने, ग्रीष्मका उग्रज्वालाजस्ता देखिने, अरूको अप्ठ्यारो बुझ्ने, यही भएर नै देवकोटा ऋषिहरूको जीवनबाट प्रभावित छन्। दुर्वासाले क्षमा दिएको प्रसङ्ग यसप्रकार छ :

भैगो जो भो तर अब यहाँ फेरि यस्तो नगर्नू
यौटा औंठी स्मृति दिन रहे शाप मेरो नलागोस्

(सर्ग १७, श्लो. ४१)

माथि दिइएको श्लोकका आधारमा हेर्दा एकातिर विश्वामित्र क्रोधी मानिएका छन् भने अर्कातिर यिनी क्षमाशील देखिन्छन्। दृढसङ्कल्प, धैर्य, पवित्रता, अद्रोह, अनासक्ति, क्षमाजस्ता कुराहरूलाई गीताको सोह्रौँ अध्यायको तेस्रो श्लोकमा दिव्य भावना मानिएको छ। तिनै दिव्य भावनामध्ये क्षमाशील दुर्वासा वास्तवमा महर्षिका रूपमा देखिन्छन्।

(घ) कश्यप ऋषि

महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्यमा कश्यप ऋषिको आध्यात्मिक जीवनलाई विशेष महत्त्वका साथ प्रस्तुत गरेका छन्। कश्यप ऋषिका बारेमा विभिन्न धारणा पाइन्छन्। प्रजापति ऋषिका नाममा कश्यप ऋषि धेरै प्रकारका छन्। कश्यप गोत्र पनि मानिन्छ। यिनले दक्षका दिती, अदिती, दनु आदि एघार कन्या विवाह गरे। अदितीबाट देवता जन्मे। दितीबाट दैत्य जन्मे। दनुबाट दानव जन्मे। कश्यपका एक छोरा दानवको नाम मुर थियो। तिनलाई मारेका कारण कृष्ण भगवान्को नाम मुरारी रह्यो भन्ने मान्यता पाइन्छ। गोत्र फेला नपरे कश्यप गोत्र राख्न सकिने धारणा रहेको छ (शर्मा 'पर्वतीय' सन् १९६६ : १९१)। ऋग्वेदमा प्रमुख ऋषिका रूपमा कश्यपको चर्चा छ। यिनी मरिचीका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोरा हुन्। अति प्राचीन र रहस्यात्मक चरित्र भएका यिनी प्रजापति अर्थात् सृष्टिकर्ता पनि हुन् भन्ने कुरा सतपथ ब्राह्मणमा भनिएको छ। भागवत र मार्कण्डेय पुराणमा पनि यिनको चर्चा पाइन्छ। यो गोत्रको नाम पनि हो भन्ने उल्लेख गरिएको छ (पाण्डेय, सन् २००३ : १७०)। वैवश्वत मन्वन्तरका सप्त ऋषिमध्ये एक पूज्य ऋषि कश्यप मरिची ऋषिका मानस पुत्र हुन्। यिनको विभिन्न पुराणहरूमा चर्चा पाइन्छ। ब्रह्माका नाति, सृष्टि विस्तारक प्रजापति पनि भनिएको छ। श्रीमद्भागवतमा पनि ब्रह्मपुत्र मरिचीका छोरा भनिएको छ (रूपाखेती, २०६८ : ६७)।

माथिका धारणाहरूमा कश्यप ऋषिको व्यक्तित्व विविध प्रकारको देखिन्छ भन्ने निचोड निकाल्न सकिन्छ। यिनै विविध रूपका कश्यप ऋषिलाई देवकोटाले **शाकुन्तल** महाकाव्यको बाइसौँ सर्गको अन्तिम श्लोकबाट चर्चा गरेका छन्। यहाँ राजा दुष्यन्तले औँठी देखेपछि सबै कुरा सम्झेर शकुन्तलाको खोजी गरेका वेला शकुन्तला कश्यप ऋषिका आश्रममा पुगेर आश्रय लिएकी छन्। कश्यपको आश्रम निकै तपोमय आध्यात्मिक छ भन्ने कुरालाई देवकोटाले यसरी वर्णन गरेका छन् :

यो बेला तर ती शकुन्तसँगिनी टाढा पुगेकि थिइन्
टाढा कश्यपका कुटीतिर कतै सानन्द नैर्जन्यमा
ठूला पर्वतका नजीक छहरा गुँज्दा हरा गह्वर
वेदै पाठसमान प्राकृत हुने चोखो कुना सुन्दर

(सर्ग २२ श्लो. ५६)

शकुन्तसँगिनी अर्थात् चराहरूकी साथी शकुन्तला कश्यप ऋषिका आश्रममा प्रकृतिका काखमा जीवन बिताएको प्रसङ्ग यहाँ आएको छ। त्यो आश्रममा पर्वतबाट झरेका निर्झर झरना र वेद पाठ गर्दा निस्कने ध्वनिमय, पवित्र छ भन्ने देखाएबाट कश्यप ऋषिको अध्यात्मकेन्द्री जीवनको परिवेश यहाँ पाइन्छ।

पूर्वीय वैदिक दार्शनिक मान्यताअनुसार ईश्वरले चाहे जे पनि हुन्छ भन्ने अवस्थामा जब दुष्यन्त शकुन्तलालाई खोज्दै कश्यप ऋषिका आश्रममा पुग्छन् तब त्यहाँको तपोमय वातावरणबाट उनलाई समेत आनन्दानुभूति हुन्छ। महाकाव्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्तिम अर्थात् चौवीसौँ सर्गमा कश्यप ऋषिलाई देवकोटाले विशेष महत्त्वका साथ प्रस्तुत गरेका छन्।

दुष्यन्तका माध्यमबाट वास्तवमा कविको धार्मिक नैतिक चेत र ऋषिमहर्षिहरूप्रतिको आस्थाका साथै आत्मिक प्रेम र पूर्वीय प्राचीन सभ्यता तथा आदर्शहरूप्रतिको आकर्षण प्रकटिएको (जोशी, २०४८ : १५०) कुरा तलका हरफहरूबाट प्रस्ट हुन्छ :

हावा त्यो सुख भन् सुशीतल सफा त्यो शान्तिको शासन
पाई चित्त प्रसन्न भो नृपतिको देखी तपस्यावन

(सर्ग २४, श्लो. २)

दुष्यन्त वास्तवमा प्रकृतिप्रेमी, तपोमय जीवनप्रति आकर्षित, आध्यात्मिक प्रवृत्तिका बन्नुका पछाडि ऋषि सभ्यताकै ठूलो देन भएको कुरा उक्त कवितांशमा पाइन्छ। कश्यप राजा दुष्यन्तका मात्र आकर्षण होइनन्, उनी त देवकोटाका शब्दमा भरतका दीक्षा गुरु र शकुन्तलाका आदर्श पनि हुन्। देवकोटा लेख्छन् :

यी हुन् राजकुमार चन्द्रकुलका यी तेजिला बालक
हाम्रा राजकुमार ती भरत हुन् यी दीनका पालक
सम्राट् देश समस्तका पछि हुने जानेर हाम्रा ऋषि
बूढा कश्यप गर्नुहुन्छ यिनमा शिक्षा कुटीमा बसी

(सर्ग २४, श्लो. २४)

यस आधारमा हेर्दा ऋषिहरू द्रष्टा हुन्। यिनीहरूले त्रिकालदर्शी भएर भूत, वर्तमान र भविष्यको समेत सबै कुरा भन्न सक्छन्। यही मान्यता हाम्रा पूर्वीय वैदिक दर्शनहरूमा मूलतः वेदमै पनि पाइन्छ। यहाँ कश्यप ऋषि भरत को हुन् ? यिनी किन जन्मे ? यिनको भविष्य के हो ? सबै बुझेर उनकै शिक्षादीक्षामा लागेका छन्। कश्यप सृष्टिकर्ता, सृष्टिविस्तारक पनि भएकाले र महर्षि पनि भएकाले दुष्यन्त, शकुन्तला र भरतको सुखद मिलनपछि विदाइ गर्ने वेलामा राजा दुष्यन्तलाई यस्तो उपदेश दिन्छन् :

राजा ! यो विश्व साराकन नियमको एक छन् दिव्य शास्ता
सम्भी राज् गर्नु यौटा हृदय डर लिई गर्व टाढा गरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्यैको रूप जानी उनकन मनले राख्नु श्रद्धा अनन्य
सेवाको भाव राख्नू जनहित नृपको ताज भन्ने बुझेर

(सर्ग २४, श्लो. ७०)

पूर्वीय वैदिक दर्शनमध्ये मूलतः वेदान्त दर्शनमा व्यावहारिक कोणबाट हेर्दा ईश्वर विश्वको स्रष्टा, पालनकर्ता र संहारकर्ता मानिन्छ। ईश्वरले नै जीवलाई कर्मअनुसार फल प्रदान गर्ने भएकाले ईश्वरको अस्तित्व व्यक्तित्वपूर्ण छ। माथिको कवितांशमा पनि देवकोटाले सगुण सविशेष ईश्वर नै यो सारा विश्वको शास्ता (शासनकर्ता) मानेका छन्। तिनै ईश्वरको भर परेर हृदयमा असल भाव राखी घमन्ड त्यागेर शासन गर्नु राजाको कर्तव्य भएको कुरा कश्यपका माध्यमबाट व्यक्त भएको छ।

कश्यप, कण्व, विश्वामित्र आदि ऋषिहरू शिव वा कल्याणका प्रतीक भएकाले यिनको सुन्दर समन्वयमा सततशील लोक जीवनको प्रवाह बगाउन चाहने देवकोटाको जीवन दर्शन शाकुन्तलमा कश्यपमय भएर प्रवाहित भएका कारण (गडतौला, २०६९ : ९१) पनि तिनै ऋषिको उपदेश र आशीर्वादलाई देवकोटाले अझ बढी उच्चता दिएको पाइन्छ। सत्यवादी भएर ईश्वरप्रति श्रद्धा भाव राख्दै जनताको हित नै सेवा हो, त्यो नै राजाको मुकुट हो, त्यो नै राजकीय सत्ताको सर्वोत्तम उपलब्धि हो भन्ने कश्यपको उपदेशमा नैतिक आध्यात्मिक राजनैतिक चिन्तनसमेत प्रकट भएको छ।

२.४.१.२ प्रकृतिमा आधारित आध्यात्मिक जीवन

महाकवि लक्ष्मीप्रसाद देवकोटाले **'शाकुन्तल'** महाकाव्यमा विविध रूपका प्रकृतिको चित्रण गरेर प्रकृति नै मावनको मूल आधार भएको कुरा व्यक्त गरेका छन्। प्रकृतिमय प्राचीन आर्य सभ्यता र संस्कृतिको उद्घाटन गरेर त्यसैमा आध्यात्मिक शान्ति पाइने कुरा उनले गरेका छन्। महाकाव्यको पहिलो सर्गमा उनले "पाल्नोस् सज्जनवृन्द, यो रसिकको मीठो छ वृन्दावन" (सर्ग १, श्लो. ९), "यात्रा आज गरौँ उषाभवनको पूर्वीय आकाशमा। ल्याऔँला नवगन्ध पुष्प हँसिला पोल्टाभरी वासना" (सर्ग १, श्लो. ३२) भनेर वृन्दावन, उषाभवनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वीय आकाशमा विचरण गर्ने र नयाँ सुगन्ध प्राप्त हुने वा आध्यात्मिक ऐकान्तिक आनन्द प्राप्त हुने सङ्केत गरेका छन्।

हाम्रा पूर्वीय वैदिक दर्शनहरूले प्रकृतिलाई अनेक दृष्टिले हेरेका छन्। साङ्ख्य दर्शनले प्रकृतिलाई सृष्टिको मूल कारण मानेको छ। योग दर्शनमा पनि प्रकृतिलाई फरक ढङ्गबाट सृष्टिकै कारण मानिन्छ। वेदान्त दर्शनले यही प्रकृतिलाई मायाको नजिक पुऱ्याएको छ। त्यसो त वैदिक संवादसूक्तहरूलाई काव्यबीज र नाट्यबीज मानेर सर्वप्रथम प्रकृतिको चित्रण भएको ग्रन्थ वेदलाई भनिएको छ। वैदिक संवाद सूक्तमा उर्वशी र पुरुरवाको संवाद "हे पुरुरवाको, तिम्रा यी वचन (फर्कने कुरा) का बारेमा म के उत्तर दिऊँ ? म (तिम्रो घरबाट) यसरी आएकी हुँ जसरी बिहान सबेरै उषा आउँछिन्" (शर्मा, २०५६ : २५) लाई प्रकृतिकेन्द्री संवाद मानिन्छ। यसरी हेर्दा पाश्चात्य साहित्यको प्रकृतिसमेत वेदको मूल स्रोत भएको मान्न सकिन्छ।

ऋग्वेदको उष : सूक्तमा त प्रकृतिको महिमा गाउँदै त्यसलाई महत्त्वपूर्ण शक्ति मानिएको छ। प्रकृतिलाई देवताको रूप मानिएको छ। प्रकृतिको मानवीकरण गरिएको छ। ऋषिहरूले उषालाई सुनको रथमा चढेर आएकी दिप्तिपूर्ण शक्तिशाली देवीको रूप मानेका छन्। उषालाई मानवीय व्यवहारको पथप्रदर्शक मानेर कुशल गृहिणी, उज्यालोतर्फ लैजाने शक्ति भएकी, दिव्य प्रकृतिदेवी मानिएको छ। महाकवि देवकोटाले पनि **शाकुन्तल**मा यिनै उषाको यिनै प्रकृतिको भव्यरूपको चित्रण गरेका छन्। प्रकृतिबाटै सम्पूर्ण सुख प्राप्त हुने र मानसिक, आत्मिक, आध्यात्मिक सुखको खानी नै प्रकृति भएको कुरा उनले व्यक्त गरेका छन् :

कलिकल्मस कालिनी

कनकाभा छ उषा चिरन्तनी

(सर्ग १, श्लो. ४६)

प्रकृति यस्तो छ कि जसले कलियुगका मयलहरू सफा गर्छ। राग, द्वेष, ईर्ष्या, अहङ्कार हटाएर आत्मिक शान्ति दिन्छ। कलियुगको मैलापनले रहित समय बनाएर उषाले सुनौलो प्रकाश छरेर सबैलाई आनन्द दिन्छ, जुन उषा वा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकृति चिरन्तनी (धेरै पुरानी) छ। त्यही स्वच्छ, निर्मल, प्रकृतिमा देवकोटाले आनन्द प्राप्त गर्ने धारणा राखेका छन्।

प्रकृतिमा कलाको छहारी छ, खेतीपाती छ, भ्रातृत्वभाव छ, पशुहरू सुखमा हुन्छन् (सर्ग २, श्लो. ६)। प्रकृति हरितवसनवाली (हरियो वस्त्र लगाएकी), फूलको माला लगाएकी, अमृतकिरण पिएकी देखिँदा शान्तिको राज्य छाएको (सर्ग २, श्लो. ८) देवकोटाको तर्क छ। कविले फूलहरूलाई वेदका पानासँग तुलना गरेर "कुसुमहरू यहाँ छन् वेदका पत्रतुल्य" (सर्ग २, श्लो. ९) प्रकृतिकै काखमा बसेर वेदनिर्दिष्ट कर्म गर्न सकिने चिन्तन प्रस्तुत गरेका छन्। प्रकृतिले मानिसलाई सत्यमार्गमा हिंडाउने (सर्ग २, श्लो. १६) भएकाले त्यसैतर्फ लाग्नुपर्ने देवकोटाको सल्लाह छ।

प्रकृतिमा सबै कुरा छन्। आनन्दको मूल स्रोत, फलफूलको आनन्द, सादा जीवन, ऐश्वर्यको खानी (सर्ग ५, श्लो. ४) छ। प्रकृतिमा हिंसा छैन, मानिस र वन्यजन्तु मिलेर बसेका छन् (सर्ग ५ श्लो. २३)। प्रकृतिले प्राण रक्षा गर्छ - "खाना दिव्य खुवाउलिन् प्रकृतिले नाना परी सुन्दरी" (सर्ग ५, श्लो. २६)। प्रकृति शिक्षालय हो, फूलहरू अध्यापक हुन्, पानी अक्षर हुन्, यही प्रेम छ (सर्ग ५, श्लो. २७)। प्रकृतिलाई सबै मिलेर दुहेका छन् (सर्ग ५, श्लो. ४४)। प्रकृतिमा मानिसका लागि मखमली बुट्टा भएका तन्नासहित घाँसैघाँसको ओछ्यान छ (सर्ग १२, श्लो. १२)।

भौतिक र राजसी ठाँटवाटमा रमाएका र राज्यको सुख भोग्दै आएका राजा दुष्यन्तसमेत प्रकृतितर्फ आकृष्ट हुनुले देवकोटाको प्राकृतिक आध्यात्मिक चिन्तन र त्यसतर्फको आकर्षण स्वतः स्पष्ट हुन्छ। उक्त कुरा दुष्यन्तको प्रस्तुत भनाइबाट स्पष्ट हुन्छ :

अब सब घर जाओ एकलो बस्छु पाई
सुखमय वन राम्रो शान्तिको झैँ रजाई
मुनिवरहरू बस्ने यो हरीयो निवास
मधुर कुसुम फुल्ने स्वर्गको भावना छ

(सर्ग १३, श्लो. ५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुष्यन्तको भौतिकताप्रतिको विकर्षण, एकान्त तपोवनप्रतिको मोह, आत्मिक शान्तितर्फको लगाव, ऋषिमुनि सभ्यताप्रतिको झुकाव, फूलमै स्वर्ग फुल्ने धारणा उक्त पद्यमा व्यक्त भएको छ। त्यसै गरी दुष्यन्तले "वनतिर मन मेरो बन्न लाग्यो बिहारी" (सर्ग १३, श्लो. ९), भन्नु, प्रकृतिमा दिव्य आनन्द देख्नु र प्रकृतिमै अपार राज्य देख्नु (सर्ग १३, श्लो. २१), वास्तवमा वन विहार गरेरै अमर देवराज बन्ने चाहना राख्नु (सर्ग १३, श्लो. २५), प्रकृतिमा नक्कली नखरा भाव नदेख्नु, छलकपटरहित देख्नु, सरल जीवन पद्धति देख्नु, यी सबै तथ्यहरू देवकोटाको प्रकृतिकेन्द्री आत्मिक, आध्यात्मिक र वास्तविक जीवनचिन्तनलाई पुष्टि गर्नका निम्ति निकै मननीय छन्।

शाकुन्तलको पन्ध्रौँ सर्गमा पनि दुष्यन्त प्रकृतिकै महिमागान गर्दछन्। कतिपय अगिल्ला सर्गमा भनेका कुरासमेत यहाँ आएका छन्। यसको कारण देवकोटा पटकपटक प्राकृतिक आत्मिक आध्यात्मिक जीवनतर्फ फर्कन्छन्। उक्त कुरा तलको पद्यमा पाइन्छ :

न लोभ न छ लालसामा विपिनको हरा राज्यमा
कुबेरनगरीसरी प्रथम सिर्जनाको पुरी
महीरुह अनेकको शवल भ्रातृताले गरी
छ सुन्दर फुली वनै युग सुवर्णको माधुरी

(सर्ग १५, श्लो. ९२)

प्रस्तुत अंशमा देवकोटाले दुष्यन्तका माध्यमबाट प्राकृतिक जीवनचिन्तन प्रस्तुत गरेका छन्। लोभ, लालच, ईर्ष्या, अहङ्कार नभएको, कुबेरको राजधानी अलकापुरीजस्तो, पृथ्वीमा पैदा हुने (महीरुह) मिश्रित भ्रातृत्व भावनासहितको, सुन्दर फूलैफूलले सजिएको, स्वर्णयुगजस्तो प्रकृतिको राज्यलाई उपर्युक्त पद्यमा व्याख्या गरिएको छ।

वंशपरम्परा र गृहस्थाश्रमसम्बन्धी पनि हाम्रा धर्मशास्त्रमा चर्चा पाइन्छ। संसार मिथ्या हो भन्दैमा शरीरका कर्म र धर्म पनि छाड भन्ने मान्यता वेदान्त दर्शनको होइन। प्रारब्धअनुसार शरीरले गर्ने, भोग्ने कर्मलाई निष्काम भावनाले गर्नू भन्ने हाम्रा दर्शनको मान्यता हो। आफू अकर्ता, अभोक्ता बनेर गर, भोग भनेको पाइन्छ। यही सन्दर्भमा मेनका र विश्वामित्रबाट जन्मेकी तर त्यसै छाडिएकी शकुन्तला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो प्रारब्धअनुसार हुर्कँदै बढ्दै वैवाहिक जीवनमा प्रवेश गर्ने युवतीसमेत बनेकी छन्। उनको विवाहको प्रबन्धसमेत प्रकृतिकै काखमा भएको छ। उनी प्रकृतिपुत्री पनि हुन्। उनको विवाह देवकोटाले यसरी गरिदिएका छन् :

बिहाघर बन्यो बनै तरूलता बने यज्ञ झँ
बने कलश फूल नै हरित शैल वेदीहरू
बने रँग शिखासरि प्रकृति बीचका अग्नि झँ
ध्वजा बहुल झुम्किए पवनबीच भै फर्फर

(सर्ग १६, श्लो. २३)

पुरोहित वसन्तले लिखित रङ्ग रेखाहरू
सितै मधुर वाद्यका विहगकण्ठ बोल्थे जहाँ
वितान पनि व्योमको मुदित भो अबीरे बनी
मुना शिशु मुसुक्क छन् मृदुल रङ्ग नाना त्यहाँ

(सर्ग १६, श्लो. २४)

नवीन रँग वस्त्रका युवतिका थिए रेशमी
सुगन्ध अब प्रेमले महलमा बनेली छिद्‌यो
चले भ्रमर भुन्भुनी द्विजसमान बाँचीकन
मनोहर प्रसूनका मृदुल पत्रका अक्षर
रँगीन मधु राखिने मृदुल हेर प्यालाहरू
बन्यो मदन नै यहाँ अब प्रबन्धकर्ता छिटो

(सर्ग १६, श्लो. २५)

माथिका श्लोकहरूमा देवकोटाले भड्किलो, खर्चिलो, रवाफिलो, देवावटी, जबर्जस्त खर्च गर्नुपर्ने वैवाहिक पद्धतिप्रति विरोध जनाएका छन्। विवाहमा अनेक अनावश्यक खर्च गर्दा सामाजिक सांस्कृतिक संरचना नै ध्वस्त हुन सक्ने भएकाले प्राकृतिक, सरल, सहज वैवाहिक जीवन पद्धतितर्फ कविले सङ्केत गरेका छन्। उनले वनलाई विवाहघर, रूखका लहराहरू यज्ञ, फूलहरू कलश,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरिया पहाडहरूलाई वेदी, पातहरू ध्वजापताका, वसन्त ऋतु पुरोहित, चराका मीठा स्वरहरूलाई बाजा, वितान (चँदुवा) आकाश भएको, रूखविरूवाका साना पोथ्रा बालबालिका भएको कल्पना गरेका छन्। त्यस्तै वन्य युवतीका रेशमी वस्त्रहरू, बनेली (वनको) सुगन्ध, भमराहरू ब्राह्मणजस्तै भएका, मदन (कामदेव) नै विवाहको प्रबन्धकर्ता बनेको स्थितिप्रति देवकोटाले असीम आस्था प्रकट गरेका छन्।

सङ्ग्रह नगर्नु, लोभी नहुनु वा नाङ्गो हुनु नै सुखको मूल हो। फूल नाङ्गा भए पनि उज्याला र सौन्दर्ययुक्त हुन्छन्। त्यसैले देवकोटा प्रकृतिका माध्यमबाट सुखी जीवन वा वास्तविक लक्ष्य प्राप्तिको आध्यात्मिक जीवनतर्फ सङ्केत गर्दछन् – "ती फूल नाङ्गाहरू हुन् उज्याला" (सर्ग १९, श्लो.२५)। जसरी सर्ग तेह्रमा दुष्यन्तले प्रकृतिमा धन, रत्न, पन्ना, जुहार देखेका थिए त्यसैगरी सर्ग उन्नाइसमा शकुन्तलाले प्रकृतिबाट टाढा गएमा सुख नहुने विचार व्यक्तै गर्दै प्रकृतिमै स्वर्ग, सुखको दौलत, पन्नाको जगत्, सुखको रत्न, हीराको सुगन्ध देखेकी छन् (सर्ग १९, श्लो. ७१–७२)। यदि यस्तो प्राकृतिक वैभवबाट टाढिनुपर्‍यो भने दुःख हुने कुरासमेत शकुन्तलाले प्रकट गरेको पाइन्छ।

दुष्यन्त जब युद्ध जितेर पृथ्वीतिर फर्कन्छन्, त्यसबेला हेमकूट पर्वतमा रहेको महर्षि कश्यपको आश्रमको प्राकृतिक सौन्दर्य देखेर मुग्ध हुन्छन्। त्यही प्रकृतिमै उनले फेरि आनन्द पाउँछन्, दिव्य जीवन देख्छन्, ईश्वर त्यही पाउँछन् (सर्ग २३, श्लो. १६४)। त्यतिमात्र कहाँ हो र ? हाम्रा पूर्वीय दर्शनले जन्ममरणरहित मोक्ष प्राप्तिको जुन बाटो देखाएका छन्, त्यो समेत दुष्यन्तले प्रकृतिमै प्राप्त गरेको कुरा देवकोटाले यसरी प्रस्तुत गरेका छन् :

जहाँ जन्मै छैनन् मरणहरूको अन्त पनि नै

जहाँ दुःखै छैनन्, कटु वचन काँढा पनि न छ

जहाँ सौन्दर्यको मृदुलपन नै जीवन थियो

त्यहाँ ती राजाको हृदय अलि आनन्दित भयो

(सर्ग २३, श्लो. १७४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसप्रकार देवकोटा प्रकृतिमै मोक्ष प्राप्त हुने विचार प्रस्तुत गर्दछन्। प्रकृतिविमुख भौतिक जगत्‌मा दुःखैदुःख, कटु वचन, काँढैकाँढा हुने उनको भनाइ छ। प्राकृतिक सौन्दर्य नै देवकोटाको आध्यात्मिक जीवनचिन्तनको मूल पाटो देखिएको छ।

२.४.१.३ सत्यमा आधारित आध्यात्मिक जीवन

महाकवि देवकोटाले **शाकुन्तल** महाकाव्यमा सत्यलाई सर्वोपरि मानेका छन्। सत्यको उद्‌घोष गरेर सत्यवादी जीवनचिन्तनतर्फ आकृष्ट भई आध्यात्मिक शान्तितर्फ उनी अभिमुख भएको पाइन्छ। हाम्रा पूर्वीय वैदिक षड् दर्शनमध्ये योग दर्शनमा सत्यको विशेष चिन्तन गरिएको छ। योगका अष्टाङ्‌ग मार्गहरू यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिमध्ये यम (आन्तरिक एवं बाह्य इन्द्रियहरूको संयम प्रक्रिया) का भेदभित्र अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह पर्दछन्। यिनै मध्ये सत्य एकमात्र त्यस्तो योगको भेद हो जुनविना मानिसलाई संसारमा आध्यात्मिक शान्ति तथा समाधि वा आफ्नो वास्तविक स्वरूपको ज्ञान सम्भव हुँदैन। सत्यको कुरा अन्य दर्शनहरूमा पनि चिन्तन गरिएको छ। सत्यबारे उपनिषद्‌हरूमा भनिएको छ :

"सत्यमेव जयते नानृतम्" अर्थात् सत्य नै विजयी हुन्छ (पन्त, २०७३ : ४१)। "सत्यमेव जयते नानृतम्" अर्थात् सत्यको नै विजय हुन्छ, असत्यको होइन, "सत्यं वद" अर्थात् सदा सत्य बोल (शर्मा, २०५६ : ५४)। त्यस्तै मार्कण्डेय पुराणमा सत्यबारे भनिएको छ :

सत्येनार्क प्रतपति सत्ये तिष्ठति मेदिनी
सत्यं चोक्तं परं धर्मः स्वर्ग सत्ये प्रतिष्ठितः
अश्वमेधसहस्रं च सत्यं च तुलयाधृतम्
अश्वमेधसहस्राद्धि सत्यमेव विशिष्यते

अर्थात् सत्यकै कारण सूर्य प्रकाशित छन्, पृथ्वी टिकेको छ र स्वर्गको प्रतिष्ठा कायम भएको छ। सत्य बोल्नु सबभन्दा ठूलो धर्म हो। एक हजारपटक विधिवत् गरिएको अश्वमेध यज्ञको पुण्य तराजुको एकातिरको भागमा र सत्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शक्ति अर्कातिरको भागमा राखेर तौलने हो भने सत्य नै ज्यादा भारी भएको देखिन्छ (पन्त, २०७३ : ६७)।

यही सत्यबाट प्रेरितप्रभावित देवकोटा **शाकुन्तल**का तेइसौं र चौबीसौं सर्गमा सत्यवादी जीवनचिन्तनतर्फ लागेका देखिन्छन्। देवता र दैत्यको युद्धका प्रसङ्गमा सत्यको नै विजय हुने धारणा यहाँ पाइन्छ। सत्यको स्वरूपलाई देवकोटा आफैले यसरी प्रस्तुत गरेका छन् :

छ सत्मा जो चल्ने उसकन अनन्त प्रबलता

(सर्ग २३, श्लो. ६९)

अनन्त–शक्तिमान् आत्मा, हुन्छ सत्को पिछा लिँदो

(सर्ग २३, श्लो. ७०)

सत्य नै ईशको रूप, सत्य तुल्य अगम्य छ
विश्वेशको सत्स्वरूप लयले मात्र गम्य छ

(सर्ग २३, श्लो. ७१)

सत्यको पछि आत्माले प्रकाशतिर धाउँछ

(सर्ग २३, श्लो. ७५)

सत्य हुन्छ अनन्तै नै आशातीत अगम्यता

(सर्ग २३, श्लो. ७९)

खालि शक्ति त्यसै हुन्न सत्यको नलिई भर
जति चौडा भयो सत्य उति टिक्छ पुगी पर

(सर्ग २३, श्लो. ८२)

अनन्यभक्ति जेमा छ श्रद्धा श्रीपेचतुल्य छ
भक्तिश्रद्धा दुवैलाई जित्ने सत्य अमूल्य छ

(सर्ग २३, श्लो. ९०)

माथिका हरफहरूमा सत्यको महिमा गाइएको छ। सत्यमा चल्ने मान्छेमा अनन्त प्रबलता (असीम बलियोपन) हुन्छ। आदि अन्त्य नभएको शक्तिशाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मा पनि सत्यको पछि लाग्छ। सत्य नै ईश्वरको रूप हो जुन सत्यजस्तै जान्नबुझ्न नसकिने छ। विश्वका ईश्वरको रूप पनि सत्य नै छ। सत्यको पछि लागेमा आत्मा पनि उज्यालोतिर लाग्छ वा ज्योतिस्वरूप प्राप्त हुन्छ। सत्यको आदि अन्त्य छैन। सत्य आशातीत भएकाले चिताउनै सकिँदैन। यो अगम्य अर्थात् अज्ञेय छ। शक्ति प्राप्त गर्न सत्यकै भर चाहिन्छ। सत्यको घेरो फराकिलो पारेमा वास्तविक तत्त्व फेला पार्न सकिन्छ। भक्ति र श्रद्धा (श्रीपेच) भन्दा पनि सत्य ठूलो भएकाले यसकै खोजीमा लाग्नु मनुष्य जीवनको सार्थकता देखिन्छ।

सत्यलाई सत्यकै माध्यमले चिन्ने बाटो दर्शन र सत्यलाई सुन्दरताको माध्यमले अनुभव गर्ने बाटो कला भएकाले (गिरी, २०५५ : ९) देवकोटाले मूलतः **शाकुन्तल** महाकाव्यमा कलात्मक सौन्दर्यलाई सत्य मान्दछन्। प्राकृतिक सौन्दर्यलाई उनले सत्य मानेका छन्। उनले काल्पनिक धरातलमा सुन्दरताको व्याख्या गरेर यस्तो सत्य पत्ता लगाएका छन् :

आत्माजस्ता तिमी हौ, मधुमय सुषमा साथकी स्त्री यिनी हुन्
जाने सौन्दर्य तत्त्व प्रचुर तप यही हुन्छ देखिन्छ सत्य
सत्यैको मोहनी हो प्रकृतिबीच सबै माधुरी मोहनी यो

(सर्ग २४, श्लो. ७३)

प्रस्तुत अंशमा कश्यप ऋषिमार्फत देवकोटाले दुष्यन्तलाई विदाइका क्रममा आशीर्वाद र उपदेश दिने सन्दर्भमा सत्य स्वरूपको चिन्तन गरेका छन्। "सत्य नै सौन्दर्य हो र सौन्दर्य नै सत्य हो" भन्ने स्वच्छन्दतावादी काव्यमान्यता यहाँ पाइन्छ। प्राकृतिक सौन्दर्यलाई यहाँ देवकोटाले सत्य मानेका छन्। प्रकृति भनेको स्वाभाविक रूपमा उत्पन्न हुने वा कृत्रिम नभएको भन्ने बुझिन्छ। त्यही स्वाभाविक रूपमा उत्पन्न हुने वास्तविक सत्यलाई देवकोटाले आत्मसात गरेका छन्। प्राकृतिक सौन्दर्यमा नै शाश्वत सत्यको रूप देख्ने देवकोटाले स्वाभाविक जीवनलाई नै महत्त्व दिएका छन्।

सुन्दरी शकुन्तला तपस्याद्वारा परिपक्व भएकी र महर्षि कश्यप दुष्यन्तशकुन्तलालाई आदर्श जीवनको शिक्षा दिन्छन् (जोशी, २०४८ : १६४)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो आदर्श जीवनको शिक्षा भनेको सत्यभित्र रहेर जीवन जिउने शिक्षा हो। त्यही शिक्षालाई कश्यपले यसरी दिएका छन् :

जाऊ राज गर्न जाऊ बहुत दिन अझै देख्छु हे भूप ! बाँकी
हौला बूढा तपस्वी पछि पछि वनमा मालिनीतिर सम्झी
हाम्रो जो आयु भन्ने समयभर परी सत्यको बस्छ नित्य
सोझो सद्भावनाले सहित अमरको ध्येयले सद् पवित्र

(सर्ग २४, श्लो. ७९)

पूर्वीय दर्शनमा ज्ञान प्राप्त गर्ने र आफ्नो जीवन पद्धतिलाई सत्यवादी भएर अगाडि बढाउनुपर्ने भन्ने मान्यता पाइन्छ। माथिको कवितांशमा पनि राजाले राज्य चलाउने काम गर्नु उसको धर्म भएकाले समय मौका विचार गरेर त्यसतर्फ लाग्नुपर्ने सल्लाह कश्यपले दुष्यन्तलाई दिएका छन्। जब राजकाजको समय सकिन्छ त्यसपछि तपस्या गरेर मालिनीतिर आउन सकिने वा वानप्रस्थ जीवन बिताउन सकिने विचार यहाँ देखिन्छ। राज्य गर्दा पनि सत्यभावना लिएर, पवित्र चिन्तन र कलुषित नभई गर्नुपर्ने दृष्टि यहाँ पाइन्छ। यसरी हेर्दा देवकोटाको सत्यवादी जीवनचिन्तन पनि आध्यात्मिक प्रकृतिको देखिन्छ। त्यो आध्यात्मिकतालाई सिद्ध गर्न तलका पङ्क्तिलाई लिन सकिन्छ :

सत्यैको मोहनी हो प्रकृतिबीच सधैं माधुरी मोहनी यी
आत्मा बोलाउने भै वरिपरि छरिई डाक्दथे प्रेमद्वारा

(सर्ग २४, श्लो. ७३)

जसरी 'मालपुवा चिल्लो रहेछ' भन्दा चिल्लो त घिउ पो हो भनी बुझिन्छ, त्यस्तै संसारमा, शरीरमा, विषयमा, विश्वब्रह्माण्डका सारा वस्तुमा आनन्द छैन, आनन्द त आत्माको हो, आत्मा नै हो, त्यही सत्य पनि हो (तत्सत्यं स आत्मा तत्त्वमसि, (छान्दोग्योपनिषद, ६।८।७) भन्ने उपनिषद्को विचार (रिसाल, २०६७ : २४३) लाई हेर्दा माथिको कवितांशमा देवकोटाले सत्यको मोहनी प्रकृति हो, त्यो मधुर र मोहनीयुक्त हुन्छ, त्यही नै आत्मा हो। त्यो आत्मालाई सत्य भनिएकाले प्रकृतिका सारा सौन्दर्यलाई आत्मा भन्न सकिने भयो। त्यही नै देवकोटाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकृतिको सौन्दर्य हो। यसरी हेर्दा स्वच्छन्दतावादी प्रकृतिकेन्द्री सौन्दर्यवादी देवकोटा भन्नु नै अध्यात्मवादी वेदान्तवादी सत्यवादी देवकोटा भन्ने बुझ्न सकिन्छ।

२.४.२ भौतिक/आधुनिक जीवनचिन्तन

मानव जीवनको लक्ष्य आध्यात्मिक सुखलाई मान्ने पूर्वीय वैदिक दर्शनहरूले भौतिक जीवनलाई दुःखदायी मानेका छन्। साङ्ख्य दर्शनले संसारलाई आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःखले युक्त मानेको छ। योग दर्शनले पनि साङ्ख्य दर्शनले जस्तै मान्दछ। न्याय र वैशेषिक दर्शनले पनि संसार दुःखले भरिएको ठान्छन्। वेदान्त दर्शनले भौतिक जीवनलाई क्षणिक, दुःखदायी मान्दछ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्यमा भौतिक/आधुनिक जीवनलाई दुःखपूर्ण मानेका छन्। उनले महाकाव्यको प्रथम सर्गमै भौतिक/आधुनिक जीवन कोलाहलपूर्ण, मरेतुल्य, अत्यासलाग्दो भनेका छन्। तलको कवितांशबाट उक्त कुरा पुष्टि हुन्छ :

छोटो दैनिक जिन्दगी, न घटना, झन् धुलिले धूसर
सस्ता ताक नफा लिएर छ सदा अन्धो, न भै सुन्दर
सासै फेर्नु छ वर्तमान, नमिले यो भूतको आढ्यता
हामी दीन र हीन बन्नु छ भनी लेखें पुरानो कथा

(सर्ग १, श्लो. १०)

शाकुन्तलमा पौराणिक विषय छ। त्यो मानव जीवनलाई सरल र रसमय बनाउने, आध्यात्मिक चिन्तन प्रदान गर्ने, ऐश्वर्यमय पार्ने खालको छ। त्यही भएर देवकोटाले उपर्युक्त पद्यमा अहिलेको भौतिक जीवन क्षणिक छ, धुलिले धूसर (धुलोले धुस्रोफुस्रो भएको) छ, सामान्य ताक (लक्ष्य) र नफा (नाफाका कुरा) बोकेर अन्धो बनेको छ, असुन्दर छ, दीनहीन भएको छ। हामीले फेर्ने सास पनि प्राचीन आध्यात्मिक जीवनको आढ्यता (प्रचुरता) पाएर नै हो भनी कविले भौतिक जीवनप्रति वितृष्णा देखाएका छन्।

भौतिक संसारका मोहमायामा भुल्यो भने सभ्यता नै कालो अँगार बन्ने - "सबै सभ्यता बन्छ कालो अँगार" (सर्ग ४, श्लो. ३४) विचार विश्वामित्र ऋषिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपोभङ्ग हुने सन्दर्भमा देवकोटाले प्रस्तुत गरेका छन्। भौतिक पदार्थमा आत्यन्तिक सुख र शान्ति छैन। ... विषयजन्य आनन्द अत्यन्त क्षणिक, तुच्छ र परिणाममा अशान्ति र दुःखदायक हुन्छ (रिसाल, २०५६ : ५७-५८) यही वेदान्तदर्शनको चिन्तन र 'जहाँ आनन्द हुन्छ, त्यहाँ दुःख पनि हुन्छ' (गिरी, २०५५ : ५१) भन्ने प्राचीन न्याय दर्शनको जीवनवादी चिन्तनलाई देवकोटाले तलको श्लोकमा प्रस्तुत गरेका छन् :

यहाँ छन् धरामा अनेकौं अभाव
कडा वस्तुका दुःखदायी स्वभाव
यहाँ फूल काँढाविना राखिँदैन
विनाआँसुको नेत्र कोही हुँदैन

(सर्ग ४, श्लो. ८२)

देवकोटा वस्तुतः धरा (पृथ्वी) मा सम्पूर्ण वैभव देख्ने कवि हुन्। पृथ्वीलाई जीवनदायिनी शक्ति पनि मानेका छन्। यही **शाकुन्तल** महाकाव्यमा पनि उनी प्रकृतिभित्रै अध्यात्म ज्ञानको भण्डार देख्छन्। उक्त श्लोकमा देवकोटाले धरा भनेर भौतिकताले चुर्लुम्म भएको संसारलाई बताएका हुन्। यस्तो संसारमा अभावैअभाव हुने नै भयो। अशान्ति, दुःख, विभिन्न पीडादायी अवस्था त यसका स्वभाव नै हुन्। वेदान्त दर्शनअनुसार असन्तुष्टि र जलनले भरिएको मायिक संसार, मिथ्या संसारमा अभाव नभए के होला ? यहाँका वस्तुहरू हेर्दा आकर्षक भए पनि नाशवान् भएकाले दुःख दिने छन्। वेदान्त दर्शनको पारमार्थिक दृष्टिले हेर्दा त सबै आफ्ना भनिएकाले पनि दुःखको बन्धनमा पार्छन्। त्यस्तै फूल सौन्दर्ययुक्त आनन्द दिने भए पनि त्यसमा काँढा हुन्छ। यो जहाँ आनन्द छ त्यहाँ दुःख पनि हुन्छ भन्ने प्राचीय न्याय दर्शनको मतअनुसार मेल खाने देखिन्छ। हरेक प्राणी शोकाकुल छ। आँसुमय जीवनलाई देवकोटाले आधुनिक, भौतिक, कृत्रिम, आडम्बरी मानेको कुरा यहाँ पाइन्छ।

यस परिस्थितिलाई कविले महाकाव्य रचनामार्फत धर्तीका अभावहरू र दुःखहरूको अन्त्य हुनुपर्ने स्वप्नदृष्टि राखेको भनिए (लुइटेल, २०६९ : २१०) तापनि त्यसो नभई मूलतः कविको आध्यात्मिक आत्मिक जीवनतर्फ डोऱ्याउने र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राचीन सभ्यतातर्फको मोह भन्न सकिन्छ। देवकोटाजीलाई नास्तिक र आस्तिकको खिचातानीमा तानतुन र थुनथान गर्न खोजिएको, राजनीतिक विषयमा जस्तै धर्ममा पनि ईश्वरवाद या अनिश्वरवादको झैंझमेलामा देवकोटाजी कहिल्यै नपरेको तर्क (राणा, २०६६ : ३८ – ३९) पाइए पनि देवकोटाको **शाकुन्तल** महाकाव्यका साक्ष्यहरूलाई हेर्दा उनी आध्यात्मिक आस्तिक प्राचीनताका पुजारी कवि हुन् भन्न सकिन्छ।

महाकवि देवकोटाले भौतिक/आधुनिक जीवनलाई दुःखैदुःखको समुद्र (यो दुःखको जलधि–सर्ग ७, श्लो. ३२) मानेका छन्। अन्धकारै अन्धकारले घेरिएको यो भौतिक जगत् विषयसुखको खिचातानीमा (तमोवृत छ यो जगत् विषयका खिचातानमा, सर्ग ९, श्लो. ३५) अल्झिएको छ। भोगविलासमा आसक्त भएमा वन पनि असुन्दर हुन्छ, फूलले घोच्छन्, सबै अनर्थ हुन्छ (सर्ग १२, श्लो. ४३) यो आधुनिक सभ्यतामा देखिएको छ। भौतिक विलासीहरूका महलहरू खल्ला छन्, आधुनिक पौर (सहर) का सभ्यता सस्ता छन्, झिलिमिली, तडकभडक छन् (सर्ग १२, श्लो. ६४)। लोभी, पापी, कामुक, विषयभोगी आधुनिक सहरिया सभ्यताप्रति देवकोटाले अनास्था प्रकट गरेका छन्।

भौतिकताप्रति आसक्त हुँदा दिल दुख्ने (सर्ग १४, श्लो. १२), चित्त विह्वल भएर छटपटी हुने (सर्ग १४, श्लो. २९) आँसु बगाउनुपर्ने (सर्ग १५, श्लो. १२), विरह आइलाग्ने (सर्ग १५, श्लो. १६), अतृप्ति भइरहने (सर्ग १५, श्लो. १९), अँध्यारोले ढाकिएको वियोग खप्नुपर्ने (सर्ग १५, श्लो. २४), विषाद आइलाग्ने (सर्ग १५, श्लो. ३१) सधैं रोएर समय बिताउनुपर्ने (सर्ग १५, श्लो. ३९–४३), मनमा आगो लाग्ने (सर्ग १५, श्लो. ५६) कुराहरूलाई महाकवि देवकोटाले विभिन्न स्थानमा प्रस्तुत गरेका छन्।

सहरको शून्यतालाई आधुनिक जीवनशैलीको संज्ञा दिँदै (सर्ग १५, श्लो. ९१) देवकोटाले भौतिकताप्रति पटकपटक असहमति जनाएका छन्। वियोग, वेदना, व्यथा, शूल (सर्ग १७, श्लो. १, ३) यस संसारका पीडादायक वस्तु भएकाले त्यसबाट टाढै रहनुपर्ने सन्देश देवकोटाले दिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भौतिक जगत् अनित्य छ। यो शरीर एक दिन खरानी भएर पृथ्वी, जल, तेज, वायु, आकाशजस्ता पञ्चमहाभूतमा मिल्दछ। त्यसैले भौतिकतातिर लाग्नु व्यर्थ छ भन्ने चिन्तन देवकोटाले यसरी व्यक्त गरेका छन् :

देह जान्छ पछि हुन्छ खरानी

यो अनित्य भवमा तब के छ ?

(सर्ग २१, श्लो. ७३)

प्रस्तुत अंशमा भौतिकवादी जीवनपद्धतिप्रति पूर्ण असहमति जनाइएको छ। 'ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नाऽपरः' अर्थात् ब्रह्ममात्र सत्य छ। जगत् मिथ्या छ। जीव ब्रह्मै हो। त्यो भन्दा पर अरू केही छैन भन्ने वेदान्त दर्शनको चिन्तन यहाँ पाइन्छ।

हाम्रा इन्द्रियहरू इमानदार छैनन्। यिनले नगर भनेको कुरा गर्न खोज्छन्। हामीलाई भौतिक संसारमा चुर्लुम्म डुबाउन खोज्छन्। त्यसैले देवकोटा इन्द्रियका बारे यसो भन्छन् :

त्यो दुःखी क्षणबीच इन्द्रिय सबै क्या बेइमानी भए

(सर्ग २२, श्लो. २०)

हाम्रा कानले नराम्रो र नचाहिँदो सुन्न खोज्ने, हाम्रा आँखाले त्यस्तै हेर्न खोज्ने, जीब्राले मीठोमीठो स्वाद खोज्ने, नाकले त्यस्तै गर्ने लगायत पाँच कर्मेन्द्रिय र पाँच ज्ञानेन्द्रियहरू हाम्रा नियन्त्रणभन्दा बाहिर गए भने यिनीबाट हाम्रो हानी हुन्छ। यिनैले दुःखका वेला अझै दुःख थपिदिन्छन्। तसर्थ देवकोटा त्यसबाट सचेत रहने/रहनुपर्ने विचार व्यक्त गर्छन्।

यो जगत्लाई चुत्थो ठान्नु (सर्ग २३, श्लो. २७), यहाँ मृत्यु, दुःख र आँसु हुनु (सर्ग २३, शलो. ३३), अज्ञानको भुमरीमा पर्नु (सर्ग २३, श्लो. ७७), सांसारिक बनोट झूट हुनु (सर्ग २४, श्लो. ४२), भौतिक संसारका विशेषता भएकाले यसबाट आत्यान्तिक, आत्मिक, आध्यात्मिक शान्ति छैन भन्ने कुरा स्पष्ट हुन्छ। भौतिकताको भोकले भरिएको आधुनिक जीवनबाट मुक्ति सम्भव नहुने देवकोटाको चिन्तन यहाँ पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.४.३ विविध जीवनचिन्तन

शाकुन्तल महाकाव्यको जीवन पूर्वीय सभ्यतामा आधारित भएको पाइन्छ। महाभारत र पुराणमा यसको जीवनलाई प्राचीन वैदिक आध्यात्मिकताभित्रै राखिएको पाइन्छ । **शाकुन्तल**मा देवकोटाले केही फरक र मौलिक प्रसङ्ग ल्याएर विविध जनजीवनलाई समेत देखाउने प्रयास गरेका छन् ।

२.४.३.१ नेपाली जनजीवन/किसानकेन्द्री जनजीवनचिन्तन

महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्यमा सरल नेपाली जनजीवन / किसानकेन्द्रित जनजीवनको चित्र प्रस्तुत गरेका छन्। महाकाव्यको प्रथम सर्गमै यस्तो विचार व्यक्त गर्छन् :

नेपाली घरमा बनाउँछु भनी प्राचीनको यो वन

(सर्ग १ श्लो.१२)

प्राचीन सभ्यतालाई नेपाली घरमा भित्र्याउन चाहने देवकोटाले जौको सातु र खुदेपानी खाने र अक्षय तृतीया मनाउने नेपाली चलनलाई (सर्ग ८, श्लो. ३७-३८) सङ्केत गरेका छन् । त्यस्तै दही, मही र सातु खाएर रमाउने नेपाली जनजीवन (सर्ग १३, श्लो. ३७) लाई उनले प्रस्तुत गरेका छन्। नेपाली किसानको जनजीवनलाई शान्त, सरल (त्यस्ती शान्त किसान गेहगहना) सर्ग १५, श्लो. ७६) र घरको गहना भनी वर्णन गरिएको छ । त्यस्तै किसानलाई देवकोटाले यसरी वर्णन गरेका छन् :

कामदार छन् किसान
खेतबीच अन्न खान
अन्नका पितासमान
ली खनित्र चित्रमान
अल्प चाहले प्रशन्न
स्मेर शान्तितुल्य धन्य
मृत्तिका-सिंगार-जन्य
कर्म-वीर कीर्ति-गण्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेदिनी–प्रतोष –पुत्र
स्वेददार सच्चरित
ग्राम्य गानले पवित्र
ओठसाथ शुद्ध भित्र
(सर्ग २०, श्लो. ९)

उपर्युक्त अंशमा किसानलाई अन्नका पिता, खनित्र (खन्ती, खन्ने कुरा) को चित्रजस्तो, थौरैले प्रसन्न हुने, स्मेर शान्तितुल्य (मुस्काएको शान्तिजस्तो) मृत्तिका–सिँगार–जन्य (माटेले हिलोले सिँगारिएको जस्तो) कर्मवीर, कीर्ति भएको, मेदिनी–प्रतोष–पुत्र (पृथ्वीका सन्तोषी छोरा, पृथ्वी आमालाई खुसी पार्ने छोरा) का रूपमा, स्वेददा (पसिना खल्खली वगेका) अर्थात् परिश्रमी, सत्यचरित्रवान्, गाउँले गीतले पवित्र, मन शुद्ध भएको व्यक्तिका रूपमा चित्रण गरेर देवकोटाले नेपाली किसानको सरल जनजीवनलाई व्यक्त गर्ने काम गरेका छन्।

शकुन्तलालाई आफ्नो घर (स्वर्ग, दुष्यन्तको दरवार) जाने क्रममा बाटामा किसानकै घरमा वास बसाएर देवकोटाले यस महाकाव्यमा मौलिकपन ल्याएका छन्। गहुँ लसुन फलाउने, अन्नको कीर्ति भएको (सर्ग २०, श्लो. १९) पिलपिल बत्ती बलेको उज्यालो कुटी भएको (सर्ग २०, श्लो. २९) किसान अतिथि सत्कारमा अभ्यस्त छ। थकित भएर खाटमा पल्टेका वेला पनि तीन ब्राह्मण र गौतमीसहितकी शकुन्तलालाई स्वागत गर्न तत्पर हुन्छ (सर्ग २०, श्लो. ३०–३१) । आसनमा बसाएर आगो बाली तातोपन प्रदान गर्दछ (सर्ग २०, श्लो. ३३)। ऊ गाई दुहुन्छ। रातमै उठेर अतिथि सत्कारका निम्ति केही नभएर पनि प्रशन्नतापूर्वक पाहुनालाई गाईको दूध तताएर खान दिन्छ (सर्ग २०, श्लो. ४०–४६)। उसकी छोरी श्यामाले मकै भुटेर कृषकको वास्तविक खाना तयार पार्छे। त्यो पनि अतिथिहरूका लागि दिइन्छ। अर्को दिन उनीहरू जान तयार भएपछि हात जोडेर विदाइ गर्छन्। यसरी देवकोटाले नेपाली किसानको जनजीवनलाई यहाँ प्रस्तुत गरेका छन्।

उता शकुन्तला किसानका घरबाट बिदा भएर जान्छिन्, यता दुष्यन्तले चिनो दिएको औँठी पाठाका माध्यमबाट तलाउका छेउमा किसानकी छोरी श्यामाले भेटाउँछिन् (सर्ग २२, श्लो. १२)। किसान धनको गरिव भए पनि मनको धनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएकाले उक्त औंठी दुष्यन्तका दरवारमा आफैले पुऱ्याइदिएकाले इमान्दार किसानको जीवन यहाँ पाइन्छ।

देवकोटाले मूलतः महाकाव्यको बाइसौं सर्गमा किसानकेन्द्री जीवनचिन्तनलाई बढी महत्त्वका साथ प्रस्तुत गरेको पाइन्छ। किसानले औंठी दिएका कारण दुष्यन्तले आफूले बिर्सेकी शकुन्तलालाई सम्झेका छन्।पश्चात्ताप मानेर शकुन्तलालाई भेट्ने इच्छा व्यक्त गरेका छन्। किसान अर्काको दुःखमा दुःखी हुने परोपकारी पनि रहेको पाइन्छ। यसरी हेर्दा सरल प्राकृत, सन्तुष्ट, परिश्रमी किसान जीवनका साथै ग्रामीण नेपाली प्राकृतिक परिवेशतर्फ देवकोटाको आकर्षण यहाँ पाइन्छ।

२.४.३.२ भाग्यवादी जीवनचिन्तन

पूर्वीय दर्शनमा कर्मसम्बन्धी चिन्तन पाइन्छ। कर्मलाई भाग्य, प्रारब्ध, नियति, तकदिर, विधि, कर्म रेखा, कर्मलेखा, विधिको विधान, नियतिगति, भावीको लेखा, लेखान्त, हुनेहुनामी जस्ता शब्दबाट पनि बुझिन्छ। सत्असत् कर्मको फल भोग्नुपर्ने मानवीय जीवनलाई राम्रो काम गरे उर्ध्व गमन र नराम्रो काम गरे अधोगमन हुने साङ्ख्य दर्शनको मान्यता छ। योग दर्शनमा कृष्ण कर्म (दुरात्माले गर्ने कर्म), शुक्ल कृष्ण कर्म (राम्रो–नराम्रो मिसिएको कर्म), शुक्ल कर्म (ज्ञानको साधनासहितको कर्म), अशुक्ल अकृष्ण कर्म (पापपुण्यरहित कर्म) भनी चिन्तन गरिएको छ। वैशेषिक र न्याय दर्शनमा शुभाशुभ कर्मलाई महत्त्व दिइएको पाइन्छ। मीमांसा दर्शनमा कर्मलाई क्षणिक र कालान्तमा पनि रहने मानिएको छ। यहाँ कर्मलाई अपूर्व भनिएको छ, पहिले नभएको कर्म गरेपछि हुने कारण अपूर्व भनिएको हो। वेदान्त दर्शनमा प्रारब्धअनुसार कर्मफल भोग्नुपर्ने मान्यता पाइन्छ। तत्त्वज्ञानप्रति श्रद्धा, धर्ममा आस्था, अहिंसा, सत्यवचन, स्नान, पवित्रता उपवास यी सामान्य कर्म हुन् भने ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास यी चार आश्रममा रहेर गरिने विशेष कर्म विशिष्ट कर्म हुन्। यिनै कर्मका आधारमा मानिसको भाग्यनिर्माण हुने कुरा पूर्वीय दर्शनमा पाइन्छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्यमा भाग्यवादी जीवनचिन्तनलाई पनि महत्त्व दिएका छन्। आफू जन्मेहुर्केको माइती देश छाडेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पराइको नौलो घर जानुपर्ने नारी (शकुन्तला) जीवनको स्थितिलाई कुठार कर्मका कारण यसो भएको हो भन्ने मान्यता यसरी प्रस्तुत भएको छ :

भन चारु सखे प्रियम्वदा
म बढैं एक लता बनी यता
तर आज कुठार कर्मको
पर लैजान्छ हरे ! कता कता !

(सर्ग १९, श्लो. ७७)

प्रस्तुत अंशमा शकुन्तला आफ्ना प्रिय सखीहरूसँग टाढिनुपर्ने, आफ्नो जन्मघर छाड्नुपर्ने, अन्त कतै पराइ घर जानुपर्ने कुरालाई कर्म वा भाग्यको खेल मानिएको छ।

शकुन्तला राजा दुष्यन्तको दरवारमा पुगेपछि राजाले उनलाई नचिन्नु पनि भाग्य (विधि) कै खेल भएको कुरा तलका हरफहरूमा पाइन्छ :

झन् झन् त्रास बढेर आश नहुँदी त्यक्ता तिनी कामिनी
झन् झन् क्रोध उठेर निष्करुण भै हेर्छिन् अभागी बनी

(सर्ग २१, श्लो. १०७)

आफ्नै नेत्रअगाडि छन् सुख तिनी लागी मिहीं बादल
देख्दैनन् विधि खेलले जुन थिइन् संसारकी मोहिनी
आत्मा झैं विषयादि आवरणले ढाकेर अन्धा हुँदा
आफ्नो दौलतबाट वञ्चित बने टूना बनी निर्दयी

(सर्ग २१, श्लो. ११२)

हा ! उल्ट्ये विधिको प्रपञ्चकटुता लीला अहो धन्य छ

(सर्ग २१, श्लो. ११३)

ज्यूँदो राख्नु छ क्रूर कर्मविधिको संसार कस्तो अहो !

(सर्ग २१, श्लो. १३२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यौटा शापविषे क्रिया छ विधिको खुल्ने छ सारा हरे !

(सर्ग २१ श्लो. १३५)

यो हो निर्दयता र ? हैन विधिले खेल्दो छ माया रची

(सर्ग २१, श्लो. १३६)

यस्तो चाल छ कालको र विधिको भन्ने बुझे यै क्षण

(सर्ग २१, श्लो. १३८)

माथिका हरफहरूमा शकुन्तलाकै भाग्यका कारण यस्तो परिस्थिति आएको कुरा व्यक्त भएको छ। शकुन्तलाजस्ती सुन्दर पत्नीलाई दुष्यन्तले नचिन्नु पनि विधिकै खेल हो। जसरी विषय वासनामा भुलेर मानिस आत्मालाई चिन्न सक्दैन वा आत्मामा विषयको आवरण लागेर अन्धो हुन्छ त्यस्तै दुष्यन्त पनि विधिका वशका परेकाले यस्तो भएको छ। विधिको विधान लीलामय छ। यो संसारमा मानिस कर्मविधिकै वशमा छ। यसले माया रचेर मानिसलाई उथलपुथल पारेको छ। यो मानौँ कालकै जस्तो स्वरूप भएको छ भन्ने भाग्यको स्थिति यहाँ देखाइएको छ। यहाँका सन्दर्भमा दुर्वासाको श्राप एक प्रकारले दुष्यन्त र शकुन्तालको भाग्य निर्माण गर्ने कारण बनेको कुरासमेत प्रस्तुत गरिएको छ।

यसैगरी शकुन्तलाको औंठी नियतिसरि हराउनु (सर्ग २१, श्लो. २०९), रानी बन्नुपर्ने शकुन्तलाको अभागी जीवन देखिनु (सर्ग २१, श्लो. २१०), शकुन्तला पथरा (अलपत्र, निराश्रय) बन्नु (सर्ग २१,श्लो. २१६), कर्मले वैलिनु (सर्ग २१, श्लो. २२५), क्रूरकर्मकै निठुरता सहन गर्नु (सर्ग २१, श्लो. २२७), शकुन्तलाले कर्म फुटेर मृत्युको पुकारा गर्नु (सर्ग २१, श्लो. २२८) यी सबै स्थितिलाई देवकोटाले भाग्यवादी जीवनचिन्तनका सन्दर्भमै प्रस्तुत गरेको पाइन्छ ।

फेरि सर्ग बाइसमा जब दुष्यन्तलाई किसानमार्फत हराएको औंठी प्राप्त हुन्छ त्यतिवेला दुष्यन्त पनि दैव (भाग्य) लाई नै जीवनको मूल तत्त्व ठान्छन्। "हा ! हा ! दैव बनाउँछस् तँ सपना जस्तो त्यसै जीवन" (सर्ग २२, श्लो. १९)। दुष्यन्तले शकुन्तलालाई अभागी देख्नु (सर्ग २२, श्लो. २२) , किसानले बेइमानी दैवका कारण शकुन्तला रानी नबनेकाले पीडा व्यक्त गर्नु (सर्ग २२, श्लो. ३८), पनि भाग्यवादी जीवनका प्रसङ्ग हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यता दुष्यन्तले स्वर्गमा भएको दानव र देवताको युद्धमा विजय प्राप्त गर्दा नियतिलाई अमर मान्नुचाहिँ सांसारिक क्षणिक सुखमा भाग्य पनि राम्रो मानिने र त्यो पनि प्रारब्ध वा कर्मफलबाट प्राप्त भएको हो भन्ने भाग्यवादी जीवनचिन्तन यहाँ गरिएको छ । दुष्यन्तले शकुन्तलालाई खोज्दै हिँड्दा दैवलाई पुकारा गर्नु (सर्ग २४, श्लो. १०), शकुन्तलासँग वियोग हुनुपर्दा भाग्यलाई दुष्यन्तले उल्टो, कडा र निष्ठुर देख्नु (सर्ग २४, श्लो. २१), आफूले शकुन्तलालाई बिर्सनुचाहिँ विधिको शिकार भएको कारण दुष्यन्तले व्यक्त गर्नु (सर्ग २४, श्लो. ५१), फेरि आफू बाँचेको श्रेय पनि विधि (भाग्य) लाई नै मान्नु (सर्ग २४, श्लो. ५६) **शाकुन्तल** महाकाव्यमा व्यक्त गरिएका भाग्यका दृष्टिकोणहरू हुन् । यसप्रकार भाग्यवादका विविध रूप देखाएर देवकोटाले पूर्वीय दर्शनमा आधारित भाग्यवादी जीवनचिन्तनलाई महाकाव्यका पात्रमार्फत प्रस्तुत गरेका छन् ।

२.४.३.३ आशावादी जीवनचिन्तन

महाकवि देवकोटले **शाकुनतल** महाकाव्यमा आशावादी जीवनचिन्तनलाई पनि महत्त्वका साथ प्रस्तुत गरेका छन्। उनी सर्ग एकमा यसको सङ्केत यसरी गर्दछन्ः

जाडामा पनि कोयली कुसुमका बास्नाहरू सम्भिँदै
फर्केलान् दिन फेरि उत्तर भनी बस्छे अकेली रुँदै

प्रस्तुत अंशमा जाडोयाममा चिसोको समयमा कोइलीले फूलका वासना सम्भँदै उत्तर (वसन्त ऋतुका दिन) दिन सम्भँदै चिसोले कठ्याङ्ग्रिए पनि सुखको कल्पना गर्दै आशावादी बन्ने प्रसङ्ग रहेको छ। उही प्रसङ्गलाई देवकोटले एकैपटक सर्ग उन्नाइसमा पुगेर दुष्यन्त र शकुन्तलाको वियोग, त्यसपछि शकुन्तला दुष्यन्तको दरबारतिर जाने प्रसङ्गमा यसरी जोडिएको छ :

उदास पत्ती अब भर्न थाले
वसन्त आशातरुमा फुलेर
रूँ रूँ गरेको अवरूद्ध बल्ली
झल्की सफा शीत झिल्झिल हल्ली
(सर्ग १९, श्लो. ५)

आशा छ बोल्दी वनका चरामा
आशा छ खुल्दी सुन-टाकुरामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशा रूँदी जो दिलभित्र बस्थी
झल्केर चक्की जलका कणामा

(सर्ग १९, श्लो. ६)

माथिका पद्यमा एकातिर ऋतुपरिवर्तनको स्वाभाविक प्रक्रियालाई देखाइएको छ भने दुःखपछि सुखको आशा गरिने र सुखदुःख चक्रवत् हुन् भन्ने कुरालाई अर्कातिर सङ्केत गरिएको छ। यही सुखको आशामा मानिस यो संसारमा बाँचिरहेको छ, बाँच्ने चाहना गर्छ भन्ने आशावादी जीवनको कुरा यहाँ आएको छ। यो आशा फेरि केवल दुःखपूर्ण छ, क्षणिक छ, त्यसले एउटा तहसम्म पुऱ्याउला तर वास्तविक सुख हुँदैन भन्ने पूर्वीय दर्शनको चिन्तन पनि यहाँ पाउन सकिन्छ।

शकुन्तला दुष्यन्तको दरबारमा पुगेपछि पनि दुष्यन्तले नचिन्दा र वास्ता नगर्दा समेत आफ्नो नाम लिएर बोलाउँछन् कि भनी आशा गर्नु (सर्ग २१, श्लो.३८), दरबारको ढोकामा पर्खनु (सर्ग २१,श्लो. ४९) अन्त्यमा सबैले छाडेर जाँदा पनि निकै पीडादायी अवस्था हुँदा समेत आशामा बाँधिनु र मन समाल्नु (सर्ग २१, श्लो. १२५), राजाले आफूलाई छक्काएको होला भनेर अझै आशामा बाँधिनु (सर्ग २१, श्लो.१५२), जति निष्ठुर राजा भए पनि पुनः शकुन्तलाले मृदुल–शब्द–सुभाष–धारा (कोमल शब्दमय मीठो बोलीका धारा) का साथ आशापूर्वक अझ पनि आफूलाई आश्रय देलान् भन्नु (सर्ग २१, श्लो. १६६) यी सबै आशाका लक्षण हुन्।

आफ्ना पतिसँग विछोड भएर कश्यप ऋषिका आश्रममा छोरो भरतसहित गेरु वस्त्र लगाएर शकुन्तला बसेकी छन्। उनले अझै पनि छोरो भरतलाई हेरेर जति कष्ट भए पनि जीवन बाँच्ने आशा गर्नु आशावादी जीवनचिन्तनको पराकाष्ठा मान्न सकिन्छ।

२.४.३.४ विश्वासकेन्द्रित जीवनचिन्तन

मानवीय जीवनमा विश्वासले ठूलो महत्त्व राख्दछ। विश्वासका भरमा मान्छेको जीवन अडेको छ। कतिपय विश्वासहरू लोकव्यवहारका हुन्छन् भने कतिपय विश्वास यसभन्दा पृथक हुन्छन्। कतिपय लोकविश्वास लोकव्यवहारमा रहेको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्यको सोह्रौं सर्गको अन्तमा एउटा सन्दर्भमा मात्र लोकविश्वाससम्बन्धी धारणा प्रस्तुत गरेका छन्। यो विश्वास स्वर्गका अप्सरा मेनकाका माध्यमबाट व्यक्त गरे पनि यो वस्तुतः पृथ्वीका मानिसमै हुने विश्वास हो। निम्नलिखित पङ्क्तिहरूमा विश्वासकेन्द्रित जीवनचिन्तनलाई व्यक्त गरिएको छ :

दृश्य त्यो तर झलक्क भएर
अल्पियो तनु निमेष हुँदैन
पत्रदार गिरिमा जल जस्तो
एक शुभ्र कुइरो हुन आयो

(सर्ग १६, श्लो. ५६)

के अलच्छिन भयो कुइरो यो
के भविष्य तिनको बदलिन्छ
यो विचारसित चिन्तित चार
अप्सरा महलतर्फ सिधारिन्

(सर्ग १६, श्लो. ५७)

माथिका हरफहरूमा प्रकृतिकै काखमा प्रकृति नै व्यवस्थापक भएर दुष्यन्त र शकुन्तलाको विवाह हुन्छ। त्यसपछि मेनकाले आफ्नै छोरी शकुन्तलाको विहे हेरेका समयमा कुइरोले छेकिदिन्छ। स्वर्गबाट पृथ्वीमा हेर्दा जलजस्तो कुइरोले छेकेपछि आफ्नी छोरी शकुन्तलाको भविष्य बदलिन्छ कि वा जीवनमा अनिष्ट आउँछ कि भनेर शङ्का र चिन्ता व्यक्त गरेकी मेनकाका माध्यमबाट यहाँ विश्वासकेन्द्री जीवनचिन्तन व्यक्त गरिएको छ।

२.४.३.५ गृहस्थी जीवनचिन्तन

महाकवि देवकोटा धेरै ठाउँमा प्रकृति, वन–जङ्गलतिर गएर आनन्द मिल्ने, सम्पूर्ण सुख प्राप्त हुने धारणा **शाकुन्तल** महाकाव्यमा व्यक्त गर्छन् भने यसै महाकाव्यको नवौं सर्गको एउटा श्लोकमा मात्र गृहस्थी जीवनको महत्त्वलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्तुत गरेका छन्। उनी प्रकृत साधु, हठयोगी चिन्तक, मानवीय रूप नभएक शून्य साधुका विरुद्धमा गृहस्थी जीवनको महिमा प्रस्तुत गर्दै यसो भन्छन् :

पऱ्यो विपिन जानु नै किन बसी घरैका घर
जितीकन अनङ्ग नै विजय माधुरीको गर
झरेर घर मोहिनी बनिदिए यहाँ जो हरि
उनैकन भजे पुग्यो मृदुल अङ्गमा बेसरी

साधु सन्यासी बन्नका लागि घर छाडेर वन जानुपर्दैन। अनङ्ग (कामदेव) लाई जितेर वा कामवासना त्यागेर, माधुरी (मधुरता) को विजय गरेर अगाडि बढ्नुपर्दछ। घरगृहस्थीमा बसेर पनि सत्कर्म गरेमा भगवान् प्राप्त गर्न सकिन्छ। तिनैलाई भजे ज्ञान प्राप्त हुन्छ भन्ने विचार माथिको पद्यमा पाइन्छ।

घरमै बसेर सांसारिक मायामोहमा, जन्जालमा आसक्त नभए पनि सुखी हुन सकिन्छ। अनासक्त कर्मयोग गर्न सकिएमा गृहस्थ जीवनले अध्यात्म साधनालाई सहयोग गर्दछ। गृहस्थमा बसेर खेतीपाती, बन्दव्यापार, उद्योगधन्दा, जागिर सेवा, राजनीति आदि जे गरे पनि भित्री मनमा श्रद्धा, भक्ति, विश्वासका साथ परब्रह्म बन्दछ (पन्त, २०७३: ६४२)। देवकोटाका शब्दमा घर मोहिनी भनेको पनि असल गृहस्थी भन्ने बुझिन्छ । यही गृहस्थी जीवनचिन्तन देवकोटामा पाइन्छ।

२.४.३.६ प्रेममय जीवनचिन्तन

"प्रियस्य भावः प्रेम" अर्थात् प्रेम अत्यन्त पवित्र भाव हो। प्रेम अनिर्वचनीय छ (अनिवर्चनीयं प्रेमस्वरूपम्)। ... आत्माको लागि नै सबै वस्तु प्यारा भएका हुन् (आत्मनस्तु कामाय सर्वं प्रियं भवति, बृ.उ. ४।५।६)। .... व्यावहारिक कोटीमा शरीरादि, जगदादिबाट आरम्भ भएको प्रेम पारमार्थिक कोटीमा परब्रह्म परमात्मामा पुगेर पूर्णता प्राप्त गर्दछ (रिसाल, २०६७ : ७२-७६)। महाकवि देवकोटाले पनि **शाकुन्तल** महाकाव्यमा शकुन्तला अर्थात् प्रकृतितर्फको शाश्वत प्रेमलाई प्रस्तुत गरेका छन्। मधुरो प्रेम प्रशस्त भुन्भुन (सर्ग १५, श्लो. ४७) प्रेमका अगि मर्नु स्वर्ग प्राप्ति भएको कुरा (सर्ग १५, श्लो. ४८) यहाँ पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रेमको स्वरूप अतिशय सूक्ष्म भएकाले यो वर्ण, लिङ्ग, भाषा, धर्म, देश कालभन्दा फरक छ। प्रेममा मानिसहरू बाँचीबाँची मरिरहेका र मरीमरी बाँचिरहेका हुन्छन् (रिसाल, २०६७: ७२-७६)। **शाकुन्तल** महाकाव्यमा पनि प्रेम दिव्य सुवर्णमय (सर्ग १५, श्लो. ५९) भएको, प्रकृतिको शाश्वत प्रेमलाई सर्वोपरि मानिएको छ। प्रेममा दास बन्न तयार हुने (सर्ग१५, श्लो १८०), सातै सागर डुबेर रत्न ल्याउने, गगनमा विमानको विहार गराउने (सर्ग १५, श्लो. १८१) सन्दर्भमा प्रकृतितर्फको शाश्वत प्रेमको झलक पाइन्छ। प्रेम आत्माजस्तै अमर हुने, मृत्युलाई जित्न सक्ने (सर्ग १७, श्लो. १०) भएकाले यसको सर्वातिशायी महिमाबोध यहाँ गरिएको छ। प्रेम शाश्वत भएका कारण मानिस त्यसको पछि लाग्ने, यसको गति विचित्र हुने (सर्ग २४, श्लो. ६२) कुरा यहाँ स्पष्ट पारिएको छ।

प्रेम परमात्माबाटै आरम्भ गरिएको होस् अथवा अज्ञानतावश जगत्बाटै सुरु गरिएको होस्,त्यो परब्रह्म परमात्मामा पुगेर पूर्णता प्राप्त गर्छ भन्ने कुरालाई तलका हरफहरूबाट पुष्टि गर्न सकिन्छ :

प्रेमै हो सिर्जनाको प्रथम विधि यही विश्व-आधार जान
प्रेमै हो दिव्यताको मधुमय करुणा प्रेम हो विश्व-प्राण
प्रेमैले मिल्छ तारा, यसकन सबको धर्मको तत्त्व जान
हेलाँ हो पाप भन्ने बुझ नृपवर यो प्रेम हो दिव्य गान

(सर्ग २४, श्लो. ७२)

सत्यैको मोहनी हो प्रकृतिबीच सबै माधुरी मोहनी यो
आत्मा बोलाउने भै वरिपरि छरिई डाक्दथे प्रेमद्वारा

(सर्ग २४, श्लो. ७३)

देवकोटाले उल्लिखित कवितांशमा प्रेमलाई सिर्जनाको प्रथम विधि मानेका छन्। विश्वको आधार ठानेका छन्। दिव्य मधुमय करुणा पनि प्रेमलाई मानेका छन्। विश्वको प्राण मानेका छन्। पापलाई हेला मानेका र प्रेमलाई दिव्य गान मानेका छन्। यो सबै प्रकृतिको माधुर्यमा पाइने भएकाले यसैबाट आत्मा तत्त्व प्राप्त हुने कुरासमेत यहाँ व्यक्त भएको छ। यी कुराहरू देवकोटाले कश्यप ऋषिका माध्यमबाट दुष्यन्तलाई उपदेश दिने सन्दर्भमा व्यक्त गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राधाकृष्णको जस्तो अमर प्रेमप्रतिको आकर्षणलाई तलका हरफहरूबाट कविले पुष्टि गरेका छन् :

आनन्दी भै बसे रे दुई हृदय मिली राज्यमा कृष्णराधा
जस्ता लाखौं उज्याला सुखसँग रसले प्रेमका भाँतिभाँति

(सर्ग २४, श्लो. ८०)

उपर्युक्त पद्यमा दुष्यन्त र शकुन्तलाको प्रेमलाई राधाकृष्णको जस्तो शाश्वत मानिएको छ। गोपिनीहरूका आँखामा भगवान् श्रीकृष्ण जति हेऱ्यो उति नयाँ लाग्ने भएकाले नयाँपनमा नै प्रेमको वास्तविकता लुकेको हुन्छ। ..... प्रेम भक्ति हो, ज्ञान हो, परमात्मा हो। ..... प्रियतमले छुट्याउन खोज्दा नछुट्ने प्रेम नै अविच्छिन्न प्रेम हो – जस्तो गोपिनीको भगवान् श्रीकृष्णकाप्रति (रिसाल, २०६७:७५)। यस्तै शाश्वत प्रेममय जीवन नै वास्तविक जीवन भएको कुरा देवकोटाले प्रस्तुत गरेका छन्।

२.४.३.७ शिशुकेन्द्री जीवनचिन्तन

महाकवि देवकोटाले आफ्ना कृतिहरूमा बाल्यजीवन र त्यसका निश्छलता, पवित्रता र शुद्ध स्वाभाविकताको चित्रण गरेको पाइन्छ। उनले बालकहरूमा ईश्वरीय स्वरूप देख्छन्। यही सन्दर्भमा उनको शिशुकेन्द्री जीवनचिन्तनलाई **शाकुन्तल** महाकाव्यभित्रका साक्ष्यहरूबाट पुष्टि गर्न सकिन्छ। मूलतः शिशु शकुन्तला र बालक भरतका बाललीलाहरू यहाँ उल्लेख्य रहेका छन्।

देवकोटाले शकुन्तलाको जन्मपछि कण्व ऋषिले वनमा भेटेर उनलाई आफ्नो आश्रममा लगेको सन्दर्भमा वडो मार्मिक वर्णन गरेका छन्। आश्रममा कण्व पत्नी गौतमीले शिशु शकुन्तलालाई पाएपछि उनीहरूको जीवन नै पुनः शिशुप्रति मोडिएको छ। उनीहरू गृहस्थजस्तै बनेका छन्। गौतमीले आऊ छ्यानु यहाँ, कठै ! कति बछ्यौ एकान्तमा एकली (सर्ग ६, श्लो. ४४) भन्दै बालभाषा प्रयोग गरेर मीठा वचनले शकुन्तलालाई प्रेमपूर्वक काखमा लिएकी छन्। शकुन्तलाको हँसिलो अनुहार, गुनगुन आवाज सुनेर मेरी छोरी भयौ भनी गौतमीले लिएकी छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवकोटा स्वयं पनि बालबालिकालाई असाध्यै मन पराउने कवि हुन्। यहाँ पनि बूढा भइसकेका ऋषि कण्व र गौतमी शिशुलाई पाएर फरक जीवन शैलीमा प्रस्तुत भएका छन्। देवकोटाले शिशुको चाचा र शृङ्गारलाई विश्व मानेका छन् (सर्ग ६, श्लो. ४८)। यो सृष्टि सिर्जना र जीवन नै बालकेलिजस्तो उनले ठानेका छन्। बालकको वात्सल्यलाई उनले विश्व मानेका छन्। उनीहरूले शकुन्तलाको नाम राख्दा पनि पातमा नाम लेखेको सन्दर्भलाई महाकाव्यमा यसरी व्यक्त गरिएको छ :

"राखूँ नाम म के " भनेर ऋषिले अर्द्धाङ्गिनीसाथमा
सोधे चट्ट "शकुन्तला" भनिदिइन् क्या भाव राम्रो फुरी
"राम्रो सुझ गर्‍यौं" भनेर ऋषिले लेखे नयाँ पातमा
चिल्ला पिप्पलको हावासित सदा उछ्लेर मर्मर लिने

माथिको पद्यमा कण्व र उनकी पत्नी गौतमी पूर्ण रूपमा शिशुकेन्द्रित बनेका छन्। उनीहरू सल्लाह गरेर शिशुको नाम राख्छन्। चिल्लो पीपलको पातमा नाम लेखेर पूर्ण रूपमा शिशुप्रति समर्पित भई दुवैले जीवन बिताउँदै छन्। जीवनको सार नै शिशुमा छ भन्ने कुरालाई देवकोटाले "थय्या थय्या" स्नेहको "हाइ हाइ ! " (सर्ग ६, श्लो. ५३) प्रस्तुत गरेबाट स्पष्ट हुन्छ। देवकोटा शिशुलाई आनन्दका महल मान्दछन् (सर्ग ७, श्लो. १७)। महाकविले शिशुको महिमालाई यसरी प्रस्तुत गरेका छन् :

बिग्रन्छ प्रौढहरूको जब बुद्धि सारा
वर्षिन्छ हेर जगमा प्रलयाग्नि धारा
त्यो कालमा शिशु अविकृत शान्त हाँसी
रोक्नेछ क्यार ? गति कारणको विनाशी

(सर्ग ७, श्लो. ३१)

के फूल हुन् र कविजी जग–सिर्जनाका
आदर्शरूप दिलका मृदु गुह्यवाला ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेरा निमित्त शिशु नै सब फूललाई
जित्छन् सुगन्धमय जीवन दिव्य पाई

(सर्ग ७, श्लो. ३७)

माथिका अंशहरूमा देवकोटाले प्रौढहरूको बुद्धि बिग्रेर यो संसारमा प्रलयको अग्नि बल्न थालेमा वा विनाश निम्तिएमा त्यसलाई रोक्ने सामर्थ्य शिशुको हाँसोमा हुने विचार प्रकट गरेका छन्। शिशुले नै सम्पूर्ण सिर्जना र त्यसका सुगन्धमय फूललाई पनि जितेर दिव्य आनन्द प्रदान गर्न सक्छन् भन्ने शिशुकेन्द्री जीवनको महत्त्वलाई उजागर गरेका छन्। देवकोटा आफू पनि शिशुको कथा बुन्न पाउँदा खुसी छन्। उनी बालकेलिलाई स्वर्णकाल मान्छन्, प्रौढ संसारलाई धूलोको जालो ठान्छन् (सर्ग ८, श्लो. ७), बालकको गीतबाट स्वर्ग बन्ने ठान्छन्।

राजा दुष्यन्तले कश्यप ऋषिको आश्रममा पुगेपछि बालक भरतप्रति आकर्षित भएर उसलाई सुन्दर रत्न भन्नु, चुम्बन लिने चाहना गर्नु र त्यहीभित्र स्वर्गीय जीवन प्राप्त हुने विश्वास राख्नु (सर्ग २४, श्लो. १७) वास्तवमै शिशु जीवनप्रतिको देवकोटाको मोह यहाँ झल्किन्छ।

२.४.३.८ नारीकेन्द्रित जीवनचिन्तन

महाकवि लक्ष्मीप्रसाद देवकोटाले नारीका नामबाट आफ्ना कृतिहरू रचेका छन्। उनी नारी आदर्शका कुराहरू पनि आफ्ना कृतिमार्फत प्रस्तुत गर्दछन्। नारीको आदर्श जीवनप्रति उनको ध्यान गएको पाइन्छ। शकुन्तलाको पातिव्रत्य तथा सत्यप्रेमको विजय देखाएर कविले आफ्नो हिन्दू नारी आदर्शप्रतिको र "सत्यमेव जयते" भन्ने पूर्वीय जीवन आस्थाप्रतिको असीम श्रद्धा प्रकट गरेको देखिन्छ (जोशी, २०४८ : १५२)। विश्वव्यापी रूपमा प्रचलित नारीवादी आन्दोलनले कतै चर्को उग्रता लिएको पाइन्छ भने कतै नारीलाई स्वतन्त्र अस्तित्वका नाममा पुरुषबाट अलग्याउने प्रयत्न गरेको पनि पाइन्छ (गौतम, २०५०: ४०९) तर देवकोटाले **शाकुन्तल** महाकाव्यमा नारीलाई घर, घरको जग र बलियो गृहस्थीको आधार मानेर गौतमीका माध्यमबाट नारीको महिमा प्रस्तुत गरेका छन्। गृहिणी नारीका महानताका लागि देवकोटाले प्रथम सर्गमा यसरी सङ्केत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेका छन् :

अर्ती बुद्धि छ चाहिने यदि भने भेट्नू यहाँ गौतमी

(सर्ग १, श्लो. २९)

उपर्युक्त भनाइलाई देवकोटाले महाकाव्यको अठारौं सर्गमा शकुन्तलालाई घर पठाउने वेला गौतमीले दिएको उपदेशसँग जोडेका छन् । विवाहिता नारी माइतीमा धेरै बस्यो भने घरबार बिग्रन सक्ने सम्भावना रहन्छ :

कन्या विवाह नहुँदातक माइतीकी
आफ्नो घरैतिर हुने पछिलाई फेरि
सम्पत्ति यो छ जसको पछिलाई सुम्पे
आनन्द बस्छ दुइतर्फ सदैव गम्की

(सर्ग १८, श्लो. ५)

वास्तवमा नारी अर्काकी धन वा गहना हुन् । विवाह नहुँदासम्म माइतीमा बसे पनि पछि आफ्नै घरतर्फ उनको पाइलो जानुपर्छ । यसो भएमा माइती र घरतिरका दुवैमा शान्ति मिल्छ भन्ने नारीको वास्तविक जीवनपद्धतिलाई यहाँ प्रस्तुत गरिएको छ । नारी को हो र के हुनुपर्छ भन्ने कुरालाई तलका पद्यहरूमा स्पष्ट पारिएको छ :

ठट्टा नगर्नु गिजिएर नबस्नु नानी
के भन्नुपर्छ र तिमी यति शान्त ज्ञानी
हाँसी बनाउँछ सधैं हलुका मिजास
गम्भीर भाव लिनु राख्नु यथेष्ट लाज

ज्यादा नबोल्नु मन झट्ट त्यसै नखोल्नु
आन्द्रा भुँडी नदिनु पस्न र तान्न खुट्टा
छुट्टा रहेर झगडाहरूबाट बच्नू
बोली कडासित नबोल्नु नपार्नु बुट्टा

झूटो नबोल्नु दिन एक खुलस्त हुन्छ
छिप्दै सत्य बरु ईश्वर नै नुहुन्छ
बाङ्गोपनासँग विकारहरू बढाई
झूटो नबन्नु,गर आदर आफुलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोडेर मान नझुके न त गर्व राखे
सोझो र प्राकृत बने बनिँदैन पाखे
राम्रा मिजासहरूले सब चित्त राखे
बन्नू विनम्र, न त रीस कदापि राखे

सौन्दर्यको छ अधिकांश विनीतता नै
शृङ्गार यो युवतिको छ अमूल्य जान
बोली सिँगारसरि मध्यम जान नानी !
बोल्दैन जो हृदयमा छ उ रत्न–खानी

श्रीपेच हुन्छ दिलमा गुणशीलताको
फूल् भन्नुपर्छ र कहाँ गुण है लताको ?
सद्धर्म सुन्दर मिजास दुरुस्त राखे
बेहोशका क्षण नहून्, सब हून् सचेत

आफ्ना सबै कदम, चाल र हाव–भाव
तालीम गर्नु अनि बन्छ सफा स्वभाव
जस्तो अनेक विधिले अलि सूक्ष्म ढङ्ग
पाइन्छ देवहरूको सब रूप रङ्ग

(सर्ग १८, श्लो. १०–१६)

माथिका कुराहरू नारीलाई उपदेश दिन सन्दर्भमा आएका भए पनि यी भनाइहरू पुरुषका लागि पनि त्यत्तिकै सान्दर्भिक छन्। अनावश्यक ठट्टा नगर्ने, हलुका मिजासमा नरहने, गम्भीर भाव लिने, धेरै नबोल्ने,सबैसँग आफ्ना कुरा नखोल्ने, झगडामा नपर्ने, बनावटी नबोल्ने यी कुराहरू मानवीय जीवनकै लागि महत्त्वपूर्ण छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै भुट बोल्नेको एक दिन खुलस्त हुने भएकाले भुटो नबोल्ने, विनम्र हुने, रिस नगर्ने, वास्तविक शृङ्गारमा जोड दिने, गुणवान् बन्ने, होसमा रहने, हृदय पवित्र राख्ने यी सबै कुराहरू मानव जीवनका लागि महत्त्वपूर्ण भएकाले यहाँका नारी केन्द्रित शिक्षा पनि सबैका लागि उपयोगी देखिन्छन्।

यसैगरी केही उपदेशहरू भने नारीमै केन्द्रित छन्। श्रीमान्लाई ईश्वर मान्नुपर्ने, हृदयको स्वामी मान्नुपर्ने, श्रीमान्सँग केही विरोध नगर्ने, विचार गरेर सल्लाहमात्र दिने, श्रीमान्लाई आफ्नै आत्मा मान्नुपर्ने, सबैलाई शान्ति दिने, गृहस्थीका लागि मुद्‌तुल्य बन्ने, आचारभित्र रहने, सद्भाव राख्ने, धर्ममा रहने, कर्मयोगी बन्ने (सर्ग १८, श्लो. २२-२७) कुराहरू पूर्ण रूपमा नारीका लागि नै भनिएका छन्।

गौतमीले दिएका उपदेशहरूमात्र नभएर ऋषि कण्वले पनि शकुन्तलालाई उपदेश दिएका छन्। शकुन्तला घर जाने वेलामा दुःखी भएकी छन्। त्यही समयमा ऋषिले सुखसँग घर जानू, धर्म मान्नू, दुःखमा नआत्तिनू, विनयशील बन्नू, प्रकाश बन्नू, मीठो वचन बोल्नू, गृहको सुख बन्नू (सर्ग १९, श्लो. ४९-५४) भन्ने अर्ति शकुन्तलालाई दिएको पाइन्छ।

नारी जाति अर्काको वशमा परेर जन्मघर छाड्नुपर्ने भए पनि सुखमा रमेर घरतिर बसेर सबै बिर्सी कि भन्ने (सर्ग १९, श्लो. ७३-७४) सामाजिक हेराइलाई यहाँ नारीकेन्द्रित जीवनका रूपमा देखाइएको छ। आफ्नो घरमा गएर पनि श्रीमान्ले नचिन्नु, शकुन्तलालाई आफू अलपत्रमा पर्ने थाहा हुनु (सर्ग १९, श्लो. १२२-१२४) यस्तै हुँदासमेत पनि नारीले सहँदै आशावादी बन्नुपर्ने देखिन्छ। जाली पुरुषहरूका अगाडि नारीले सहनुपर्ने, मीठो बोल्नुपर्ने (सर्ग १९, श्लो १६२), छाती चिरिए पनि दुःख सहनुपर्ने, मृत्युको मुखमा पुग्नुपर्ने, पुरुषले चाहे घरबार हुने नत्र नारी परित्यक्ता बन्नुपर्ने (सर्ग १९ श्लो. १७८-१७९) सेवक र नोकर्नी बनेर भए पनि श्रीमान्का घरमा नारीले सहेर बस्नुपर्ने (सर्ग १९, श्लो. २११) परिथिस्तिलाई हेर्दा **शाकुन्तल** महाकाव्यमा नारीलाई कठिन अवस्थामा बाँच्नुपर्ने देखाइएको छ। तत्कालीन समाजका नारीले भोग्नुपर्ने यथार्थ जीवनलाई यहाँ देखाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.४.३.९ राजनैतिक जीवनचिन्तन

जीवनजगत्सँग सबैभन्दा बढी जोडिने विषय राजनीति हो।यसकारण राज गर्ने पद्धति वा राज्य सञ्चालकलाई उचित मार्गदर्शनको आवश्यकता पर्दछ। राजनीतिले लोककल्याण, शान्ति, सुरक्षा र समृद्धिमा विशेष जोड दिनुपर्दछ। महाकवि देवकोटाले **शाकुन्तल** महाकाव्यमा विभिन्न सन्दर्भमा राजनीतिक विषयलाई समेटेका छन्। उनले राज्य चलाउने वा शासन गर्ने राजालाई सुकृतिका अवतार र सत्यवादी हुनुपर्ने (सर्ग २१, श्लो. ७६–७७) विचार राखेका छन्। त्यस्तै प्रतापी, छलकपटरहित, त्यागी, निस्कलङ्क राजा भएमा (सर्ग २१, श्लो. १९८–२०१) त्यस्तो राज्यसत्ता समग्रमा राम्रो हुने कुरा यहाँ प्रस्तुत गरिएको छ (सर्ग २१, श्लो. १३२)।

देवकोटाले आत्मबललाई राज्यको अध्यक्ष, सेनालाई प्रकृति, सत्यलाई शास्त्र र सहानुभूतिलाई सीमा विस्तारक मानेर प्राकृतिक–राजनैतिक जीवनचिन्तनमा समेत रुचि देखाएका छन् :

त्यो राज्यमा छ गुणको गहिरो खजाना
अध्यक्ष आत्मबल जो दलको छ स्वामी
सेनाहरू प्रकृति छन् अनि शस्त्र सत्य
सीमा बढाइरहने छ सहानुभूति

(सर्ग १८, श्लो. ३४)

असली शासक वा सत्ताधारी व्यक्ति धीर, वीर, साहसी, विवेचक, विवेकी, ज्ञानी, मानी, बुद्धिमानी, विद्वान्, ध्यानी, महान्, क्षमाशील, कुलीन, उदार, उद्यमी, सहृदयी, जनप्रेमी, त्यागी, सहयोगी र सहनशील हुनुपर्ने (पन्त, २०७३ : ६४९) कारण देवकोटाले त्यस्तै शासकको अपेक्षा राखेका छन्। तत्कालीन नेपालको समसामयिक राजनीतिलाई समेत उनले यसरी सङ्केत गरेका छन् :

फिका लाल कतै ताम्र अस्तकाल पहाडमा।
नेपालमा परे जस्तो नाङ्गा ढुङ्गाविशे प्रभा ॥

(सर्ग २३, श्लो. १३७)

प्रस्तुत पद्यमा देवकोटाले स्वर्गको राज्यलाई वर्णन गरे तापनि तत्कालीन नेपालको शासन व्यवस्था (२००२) को परिवर्तनमा सकारात्मक सङ्केत देखिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थालेको र त्यही नै स्वर्गीय राज्य हुनुपर्ने सपनासमेत देख्न लागेको पाइन्छ। नेपालको स्वर्णीम राज्य व्यवस्थाको कल्पना गर्दै देवकोटाले सत्यवादी राजनैतिक पक्षमा जोड दिएका छन्, जुन दृष्यन्तलाई कश्यपले दिएको उपदेशका माध्यमबाट यसरी व्यक्त गरिएको छ :

राजा ! यो विश्व साराकन नियमको एक छन् दिव्य शास्ता
सम्झी राज् गर्नु यौटा हृदय डर लिई गर्व टाढा गरेर
सत्यैको रूप जानी उनकन मनले राख्नु श्रद्धा अनन्य
सेवाको भाव राख्नू जनहित नृपको ताज भन्ने बुझेर

(सर्ग २४, श्लो. ७०)

यो यौटा राजनीति प्रबल बुझ तिमी सत्यको भित्र सारा
राज्यैको आयु होला जबतक त्यसमा ईश-सन्तोष होला
घेरा चौडा गराए हृदयकन दिए सत्य चौडा विशाल
ज्यूनेछन् राज्य लामा कुसुम-निकर झैँ स्वस्थ सौगन्ध चाल

(सर्ग २४, श्लो. ७१)

प्रस्तुत पद्यहरूमा देवकोटाले सत्यवादी, श्रद्धालु, सेवक, जनहितमा समर्पित, विशाल हृदय भएको शासक वा राजाको अपेक्षा गरेका छन्। यस्तो शासकले चलाएको शासनव्यवस्था कुसुम-निकर (फूलको रास) को स्वस्थ सुगन्धयुक्त बनेर दीर्घकाल रहनेछ भन्ने प्रकृतिकेन्द्री राजनैतिक व्यवस्था र जीवनपद्धतिको चिन्तन देवकोटाले गरेको पाइन्छ।

२.४.३.१० देवकोटेली जीवनचिन्तन

कुनै मानिस आफ्नो जीवन कालमा सामान्य जीवन चलाएर इहलीला समाप्त गर्छन् भने कुनै विशेष चिन्तन गरी जीवनजगत्सम्बन्धी उच्चस्तरको चिन्तन प्रस्तुत गर्दछन्। महाकवि देवकोटाले **शाकुन्तल** महाकाव्यमा विशिष्ट चिन्तन प्रस्तुत गरेका छन्। उनले विभिन्न अध्ययन, अनुभव र चिन्तनबाट जीवनप्रतिको स्वविचार प्रकट गरेका छन्। उनका अन्य रचनाहरूमा जस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाकुन्तल महाकाव्यमा पनि यिनले आफ्नो जीवनको अनुभव, अध्ययन, भोगाइ र त्यसलाई अर्थ्याउने क्रममा फरक जीवनचिन्तनलाई प्रस्तुत गरेका छन्, जुन सर्ग एकमै देवकोटाले सङ्केत गरेका छन् :

चर्खामा विधिले विचित्र ढँगले काते सुनौला कुरा
चोला मानिसको खडा हुन गयो, बुन्दा त्यही तानमा
मैलो भैकन भार भुकन भनी उघ्रेर जाला भनी
स्वर्गैतर्फ उडी सुनैसुन हुने गाना बन्यो जीवनी

(सर्ग १, श्लो. ३८)

प्रस्तुत अंशमा देवकोटाले चर्खामा कपास काटेर बत्ती बनाएझैँ वा त्यही तानमा बुन्दा मानिसको चोला निर्माण भएको वा मुनष्य जीवनको सुरुवात भएको कुरा व्यक्त गरेका छन्। मनुष्य जीवन भएपछि यो पृथ्वीको मैलो अर्थात् भूभार हटेर गई जीवन सुन्दर होला भन्ने चाहना कविको छ। यही कारण वा मनुष्य जीवनको सुन्दरताका लागि काव्य निर्माण गरेको कुरा व्यक्त भएको छ। देवकोटाले जीवनलाई लहरासरि मान्दै यसो भनेका छन् :

फुल्दो लतासरि छ यो बुझ जिन्दगानी
थाँक्रो दिएर धृतिको अनि शीत पानी
राम्रो दिएर यसको गर छाँट–काँट
फुल्नेछ यो सकल मग्मग दिव्य ठाँट

(सर्ग १८, श्लो. १७)

यस पद्यमा जीवनलाई फूल फुल्ने लहरासँग दाँजिएको छ। यसलाई धृति (धैर्य) को थाँक्रो (झेक्रो) दिएर र जीवनका लागि चाहिने शीत र पानी लगाएर, छाँटकाँट गरी मगमग वासना आउने बनाउनुपर्छ। अर्थात् जीवनमा धैर्यपूर्वक कर्म गरी अगाडि बढ्नुपर्छ भन्ने देवकोटाको कर्मवादी जीवनवादी चिन्तन पनि यहाँ पाइन्छ। जीवनलाई धैर्यकेन्द्री नै मानेर देवकोटा पुनः यसो भन्छन् :

तर धीर हुनू सही लिनू
यसकै नाम छ जिन्दगी भनूँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
(सर्ग १९, श्लो. ९२)

मानिस दुःख पऱ्यो भनेर रुन्छ, तड्पिन्छ तर देवकोटा त्यसो नगरी धैर्य गर्नु नै जीवन भएको ठान्छन्। जीवनको सम्पूर्णता वा समग्रतालाई देवकोटा तलको अट्ठाइस हरफको एउटै श्लोकमा यसरी व्यक्त गर्दछन् :

पहिले शिशुकाल सुन्दर
    महिमा दिव्य पवित्र पाउँछ
नव खोज लिएर मोहनी
    प्रभु लीला हुनलाई आउँछ
प्रकृतिप्रभ पोष पाउँदै
    अभिप्राय प्रभुको बुझाउँछ
अनि एक कुनै सँगी सधैँ
    प्रिय आत्मा त्यसले समाउँछ
र बुनिन्छ अनेक तिर्सना
    सुख दुःखादिक पाठ पाउँछ
नव जीवनले विशालता –
    तिर यात्रा घरको गराउँछ
महती कठिनाइले तर
    पथको चित्त विषाद पाउँछ
अनि कण्टक पुष्पमा हुने
    मृदुदाना दिलको बनाउँछ
अघिको शिशु–दृश्य सम्झँदा
    सुखले दुःख बुझी रसाउँछ
घर जानु सधैँ त्यसो हुँदा
    दुइ आँखा दुःखले भिजाउँछ
तर सुन्दरता करैसँग
    प्रभुको त्यो घरमा पठाउँछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ उचाल्नु र राह लाउनु
प्रिय आत्मा जुन स्वर्ग धाउँछ
अब बाहिर बन्दछिन् तिनी
त्यस आनन्द निवासको हरा
दुनियाँ छ विशाल भन्दछ
पथ अज्ञान सदा कठैबरा !

(सर्ग १९, श्लो. ८७)

सामान्यतया पद्य कविताहरू चार हरफसम्मका एक श्लोक हुन्छन्। देवकोटाले शाकुन्तलको प्रस्तुत अट्ठाइस हरफे एउटै श्लोकमा जीवनका विविध पक्षलाई समेटेका छन्। यहाँ यिनको शिशुकेन्द्री जीवन, प्रकृतिकेन्द्री जीवन, भौतिक जीवन, आत्म–अध्यात्मकेन्द्री जीवनको बहुरङ्गी प्रयोग पाइन्छ। त्यसैलाई देवकोटा जीवनको सम्पूर्णता मान्दछन्।

२.५ निष्कर्ष

महाकवि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** महाकाव्यमा पूर्वीय दर्शनले प्रतिपादन गरेको जीवनजगत्–चिन्तन प्राप्त गर्न सकिन्छ। जीवनजगत्का रहस्यमय विषयलाई चिन्तनमनन गरी त्यसका गहिराइसम्म पुगेर तत्त्वज्ञान गर्ने काम दर्शनमा हुन्छ। ऋग्वेददेखि नै संसारको उत्पत्ति र जीवनजगत्–सम्बन्धी चिन्तन भएको पाइन्छ। पूर्वीय आस्तिक दर्शनहरूले जीवनजगत्लाई आआफ्नै ढङ्गबाट हेरेका छन्। साङ्ख्य दर्शनले प्रकृतिलाई सृष्टिको कारण मान्दछ। यसले यो जीवनजगत् प्रकृतिको परिवर्तित रूप मानेको छ। यसले संसारमा मानवजीवनलाई तापत्रयबाट मुक्त हुन प्रकृति र पुरुषको भेदज्ञान हुनुपर्छ भन्ने मान्यता राख्दछ। योग दर्शनमा जड सक्रिय प्रकृति र चेतन निष्क्रिय पुरुषको अस्तित्व स्वीकार गरिएको छ। यसले चित्तको वृत्ति नियन्त्रण गरेर जीवनलाई तापत्रयबाट मुक्त पार्न सकिने मानेको छ। न्याय दर्शनले निष्क्रिय र गतिहीन परमाणुमा ईश्वरको इच्छा भएपछि क्रिया उत्पन्न भई गति पैदा भएर सृष्टि प्रक्रिया हुने धारणा राखेको छ। वैशेषिक दर्शनमा पनि न्याय दर्शनमा जस्तै सृष्टि प्रक्रिया मानिएको छ। मीमांसा दर्शनमा मनुष्यको कर्मबाट उत्पन्न अपूर्वद्वारा परमाणु सञ्चालित भई सृष्टि हुने विचार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाइन्छ। वेदान्त दर्शनले जीवनजगत्लाई माया वा भ्रमका रूपमा मानेको छ। सबै ब्रह्म मानेको छ। यसले आत्मतत्त्वमा जोड दिएको छ।

यस आधारमा हेर्दा र देवकोटाको **शाकुन्तल**बाहेक अन्य केही कृतिहरूमा हेर्दा उनले जीवनजगत्लाई खाडीसँग तुलना गरी दुःखमय मानेका छन्। उनका सुरुका कविताकृतिमा पनि यस्तो चिन्तन पाइन्छ। उनले क्षणिक, भौतिक जीवनभन्दा आध्यात्मिक, आत्मिक शाश्वत जीवनलाई महत्त्व दिएका छन्। उनी मानवतावादी, प्रकृतिकेन्द्री जीवनचिन्तकका रूपमा देखिएका छन्। उनले ईश्वर, आत्मा, स्वर्ग, नरक र धर्मसम्बन्धी चिन्तन गरेर जीवनका लागि यी पाँच कुराको महत्त्व देखाएका छन्। उनले प्राचीन सभ्यता र संस्कृतिप्रति रूचि देखाएका छन्।

शाकुन्तल महाकाव्यमा देवकोटाको जीवनचिन्तन आध्यात्मिक, प्राचीन पूर्वीय जीवन पद्धतिप्रति विशेष आकर्षित छ। यिनले उक्त महाकाव्यमा ऋषि, तपोवन, तपस्यामय ऋषिसभ्यता, ऋषिहरूप्रतिको श्रद्धाभाव प्रकट गरेका छन्। मन्त्रद्रष्टा ऋषिहरूको तपोमय जीवनप्रति उनको आस्था झल्किन्छ। आध्यात्मिक जीवनतर्फ आकृष्ट भएका विश्वामित्र, ज्ञानी, परोपकारी, मानवतावादी कण्व, रिसाहा भए पनि त्यसलाई सच्याएर अतिथि सत्कारको पाठ पढाउने दुर्वासा, ज्ञानी, सहयोगी र त्रिकालदर्शी कश्यप ऋषिका माध्यमबाट देवकोटाले आध्यात्मिक जीवनको महिमा गाएका छन्।

प्रकृतिलाई नै जीवनको मूल प्रेरणा मान्ने देवकोटाले प्रकृतिलाई अध्यात्मज्ञानको स्रोत मानेका छन्। प्राकृतिक जीवनतर्फ उनको विशेष अभिरूचि छ। सत्यवादी भएर बाँच्नुपर्ने देवकोटाको अर्को उल्लेख्य पक्ष **शाकुन्तल**मा आएको छ। भौतिकताप्रतिको आसक्तिले मानिसलाई सुख नहुने उनको चिन्तन महाकाव्यमा प्रशस्त पाइन्छ। देवकोटाको जीवनचिन्तनको मूल आशय पूर्वीय अध्यात्मवादी जीवन नै भएको निष्कर्ष यहाँ रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो अध्याय

समग्र निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** महाकाव्यमा ईश्वरसम्बन्धी चिन्तनको स्वरूप पहिल्याउनका निम्ति पूर्वीय दर्शनमा पूर्व स्थापित ईश्वरसम्बन्धी चिन्तनको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ। यसअन्तर्गत देवकोटाको **शाकुन्तल** महाकाव्यको अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा अनुकूल रहेका पूर्वीय दर्शनका स्थापित मान्यताहरूलाई मात्र यहाँ प्रस्तुत गरिएको छ। यसका साथै देवकोटाको ईश्वरसम्बन्धी चिन्तनलाई उनका अन्य कृतिहरूका आधारमा सङ्क्षिप्त प्रकाश पारिएको छ।

शाकुन्तल महाकाव्यमा गरिएको विविध रूपको ईश्वरचिन्तनलाई प्रस्तुत गरिएको छ। यसअन्तर्गत विषयप्रवेश, पूर्वीय दर्शन (साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन) मा ईश्वरसम्बन्धी चिन्तन, लक्ष्मीप्रसाद देवकोटाको ईश्वरचिन्तन, **शाकुन्तल** महाकाव्यमा ईश्वरचिन्तन (मङ्गलाचरणका सन्दर्भमा ईश्वर, प्रकृति चित्रणमा ईश्वर, शिशुकेन्द्री ईश्वर, स्वरूपकेन्द्री ईश्वर) र निष्कर्षजस्ता उपशीर्षकहरू रहेका छन्।

शाकुन्तल महाकाव्यमा जीवनजगत्–चिन्तनको स्वरूप पहिल्याउनका निम्ति पूर्वीय दर्शनमा पूर्व स्थापित जीवनजगत्–सम्बन्धी चिन्तनको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ। यस अन्तर्गत देवकोटाको **शाकुन्तल** महाकाव्यको अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा अनुकूल रहेका पूर्वीय दर्शनका स्थापित मान्यताहरूलाई मात्र यहाँ प्रस्तुत गरिएको छ। यसका साथै देवकोटाको जीवनजगत्–सम्बन्धी चिन्तनलाई उनका अन्य केही कृतिहरूका आधारमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सङ्क्षिप्त प्रकाश पारिएको छ। यसअन्तर्गत विषयप्रवेश, पूर्वीय दर्शन (साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन) मा जीवनजगत्सम्बन्धी चिन्तन, लक्ष्मीप्रसाद देवकोटाको जीवनजगत्सम्बन्धी चिन्तन, **शाकुन्तल** महाकाव्यमा जीवनजगत् –चिन्तन, आध्यात्मिक/ प्राचीन पूर्वीय जीवनजगत्, भौतिक/आधुनिक जीवनजगत् –चिन्तन, विविध जीवनचिन्तन (नेपाली जनजीवन/किसानकेन्द्री जनजीवन, भाग्यवादी जीवन, आशावादी जीवन, विश्वास केन्द्रित जीवन, गृहस्थी जीवन, प्रेममय जीवन, शिशुकेन्द्री जीवन, नारी केन्द्रित जीवन, राजनैतिक जीवन र देवकोटेली जीवन) र निष्कर्ष उपशीर्षकका रूपमा रहेका छन्।

लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** (२००२) महाकाव्य प्रकाशन भएपछि आधुनिक नेपाली महाकाव्यको प्रवर्तन भएको हो। नेपाली महाकाव्य आइसल्यान्डको सर्पजस्तो रहेको अवस्थामा देवकोटाको उक्त महाकाव्य नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशन भएको हो। यो पहिलो मौलिक आधुनिक महाकाव्य पनि हो। विषयवस्तु पुरानै भए पनि देशकाल, परिस्थिति र प्रयोगगत भिन्नताले गर्दा यो नवीन र मौलिक रूपमा आएको छ। पूर्वीय महाकाव्य परम्पराको जगमा उठेको पूर्वीय आर्यसभ्यता र संस्कृतिको सन्देशवाहक महाकाव्य भएकाले यो पूर्वीय दर्शनमा आधारित छ। यसमा ईश्वर र जीवनजगत्–सम्बन्धी पूर्वीय दार्शनिक चिन्तन पाइन्छन्।

ईश्वरचिन्तन पूर्वीय दर्शनको एक महत्त्वपूर्ण विषय हो। देवकोटाले सानैदेखि पूर्वीय साहित्यको प्रभाव ग्रहण गरेका कारण उनी अध्यात्मतिर ढल्केका छन्। उनी अद्वैत वेदान्त दर्शनको उत्कृष्ट ग्रन्थ उपनिषद्बाट अत्यन्त प्रभावित भएको पाइन्छ। उनको ईश्वर प्रकृतिकेन्द्री छ। ईश्वरको भर परे संसारमा कसैको पनि डर नहुने उनको तर्क छ।

देवकोटाले मानवतावादी ईश्वरचिन्तनमा पनि विशेष चाख राखेका छन्। मानिसभित्रै ईश्वर छ अर्थात् 'तत्त्वमसि' 'त्यो तिमी नै हौँ' भन्ने वेदान्त दर्शनबाट उनी प्रभावित छन्। देवकोटा ईश्वरविना संसार शून्य ठान्छन्। उनी चैतन्ययुक्त महापुरुष अर्थात् ईश्वरको सत्ता यस संसारमा रहेको ठान्दछन्। सम्पूर्ण सूर्य, तारा, वृक्ष, यावत दृश्य प्रपञ्च र संसारका यावत् कुराहरू ईश्वरीय सत्ताकै कारण गतिमान् भएको उनको ठम्याइ छ। उनले ईश्वरलाई पहिलो र अन्तिम सत्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानेका छन्। देवकोटाको ईश्वर प्रकृति र मानवकेन्द्री पनि छ। उनले प्राचीन प्राकृतिक सभ्यता, संस्कृति, जीवनप्रतिको प्रेम, ईश्वरीय आस्तिकताप्रतिको समर्पण भाव देखाएका छन्। उनले शाश्वत सत्य वा परम सत्यलाई ईश्वर मान्दछन्।

शाकुन्तल महाकाव्यमा देवकोटाले पूर्वीय दर्शनमा चिन्तन गरिएका सगुण साकार परमेश्वर शिवलाई पुकारेका छन्। वेदान्त दर्शनमा ईश्वरलाई जगत्का सृष्टि, स्थिति र संहारकका रूपमा मानिएको छ। यहाँ विघ्नहर्ता, संहारक शिवजीको आराधना मङ्गलाचरणका रूपमा गरिएको छ। शिव, पार्वती र सरस्वतीको वन्दना गरेर मङ्गलको कामना गरेका छन्। शिव कल्याणकारक पनि हुन्। नीलकण्ठ बनेर साराको कल्याण गर्ने शिवतत्त्वलाई पारमार्थिक रूपले ब्रह्मतत्त्व पनि मानिएको छ। तिनै शिवतत्त्वको आराधना देवकोटाले गरेका छन्। मान्छेले जे गर्छ वा गर्न सक्छ त्यो पनि ईश्वरकै कृपाबाट हुने देवकोटाको ठम्याइ छ। त्यसैले उनी ग्रन्थको अन्तमा पनि ईश्वरकै स्वरूप सम्झेर ग्रन्थ समर्पण गरेका छन्।

देवकोटाले वेदान्त दर्शनमा चिन्तन गरिएको मायाको अंश रहेको ईश्वरलाई खोजेका छन्। प्रकृति सत् हो भने माया असत् हो। देवकोटाले यही सत् प्रकृतिलाई ईश्वर मानेका छन्। उनले प्रकृतिमा बालीनाली लाग्ने, हराभरा हुने पनि ईश्वरकै देन मान्दछन्। **शाकुन्तल** महाकाव्यको ईश्वर देवकोटाका विचारमा प्रकृति नै हो। त्यो प्रकृति भनेको शाश्वत सौन्दर्य हो। उनी फूलका गन्धमा, मीठो लय र तालमा, फूलको सौन्दर्यमा ईश्वरीय सत्ता देख्दछन्।

महाकवि देवकोटा बाल्यकाल र शिशुप्रति मोह राख्छन्। उनी शिशुलाई देवता वा ईश्वर मान्दछन्। **शाकुन्तल** महाकाव्यमा उनले शिशुकेन्द्री ईश्वरको चिन्तन र चर्चा गरेका छन्। शिशु शकुन्तलालाई ईश्वरको स्वरूप मानेर उनीहरूको निस्कपट, निश्छल स्वभावको चर्चा गरेका छन्। यिनले शिशुमा ईश्वरीय शक्ति देख्दछन्, जस्तो हाम्रा धर्मशास्त्रहरू र पुराकथाहरूमा बालक ध्रुव, प्रल्हाद ईश्वरका रूपमा छन्।

देवकोटाले ईश्वरको सगुण र निर्गुण रूपको पनि प्रार्थना गरेका छन्। कतै ईश्वरको व्यावहारिक सत्ताअन्तर्गत सगुण स्वरूपको त कतै पारमार्थिक सत्ताअन्तर्गत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्गुण स्वरूपको चिन्तन गरिएको छ। कतै ईश्वरको मोहनी रूप, कतै राम, कतै कृष्ण, कतै लीलारूप, कतै शक्तिरूप, कतै व्यक्तित्वपूर्ण ईश्वरको स्वरूपसमेत देवकोटाको **शाकुन्तल**मा पाइन्छ।

सुख, दुःख, संयोग, वियोग, लाभ, हानी पनि ईश्वरकै कारण भएको कुरा महाकाव्यका विभिन्न सन्दर्भबाट प्रस्तुत गरिएको छ। ईश्वरको विचित्रतामयी बहुरूपी, कल्याणकारी, फलदाताका रूपमा देवकोटाले चिन्तन गरेका छन्। 'सत्य नै सौन्दर्य हो र सौन्दर्य नै सत्य हो' भन्ने धारणा राख्दै त्यही सत्यलाई उनले ईश्वर मानेका छन्।

देवकोटाले जीवनजगत्का रहस्यमय विषयको चिन्तन गरेको पाइन्छ, जुन चिन्तन वैदिक कालदेखि नै भएको थियो। देवकोटाले पञ्चम कक्षा पढ्दादेखि नै व्यासको विचारबाट प्रभावित भएर यो संसारलाई खाडीसँग तुलना गरी कविता लेखेका थिए। उनले यो जीवनलाई भौतिकताभन्दा आध्यात्मिकतातर्फ डोऱ्याउने लक्ष्य लिएका छन्। यो जीवनलाई क्षणिक र अनित्य मान्दै उनले मानवतावादी सरल जीवनको वकालत गरेका छन्।

देवकोटाले जीवनमा ईश्वर, आत्मा, स्वर्ग, नरक र धर्म भए अनन्त जीवन र अनन्त शक्ति रहने कुरा गरेका छन्। उनले प्रकृतिकेन्द्री जीवनचिन्तनलाई विशेष चाख दिएका छन्। प्राचीन पूर्वीय सभ्यता र संस्कृतिप्रति उनको झुकाव छ। "स्वप्नझैँ जगत् एक छु फगत्" "सत् छ सुन्दरै, सुन्दरै छ सत्" भनेबाट पनि उनी जीवनजगत्लाई स्वप्न मान्छन् र सत्यलाई महत्त्व दिन्छन्। अद्वैत वेदान्त दर्शनको जगत्लाई जड मान्ने सिद्धान्तसँग उनको चिन्तन मिल्दछ।

शाकुन्तल महाकाव्यमा देवकोटाले आध्यात्मिक, पूर्वीय जीवन पद्धतिप्रति अत्यन्त श्रद्धा राखेका छन्। जीवनचिन्तनको क्षेत्र विस्तारित भए पनि मूलतः प्राचीन पूर्वीय जीवन सभ्यताप्रति नै उनको दृष्टि छ। उनले महाकाव्यको विषयवस्तु नै पूर्वीय जीवनपद्धति र आध्यात्मिक चिन्तनले भरिएको कुरालाई लिएका छन्।

देवकोटाका पात्रहरू अध्यात्मज्ञानका चिन्तक, ज्ञानी, परोपकारी, त्रिकालदर्शी, ऋषिमहर्षिहरू छन्। उनले ऋषिमय तपोवनमय जीवन सभ्यताको प्रशस्त महिमागान गरेका छन्। विश्वामित्रका माध्यमबाट देवकोटाले आध्यात्मिक जीवनतर्फको आकाङ्क्षा, कण्व ऋषिका माध्यमबाट मानवतावादी, अहिंसावादी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्यात्मवादी जीवनचिन्तनको सङ्केत, दुर्वासाका माध्यमबाट अतिथि सत्कारको परम्परा र कश्यप ऋषिका माध्यमबाट तपोमय जीवन, आध्यात्मिक, परोपकारी प्रवृत्तिको प्रस्तुति गरेका छन्।

शाकुन्तल महाकाव्यमा प्रकृति नै मानवको मूल आधार भएकाले प्रकृतिमय प्राचीन आर्य सभ्यता र संस्कृतिको प्रस्तुति गरिएको छ। देवकोटाले सम्पूर्ण ज्ञानको भण्डार, सुखको खानी प्रकृतिलाई मानेका छन्। भौतिक, राजसी सुखसुविधाभन्दा प्राकृतिक आध्यात्मिक जीवनजगत् नै सुखदायी भएको र त्यसतर्फ दुष्यन्त राजासमेत आकृष्ट भएकाले प्राकृतिक जीवन नै सर्वोपरि भएको तथ्य महाकाव्यमा व्यक्त गरिएको छ। प्रकृतिमै मोक्ष प्राप्त हुने भएकाले अर्थात् सिद्धि प्राप्त हुने भएकाले प्रकृतिकेन्द्री जीवनका पक्षमा देवकोटा रहेका छन्।

शाकुन्तलमा देवकोटाले सत्यलाई निकै महत्त्व दिएका छन्। 'सत्यमेव जयते' अर्थात् 'सत्यको नै जीत हुन्छ' भन्ने हाम्रा वैदिक दर्शनको मूल चुरोलाई यहाँ प्रस्तुत गरिएको छ। सत्य प्रकृतिमा हुन्छ, सत्य भनेको सौन्दर्य हो, शाश्वत सत्य भनेकै देवकोटाको जीवनचिन्तनको मूल विषय हो। देवकोटाको सत्यमा आधारित जीवनचिन्तन आध्यात्मिक प्रकृतिको छ। उनले वेदान्त दर्शनले प्रतिपादन गरेको आत्मालाई सत्यको मोहनी मानेका छन्। देवकोटा **शाकुन्तल**मा अध्यात्मवादी, वेदान्तवादी कविका रूपमा देखिएका छन्।

देवकोटाले भौतिक/आधुनिक जीवनजगत्प्रति वितृष्णा देखाएका छन्। उनले भौतिक मायामोहमा भुल्यो भने सबै सभ्यता कालो अँगार बन्ने धारणा राखेका छन्। "जहाँ आनन्द छ त्यहाँ दुःख पनि हुन्छ" भन्ने प्राचीन न्याय दर्शनको मान्यताबाट प्रभावित देवकोटा फूलमा काँढा, आँखामा आँसु, कडा वस्तुमा दुःखदायी स्वभाव र यो संसारमा अभाव देख्छन्। यिनले भौतिक जीवनलाई दुःखैदुःखको समुद्र मान्दछन्। भौतिकता अर्थात् आधुनिक खोक्रो जीवनप्रति आसक्त हुँदा दिल दुख्ने, विह्वल हुनुपर्ने, आँसु बगाउनुपर्ने, आसक्ति बढ्ने, शोकाकुल भइने कुरालाई देवकोटाले व्यक्त गरेका छन्।

शाकुन्तलमा आध्यात्मिक सरल जीवनको मूल मर्म प्रस्तुत भएको छ। यसमा हाम्रा पूर्वीय दर्शनले पनि सहमति जनाएका छन् कि मान्छेको जीवन जस्तो भौतिकताभित्र पनि आध्यात्मिक हुन्छ, हुन सक्छ वा बनाउनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाकुन्तलमा देवकोटा मूलतः ईश्वरीय सत्तासम्पन्न अध्यात्मवादी, प्राचीन आर्यसभ्यताकेन्द्री जीवनजगत् चिन्तकका रूपमा देखिएका छन्। उनले जीवनलाई धैर्यपूर्वक सत्कर्म गर्दै अगाडि बढाउनुपर्ने सन्देश दिएका छन्। जीवनलाई विविध चरणयुक्त मानेर यसको शाश्वत पक्ष आत्मज्ञान नै भएको निष्कर्ष देवकोटाको **शाकुन्तल**मा पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्दर्भ सामग्रीसूची

अर्याल, दुर्गाप्रसाद. **निबन्धकार देवकोटाका दार्शनिक चिन्तन.** काठमाडौँ : उदय बुक्स. २०५७ ।

अवस्थी, महादेव.**लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**. काठमाडौँ : एकता बुक्स. २०६१ ।

.... **खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटा र सृजामाता खण्डकाव्य**. काठमाडौँ : एकता बुक्स. २०६५.

.... (संयोजक). **महाकवि देवकोटा व्याख्यानमाला.** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान. २०६९ ।

आप्टे, वामन शिवराम. **संस्कृत हिन्दी शब्दकोश**. दिल्ली : अशोक प्रकाशन. सन् २००७ ।

ऋग्वेद, (अनु. तिलकप्रसाद लुइटेल). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार. २०६३ ।

केशरी, गीता. **नेपाली साहित्यका ध्रुवतारा महाकवि देवकोटा**. काठमाडौँ : ओरिएन्टल पब्लिकेसन. २०७३ ।

खड्का, पवित्र बहादुर. **अध्यात्म दर्शन**. काठमाडौँ : लेखक स्वयम्.२०७१ ।

गिरी, रामानन्द. **जनकदर्शन**. (अनु. रामहरि तिमल्सिना) भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र. २०५५ ।

गौतम, कृष्ण. **आधुनिक आलोचना अनेक रूप अनेक पठन**. ललितपुर : साझा प्रकाशन. २०५० ।

.... **देवकोटाका प्रबन्धकाव्य.** दो. संस्क. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार. २०५६ ।

गौतम, मेघराज. **भक्तिकालीन नेपाली काव्यमा दार्शनिक चेतना**. विद्यावारिधि शोधप्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय. २०६८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घिमिरे, उमेशप्रसाद. "देवकोटाका केही काव्यकृतिमा आस्तिक आध्यात्मिक चेतनाको सर्वेक्षणात्मक अध्ययन" **कुञ्जिनी**. देवकोटा विशेषाङ्क, १६।१३, १९९-२०७. २०६५ ।

चक्रवर्ती, क्षितीशचन्द्र. **नारायणप्रसाद.** काठमाडौँ : गङ्गाप्रसाद धौगोडा र नारायणप्रसाद धौगोडा. २०७० ।

चापागाईं, नरेन्द्र. **नरेन्द्र चापागाईंका समालोचना.** ललितपुर : साझा प्रकाशन. २०६० ।

जोशी, कुमारबहादुर. **एक व्यक्ति अनेक दृष्टि.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. २०४३ ।

.... **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना.** काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्. २०४८ ।

.... **चार अमर कविका पाँच काव्यकृति**, दो.संस्क. ललितपुर : साझा प्रकाशन. २०५३ ।

.... **केही कृति र कृतिकार.** ललितपुर : साझा प्रकाशन. २०५४ ।

टण्डन, गोविन्द. **जितैजित**. काठमाडौँ : सर्वोत्कृष्ट जीवनका लागि शाश्वत चिन्तन. २०७२ ।

त्रिपाठी, वासुदेव. **सिंहावलोकन.** ललितपुर : साझा प्रकाशन. २०२७ ।

..............**विचरण.** काठमाडौँ : भानु प्रकाशन. २०२८ ।

.... **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**. भाग १. पाँचौं संस्क. ललितपुर : साझा प्रकाशन. २०५८ ।

दासगुप्ता, एस.एन. **भारतीय दर्शनका इतिहास.** भाग २.जयपुर : राजस्थान हिन्दी ग्रन्थ अकादमी. सन् १९९८ ।

देवकोटा, लक्ष्मीप्रसाद. **भिखारी**, पन्ध्रौं संस्क. ललितपुर : साझा प्रकाशन. २०५१ ।

.... **मुनामदन**. बाइसौं संस्क. ललितपुर : साझा प्रकाशन. २०५२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

.... **लक्ष्मी निबन्धसङ्ग्रह. पन्ध्रौं संस्क.** ललितपुर : साझा प्रकाशन २०५३ ।

.... **नेपाली शाकुन्तल** छैटौं संस्क. ललितपुर : साझा प्रकाशन २०५४ ।

निरौला, दामोदर. देवकोटाको आध्यात्मिक चेतना **शब्दयात्रा**. देवकोटा शतवार्षिकी विशेषाङ्क. १।१ कार्तिक. पृ. १२६–१२९. २०६६ ।

नेपाली वृहत् शब्दकोश. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०४० ।

नेपाली साहित्यकोश. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. २०५५ ।

पन्त, जयराज. **प्रा. शिवगोपाल रिसाल.** ललितपुर : स्वाध्याय परिवार. २०७३ ।

पाण्डे, नित्यराज. **महाकवि देवकोटा.** दो.संस्क. ललितपुर : साझा प्रकाशन २०६६ ।

पाण्डेय, राजवली. **हिन्दू धर्म कोश.** तृ. संस्क. लखनउ : उत्तर प्रदेश हिन्दी संस्थान. सन् २००३ ।

पोखरेल, भानुभक्त. "कवितानिष्ठ दृष्टिले लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरे" **कुञ्जिनी.** साहित्यिक समालोचना विशेषाङ्क. ६।४ । ८ – १७. २०५५ ।

पोखरेल, हेमचन्द्र. (सम्पा.). **शाकुन्तल शब्दार्थ सञ्चय.** कोशी : सम्पादक स्वयम्. २०४५ ।

प्रधान, कृष्णचन्द्र सिंह. **साझा समालोचना**. चौथो संस्क. ललितपुर : साझा प्रकाशन. २०५२ ।

प्रसाई, गणेशबहादुर. **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. २०४८ ।

प्याकुऱ्याल, शम्भु. **विवेक चूडामणि**. दो.संस्क. ललितपुर : स्वाध्याय परिवार २०६६ ।

बन्धु, चूडामणि. **देवकोटा.** चौथो संस्क. ललितपुर : साझा प्रकाशन. २०६७ ।

भट्टराई, शरत्कुमार. **औपनिषद् पुरुष**. काठमाडौं : श्रीराजर्षि जनकस्मृति कोष २०७२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भण्डारी, मोहनप्रसाद र भूमिप्रसाद दाहाल. (सम्पा.) **पूर्वीय चिन्तन परम्परा** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. २०६६ ।

भुसाल, वेदुराम. **नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू**. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान. २०६८ ।

माण्डूक्योपनिषद, (अनु. हेमराज ज्ञवाली). काठमाडौँ : विनोदराज ज्ञवाली २०५२।

माधवाचार्य, **सर्वदर्शनसङ्ग्रह.** (व्या. उमाशङ्कर शर्मा). वाराणसी : चौखम्बा विद्याभवन सन् २००४ ।

राणा, जगदीश शमशेर . **महाकवि देवकोटाको वैचारिक पक्ष.** काठमाडौँ : नइ प्रकाशन २०६६ ।

रिमाल, यात्री वासु. **वेदान्त विश्वकोश-२**. ललितपुर : विश्वकोश प्रकाशन २०६४ ।

रिसाल, राममणि. **नेपाली काव्य र कवि**, पाँ. संस्क. ललितपुर : साझा प्रकाशन २०५८ ।

रिसाल, शिवगोपाल **अभेद दर्शन.** ललितपुर : अनादिगोपाल रिसाल. २०५६ ।

.... **प्रेमदेखि परमात्मासम्म**, दो.संस्क. ललितपुर : स्वाध्याय परिवार २०६७ क।

.... **ज्ञानको चमत्कार**. ललितपुर : रवि पराजुली र अन्य. २०६७. ख।

.... **ब्रह्मजिज्ञासा.** दो. संस्क. ललितपुर : स्वाध्याय परिवार. २०७०।

.... **ज्ञानदेखि विज्ञानसम्म**. ललितपुर : स्वाध्याय परिवार. २०७१. क।

.... **वैदिक संस्कृति**. दो. संस्क. ललितपुर : लेखक स्वयम्. २०७१. ख।

.... **शिव-सन्देश,** ललितपुर : स्वाध्याय परिवार. २०७३।

रूपाखेती, श्रीहरि. **नेपाली थर गोत्र प्रवर कोश**. काठमाडौँ : रत्न पुस्तक भण्डार. २०६८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

लुइटेल, रमेश कुमार. **आधुनिक नेपाली महाकाव्यका प्रवर्तनमा लक्ष्मीप्रसाद देवकोटाको योगदान.** दर्शनाचार्य शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय. २०६९ ।

शर्मा, गोपीकृष्ण. **संस्कृत साहित्यको रूपरेखा**. दो. संस्क. काठमाडौं : अभिनव प्रकाशन. २०५६ ।

शर्मा, गौतम युवराज. **तीर्थ पर्यटन**. काठमाडौँ : एक्मी ग्लोबल प्रकाशन २०६१ ।

शर्मा, 'पर्वतीय' लीलाधर. **भारतीय संस्कृति कोश**. दिल्ली : राजपाल एन्ड सन्स प्रकाशन. सन् १९९६ ।

शर्मा, राममूर्ति. **भारतीय दर्शन की चिन्तन धारा**. दो. संस्क. दिल्ली : मणिद्वीप सन् २००१ ।

श्रीमद्भगवद्गीता (अनु. मीनाकुमारी रिसाल). ललितपुर : शकुन्तला खत्री. २०६३ ।

सुवेदी, राजेन्द्र. **काव्य, निबन्ध केन्द्रका देवकोटा.** काठमाडौँ : नइ प्रकाशन २०६६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञाननिष्ठ ज्ञवाली
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय, काठमाडौं
सम्पर्क न.: ९८४१६००२१३

लेखक परिचय

शिक्षा : एम. फिल. ('क' श्रेणी)
एम. ए. (त्रिचन्द्र कलेजमा प्रथम श्रेणीमा प्रथम)
बी. एड., संस्कृत साहित्यमा शास्त्री–सेतु हुँदै आचार्यसम्मको अध्ययन।

प्रकाशित कृतिहरू

१. आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (२०६१) समालोचना
२. किम्बुको मसी (२०६२) बालकथा, (तेस्रो संस्करण २०७४)
३. जनावरहरूको सभा (२०६२) बालकथा, (छैटौं संस्करण २०७३)
४. भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका (२०६३) समालोचना
५. सफल जीवन (२०६४) बालकथा
६. लोकतन्त्रको स्वाद (२०६७) व्यङ्ग्य निबन्धसङ्ग्रह
७. विशाल र रीताको सफलता (२०६८) बालकथा
८. रुम टु रिडबाट पन्ध्रवटा डिकोडेबल सामग्री (२०७०) सहलेखन
९. खरायोको पोको (२०७०) बाल पाठ्यसामग्री
१०. केटाकेटीको पुस्तकालय (२०७१) बालकथा
११. हजुरआमा र नातिनातिना (२०७१) बालकथा
१२. रमाउँदै पढौं (२०७१) बालकविता
१३. भाषण कला (२०७१) बोल्न सिकाउने कला
१४. समालोचना पुष्प (२०७१) समालोचना
१५. शिव एक रूप अनेक (२०७५) विधामिश्रण
१६. शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन (२०७५) समालोचना
१७. विभिन्न तहका पाठ्यपुस्तक र अभ्यास पुस्तकहरू
१८. विभिन्न विधाका दर्जनौ लेखरचनाहरू फुटकर रूपमा प्रकाशित
१९. विभिन्न विधाका दुई दर्जन सम्पादित कृतिहरू

ISBN 993703969-X
9789937039697

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection